महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९

लुम्बिनी प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

लुम्बिनी प्रदेश


सुदूरपश्चिम प्रदेश
कर्णाली प्रदेश
रुकुम पूर्व
बर्दिया
रोल्पा
गण्डकी प्रदेश
बाँके
प्यूठान
गुल्मी
दाङ
अर्घाखाँची
पाल्पा
भारत सिमाना
कपिलवस्तु
रूपन्देही
नवलपरासी पश्चिम
गण्डकी प्रदेश

महालेखापरीक्षकको
चौथो वार्षिक प्रतिवेदन
२०७९
लुम्बिनी प्रदेश







महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने

Be credible institution in promoting accountability, transparency and integrity

गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

Provide independent and quality audit service to nation

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यवसायिकता	(Professionalism)

नेपालका महालेखापरीक्षक

बबरमहल, काठमाडौं
नेपाल

पत्र संख्याः २०७८।७९
च.नं.

मितिः २०७९।३।२९

विषयः वार्षिक प्रतिवेदन ।

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
लुम्बिनी प्रदेश, रुपन्देही ।

नेपालको संविधानको धारा २४१ बमोजिम लुम्बिनी प्रदेशको आर्थिक वर्ष २०७७।७८ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेस गरेको छु ।

भवदीय

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

फोन नम्बर ४२६२९५८ फ्याक्स नम्बर ४२६८३०९ पोष्ट बक्स नम्बर १३३२८

विषय-सूची

परिच्छेद	शीर्षक	पृष्ठ
महालेखापरीक्षकको भनाइ		
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति		
संचितकोष उपर राय		
परिच्छेद १	**लेखापरीक्षण गरिएका निकायको विवरण**	१
परिच्छेद २	**लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति**.....	५
परिच्छेद ३	**लेखापरीक्षणबाट देखिएको व्यहोरा**.....	८
	मन्त्रालय र निकायगत व्यहोरा.....	२०
	१. प्रदेश सभा सचिवालय	२०
	२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय.....	२३
	३. आर्थिक मामिला तथा योजना मन्त्रालय	३०
	४. आन्तरिक मामिला तथा कानुन मन्त्रलय.....	४०
	५. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	४३
	६. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	५१
	७. भौतिक पूर्वाधार विकास मन्त्रालय.....	६१
	८. ग्रामीण तथा शहरी विकास मन्त्रालय	७७
	९. शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय	७९
	१०. स्वास्थ्य जनसंख्या तथा परिवार कल्याण मन्त्रालय	९४
	११. प्रदेश लोकसेवा आयोग	९६
	१२. मुख्य न्यायाधिवक्ताको कार्यालय	९८
	१३. प्रदेश योजना आयोग	९९
	१४. प्रदेश पूर्वाधार विकास प्राधिकरण.....	१००
	१५. सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान.....	१०२
परिच्छेद ४	**प्रतिवेदन कार्यान्वयन स्थिति**.....	१०४
परिच्छेद ५	**सुधारका क्षेत्रहरू**	१०५
	अनुसूचीहरू.....	११२

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय, पूर्ण स्वामित्व भएका संगठित संस्था र संघीय कानुन बमोजिम महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी तोकिएका संस्था वा निकायको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको आधारमा लेखापरीक्षण हुने व्यवस्था छ । नेपालको संविधानको धारा २९४(३) बमोजिम संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेस गर्ने र सोही ऐनको दफा १९(५) मा उक्त प्रतिवेदन मुख्यमन्त्री मार्फत प्रदेश सभामा पेस हुने व्यवस्था छ । उल्लिखित व्यवस्था बमोजिम लुम्बिनी प्रदेश सरकारका कार्यालयहरूको आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण गरी यो प्रतिवेदन तयार पारिएको छ । प्रदेश सरकारतर्फ यो चौथो वार्षिक प्रतिवेदन हो । प्रतिवेदनमा लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोराहरू, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति र सुधारका क्षेत्रहरू समावेश गरिएको छ। प्रस्तुत प्रतिवेदन सम्बन्धित निकाय एवं सरोकारवाला मार्फत कार्यान्वयन भई आर्थिक अनुशासन कायम गर्न महत्त्वपूर्ण योगदान पुग्ने विश्वास लिएको छु ।

नेपालको संविधान, लेखापरीक्षण ऐन, संघ एवं प्रदेशले तर्जुमा गरेका नीति, योजना, कानुन, लेखापरीक्षण मानदण्ड एवं असल अभ्यासहरू अनुसरण गरी वस्तुनिष्ठ ढंगले यो प्रतिवेदन तयार गरिएको छ । यस वर्षदेखि लेखापरीक्षणको कार्यलाई सूचना प्रविधिमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (न्याम्स) मार्फत लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा लेखा उत्तरदायी अधिकृतलगायत सम्बद्ध पक्षसँग आवश्यक छलफल गरी प्राप्त राय, सल्लाह र सुझावबमोजिम लेखापरीक्षणलाई उद्देश्यमूलक बनाउने प्रयास गरिएको छ। यसको साथै लेखापरीक्षकले पालना गर्नुपर्ने आचारसंहिता पालना गर्न गराउन र लेखापरीक्षणको गुणस्तरमा एकरुपता कायम गर्न आवश्यक व्यवस्था मिलाइएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न गुणस्तर आश्वस्तता पुनरावलोकन प्रणालीलाई सुदृढ तुल्याईएको छ ।

यस वर्ष कानुनको पालना, जवाफदेहितावहन, लेखापालन र आर्थिक कारोबारकोस्थिति, सार्वजनिक सम्पत्ति र स्रोत साधनको उपयोग, सार्वजनिक निर्माण र सेवा प्रवाहजस्ता विषयलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ । यो वर्ष प्रदेश सरकार र मातहतका कार्यालयसमेत १८८ निकायको रु.५४ अर्ब ३८ करोड ४६ लाख ३४ हजारको लेखापरीक्षण सम्पन्न भएकोमा रु.६४ करोड २१ लाख ५८ हजार बेरुजु कायम भएको छ । यो बेरुजु कुल लेखापरीक्षण अङ्कको १.१८ प्रतिशत हुन आउँछ । गत वर्ष लेखापरीक्षण अंकको २.३९ प्रतिशत बेरुजु कायम भएकोमा यस वर्ष १.१८ प्रतिशत कायम भएकोले बेरुजु प्रतिशत घटेको छ। म्याद ननाघेको पेस्कीलाई लगती बेरुजु मानिएको छैन । सार्वजनिक स्रोत साधनको उपयोग वा बेरुजु फर्स्यौंट गरी आर्थिक अनुशासन कायम गर्ने विषयलाई कार्य सम्पादनको स्तरको आधारमा दण्ड र पुरस्कार दिने प्रक्रियासँग आवद्ध गर्नुपर्दछ ।

प्रदेश सरकारअन्तर्गतका कार्यालयहरूको लेखापरीक्षणबाट मुख्यरूपमा कतिपय आवश्यक कानुन निर्माण गर्नुपर्ने, दरबन्दीबमोजिमका कर्मचारीको पदपूर्ति गर्नुपर्ने, बजेटमा समावेश भएका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने र प्रदेशस्तरका सेवा प्रवाहलाई नियमित एवं व्यवस्थित गर्नुपर्ने, अनुत्पादक खर्च नियन्त्रण गर्न मितव्ययितासम्बन्धी नीतिलाई प्रभावकारीरुपले कार्यान्वयन गर्नुपर्ने, दिगो विकास लक्ष्यलाई प्राप्त गर्न योजना तथा कार्यक्रममा समावेश गरी संघीय सरकार तथा स्थानीय तहसँग समन्वयात्मक ढङ्गले कार्य गर्नुपर्ने देखिएको छ ।

विकास निर्माणतर्फ आयोजना बैंकमा समावेश भएका योजनामध्ये बढी उपलब्धिमूलक योजना छनौट गरी कार्यान्वयन गर्ने, संघ, प्रदेश र स्थानीय तहमार्फत एकै प्रकृतिका कार्यक्रमहरू सम्पादन भई दोहोरिने, खप्टिने तथा टुक्रिने प्रवृत्ति नियन्त्रण गर्ने, साना तथा टुक्रे आयोजनामा लगानी नगर्ने, अनुदान र सहायताजस्ता वितरणमुखी कार्यक्रमहरूमा बजेट परिचालित गर्दा उपलब्धिको सुनिश्चितता गर्ने, अनुदानको अनुगमन प्रभावकारी बनाउने र जटिल प्रकृतिका निर्माण सुधारका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराउने प्रक्रियामा सुधार गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने देखिन्छ । नेपालको संविधानबमोजिम आफ्नो अधिकार क्षेत्रमा पर्ने आन्तरिक आय परिचालन गरी आत्मनिर्भर हुनेतर्फ प्रदेश सरकारका काम कारबाही निर्देशित गर्नुपर्ने देखिन्छ।

अन्त्यमा, यस प्रतिवेदनको कार्यान्वयनवाट सार्वजनिक सदाचार, पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास लिएको छु । लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा अमूल्य सुझाव दिई सहयोग गर्ने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू तथा मन्त्रीज्यूहरू, प्रदेश सभाका माननीय सभामुखज्यू तथा उपसभामुखज्यू, प्रदेश सभा सदस्यज्यूहरूलगायत प्रदेशका सबै निकाय र पदाधिकारी तथा विकास साझेदार, नागरिक समाज र सञ्चारकर्मीहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यस वर्षदेखि विद्युतीय प्रणालीबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्दति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ मा प्रत्येक कार्यालयले सबै प्रकारका आयव्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ ।

२. **उद्देश्य -** सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्न तथा वित्तीय प्रतिवेदनउपर राय प्रदान गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ । देहायका विषयहरू सुनिश्चित गर्नु लेखापरीक्षणको अन्य उद्देश्यहरू रहेका छन्:

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थ स्थिति चित्रण गरेको,
- सञ्चित कोष तथा अन्य सरकारी कोषको हिसाब यथार्थपरक रहेको,
- प्रदेश विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवं दाखिला गरेको,
- सरकारी सम्पत्तिको व्यवस्थापन एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको र सोको कार्यान्वयन भएको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवं पुष्टयाई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- आर्थिक कारोवार गर्दा मितव्ययिता कार्यदक्षता र प्रभाकारितामा पर्याप्त ध्यान दिएको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको,
- कोभिड १९ को विश्वव्यापी महामारीको रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धमा सञ्चालित क्रियाकलाप र खर्च कानुनसम्मत एवं प्रभावकारी तवरले गरेको ।

३. **क्षेत्र -** यो वर्ष प्रदेश सभा, प्रदेश मन्त्रालय, संवैधानिक अंग, प्रदेश कार्यालय र समिति तथा अन्य संस्था समेत १८८ निकायको २०७७।७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा कानुनको परिपालना, विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्यांकन गर्न सूचना तथा तथ्यांकसमेत संकलन गरी अध्ययन एवं विश्लेषण गरिएको छ ।

४. **पद्धति -** लेखापरीक्षण ऐन, २०७५ मा उल्लेखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय, प्रकोप व्यवस्थापन तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ । समग्र लेखापरीक्षण गर्नुपर्ने निकायहरूलाई जोखिम मूल्यांकनको आधारमा न्यून, मध्यम र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च जोखिमयुक्त ९२ निकायको विस्तृत लेखापरीक्षण, मध्यम जोखिमयुक्त १५ निकायको छनौट गरिएका कारोवारको परीक्षण र न्यून जोखिमयुक्त ८१ निकायको दुर लेखापरीक्षण कार्यविधिबाट लेखापरीक्षण गरीएको छ । यो वर्ष देखि विद्युतिय प्रणालीमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन सफट्वेयर प्रयोग गरी लेखापरीक्षण गरिएको छ । विद्युतीय प्रणालीमा लेखापरीक्षण गर्न सम्बन्धित सरोकारवालाहरूलाई भर्चुअल माध्यमबाट जानकारी समेत गराइएको छ ।

यसका अलावा लेखापरीक्षणबाट देखिएका व्यहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको र सो उपर निकायबाट प्राप्त जवाफ/प्रतिकृया समेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरीवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनौट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकनसमेत गर्ने गरिएको छ । नीतिगत विषयमा राय लिन लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषयविज्ञ संलग्न गराइएको छ ।

५. **छलफल र अन्तर्क्रिया** - महालेखापरीक्षकको २०७७।७८ को लेखापरीक्षणण विद्युतीय माध्यमबाट सम्पन्न गर्ने सिलसिलामा प्रदेश मन्त्रालय र मातहत निकायका कार्यालय प्रमुख र आर्थिक प्रशासन प्रमुखसँग भर्चुअल माध्यमबाट अन्तरक्रिया/छलफल भएको थियो ।

६. **वार्षिक प्रतिवेदन -** महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्नसक्ने नेपालको संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्था अनुसार यो प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा ५ परिच्छेद तथा १४ अनुसूची रहेका छन् । परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, परिच्छेद ३ मा लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा, परिच्छेद ४ मा प्रतिवेदन कार्यान्वयन स्थिति र परिच्छेद ५ मा सुधारका क्षेत्रहरू उल्लेख गरिएको छ ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल/अनामनगर, काठमाण्डौं, नेपाल
Babarmahal / Anamnagar, Kathmandu, Nepal

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

पत्र संख्याः २०७८।७९
च.नं.: ८३३

मितिः २०७९।३।२८

श्री सचिव,
आर्थिक मामिला तथा योजना मन्त्रालय, लुम्बिनी प्रदेश,
बुटवल, रुपन्देही ।

विषय : प्रदेश सञ्चित कोषको आर्थिक विवरण उपर लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय,

हामीले लुम्बिनी प्रदेश सञ्चित कोषको आर्थिक वर्ष २०७७।७८ को प्राप्ति भुक्तानीको एकीकृत आर्थिक विवरण, मन्त्रालयगत बजेट तथा खर्च विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू (अनुसूची १४) को लेखापरीक्षण गरेका छौं। हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएका २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७।७८ को प्राप्ति भुक्तानीको एकीकृत आर्थिक विवरण, मन्त्रालयगत बजेट तथा खर्च विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको आथिक विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान र आर्थिक कार्यविधी र वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुन बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा आर्थिक विवरणलाई सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

१. प्रदेश सञ्चित कोषको आर्थिक विवरण तयार गर्दा नगदमा आधारित लेखा प्रणालीको आधारमा स्वीकृत ढाँचा प्रयोग गरी आर्थिक विवरण तयार गरेको छ । तर वित्तीय विवरणमा समेट्नु पर्ने सबै सुचना, कारोवार समेट्न सकेको छैन।

२. प्रदेश सरकारका मन्त्रालय र मातहतको लेखापरीक्षणबाट रु.५३ करोड ५२ लाख ९२ हजार बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु.५ करोड १९ लाख ६३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.२२ करोड ४५ लाख ५६ हजार, नियमित गर्नुपर्ने रु.२४ करोड ७ लाख २३ हजार र पेस्की बाँकी रु.१ करोड ८० लाख ५० हजार रहेको छ। यसैगरी अन्य संस्था एवं समिति तर्फ रु.१० करोड ६८ लाख ६६ हजार बेरुजु देखिएको छ। सो मध्ये असुल गर्नुपर्ने रु.५३ लाख ८५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.४ करोड ७१ लाख १ हजार, नियमित गर्नुपर्ने रु.४ करोड ९३ लाख ५६ हजार, सोधभर्ना नलिएको रु.३१ लाख १९ हजार र पेस्की बाँकी रु.१९ लाख ५ हजार रहेको छ।

३. प्रदेश सरकारले स्थिर सम्पत्तिको अवस्था आर्थिक विवरणमा खुलासा गरेको छैन। सम्पत्तिको विस्तृत विवरण खुलासा नगरेको कारण मूल्याङ्कन गर्न सक्ने अवस्था रहेन।

४. प्रदेश सरकारको लागि रु.७ अर्ब ६३ करोड ७१ लाख समानीकरण अनुदान प्राप्त भएको मध्ये रु.६ अर्ब ५७ करोड ६३ लाख ५६ हजार खर्च भई रु.१ अर्ब ६ करोड ७ लाख ४४ हजार प्रदेश सञ्चित कोषमा बाँकी रहेको छ। कोषमा रकम बाँकी रहदा कार्यक्रम सञ्चालनमा असर पर्न गएको छ।

५. संघीय सरकारबाट प्रदेश सरकारको लागि रु.९ अर्ब ४ करोड ६१ लाख ६२ हजार सर्शत अनुदान, रु.४८ करोड ३३ लाख समपुरक अनुदान र रु.२१ करोड विशेष अनुदान समेत रु.९ अर्ब ७३ करोड ९४ लाख ६२ हजार अनुदान प्राप्त भएकोमा बर्षान्तसम्म खर्च हुन नसकी रु.२ अर्ब ३५ करोड ६ लाख ७७ हजार संघीय संचितकोषमा फिर्ता भएको छ। सर्शत अनुदान खर्च हुन नसक्दा स्वीकृत कार्यक्रम कार्यान्वयनमा प्रभाव पर्न गएको छ।

Phone: 01-4772220, 4771270, 4262958, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np/ dir.mgnt@oagnep.gov.np/ Web Page: www.oag.gov.np

६. समपूरक अनुदान बापत संघीय सरकारबाट यो वर्ष प्रदेश सरकारलाई रु.४८ करोड ३३ लाख प्राप्त भएकोमा रु.३१ करोड ९२ लाख ४ हजार (६६.०५ प्रतिशत) खर्च गरेको छ । लागत सहभागितामा योजना तथा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था अनुरुप सोही बराबरले हुने रकम प्रदेश सरकारले बजेट व्यवस्था गरी कार्यक्रम, बजेट तथा अख्तियारीमा खुलाई रकम पठाउनुपर्नेमा नेपाल सरकारको अंशमात्र निकासा गरी रु.३१ करोड ९२ लाख खर्च गरेको छ । प्रदेश सरकारबाट भएको खर्चको अभिलेख नराखेको कारण प्रदेश सरकारबाट भएको खर्च यकिन हुन सकेन ।

७. प्रदेश सरकारको स्रोतबाट १०९ स्थानीय तहलाई रु.५ अर्ब ३७ करोड २२ लाख ४९ हजार वित्तीय हस्तान्तरण गरेको मध्ये विशेष अनुदान रु.१ अर्ब ४ करोड ३५ लाख, शसर्त अनुदान रु.१ अर्ब ९८ करोड ७७ लाख ८७ हजार, समपुरक अनुदान रु.१ अर्ब ७४ करोड ९ लाख ६१ हजार समेत रु.४ अर्ब ७७ करोड २२ लाख ४८ हजार निकासा गरेको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयले २०७८ आषाढ मसान्तसम्म निकासा भएको रकम मध्ये स्थानीय तह अनुसारको वास्तविक खर्च यकिन गर्नुपर्नेमा सबै रकमलाई खर्चमा खुलासा गरेको छ । यथार्थ खर्चको विवरणको आधारमा फिर्ता गर्नुपर्ने रकम यकिन गरी प्रदेश संचित कोषमा दाखिला गर्नुपर्दछ ।

८. ऐन नियमको पारपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग,बजेट व्यवस्थापन र श्रोत सुनिश्चितता, राजस्व असुली, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समिति अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाहलगायतका विषयमा कमी कमजोरी देखिएका छन्।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम सम्पन्न गरिएको छ। सञ्चितकोषको आर्थिक विवरण तयार गर्ने प्रदेश लेखा नियन्त्रकको कार्यालयसँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी प्रदेश सरकारमा रहेको छ। प्रदेश मन्त्रालयका लेखा उत्तरदायी अधिकृतहरू प्रदेश सञ्चितकोषको आर्थिक प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्ततालेसामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले गर्ने आर्थिक निर्णयमा नै फरक पार्नसक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरुपमा गलत आँकडा मानिएको छ।

(राममायाँ कुँवर)
उप-महालेखापरीक्षक

परिच्छेद –१
लेखापरीक्षण गरिएका निकायको विवरण

- **समष्टिगत लेखापरीक्षण**

लेखापरीक्षण गरिएका निकाय र विषय	संख्या	(रु.हजारमा)
१. सरकारी कार्यालय (वक्यौता समेत)	१७३	४९०९१६५६
२. समिति र अन्य संस्था	१५	५२९२९७८
जम्मा	**१८८**	**५४३८४६३४**

यो वर्ष प्रदेश मातहत १७३ सरकारी निकायको रु.४९ अर्ब ९ करोड १६ लाख ५६ हजार र समिति तथा अन्य संस्था १५ को रु.५ अर्ब २९ करोड २९ लाख ७८ हजार समेत रु.५४ अर्ब ३८ करोड ४६ लाख ३४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण रकममा संघीय सरकारका ६५ निकायबाट खर्च भएको चालुखर्च रु.५० करोड ८४ लाख ५७ हजार र पूँजीगतखर्च रु.३२ करोड ८८ लाख ८९ हजार समेत रु.८३ करोड ७३ लाख ४६ हजार समेत समावेश छ । लेखापरीक्षण गरिएका निकायहरूको विवरण **अनुसूची- १(क)** मा उल्लेख छ ।

१. **सरकारी निकाय** - यो वर्ष १७२ प्रदेश कार्यालय र बक्यौता एक समेत १७३ को विनियोजन, राजस्व, धरौटी र अन्यतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न भएको छ ।

(रु.हजारमा)

क्र.सं.	कारोबार	लेखापरीक्षण		
		बक्यौता	२०७७।७८	जम्मा
१.	विनियोजन	१०२०४०	३२१०३०४२	३२२०५०८२
२.	राजस्व	२९१	१३४००६४९	१३४००९४०
३.	धरौटी	१६३५५	२१४२२८०	२१५८६३५
४.	अन्य (विविध)	०	१३२६९९९	१३२६९९९
जम्मा		**११८६८६**	**४८९७२९७०**	**४९०९१६५६**

विनियोजन रकममा वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहलाई दिएको निकासा रु.५ अर्ब ३७ करोड २२ लाख ४९ हजार समेत समावेश छ । यसको विस्तृत विवरण अनुसूची-२ मा छ ।

२. **समिति र अन्य संस्था** - यो वर्ष १५ समिति र अन्य संस्थाको रु.५ अर्ब २९ करोड २९ लाख ७८ हजारको लेखापरीक्षण गरिएको छ । विस्तृत विवरण **अनुसूची-३** मा उल्लेख छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद ३ को मन्त्रालय खण्डमा समावेश छ । लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षणको विवरण **अनुसूची - ३ र ४** मा उल्लेख छ ।

- **प्रदेश बजेट र राजस्वको कार्यान्वयन स्थिति**

३. **प्रदेश बजेट तथा खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार २०७७।७८ को बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छः

(रु.हजारमा)

शीर्षक/क्षेत्र	२०७७।७८		
	बजेट अनुमान	यथार्थ खर्च	प्रतिशत
चालु खर्च	१६९४५५२७	१३५९८८१३	८०.२५
पुँजीगत खर्च	२२२०८६३७	१८५०४२२९	८३.३२
जम्मा	**३९१५४१६४**	**३२१०३०४२**	**८१.९९**

४. **खर्चको स्थिति :** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त निकासा विवरण अनुसार यस वर्षको कुल चालु र पुँजीगत खर्चको विवरण निम्नानुसार छः

(रु.हजारमा)

सि. नं.	मन्त्रालय/ निकाय	बजेट रकम		यथार्थ खर्च रकम		जम्मा
		चालु	पूँजिगत	चालु	पुँजीगत	
१	प्रदेश सभा सचिवालय	१९३९९५	७९५७	१५१७५६	५७७७	१५७५३३
२	प्रदेश लोकसेवा आयोग	२०७४९	२७९५	१७०१२	२५७४	१९५८६
३	मुख्य न्यायाधिवक्ताको कार्यालय	१४४७६	८५०	७९२५	७७४	८६९९
४	मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	४५०३१५	९२८७५	१६७८८४	३८४८६	२०६३७०
५	आर्थिक मामिला तथा योजना मन्त्रालय	६१८३५६	४८८७५६	३७०८३९	१११४७	३८१९८६
६	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	१०६७२९६	१६७८५९०	८९४७१३	१४८८५८१	२३८३२९४
७	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	३०१४५८६	२२५५३५	२०९७९३९	१२९९९४	२२२७९३३
८	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	२५६६८५	४३७१००	१४४४८८	१८६८४९	३३१३३७
९	भौतिक पूर्वाधार मन्त्रालय	११०१५८४	१७५४२०९३	९४१७०४	१५५१५३१७	१६४५७०२१
१०	सामाजिक विकास मन्त्रालय	४६२०३१७	१६१७९८६	३४०६३४५	१०४३१९१	४४४९५३६
११	प्रदेश पूर्वाधार विकास प्राधिकरण	११३६४	५८७५०	८३३३	४४३९०	५२७२३
१२	सूचना तथा संचार प्रविधि प्रतिष्ठान	२०८६३	४५९५०	७७७७	२९९७७	३७७५४
१३	प्रदेश योजना आयोग	१८८६९	९४००	९८४९	७१७१	१७०२०
	जम्मा	**११४०९४५५**	**२२२०८६३७**	**८२२६५६४**	**१८५०४२२९**	**२६७३०७९३**
१४	स्थानीय तह वित्तीय हस्तान्तरण	५५३६०७२	०	५३७२२४९	०	५३७२२४९
	कुल जम्मा	**१६९४५५२७**	**२२२०८६३७**	**१३५९८८१३**	**१८५०४२२९**	**३२१०३०४२**

चालु तर्फ रु.१६ अर्ब ९४ करोड ५५ लाख र पूँजिगत तर्फ रु.२२ अर्ब २० करोड ८७ लाख समेत अन्तिम बजेट रु३९ अर्ब १५ करोड ४२ लाख कायम गरेकोमा चालु तर्फ रु.१३ अर्ब ५९ करोड ८८ लाख (८०.२५%) र पूँजिगत तर्फ रु.१८ अर्ब ५० करोड ४२ लाख (८३.३२%) समेत

रु.३२ अर्ब १० करोड ३० लाख खर्च भई अन्तिम बजेटको तुलनामा ८१.९९ प्रतिशत खर्च भएको देखिन्छ।

प्रदेश सरकारको २०७८।११।०६ को निर्णयवाट भौतिक पूर्वाधार मन्त्रालय र सामाजिक विकास मन्त्रालयबाट अलग भई स्थापना भएका ग्रामीण तथा शहरी विकास मन्त्रालय, स्वास्थ्य जनसंख्या तथा परिवार कल्याण मन्त्रालयमा भएको खर्च प्रदेश लेखा नियन्त्रक कार्यालयले साविककै मन्त्रालयमा समावेश गरेकोले सोही अनुसार खर्च कायम गरिएको छ । यसैगरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको बजेट शीर्षकबाटै नयाँ स्थापना भएको प्रदेश प्रशिक्षण प्रतिष्ठानलाई रकम निकासा भएकोले उक्त प्रतिष्ठानको खर्च मन्त्रिपरिषद्को कार्यालयमा समावेश छ ।

५. **स्रोतगत अनुमान र यथार्थ खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार २०७७।७८ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रु.हजारमा)

स्रोत	२०७७।७८		अनुमानको तुलनामा खर्च प्रतिशत
	अनुमान	यथार्थ खर्च	
१. संघीय सरकार अनुदान	**१७३७६५६२**	**१३९६५१४१**	**८०.३७**
१.१ समानिकरण अनुदान	७६३७१००	६५७६३५६	८६.११
१.२ सशर्त अनुदान	९०४६१६२	७०३८७७७	७७.८१
१.३ विशेष अनुदान	२१००००	३०८०४	१४.६७
१.४ समपुरक अनुदान	४८३३००	३१९२०४	६६.०५
२. प्रदेश सरकार	**२१७७७६०२**	**१८१३७९०१**	**८३.२९**
जम्मा	**३९१५४१६४**	**३२१०३०४२**	**८१.९९**

यो वर्ष बजेट अनुमानको संघीय सरकारतर्फ अनुदानबाट ८३.३७ प्रतिशत र प्रदेश सरकारको राजस्वबाट ८३.२९ प्रतिशत प्राप्त भई रु.३२ अर्ब १० करोड ३० लाख ४२ हजार खर्च भएको छ। कुल खर्च मध्ये संघीय सरकारको अनुदानबाट ४३.५ प्रतिशत र प्रदेश सरकारको राजस्वबाट ५६.५ प्रतिशत व्यहोरेको छ । उपलव्ध स्रोतबाट विकास निर्माण, खर्च व्यवस्थापन तथा कार्यसम्पादन नतिजामा प्रभावकारिता हासिल हुन सकेको छैन ।

६. **संघ तथा स्थानीय तहलाई बजेट** - प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटको उद्देश्य परिपूर्तिको लागि प्रदेश कानुन बमोजिम विकास निर्माण तथा सेवा प्रवाहका कार्य अगाडि बढाउनु पर्नेमा प्रदेशले विनियोजन गरेको संघीय सरकारका ६५ निकायले पुँजीगततर्फ रु.३२ करोड ८८ लाख ८९ हजार र चालुतर्फ रु.५० करोड ८४ लाख ५७ हजार समेत रू.८३ करोड ७३ लाख ४६ हजार र स्थानीय तहका १०९ कार्यालयहरूले चालु शीर्षकबाट रु.५ अर्ब ३७ करोड २२ लाख ४९ हजार बजेट खर्च गरेका छन् । उक्त रकमको लेखापरीक्षणबाट देखिएका व्यहोराहरू सम्बन्धित निकायमा उपलब्ध गराइएको छ । यस सम्बन्धी विवरण **अनुसूची-२ र १२** मा समावेश छ ।

७. **राजस्व असुली** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार २०७७।७८ मा प्रदेश सरकारले प्राप्त गरेको राजस्वको विवरण निम्न अनुसार छ :

(रु.हजारमा)

शीर्षक	राजस्व		असुली प्रतिशत
	लक्ष्य	यथार्थ असुली	
कर राजस्व	११३४०२००	१०९१०११४	९६.२०
गैह्र कर राजस्व	२४४३३००	१२०८२५०	४९.४५
विविध	४८००००	१२८२२८५	२६७.१४
जम्मा	**१४२६३५००**	**१३४००६४९**	**९३.९५**

गैह्रकर राजस्व असुली प्रतिशत न्यून देखिएको छ । राजस्वको वैकल्पीक स्रोत परिचालन गरी राजस्व असुलीमा वृद्धि गर्नुपर्दछ । प्रदेशले बनाएको कानुन बमोजिम प्रदेश सरकारले आफ्नो क्षेत्राधिकार भित्र यो वर्ष असुल गरेको राजस्वको विवरण **अनुसूची–८** मा उल्लेख छ ।

८. **वित्तीय हस्तान्तरण :** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार प्रदेश संचितकोषबाट स्थानीय तहमा गरेको वित्तीय हस्तान्तरणको स्थिति निम्नानुसार छ ।

(रु.हजारमा)

क्र. सं.	अनुदानको विवरण	वार्षिक बजेट	हस्तान्तरण	प्रतिशत
१	समानीकरण अनुदान	६०००००	६०००००	१००.
२	सशर्त अनुदान	२०६००५०	१९८७७८७	९६.४९
३	विशेष अनुदान	१०७७३०७	१०४३५००	९६.८६
४	समपुरक अनुदान	१७९८७१५	१७४०९६१	९६.७९
	जम्मा	**५५३६०७२**	**५३७२२४८**	**९७.०४**

प्रदेश सरकारले वित्तीय हस्तान्तरण मार्फत यो वर्ष १०९ स्थानीय तहमा रु.५ अर्ब ३७ करोड २२ लाख ४९ हजार हस्तान्तरण गरेको छ । स्थानीय तहबाट खर्चको विवरण नलिएकोले वास्तविक खर्च र बाँकी रकम यकिन हुन सकेन । हस्तान्तरित अनुदान मध्ये सशर्त अनुदानको रकम सबै भन्दा बढी रहेको छ ।

परिच्छेद – २

लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति

१. **बेरुजु** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २(द) ले प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिव तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रूपमा परिभाषित गरेको छ ।

सोही ऐनले बेरुजुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ । यस कार्यालयले बेरुजु वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजुमा हिनामिना र मस्यौट, हानी, नोक्सानी र अन्य असुल गर्नुपर्ने गरी ३ समूहमा, नियमित गर्नुपर्ने बेरुजुलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा र पेस्कीलाई कर्मचारी, र अन्य गरी २ समूहमा वर्गीकरण गरेको छ ।

यो वर्ष प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको बेरुजु रु.६४ करोड २१ लाख ५८ हजार रहेको छ । सो बेरुजु अंकको वर्गीकरण निम्नानुसार छः

(रु.हजारमा)

बर्गीकरण	सरकारी कार्यालय	समिति तथा अन्य संस्था	जम्मा बेरुजु	कुल वेरुजूको प्रतिशत
जम्मा बेरुजु	**५३५२९२**	**१०६८६६**	**६४२१५८**	**१.१८**
१. असुल हुनुपर्ने	**५१९६३**	**५३८५**	**५७३४८**	**८.९३**
२. नियमित हुनुपर्ने	**४६५२७९**	**९९५७६**	**५६४८५५**	**८७.९६**
• अनियमित भएको	२४०७२३	४९३५६	२९००७९	४५.१७
• प्रमाण कागजात पेस नभएको	२२४५५६	४७१०१	२७१६५७	४२.३०
• सोधभर्ना नलिएको	०	३११९	३११९	०.४९
३. पेस्की	**१८०५०**	**१९०५**	**१९९५५**	**३.११**
• कर्मचारी पेश्की	१४५	२२५	३७०	०.०६
• अन्य पेश्की	१७९०५	१६८०	१९५८५	३.०५

बेरुजु वर्गीकरणको विवरण **अनुसूची-९ र १०** मा छ ।

२. **अद्यावधिक बेरुजु** - गत वर्ष सम्म रु.१ अर्ब ३२ करोड ११ लाख ५६ हजार बेरुजु रहेकोमा यो वर्ष रु.२५ करोड ६५ लाख ७४ हजार सम्परीक्षण भई रु.१ अर्ब ६ करोड ४५ लाख ८२ हजार बाँकी रहेको र यो वर्ष रु.६४ करोड २१ लाख ५८ हजार थप भई जम्मा बेरुजु रु.१ अर्ब ७० करोड ६७ लाख ४० हजार कायम भएको छ ।

(रु.हजारमा)

क्र.सं.	विवरण	गत वर्ष सम्मको	यो वर्षको थप	जम्मा बेरुजु रकम
१.	सरकारी कार्यालयतर्फ	९१६३०९	५३५२९२	१४५१६०१
२.	समिति तथा अन्य संस्थातर्फ	१४८२७३	१०६८६६	२५५१३९
	जम्मा	१०६४५८२	६४२१५८	१७०६७४०

यस सम्बन्धी विवरण **अनुसूची - ११** मा रहेको छ ।

३. **बेरुजु विश्लेषण** - प्रदेश सरकारी कार्यालय, अन्य संस्था र समितिको बेरुजुको अवस्था निम्नानुसार रहेको छ :-

३.१ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३८ मा बेरुजु फर्स्यौंट गर्ने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था छ । सोही ऐनको दफा ३५ मा औंल्याइएको बेरुजुको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फर्स्यौंट गर्ने र फर्स्यौंट नगरेमा लेखा उत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ । सोही व्यवस्था बमोजिमको प्रक्रिया पूरा गर्दा समेत २०७७।७८ को बेरुजु फर्स्यौंट नभएकाले सो अवधिमा कार्यरत लेखा उत्तरदायी अधिकृतहरूको नामावली र बेरुजु रकम **अनुसूची-१३** मा समावेश गरिएको छ ।

३.२ प्रदेश सरकारी कार्यालय र अन्य संस्था एवं समिति तर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजु भएका मन्त्रालय/निकाय निम्नानुसार छन्:-

(रु.हजारमा)

क्र.सं	मन्त्रालय	लेखापरीक्षण अङ्क	बेरुजु रकम				कुल बेरुजुको प्रतिशत	ले.प.अङ्क को तुलनामा बेरुजु प्रतिशत
			असुल हुनुपर्ने	नियमित हुनुपर्ने	पेस्की बाँकी	जम्मा		
१.	भौतिक पूर्वाधार विकास मन्त्रालय	२१२९९५४१	४२३७७	३२१६२४	०	३६४००१	५६.६९	१.७१
२.	शिक्षा तथा सामाजिक विकास मन्त्रालय	१०३९५०६४	६९९९	१४७७६९	१४०८७	१६८८५५	२६.२९	१.६२
३.	उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय	३०७०७६४	५४२१	५२१२५	४७१८	६२२६४	९.७०	२.०२
४.	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	५४७११२	९०	१२९४०	१००८	१४०३८	२.१८	२.५६
५.	आर्थिक मामिला तथा योजना मन्त्रालय	१०४१९०९९	६	१११८०	०	१११८६	१.७४	०.११
६.	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	२७४०३९६	१०२०	९३८६	७५	१०४८१	१.६४	०.३९
७.	मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	२१४४५२	१२३१	०	०	१२३१	०.१९	०.५७
८.	प्रदेश सभा सचिवालय	१७५५१३	११६	८१३	०	९२९	०.१४	०.५२
९.	अन्य मन्त्रालय र निकाय	५५२२६९३	८८	९०१८	६७	९१७३	१.४३	०.१७
	जम्मा	**५४३८४६३४**	**५७३४८**	**५६४८५५**	**१९९५५**	**६४२१५८**	**१००**	

बेरुजु रकमका आधारमा भौतिक पूर्वाधार विकास मन्त्रालय बढी बेरुजु हुने क्रममा पहिलो स्थानमा रहेको, शिक्षा तथा सामाजिक विकास मन्त्रालय दोस्रो, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय तेस्रो र आन्तरिक मामिला तथा कानुन मन्त्रालय चौथो स्थानमा रहेका छन्।

३.३ यो वर्ष १७३ प्रदेश कार्यालयको लेखापरीक्षण गरेकोमा १०५ कार्यालय (६०.६९ प्रतिशत) मा लगती बेरुजु देखिएको छ। त्यसैगरी समिति तथा अन्य संस्था १५ मध्ये ८ (५३.३३ प्रतिशत) कार्यालयमा लगती बेरुजु देखिएको छ ।

३.४ यो वर्ष प्रदेश मातहत सरकारी निकाय र अन्य संस्था तथा समिति समेत १८८ निकायमा २ हजार ४५३ बेरुजु दफा मध्ये प्रतिक्रियाबाट १२ दफा फर्स्यौंट तथा २ दफा थप भई २ हजार ४४३ दफा बेरुजु देखिएकोमा १ हजार ६४७ दफा सैद्धान्तिक र ७९६ दफा लगती बेरुजु कायम भएको छ । यससम्बन्धी विवरण **अनुसुची-९** र **१०** मा छ ।

३.५ प्रदेश सरकारी कार्यालयतर्फ गतवर्षसम्मको पेस्की रु.७८ करोड ५८ लाख १० हजार बाँकी रहेको मध्ये रु.६२ करोड ८१ लाख ७८ हजार समायोजन भएको र ११ करोड ३५ लाख १७ हजार (१४.४५ प्रतिशत) फर्स्यौंट भई बाँकी रु.४ करोड ४१ लाख १५ हजार बाँकी रहेकोमा यो वर्ष थप रु.१ करोड ८० लाख ५० हजार समेत कुल पेस्की रु.६ करोड २१ लाख ६५ हजार बाँकी रहेको छ ।

त्यस्तै समिति, अन्य संस्थातर्फ गतवर्षसम्मको पेस्की रु.५ करोड ७ लाख ९४ हजार बाँकी रहेको मध्ये २ करोड ३१ लाख ३० हजार (४५.५३ प्रतिशत) फर्स्यौंट भई बाँकी रु.२ करोड ७६ लाख ६४ हजार रहेकोमा यो वर्ष थप रु. १९ लाख ५ हजार समेत कुल पेस्की रु.२ करोड ९५ लाख ६९ हजार बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची - ५** मा छ ।

३.६ सरकारी कार्यालय र समिति तथा अन्य संस्थाबाट यो वर्ष लेखापरीक्षणको दौरानमा रु.१४ लाख ६८ हजार, प्रारम्भिक प्रतिवेदन पठाएपछि रु.९ लाख १३ हजार र सम्परीक्षणको क्रममा रु.७७ लाख १६ हजार समेत रु.१ करोड ९७ हजार असुल भई राजस्वमा दाखिला भएको छ । यस सम्बन्धी विवरण **अनुसूची-६** मा उल्लेख छ ।

३.७ सरकारी कार्यालय, समिति तथा अन्य संस्था तर्फ १९ कार्यालयको अग्रीम कर कट्टी नभई रु.३६ लाख १५ हजार बाँकी रहेकोमा रु.६ लाख ४८ हजार असुल भई रु.२९ लाख ६७ हजार बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-७** मा उल्लेख छ ।

३.८ प्रदेश सरकारी कार्यालय र समिति एवं संस्थाको विगत ३ वर्षको लेखापरीक्षण रकम र बेरुजुको तुलनात्मक स्थिति निम्नानुसार छः

(रु. हजारमा)

प्रतिवेदन	लेखापरीक्षण रकम	बेरुजु रकम	प्रतिशत
२०७५	२०३५४०	५०८	०.२५
२०७७	३०२८३७५३	९४६८३४	३.१३
२०७८	३९६४७८६५	९४७४८५	२.३९
२०७९	५४३८४६३४	६४२१५८	१.१८

परिच्छेद-३

लेखापरीक्षणबाट देखिएका व्यहोरा

लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा

१. **कानुन निर्माण -** नेपालको संविधान, २०७२ को भाग १५ मा प्रदेश कानुन निर्माण सम्बन्धी व्यवस्था रहेको छ । प्रदेश सरकारबाट तर्जुमा हुनुपर्ने सबै ऐन, कानुन प्राथमिकताका आधारमा तर्जुमा गर्नुपर्दछ । प्रदेशसभा बाट प्राप्त विवरण अनुसार हालसम्म ७६ विधेयक प्रदेश सभामा पेस गरेको मध्ये ६७ कानुन निर्माण भई लागू भएका छन् । प्रदेश सभामा ४ विधेयकहरू विचाराधिन रहेका र बाँकी ५ वटा विधेयक संशोधन सहित पेस गर्न सम्बन्धित मन्त्रालयमा फिर्ता भएको छ । आवश्यक कानुनहरू निर्माण गरि सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ ।

२. **नीति तथा कार्यक्रम कार्यान्वयन -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले मन्त्रालयगत रुपमा तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने नीति, कानुन एवं कार्यक्रम उल्लेख गरेको छ । मन्त्रालयगत रुपमा तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने नीति,कानुन एवं कार्यक्रम तर्जुमा नभएका प्रमुख व्यहोरा निम्नानुसार छन्:-

२.१. आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेशको आर्थिक अवस्थाको विश्लेषण, आर्थिक नीतिको तर्जुमा, लगानी प्रक्षेपण, संघको स्वीकृतिमा वैदेशिक ऋण र अनुदान प्राप्ति, प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण, राष्ट्रिय तथा अन्तरप्रदेश विकास आयोजनाको समन्वय, संघीय नीति अनुरुप सहवित्तीयकरण, प्रदेश आकस्मिक कोष स्थापना,राजस्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, तथ्याङ्क सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन नीति, कानुन, मापदण्ड तर्जुमा गर्नुपर्नेमा गरेको देखिएन ।

२.२. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले कृषिउपज, पशुपन्छीजन्य पदार्थको गुणस्तर निर्धारण, स्तरीयकरण, प्रमाणिकरण र नियमन, प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य गुणस्तर निर्धारण, कृषिजन्य र पशुपन्छीजन्य वस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू-उपयोग तथा चक्लावन्दी सम्बन्धी प्रादेशिक नीति तर्जुमा, निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन, जग्गादर्ता, रजिष्ट्रेशन, जग्गाधनी प्रमाण पुर्जा, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, सरकारी जग्गा भाडामा दिने सम्बन्धी नीति तर्जुमा गरेको देखिएन ।

२.३. भौतिक पूर्वाधार विकास मन्त्रालयले राष्ट्रिय जलश्रोत नीति, गुण नियन्त्रण प्रयोगशाला व्यवस्थापन, प्रदेश सिंचाईलाई व्यवस्थित गर्ने ऐन, सडक सवारी यातायात तथा परिवहन ऐन, प्रदेश विद्युत ऐन, सडक नियमावली, कन्टेन्जेन्सि रकम खर्च गर्ने सम्बन्धी कार्यविधि, जलउत्पन्न प्रकोप व्यवस्थापन कार्यविधि, रज्जुमार्ग, जलमार्ग लगायत बैकल्पिक यातायात प्रवर्धन नीति, प्रदेश सडक मापदण्ड नीति तर्जुमा गरेको देखिएन ।

२.४. सामाजिक विकास मन्त्रालयले प्रदेशस्तरको विश्वविद्यालय स्थापना, उच्च शिक्षा सम्बन्धी मापदण्ड तयारी , प्रदेश भित्रका पुस्तकालय संग्राहालय, अभिलेखालय, सम्बन्धी प्रदेश नीति, मानव संशाधन प्रदेश नीति, औषधिजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको उत्पादन तथा सञ्चय सम्वन्धि प्रादेशिक नीति मापदण्ड, स्वास्थ्य बीमा, सूर्ति, मदिरा र लागूपदार्थजन्य बस्तुको नियमन सम्बन्धी कानुन, प्रदेशस्तरको खानेपानी सरसफाई तथा स्वच्छता गुणस्तर मापदण्ड निर्धारण र नियमन, प्रादेशिक युवा नीति, प्रादेशिक ट्रेड युनियन सम्बन्धी नीति मापदण्ड तर्जुमा, औद्योगिक श्रम सम्बन्धी मापदण्ड लगायत प्रादेशिक नीति तथा मापदण्ड तर्जुमा गरेको देखिएन ।

२.५. उद्योग पर्यटन वन तथा बातावरण मन्त्रालयले प्रदेशको वौद्धिक सम्पत्ति संरक्षण सम्बन्धी कानुन, सार्वजनिक सेवा अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्बन्धी नीति र कानुन, कम्पनी स्थापना सम्बन्धी नीति तथा कानुन, क्यासिनो तथा चिठ्ठा दर्ता, अनुमति र नियमन सम्बन्धी कानुन, पर्यटन नियमावली तथा नीति निर्माण, जडिबुटी खेती प्रविधि प्रवर्द्धन विस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानुन, प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीति र वन्यजन्तु र चराचुरुङ्गी सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा गरेको देखिएन ।

२.६. आन्तरिक मामिला तथा कानुन मन्त्रालयले प्रदेश सुरक्षा नीति निर्माण, प्रदेश प्रहरी ऐन निर्माण, प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, सामुदायिक प्रहरी गठन, अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति, निवारक नजरबन्द र स्थान हद सम्बन्धी कार्य, इन्टरनेट सेवा सञ्चालन र नियमन सम्वन्धि ऐन कानुन निर्माण, सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तर्जुमा, कार्यान्वयन र नियमन कार्य गरेको देखिएन । कार्य विभाजन नियमावलीले तोकेका नीति,मापदण्ड र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

३. **बजेट खर्च एवं रकमान्तर -** लुम्बिनी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रीले प्रदेश सरकारको राजस्व र व्ययको अनुमान प्रत्येक वर्ष असार महिनाको १ गते भित्र प्रदेश सभामा पेस गर्नुपर्ने व्यवस्था छ । प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयले २०७८।३।१ मा पेस गरेको २०७७।७८ को आय-व्ययको अनुमान र सोको कार्यान्वयन स्थिति निम्नानुसार रहेको छः

३.१. प्रदेश सरकारले यो वर्ष रु.३६ अर्ब ३५ करोड २५ लाखको बजेट स्वीकृत गरेकोमा आर्थिक मामिला तथा योजना मन्त्रालयले पटक पटक रकमान्तरबाट थप घट गरेको र संघीय सरकारबाट विगत वर्षका चालु आयोजना सञ्चालन गर्नका लागि थप बजेट प्राप्त भएको समेत प्रदेश लेखा नियन्त्रक कार्यालयले रु.३९ अर्ब १५ करोड ४२ लाखको संशोधित बजेट कायम गरेको छ । उक्त बजेटबाट यो वर्ष रू.३२ अर्ब १० करोड ३० लाख खर्च गरी सुरु बजेटको तुलनामा ८८.३१ प्रतिशत र संशोधित बजेटको तुलनामा ८१.९९ प्रतिशत खर्च भएको देखिन्छ ।पूँजिगत बजेट रू.२२ अर्ब २० करोड ८७ लाख विनियोजन गरेकोमा रू.१८ अर्ब ५० करोड ४२ लाख (८३.३२ प्रतिशत) मात्र खर्च गरेको छ । पुँजीगत बजेट समेत खर्च गर्न नसक्दा प्रदेश सरकारले छनोट गरेका योजना पुरा हुन सक्ने देखिदैन।

३.२. अर्थ विविधमा चालु खर्च तर्फ रु.५४ करोड ६८ लाख र पुँजीगत खर्च तर्फ रु.४६ करोड ९६ लाख समेत रु.१ अर्ब १ करोड ६४ लाख (कूल बजेटको २.५९ प्रतिशत) एकमुष्ट बजेट विनियोजन

गरेकोमा आर्थिक मामिला तथा योजना मन्त्रालयले मागका आधारमा रकमान्तर गरी विभिन्न मन्त्रालयमा चालु खर्च तर्फ रु.३० करोड ९८ लाख खर्च गरेको छ । मन्त्रालयहरूमा शुरु बजेट विनियोजन कम गरी पछि अर्थ विविधबाट निकासा एवं रकमान्तर गरी थप गर्ने परिपाटी बजेट सिद्धान्त विपरीत देखिन्छ।

३.३. **असार महिनामा रकमान्तर** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ (१) मा कुनै एक बजेट उपशीर्षकमा रकम नपुग भएमा अर्को बजेट उपशीर्षकबाट रकमान्तर गर्न सक्ने अधिकार आर्थिक मामिला तथा योजना मन्त्रालयलाई छ ।मन्त्रालयले बजेट नपुग हुने भएमा समयमै माग संकलन गरी रकमान्तर गर्नु पर्नेमा २०७८ असार महिनामा भौतिक पूर्वाधार विकास मन्त्रालय समेत ८ मन्त्रालय एवं निकायमा रु २ अर्ब ५० करोड ४४ लाख रकमान्तर गरी बजेट थप गरेको देखियो। असार महिनामा बजेट थप गर्दा बजेट कार्यान्वयन गर्न कठिन हुने तथा कामको गुणस्तरमा समेत प्रभाव पर्न सक्ने देखिन्छ ।अतः आर्थिक वर्षको अन्त्यमा रकमान्तर गरी खर्च गराउने परिपाटीमा नियन्त्रण हुनुपर्दछ ।

४. **ऐन नियमको पालना -** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुसार सार्वजनिक निकायहरूले सार्वजनिक खरिद कार्यलाई व्यवस्थित गर्न गर्नुपर्ने कामहरू मध्ये लुम्बिनी प्रदेशका निकायहरूले कतिपय खरिद कार्यमा खरिद योजना तयार नगर्ने, योजना अधुरो राख्ने, मालसामान वा निर्माण कार्यको प्याकेज नबनाउने, कम अवधिको जमानत लिने, परामर्शदाता माथि निर्भर रहने, सम्झौता र प्रगतिका आधारमा पेस्की दिनु पर्नेमा पूरै पेस्की दिने, निर्माण व्यवसायीको ढिलाईको कारण काम नभएमा पूर्वनिर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्ने, सम्झौता वमोजिम काम शुरु नगर्ने, सम्झौता अनुसार कार्य प्रगति नगर्ने, निर्माण स्थलको तयारी वेगर वोलपत्र प्रकाशन गर्ने जस्ता कार्य गरेको छ ।

यसैगरी नर्म्स वेगर परामर्श सेवाको लागत अनुमान तयार गर्ने, बोलपत्रबाट गर्नुपर्ने काम टुक्रा पारी सोझै खरिद गर्ने, कार्य सम्पन्न योजना हस्तान्तरण नगर्ने, समयमा पेस्की फर्स्यौट नगर्ने, कार्य स्वीकार प्रतिवेदन तयार नगर्ने तथा सम्झौताको म्याद थप गर्दा पर्ने व्ययभारलाई विचार गरेको देखिएन । ऐन र नियममा उल्लिखित व्यवस्थाको पालना हुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।

५. **आन्तरिक नियन्त्रण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० (१) मा प्रदेश तहका लेखा उत्तरदायी अधिकृतले आफू र आफ्नो मातहतका सबै सरकारी कार्यालयबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । दफा ३१ (१) मा आन्तरिक नियत्रण प्रणालीको कार्यान्वयन गर्न सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतको अध्यक्षतामा ४ सदस्यीय आन्तरिक नियन्त्रण समिति गठन गर्नु पर्ने व्यवस्था रहेकोमा मन्त्रालयहरूमा आन्तरिक नियन्त्रण समिति गठन भएको देखिएन । ऐन नियमले तोकिएका कार्यहरू तोकिएको मापदण्ड अनुसार गुणस्तरीय रुपमा समयमै सम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

६. **क्षेत्राधिकार वाहिरको कार्य -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले निर्दिष्ट गरे अनुसार मन्त्रालयको प्रमुख जिम्मेवारी ऐन, कानुन एवं नीति तर्जुमा एवं कार्यान्वयन, कार्यक्रम बजेट तर्जुमा एवं कार्यान्वयन, मन्त्रालयहरू बीच समन्वय, केन्द्रीय लेखा तयार गर्ने, प्रगति प्रतिवेदनको मूल्यांकन गर्ने, मातहत कार्यालयबाट संचालित कामको अनुगमन गर्ने, वित्तीय प्रतिवेदन जारी गर्ने रहेको देखिन्छ । नीति निर्माण एवं अनुगमनको जिम्मेवारी रहेको मन्त्रालयले मातहत निकायबाट सञ्चालन गर्नु गराउनु पर्ने विभिन्न कार्यक्रम समेत मन्त्रालयहरूवाटै सञ्चालन गरेका छन् । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा यस प्रकार छन्ः-

६.१. आन्तरिक मामिला तथा कानुन मन्त्रालयले यो वर्ष ५० थान मोटरसाइकल वोलपत्र मार्फत रु १ करोड १३ लाख ८९ हजारमा खरिद गरी प्रदेश मन्त्रालयको कार्यक्षेत्र बाहिरका शसस्त्र प्रहरी वल विन्ध्यावासिनीलाई १०, प्रदेश प्रहरी कार्यालय दाङ्गलाई ३५, लुम्बिनी ट्राफिक प्रहरी कार्यालयलाई १ वटा हस्तान्तरण गरेको छ । बाँकी ४ मन्त्रालय मै प्रयोग गरेको छ । प्रदेश मन्त्रालयले आफ्नो बजेटबाट खरिद गरी संघीय कार्यालयमा वितरण गर्ने कार्य क्षेत्राधिकार बाहिरको देखिन्छ। यसरी खर्च गर्न मिल्ने आधार देखिदैन।

६.२. कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालयले यो वर्ष ११ शीतभण्डार निर्माणका लागि रु.८ करोड ५८ लाख ७३ हजार, सहकारी विकास कोष र सुलभ कर्जा कोष सञ्चालन गर्न रु.३० करोड, सहकारीबाट नवीनतम् सोच विकास कार्यक्रम अन्तर्गत सहकारी पूर्वाधार निर्माण सुधार गर्न रु.२ करोड ९९ लाख र सहकारी मार्फत युवा लक्षित कृषि व्यवसाय कार्यक्रम सञ्चालन गर्न रु.९० लाख मन्त्रालय आफैले खर्च गरी कार्यक्रम सञ्चालन गरेको छ ।मातहतको अधिकार मन्त्रालय आँफैले प्रयोग गर्ने कार्य मनासिव देखिदैन ।

६.३. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले रु.३ करोड १४ लाख ९९ हजारका डिपिआर निर्माण, होमस्टे सञ्चालन अनुदान र वन उद्यम अनुदानजस्ता कार्यक्रमसमेत आफैंले सञ्चालन गरेको छ । मातहत कार्यालयबाट गराई अनुगमन गर्नुपर्नेमा आफैंले कार्य सञ्चालन गर्नु मनासिव देखिदैन ।

७. **गुणस्तर परीक्षण तथा नियन्त्रण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ को उपनियम १ को खण्ड (ङ) अनुसार ठेक्का सम्झौता कार्यान्वयन गर्दा गुणस्तर परीक्षण हुनुपर्ने व्यवस्था छ । भौतिक पूर्वाधार विकास मन्त्रालय र अन्तर्गत रहेका सडक पूर्वाधार विकास, जलश्रोत तथा सिंचाइ, खानेपानी तथा सरसफाई र भवन तथा शहरी विकाससँग सम्बन्धित ५० वटा कार्यालयहरूले यो वर्ष पुँजीगत निर्माण कार्यमा रु.१५ अर्ब ५१ करोड ५३ लाख खर्च गरेका छन्। आफ्नै प्रयोगशाला वा अन्य सरकारी प्रयोगशालाबाट खरिद सामग्री एवं निर्माण सामाग्रीहरूको गुणस्तर परीक्षण गर्नु पर्नेमा पूर्वाधार विकास कार्यालयहरूले केही नमुनाको आफ्नै प्रयोगशालाबाट परीक्षण गरेको पाइए पनि अन्य सरकारी कार्यालयहरूको प्रयोगशाला नरहेको र गुणस्तर परीक्षण पनि नगराएको स्थिति छ । खरिद सम्झौता कार्यान्वयन गर्दा अनिवार्य रुपमा गुणस्तर परीक्षण हुनुपर्दछ ।

८. **संगठन र व्यवस्थापन** – प्रदेश अन्तर्गतका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी कार्यालयले १८८ सरकारी निकायमा ४ हजार ४३६ दरबन्दी रहेकोमा २ हजार ५८३ (५८.२३ प्रतिशत) पदपूर्ति भई १ हजार ८५३ पद रिक्त रहेको छ । रिक्त दरबन्दी मध्ये अधिकृत तह र सो

भन्दा माथिको ४९६ पद, सहायकस्तरको ७०४ पद, श्रेणी विहीन ६५३ पद रिक्त रहेका छन् । रिक्त मध्ये विभिन्न मन्त्रालयले सचिवस्तरीय निर्णयबाट अस्थायी, करार र ज्यालादारीबाट ७९४ पदपूर्ति गरेको छ । स्वीकृत दरबन्दीको ४१.७७ प्रतिशत पद रिक्त रहेकोले प्रदेश कार्यालयहरूको सेवा प्रवाहमा असर परेको छ । दरबन्दी अनुसार कर्मचारी स्थायी नियुक्ती गरी करारमा राख्ने कार्य नियन्त्रण गर्नुपर्दछ । यस सम्बन्धमा गत वर्ष समेत औंल्याईएकोमा सुधार भएको देखिएन ।

९. **तलवी प्रतिवेदन** - निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख) को उपदफा २ मा प्रदेशस्थित कार्यालयका निजामती कर्मचारीको सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयहरूबाट तलवी प्रतिवेदन पारीत नगराई तलव खुवाउन नहुने र खुवाएको पाईएमा त्यसरी तलव भत्ता खुवाउने पदाधिकारीबाट सरकारी बाँकी सरह असुल उपर गरिने व्यवस्था छ । त्यस्तै प्रदेशको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका, २०७५ को बुदा नं.१७(ख) बमोजिम सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराइ तलब भत्ता खर्च लेख्न नपाइने उल्लेख छ।

प्रदेश अन्तर्गत १८८ सरकारी निकायमा २ हजार ५८३ पदपूर्ति भई यो वर्ष कर्मचारी पारीश्रमिकमा रु.१ अर्ब ६८ करोड २७ लाख ७५ हजार र अन्य सुविधा समेत रु.१ अर्ब ९७ करोड ८८ लाख ८८ हजार खर्च गरेकोमा तलवी प्रतिवेदन पारीत गरेको देखिएन । तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता खर्च लेख्नुपर्दछ ।

१०. **प्रदेश सचिव सुविधा** - नेपाल सरकारको मिति २०७६।४।१३ को मन्त्रीपरिषदबाट प्रदेश सचिवमा सम्बन्धित सेवाको राजपत्रांकित प्रथम श्रेणीको सहसचिवलाई खटाई सो पदमा हाजिर रहदाँसम्म मासिक रु.२६ हजार ६१० को दरले थप सुविधा उपलब्ध गराउने निर्णय भए अनुसार ९ मन्त्रालय र १ आयोगका १५ सचिवलाई रु.३१ लाख ४५ हजार अत्तिरिक्त सुविधा भुक्तानी गरेको छ । कानुनमा व्यवस्था नगरी मन्त्रीपरिषद्को निर्णयको आधारमा उक्त सुविधा भुक्तानी गरेको नियमसम्मत देखिएन ।कानुनमा व्यवस्था गरेर मात्र सुविधा भुक्तानी गर्नुपर्दछ ।

११. **परामर्श सेवा खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२(२) अनुसार सार्वजनिक निकायहरूले सम्बन्धित मन्त्रालयले तयार गरेको नर्म्सको आधारमा परामर्श सेवाको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा प्रदेश मन्त्रालयहरूले यस सम्बन्धी नर्म्स तयार गरेका छैनन् । खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरू रुपन्देही, बाँके, प्युठान, भौतिक पूर्वाधार विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण कार्यालय दाङ समेतले योजनाहरूको सर्भे, डिजाइन, विस्तृत परियोजना प्रतिवेदन आदि कामको लागि बजेटको आधारमा लागत अनुमान तयार गरी परामर्श सेवामा रु.३५ करोड ६५ लाख ४४ हजार भुक्तानी गरेको देखियो । नर्म्स तर्जुमा गरी यस कार्यलाई व्यवस्थित गर्नुपर्दछ ।साथै सर्भे, डिजाइन, विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने कार्यको लागि पूर्ण रूपमा परामर्शदाता माथि भर पर्ने गरेको विद्यमान अवस्थालाई नियन्त्रण गर्नुपर्दछ ।

१२. **प्राकृतिक स्रोत कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को साविकको दफा ६४ मा ढुंगा, गिट्टी र वालुवामा संकलन गरिने प्राकृतिक स्रोत कर प्रदेश र स्थानीय तहको साझा अधिकारको रूपमा रहने, सोको दर प्रदेशले निर्धारण गर्ने र स्थानीय तहले संकलन गरी प्रदेश स्तरको कोषमा जम्मा

गर्ने व्यवस्था गरी प्रदेश कानुन अनुसार बाँडफाँट गरेको छ । उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२ (क) थप गरी ढुंगा गिट्टी वालुवा विक्रिबाट प्राप्त रकम स्थानीय संचितकोषमा जम्मा गर्ने गरी सो करमा स्थानीय तहको एकल अधिकार कायम गरेको तर सोही अनुरूप प्रदेश कानुन संशोधन नगरेको कारणले सो करबाट संकलित राजस्व बाँडफाँटमा अस्पष्टता देखिएको अवस्थामा उक्त दफा ६२ (क) विपरीत हुने गरी संघीय मन्त्रिपरिषद्ले ढुंगा गिट्टी बालुवा बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी उक्त कर प्रदेश र स्थानीय तहको साझा अधिकार कायम गरेको देखिएबाट थप अस्पष्टता सृजना गरेको देखियो ।यो वर्ष प्रदेशका १०९ स्थानीय तह मध्ये ४५ स्थानीय तहले राजस्व असुल गरेको रकमको ४० प्रतिशतले हुने रु ६५ करोड ७९ लाख ८ हजार प्रदेशलाई पठाएतापनि अन्य स्थानीय तहहरूले असुल गरेको पुरै रकम आफ्नै संचितकोषमा राखेका छन्। स्पष्ट कानूनी व्यवस्था गरी प्राकृतिक स्रोतको उपयोग हुनुपर्दछ ।

१३. **प्रदेश एकीकृत वित्तीय विवरण -** लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २२ (३) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेस गर्नुपर्ने र पेस गर्न नसकिने मनासिव कारण देखाई म्याद थपको लागि अनुरोध गरेमा उपदफा ४ र ६ बमोजिम म्याद थप हुनसक्ने व्यवस्था छ । त्यति गर्दा पनि वित्तीय विवरण पेस नगरेमा विभागीय कारवाही समेत हुनसक्ने व्यवस्था छ । मन्त्रालयले लेखापरीक्षण अवधि २०७९ बैशाख मसान्तसम्म एकीकृत वित्तीय विवरण तयार गरेको छैन भने म्याद थपका लागि पत्राचार पनि गरेको छैन । मन्त्रालयले एकीकृत वित्तीय विवरण तयार गर्ने कार्य सम्म पनि नगरेकोमा ऐनको दफा २५(८) बमोजिम गर्नु गराउनु पर्दछ ।

१४. **लेखाङ्कन तथा प्रतिवेदन** - कारोबारको लेखा र प्रतिवेदनको ढाँचा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा २०७६।२।१९ र नेपाल सार्वजनिक वित्तीय क्षेत्र प्रतिवेदन लेखामान, (नेप्सास) को ढाँचा २०७५ मंसिरमा नै स्वीकृत भई सकेको छ । प्रदेश मन्त्रालय तथा केन्द्रीय निकायहरूबाट स्वीकृत भए बमोजिमको ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन हुनुपर्नेमा सो अनुसार गरेको पाईएन । तोकिएको ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन हुनुपर्दछ ।

१५. **आन्तरिक लेखापरीक्षण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२ मा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्रदेश सरकार अन्तर्गतका सबै कार्यालयहरूको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने र दफा ३२(६) मा आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फर्स्यौंट गराई अन्तिम लेखापरीक्षक समक्ष प्रस्तुत गर्नुपर्ने व्यवस्था छ । प्रदेश अन्तर्गत १६१ वटा कार्यालय र १६ वटा समिति समेत जम्मा १७७ निकायको आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा नियमित गर्नुपर्ने रु.१४ करोड ६६ लाख १६ हजार, असुलउपर गर्नुपर्ने रु.८९ लाख ९९ हजार र म्याद नाघेको पेस्की रु.२५ करोड ३७ लाख ९४ हजार गरी कुल रु.४० करोड ९४ लाख १० हजार बेरुजु कायम भएकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म फर्स्यौंट गरेको छैन । आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु अन्तिम लेखापरीक्षण अगावै फर्छ्यौट गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१६. **अबण्डा रकम** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १० मा सार्वजनिक निकायहरूले बजेट प्रस्ताव गर्दा सोही ऐनको दफा ५ बमोजिम प्रस्तावित योजना कार्यक्रमको क्रियाकलापगत विवरण

खुलाई आगामी आर्थिक वर्षको बजेट तयार गर्नुपर्ने उल्लेख छ। उक्त व्यवस्था बमोजिम कार्यक्रम अनुसार बजेट बाँडफाँट गरी स्वीकृत गर्नुपर्नेमा विभिन्न मन्त्रालयले बजेट अवण्डा राखि पछि मन्त्रीस्तरीय निर्णयबाट बाँडफाँट गरी खर्च गरेको छ । बजेट अवण्डा राखी मन्त्रीस्तरीय निर्णयबाट खर्च गरेको उदाहरण देहाय अनुसार छः-

१६.१. कृषि, खाद्य प्रविधि तथा भुमी व्यवस्था मन्त्रालयले रु ८ करोड ४० लाख एकमुष्ट विनियोजन गरेकोमा २०७७ मंसिरदेखि २०७८ वैशाखसम्म ६ पटक बाँडफाँट गरी नयाँ स्थापना भएका ३ कार्यालय, कुखुरा विकास फर्म बाँकेलाई दाना उत्पादन मेशिन खरीद गर्न र विभिन्न कार्यालय सञ्चालन, स्वीकृत कार्यक्रम मै थप बजेट माग भए अनुसार निकासा गरेको छ ।

१६.२. भौतिक पूर्वाधार विकास मन्त्रालयले आयोजनागत खर्च गर्ने स्पष्ट नगरी सडक तर्फ रु १३ करोड ५८ लाख ८९ हजार, भवन तर्फ रु.१ करोड र सिंचाई तथा उर्जा तर्फ रु १५ करोड ८० लाख समेत रु.३० करोड ३८ लाख ८९ हजार एकमुष्ट अबण्डा राखि मन्त्रिस्तरीय निर्णयबाट पटक पटक बाँडफाँट गरी उर्जाबाट विभिन्न जिल्लामा विधुतिकरण गर्न, सिचाईबाट ठूला मझौला सिचाई आयोजना प्रतिवेदन तयार गर्न र सडकबाट अधुरा आयोजना पूरा गर्न बजेट वाँडफाँट गरेको छ।

१६.३. सामाजिक विकास मन्त्रालयले कार्यक्रम स्पष्ट नगरी रु.१ करोड अबण्डा राखेकोमा विभिन्न मितिमा मन्त्रिस्तरीय निर्णयबाट १२ स्वास्थ्य कार्यालयलाई कोभिड-१९ मा खर्च गर्ने र ६ सामाजिक विकास डिभिजन कार्यालयमा पोशाक, पानी, बिजुली लगायतका शिर्षकमा बजेट नपुग भएको भनि रु.५७ लाख २ हजार बाँडफाँट गरी कार्य गराएको छ ।

कार्यक्रम बजेट अबण्डा राख्ने कार्य बजेट सिद्धान्त विपरीत रहेकोले कार्यक्रमको क्रियाकलापगत विवरण खुलाई बजेट स्वीकृत गर्नुपर्दछ ।

१७. **उपभोक्ता समितिबाट कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ र खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउने व्यवस्था छ । उक्त ऐन र नियमको पालना नगरी काम गराएको स्थिति यसप्रकार छ ।

१७.१. **एक करोड माथिको कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १ बमोजिम मूल्य अभिवृद्धि कर, ओभरहेड र कन्टन्जेन्सी समेत समावेश गरी एक करोड रुपैयासम्म लागत अनुमान भएका निर्माण कार्य उपभोक्ता समितीबाट गराउन सकिने व्यवस्था रहेकोमा डिभिजन कार्यालय बाँके, दाङ र पाल्पाले २३ खानेपानी आयोजनामा उपभोक्ता समितिहरूसँग त्यस विपरीत रु.२४ करोड ५५ लाख लागत अनुमानका योजनाहरू सम्झौता गरी रु.१० करोड ५२ लाख भुक्तानी दिएको नियमित देखिएन। स्वीकृत सीमा भन्दा वढीको काम उपभोक्ताबाट गराउने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

१७.२. **जटिल संरचना निर्माण –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई श्रममुलक कार्य गर्न जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ ।सिचाँई डिभिजन कार्यालय दाङ्गले रु.४२ लाख ६८ हजारको कमेरेसोता जलासयबाट पानी लिफ्ट गर्न पम्प हाउस, पम्प जडान तथा विद्युतीकरण गर्ने जस्तो जटिल प्राविधिक पक्ष समावेश भएको कार्य उपभोक्ता समितिबाट गराई

रू.२९ लाख ४६ हजार भुक्तानि गरेको निर्माण कार्य अधुरो रहेको छ । जटिल प्राविधिक पक्ष रहेको काम उपभोक्ताबाट गराउने कार्य मनासिव देखिएन ।

१७.३. **योजना हस्तान्तरण -** सार्वजनिक खरिद नियमावलीको २०६४ को नियम ९७ (११)अनुसार उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न आयोजना मर्मत सम्भार र रेखदेख समेतको जिम्मेवारी तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नु पर्नेमा जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालय बर्दियाले यस वर्ष सम्पन्न रु.२ करोड ७६ लाख १३ हजारका ७ आयोजना र जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालय अर्घाखाँचीले रू.५ करोड ६६ लाख २९ हजारमा सम्पन्न गरेका ४ आयोजना हस्तान्तरण गरेको छैन ।

१८. **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ अनुसार रु.२० लाख भन्दा बढीको खरिद गर्नुपर्दा बोलपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक विधि अपनाई खरिद गर्नुपर्ने व्यवस्था छ। आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, ग्रामीण तथा शहरी विकास मन्त्रालय□सामाजिक विकास मन्त्रालय र अन्तर्गतका कार्यालयहरूबाट बोलपत्रको माध्यमबाट गर्नुपर्ने निर्माण कार्य टुक्रा पारी प्रतिस्पर्धा वेगर सोझै सामान खरिद, सार्वजनिक निर्माण र परामर्श सेवा खरिद कार्य गराई रु.८ करोड ५ लाख १९ हजार भुक्तानी गरेको छ । प्रतिस्पर्धाको माध्यमद्वारा खरिद गरी सरकारी खर्चमा मितव्ययिता र पारदर्शिता कायम गर्ने तर्फ सम्बन्धित कार्यालयले ध्यान दिनुपर्दछ ।

१९. **सम्पत्ति व्यवस्थापन** - प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ । तर संघीय सरकार अन्तर्गत रहेका कृषि, वन, सिंचाई, सहकारी, भवन, खानेपानी, स्वास्थ्य लगायतका कार्यालयहरू प्रदेश सरकार अन्तर्गत रुपान्तरण तथा गाभिएको अवस्थामा ती कार्यालयले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण मन्त्रालयले तयार गर्नुपर्नेमा गरेको छैन । त्यसैगरी सरकारी बाँकी रकमको लगत तयार गरी असुल उपर गर्ने कार्य समेत भएको छैन । मातहत कार्यालयको सम्पत्ति तथा बाँकी रकमको लगत तयार गरी अद्यावधिक गर्नुपर्दछ ।

२०. **सेवा प्रवाह** - बजेट बक्तव्य २०७७/७८ मा सेवा प्रवाह प्रक्रियालाई प्रविधिमैत्री बनाउने, प्रथम आवधिक योजनामा हेलो सरकार सञ्चालन गर्ने र मोवाइल एप्स मार्फत जनगुनासो संकलन गरी व्यवस्थापन गर्ने उल्लेख छ । त्यसैगरी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची २(२२) मा सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण गर्ने, सेवाग्राही सन्तुष्टि सर्वेक्षण गर्ने र सेवा प्रवाहको अनुगमन गर्ने उल्लेख छ । उक्त व्यवस्थाहरूको कार्यान्वयन गरेको नदेखिएकोले कार्यान्वयन गरी सेवा प्रवाहलाई प्रभावकारी बनाइनु पर्दछ ।

२१. **वार्षिक विवरण र आर्थिक प्रतिवेदन**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७३(३) मा विनियोजन, राजस्व, धरौटी, पेस्की, सम्पत्ती र दायित्वको वार्षिक विवरण आर्थिक वर्ष समाप्त भएको २१ दिन भित्र प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई तालुक कार्यालयमा पठाउनु पर्ने र नियम ७६(१) मा प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र

भएको आर्थिक कारोबार (नगदी, जिन्सी, आयव्यय) को अनुसूची-११ बमोजिमको ढाँचामा आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको ४५ दिनभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । मन्त्रालयहरूले उक्त प्रतिवेदन तयार गरेको देखिएन। जसबाट मन्त्रालयको आर्थिक कारोबारको स्थिति, फस्यौंट गर्न बाँकी बेरुजु, जिन्सी एवं धरौटीको अवस्था यकिन गर्न सकिएन । मन्त्रालयले तोकिए अनुसार वार्षिक प्रतिवेदन तयार गरी तोकिएको निकायमा पठाउनु पर्दछ ।

२२. **एकीकृत प्रगति विवरण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ अनुसार मन्त्रालयले मातहत कार्यालयबाट बार्षिक प्रगतिको विवरण लिई नियम ३६ अनुसार सबै कार्यालयबाट प्राप्त विवरणको एकीकृत रुपमा केन्द्रीयस्तरको प्रगति विवरण तयार गरी त्यसको भौतिक र वित्तीय पक्षको समीक्षा गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले कार्यालयबाट प्रगति विवरण लिई केन्द्रीय प्रगति विवरण तयार नगरेको कारण मन्त्रालय र मातहतले सम्पादन गरेको कार्यक्रमको उपलब्धिको अवस्था मूल्यांङ्कन गर्नसक्ने स्थिति रहेन । लक्ष्य अनुसार कार्यक्रम सञ्चालन नभएकोमा कारण पहिचान गरी सुधारका लागि सुझाव दिनुपर्नेमा सो कार्यान्वयन गरेको देखिएन । नियमको व्यवस्था अनुसार एकीकृत प्रगति प्रतिवेदन तयार गरी मूल्यांकन गर्नुपर्दछ ।

२३. **चौमासिक तथा असार महिनाको खर्च** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १८ मा चौमासिक बाँडफाँट अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा चौमासिक रुपमा कार्यक्रम सञ्चालन गरी प्रगति प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ ।

भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत सडक पूर्वाधार, सिंचाई, खानेपानी र शहरी विकास कार्यालय समेत १९ कार्यालयबाट यो वर्ष रू. ९ अर्ब ४२ करोड ७५ लाख ९७ हजार खर्च गरेकोमा प्रथम चौमासिकमा रु.८२ करोड १२ लाख ३८ हजार (८.७१ प्रतिशत) दोस्रो चौमासिकमा रु.२ अर्ब ३२ करोड ४८ लाख ७७ हजार (२४.६६ प्रतिशत) र तेस्रो चौमासिकमा रु ६ अर्ब २८ करोड १४ लाख ८२ हजार (६६.६३ प्रतिशत) खर्च गरेको देखियो । कुल खर्च मध्ये असारमा मात्र रु.४ अर्ब ६७ करोड ३६ लाख ३० हजार (४९.५७ प्रतिशत) खर्च गरेको छ ।तेस्रो चौमासिक र असारमा बढि खर्च गर्दा कामको गुणस्तरमा पर्नसक्ने प्रभावतर्फ मन्त्रालय एंव कार्यालयहरूले ध्यान दिएको देखिएन । निर्माण कार्यलाई व्यवस्थित, गुणस्तरीय र मितव्ययी बनाउन निर्धारित अवधिमा तोकिएको काम सम्पन्न गर्ने तर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्दछ ।

२४. **वित्तीय जिम्मेवारी र जवाफदेहिता** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४६ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने उल्लेख गरेको छ । सो अनुसार योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन निकाय प्रमुख, मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फस्यौंट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृत, केन्द्रीय आर्थिक विवरण तयार गर्ने र मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गरे नगरेको जाँचबुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृत र विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेकोमा सो को जिम्मेवारी कार्यालय प्रमुख र मन्त्रालयको हकमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतको हुने उल्लेख भए अनुसार जिम्मेवारी र जवाफदेहिताको पालना भएको

देखिएन । ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गरी आर्थिक अनुशासन कायम गर्नु गराउनुपर्दछ ।

कोभिड - १९ को व्यवस्थापन सम्बन्धी विशेष लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा

२५. **कोभिड कोष -** कोभिड-१९ रोकथाम तथा नियन्त्रणको खर्च र आम्दानी व्यवस्थापनको लागि सामाजिक विकास मन्त्रालयमा प्रकोप व्यवस्थापन कोषको स्थापना गरी २०७८ असार मसान्तसम्म गत वर्षको बचत मौज्दात रू.१२ करोड ५९ लाख ४५ हजार, संघ सरकारबाट प्राप्त रु.२० करोड, प्रदेश सरकार बाट रु.१० करोड तथा अन्य संघ संस्था व्यक्तिबाट रु.१५ लाख १७ हजार समेत ४२ करोड ७४ लाख ६२ हजार आम्दानी भई ४ कोरोना विशेष अस्पताललाई रु.१० करोड ५७ लाख ७८ हजार, ११ अस्पताललाई सञ्चालन खर्च वापत रु.५ करोड ९ लाख, प्रदेश जनस्वास्थ्य प्रयोगशालालाई रु.२५ लाख, १२ जिल्लाका जनस्वास्थ कार्यालयलाई जन स्वास्थ्य अभियान बापत रु.६० लाख, ६ स्थानीय तहलाई शवबाहन खरिदका लागि रु.९० लाख, मृतक राहत तथा आईसोलेशन निर्माणका लागि १२ जिल्ला प्रशासन कार्यालयलाई रु.४ करोड ४२ लाख, राष्ट्री स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई रु.७५ लाख समेत रु.२२ करोड ५८ लाख ७८ हजार निकासा गरी रु.२० करोड १५ लाख ८४ हजार मौज्दात रहेको छ ।

२६. **लेखापरीक्षण -** प्रदेश स्तरीय कोरोना कोषबाट ११ जिल्ला प्रशासन कार्यालय मार्फत ४२० मृतक राहतका लागी रु.४ करोड २० लाख र रुकुम पूर्व, बाँके र अर्घाखाँची जिल्ला प्रशासन कार्यालयहरूलाई आईसोलेशन सेन्टर निर्माणका लागि रु.२२ लाख, नेपाल संस्कृत विश्वविद्यालय दाङ्गमा एच डि यू स्थापनाका लागि रू.५० लाख, मध्य पश्चिम पृतना हेडक्वाटरलाई रु.५ लाख, राष्ट्री स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई रु.७५ लाख समेत रु.५ करोड ७२ लाख निकासा दिएको रकमको लेखापरीक्षण गराए नगराएको सम्बन्धमा मन्त्रालयले अनुगमन गरी सुनिश्चित गर्नुपर्दछ ।

२७. **कोभिड खर्चको स्थिति -** यो वर्ष लुम्बिनी प्रदेशमा कोरोना रोकथाम एवं नियन्त्रणको लागि १० अस्पलातले रु.३९ करोड ६७ लाख ८१ हजार आम्दानी गरेकोमा आईसोलेसन निर्माणमा रु.२ करोड ३ लाख १९ हजार, औषधि खरिदमा रु.३ करोड ८१ लाख ४५ हजार, मेसिनरी इक्युपमेन्ट खरिदमा रू.९ करोड १३ लाख ८५ हजार, जोखिम भत्ता वितरणमा रु.८ करोड ५९ लाख ७८ हजार, राहत वितरण अन्य खर्चमा रु.१३ करोड ९७ लाख ८९ हजार गरी कुल रु.३७ करोड ५६ लाख १६ हजार खर्च गरी रु.२ करोड ११ लाख ६५ हजार मौज्दात रहेको छ ।सो खर्च सम्बन्धमा देखिएका व्यहोरा यस प्रकार छन्:-

२७.१. **पूर्वतयारी र जोखिम आँकलन** - महामारी रोकथाम र नियन्त्रणको लागि महामारी शुरु हुनु पूर्व नै जोखिम आँकलन र पूर्वतयारी गर्नुपर्दछ। कोभिड-१९ को संक्रमणको जोखिम आकलन गरी पूर्वतयारी एवं महामारी रोकथाम, नियन्त्रण र व्यवस्थापन सम्बन्धमा मुख्यमन्त्रीको संयोजकत्वमा उच्चस्तरीय निर्देशक समिति, सामाजिक विकास मन्त्रीको नेतृत्वमा कोष संचालक समिति र स्वास्थ्य निर्देशनालयका निर्देशकको नेतृत्वमा प्राविधिक समिति गठन भएका छन् । २०७७।७८ सम्म प्रदेशले जोखिम आँकलन तथा न्यूनीकरण कार्य योजना तयार गरेको छैन । प्रदेश स्तरीय कोरोना संकट व्यवस्थापन केन्द्रको निर्णय अनुसार कपिलवस्तुमा एक हजार जना क्षमताको होल्डिङ्ग

सेन्टर तयारी गरी कोरोना नियन्त्रण र पूर्व तयारीको कार्य गरेको छ । साथै संक्रमण फैलिनु अघि शय्या विस्तार, जनशक्ति, थप भेन्टिलेटर र अक्सिजन व्यवस्थापन गर्ने जस्ता कार्य समेत गरेको पाईएन।

२७.२. **कोरोना संकट व्यवस्थापन केन्द्र** - लुम्बिनी प्रदेश कोरोना संकट व्यवस्थापन केन्द्रको बैठक २०७७।७८ मा ३ पटक बसि कोरोना जोखिम आंकलन र नियन्त्रणका लागी विभिन्न ३९ वटा निर्णय गरेको छ । आईसोलेशन तयारीका लागि तराई र पहाडका जिल्लामा २०० बेडका आईसोलेशन केन्द्र निर्माण गर्ने, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई कोरोना नियन्त्रणका लागी प्रयोग गर्ने, कोरोनामा खटिएका जनशक्तिलाई थप ३ महिना अवधि थप गर्ने, बुटवल धागो कारखाना कोभिड बिशेष अस्पताल र बेलझुण्डि आयुर्वेद केन्द्र अस्पतालमा हाई डिपेन्डेन्सी युनिट सेवा विस्तार गर्ने, सबै जिल्ला अस्पतालमा ५ बेडको हाई डिपेन्डेन्सी युनिट सेवा सञ्चालनमा ल्याउने जस्ता निर्णय गरेकोमा निर्णय कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन भएको छैन । निर्णय कार्यान्वयनका लागि अनुगमन र समन्वय गर्नुपर्दछ ।

२७.३. **पूर्वाधारको पर्यासता** - लुम्बिनी प्रदेशमा कोरोना परीक्षणका लागी ७ सरकारी, ५ निजी ल्याब रहेका छन् । २०७८।२।२० सम्मको अभिलेख अनुसार पि. सि. आर. ३ लाख २७ हजार ८८४ र एन्टिजेन्ट परीक्षण ३३ हजार ३३८ समेत ३ लाख ६१ हजार २२२ जना परीक्षण भई ८७ हजार ७६६ संक्रमित भएको अवस्था छ ।२०७८।३।३० सम्म १ लाख ५४६ जना संक्रमित तथा २ हजार ५० को मृत्यु भएको विवरण प्राप्त भएको देखिन्छ । लुम्बिनी प्रदेश अन्तर्गत ४ डेडिकेटेड अस्पताल मार्फत कोरोना नियन्त्रण र उपचार भई रहेको छ । हाल सम्म हाई डिपेन्डेन्सी युनिट बेड ६२४, भेन्टिलेटर ६१ र २४० आई सि यू बेड कोरोना उपचारका लागी उपलब्ध रहेका छन् । प्रदेशको जनसंख्या ५१ लाख ६४ हजार ८१९ रहेकोमा कोरोना उपचार र नियन्त्रणका लागी तयार भएका पूर्वाधार व्यवस्थित गर्नुपर्दछ ।

२७.४. **खोप प्राप्ति र वितरण** - लुम्बिनी प्रदेश अन्तर्गत खोप पाउन योग्य १२ वर्ष माथिका जनसंख्या ३९ लाख ६७ हजार ६७४ रहेकोमा प्रदेशमा १३ लाख ४२ हजार डोज कोभिशिल्ड, ३३ लाख ३६ हजार ६७८ डोज भेरोसिल्ड,१३ लाख ५६ हजार ४८० डोज एस्ट्राजनिका ५ लाख ८८ हजार डोज जोन्सन १० हजार ९६८ डोज फाईजर र ११ लाख ६२ हजार २०० डोज मोर्डना समेत ७७ लाख ९६ हजार ३२६ डोज प्राप्त भएको प्रदेश स्वास्थ्य निर्देशनालयको विवरण बाट देखिन्छ ।उक्त खोप मध्ये ३७ लाख ७८ हजार ६५८ जनाले एक मात्रा, ३४ लाख ५९ हजार ६६४ जनाले पुर्ण मात्रा तथा ८ लाख ९५१ जनाले थप मात्रा खोप लगाई २ लाख ९३ हजार ३९८ डोज खोप मौज्दातमा रहेका छन् । स्वास्थ्य निर्देशनालयको विवरण अनुसार थप मात्रा खोप सहित ३० लाख ६६ हजार ९ डोज खोप आवस्यकता पर्ने देखिन्छ । खोपको व्यवस्था गरी सबै नागरिकलाई खोप लगाउने व्यवस्था गर्नुपर्दछ ।

२८. **लेखापरीक्षण वक्यौता** - यो वर्ष प्रदेश अन्तर्गत जिल्ला अस्पताल, रुकुमपूर्वको (२०७७।७८) लेखापरीक्षण बक्यौता रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-३(क)** मा उल्लेख छ ।

मन्त्रालय र निकायगत व्यहोरा

प्रदेश सभा सचिवालय

नेपालको संविधानको धारा १७६ बमोजिम पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीबाट ८७ जना सदस्य निर्वाचित भई प्रदेश सभा गठन भएको छ ।प्रदेश सभाले जनताका अपेक्षा एवं आवश्यकता अनुसार प्रदेश कानुनहरू निर्माण, सरकार गठन र नियन्त्रण गर्ने जस्ता कार्यहरू गर्दै आएको छ । संविधानको अनुसूची बमोजिम १२ जिल्ला समावेश गरी लुम्बिनी प्रदेशको गठन भएको छ ।

यो वर्ष सचिवालयको विनियोजन तर्फ रु.१५ करोड ७५ लाख ३३ हजार, राजस्व आम्दानी रु.१५ लाख ५१ हजार र धरौटी रु.९ लाख ७ हजार र अन्य खर्च रु.१ करोड ५५ लाख २२ हजार समेत जम्मा रु.१७ करोड ५५ लाख १३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **विधेयक प्रस्तुती र कानुन निर्माण -** प्रदेश सभा नियमावली, २०७४ को परिच्छेद १५ मा विधेयक पारीत गर्ने सम्बन्धी कानूनी व्यवस्था रहेको छ ।उक्त व्यवस्था बमोजिम मन्त्रालयबाट बिधेयक तयार गरी नियम १०६ र १०७ बमोजिम सभामा पेस गर्ने, ७२ घण्टापछि नियम १०८ बमोजिम दफावार छलफलका लागि समिति वा सभामा पठाउने र प्रदेश प्रमुख बाट प्रमाणीकरण भएपछि कानुन मन्त्रालयबाट राजपत्रमा प्रकाशन गर्ने व्यवस्था छ । उक्त विधि अनुसार हालसम्म ७६ बिधेयक दर्ता भएको मध्ये ६७ पारित गरी राजपत्रमा प्रकाशन भएको, ४ विचाराधिन रहेको र ५ फिर्ता गरेको विवरण प्राप्त भएको छ। समयमानै आवश्यक कानुन निर्माण गरी प्रदेशबाट सम्पादन गर्ने कार्यलाई व्यवस्थित गर्नुपर्दछ ।

२. **विषयगत समिति** - प्रदेश सभा नियमावली, २०७४ को नियम १४५ मा संविधानको धारा १९३ बमोजिम प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न विषयगत समिति गठन गर्न सक्ने व्यवस्था अनुसार प्रदेश सभा अन्तर्गत ६ समिति गठन भएका छन् । समितिहरूले प्रदेश सभाले पठाएको विधेयकको समिक्षा एवं संसोधनको लागि सिफारीस गर्ने, समितिको विषय क्षेत्र अन्तर्गतको जिम्मेवारीमा पर्ने मन्त्रालय एवं अन्तर्गतका सरकारी निकायको काम कारवाहीको अनुगमन,विश्लेषण एवं मूल्यांकन गरी प्रतिवेदन पेस गर्ने व्यवस्था छ । उक्त समितिबाट भएका कार्य यस प्रकार छन्

२.१. सार्वजनिक लेखा समितिले नियम १४६ वमोजिम सार्वजनिक लेखा सम्वन्धि विषय र प्रादेशिक संवैधानिक निकाय तथा आयोगका र महालेखापरीक्षकको वार्षिक प्रतिवेदन माथि छलफल गर्ने कार्य गर्दछ । यो वर्ष १९ बैठक सञ्चालन गरी प्रदेश सभाको काम कारवाही र प्रदेश सभाको गाडीको ईन्धन, मर्मत, क्वार्टर भाडामा गरेको खर्च, प्रदेश एक्स्पो, २०७६ र लुम्बिनी भ्रमण वर्ष २०७६ मा भएको खर्च, महालेखापरीक्षकको २०७४।७५ र २०७५।७६ को वार्षिक प्रतिवेदनमा औल्याएका बेरुजु, उद्योग पर्यटन बन बातावरण मन्त्रालमा भएको न्यून बजेट खर्च र बेरुजु, कृषि मन्त्रालयबाट हरित स्वंयसेवक कार्यक्रमको नाममा प्रतिव्यक्ति रू. ३० हजारका दरले ड्रेस वापतको रकम वितरण गरेको सम्बन्धमा प्राप्त गुनासा सम्बन्धमा अध्ययन गरी सुझाव दिने निर्णय गरेको छ ।

अध्ययनका लागि समितिले बिभिन्न मन्त्रालय र कार्यालयबाट फाईल माग गरेपनि अध्ययन गरी कारवाही टुङ्गो लगाई कार्यान्वयनको लागि निर्देशन दिन बाँकी देखिएको छ । त्यस्तै २०७४।७५ र २०७५।७६ मा औल्याएका बेरुजुहरू माथि छलफल गरेपनि सम्बन्धित मन्त्रालयहरूलाई समितिको निर्णय कार्यान्वयनको लागि निर्देशन पठाउन बाँकी देखिएको छ ।

२.२. भौतिक पूर्वाधार तथा विकास समितिले ८ बैठक बसी समयमै आयोजना सम्पन्न गर्न स्पष्ट कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्ने, डिपिआर तयार भएका योजनामा बजेट विनियोजन नगरी अन्य योजनामा विनियोजन गर्न रोक्नुपर्ने, मन्त्रालयलाई दिएका निर्देशन कार्यान्वयनको जानकारी समितिलाई दिनुपर्ने, निर्णय गरेता पनि उक्त निर्णय कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गरी प्रदेश सभामा प्रतिवेदन पेस गर्न बाँकी रहेको देखियो ।

२.३. कृषि बन तथा बातावरण समितिको ६ बैठक बसी अनुदान वितरण प्रक्रिया पारदर्शि नभएको, वनक्षेत्र अतिक्रमण भएकोले नियमन गर्नुपर्ने, प्राकृतिक श्रोत साधनको दोहन नियन्त्रण र नियमन गर्नुपर्ने, अनुदान उपयोगमा विशेष ध्यान दिनुपर्ने जस्ता निर्णय गरेको, प्रदेश मामिला तथा कानुन समितिको ११ बैठक बसी योजना छनोट र अनुगमन सम्बन्धमा जनप्रतिनिधिको भूमिका स्पष्ट गर्नुपर्ने, कोरोना नियन्त्रण र यसको असर न्यूनिकरण गर्न बिभिन्न निर्देशन र विपद् व्यवस्थापन सम्बन्धी निर्णय गरेको छ । उक्त निर्णय कार्यान्वयनको अनुगमन गरी प्रदेश सभामा प्रतिवेदन पेस गर्न बाँकी रहेको देखियो।

२.४. सामाजिक विकास समितिको २२ बैठक र अर्थ उद्योग तथा वाणिज्य समितिको ३ वैंठक वसी मन्त्रालय एवं निकायलाई दिएको निर्देशन कार्यान्वयन भए नभएको अनुगमन मुल्याँकन गरी प्रदेश सभामा प्रतिवेदन प्रस्तुत गर्न बाँकी रहेको देखियो ।

समितिहरूले गरेका कामको प्रतिवेदन तयार गरी प्रदेश सभामा पेस गर्नुपर्दछ ।

३. **आन्तरिक नियन्त्रण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० (१) मा प्रदेश तहका लेखा उत्तरदायी अधिकृतले आफू र आफ्नो मातहतका सबै सरकारी कार्यालयबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । दफा ३१ (१) मा आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयन गर्न सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतको अध्यक्षतामा ४ सदस्यीय आन्तरिक नियन्त्रण समिति गठन गर्नु पर्ने व्यवस्था रहेकोमा सचिवालयमा आन्तरिक नियन्त्रण समिति समेत गठन भएको देखिएन । ऐन नियमले तोकिएका कार्यहरू तोकिएको मापदण्ड अनुसार गुणस्तरीय रुपमा समयमै सम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

४. **बजेट समर्पण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १८ (२) मा कुनै रकम र सो रकमबाट सञ्चालन हुने कार्यक्रमको आर्थिक वर्षको दोस्रो त्रैमासिक अवधिसम्म पनि सन्तोषजनक रुपमा कार्यान्वयन नभएको वा हुन नसक्ने ठहर भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्तो बजेट समर्पण गर्न लगाउन सक्ने व्यवस्था अनुसार सचिवालयले पूँजीगत शिर्षकमा विनियोजन

भएको रु.३ करोड १२ लाख ३८ हजार मध्ये रु.२ करोड ३२ लाख ८१ हजार बजेट समर्पण गरेको छ । कार्यक्रम स्वीकृत पश्चात कार्यक्रम कार्यन्वयन नगरी बजेट समर्पण गर्ने कार्य उपयुक्त देखिएन ।

५. **तलबी प्रतिवेदन -** लुम्बिनी प्रदेशको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को परिच्छेद-४ बुदा नं.१७(ख) बमोजिम सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भत्ता खर्च लेख्न नपाइने उल्लेख छ। प्रदेश सभा सचिवालयले यो वर्ष १९ कर्मचारीहरूको तलबी प्रतिवेदन पारित नगरी रु.९० लाख ५७ हजार तलब खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेकोले ग्रेड रकम यकिन हुन सकेन। तलबी प्रतिवेदन पारित गरेर मात्र तलव खर्च लेखिनु पर्दछ।

६. **सेवा करार** - लुम्बिनी प्रदेशको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका, २०७५ को परिच्छेद-२ खर्चको मापदण्ड बुदा नं १०(ग) बमोजिम कम्प्युटर अपरेटर, सवारी चालक र कार्यालय सहयोगीले गर्नुपर्ने जस्ता कामहरू गर्न स्वीकृत दरबन्दी तथा अख्तियारी भित्र रही कर्मचारी नियुक्ती गर्नुपर्ने उल्लेख छ । सचिवालयको स्वीकृत दरबन्दी भन्दा बढी कम्प्युटर अपरेटर पदमा १, कार्यालय सहयोगी पदमा २ र माली स्वीपर पदमा ३ कर्मचारी नियुक्त गरी रु.१४ लाख ५७ हजार खर्च लेखेको निर्देशिकाको व्यवस्था अनुकुल देखिएन। संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी आवश्यक कर्मचारी नियुक्ती गरी कार्य सञ्चालन गरिनु पर्दछ ।

७. **स्वास्थ्य उपचार कोष -** प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको स्वास्थ उपचार कोष सम्बन्धी कार्यविधि, २०७६ को बुँदा नं. ५(५) बमोजिम पदाधिकारी तथा सदस्यहरूले स्वीकृत चिकित्सकको सिफारिश बमोजिम उपचार गर्दा लागेको औषधि उपचार खर्चका विल भर्पाइहरू उपचार कोष सञ्चालन समितिमा पेस गर्ने र सो समितिले चेक जाँच गरी कार्यविधिको बुदा नं.८ बमोजिम एक आर्थिक वर्षमा विल बमोजिमको रकम वा अधिकतम रु.५ लाख मध्ये जुन घटि हुन्छ सोही बमोजिमको उपचार सुविधा पदाधिकारीहरूलाई उपलव्ध गराउने उल्लेख छ। यो वर्ष ३६ सभासद्हरुको निजी स्वास्थ्य संस्थाहरूमा उपचार गराए बापत रू.२२ लाख ८० हजार सचिवालयले सोधभर्ना खर्च लेखेको छ। निजी स्वास्थ्य संस्थाको सट्टा सरकारी स्वास्थ्य संस्थामा उपचार गराउने र सिफारिसमा मात्र निजी स्वास्थ्य संस्थामा उपचार गराउने व्यवस्था गर्न सके खर्च मितव्ययी हुने देखिन्छ ।

- **बेरुजु स्थिति -** यो वर्ष सचिवालयको लेखापरीक्षणबाट रू.९ लाख २९ हजार बेरुजु देखिएकोमा फर्स्यौट नगरेकोले बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** संलग्न छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने, प्रदेश स्तरीय सार्वजनिक नीति कार्यान्वयनको अनुगमन गर्ने, प्रदेश मन्त्रिपरिषद्मा पेस हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण गर्ने र प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन गर्ने रहेको छ ।

यो वर्ष मन्त्रिपरिषद्को कार्यालय समेत ३ इकाइको विनियोजनतर्फ रु.२० करोड ६३ लाख ७० हजार, राजस्व तर्फ रु.१ लाख ४० हजार, धरौटी तर्फ रु.१९ लाख ९८ हजार र अन्य कारोबार रु.५९ लाख ४४ हजार समेत रु.२१ करोड ४४ लाख ५२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **जिम्मेवारी कार्यान्वयन** – प्रदेश सरकार कार्य विभाजन नियमावली, २०७४ बमोजिम गर्नुपर्ने काम र जिम्मेवारीमध्ये मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्न प्रदेशस्तरको ऐन निर्माण गर्ने, प्रदेश सरकारको सुशासन नियमावली तर्जुमा गर्ने, प्रशासन सुधार सम्बन्धी ऐन, नीति, नियम तर्जुमा, प्रदेश प्रमुखको निर्देशन कार्यान्वयनको अनुगमन, मानव संशाधन विकास योजना तर्जुमा, प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानुन तर्जुमा र अभिलेख व्यवस्थापन, प्रदेशका सरकारी निकायको सँगठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन, प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टी सर्वेक्षण, गाँउपालिका र नगरपालिकाको कर्मचारी सम्बन्धी कानुन तर्जुमा लगायतको कार्य गरेको पाइएन । कार्यान्वयन तालिका बनाई तोकिएको कार्य जिम्मेवारी कार्यान्वयन गर्नुपर्दछ ।

२. **नीति तथा कार्यक्रम कार्यान्वयन -** प्रदेश सरकारले प्रदेश प्रमुख मार्फत २०७७/७८ को लागि सभामा प्रस्तुत नीति तथा कार्यक्रमहरू मध्ये संघीयता कार्यान्वयनका बाँकी काम आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने, प्रदेश सरकारी सेवा तथा स्थानीय सेवा सम्बन्धी कानुन तर्जूमा गरी प्रदेश तथा स्थानीय तहमा प्रदेश लोक सेवा आयोग मार्फत जनशक्ति भर्ना गर्ने, प्रदेशबाट प्रवाह हुने सेवालाई सरल, सहज तथा नतिजा उन्मुख बनाउनको लागि नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्बन गर्ने, प्रदेश सरकार र स्थानीय तहबाट निर्मित कानुनहरूमा एकरूपता, सामन्जस्यता र अन्तर सम्बन्ध कायम गर्ने, प्रदेश तथ्यांकका लागि अन्य निकायसँग आश्रित हुनुपर्ने अवस्थाको अन्त्य गर्न प्रदेश स्तरमा संरचनागत व्यवस्था गर्ने, जिल्ला समन्वय समितिलाई स्थानीय तहको कार्यसम्पादनस्तरको समन्वय र अनुगमन गर्ने ईकाईको रूपमा विकास गर्ने आदि नीति तथा कार्यक्रम कार्यान्वयन भएको देखिएन ।

३. **आवधिक योजनाको कार्यान्वयन -** कार्यालयले प्रदेशको आवधिक योजना (२०७६/७७-०८०/०८१)मा उल्लेख गरिएका कार्यहरू सम्पादन गर्नुपर्दछ । योजना लागु भएको पहिलो र दोस्रो वर्षमा कार्यान्वयन गर्ने भनि उल्लेख भएका कार्य मध्ये प्रदेशको सार्वजनिक सेवाहरूलाई गुणस्तरीय, प्रभावकारी एवं जनताको पहुँचयोग्य बनाउन विद्युतीय शासन प्रणालीको अवलम्बन गरी प्रशासनिक कार्यविधिलाई सरलीकरण र संक्षेपीकरण गर्ने, मोवाइल एप्स मार्फत जनगुनासो संकलन गरी तिनको यथाशिघ्र व्यवस्थापन र सम्बोधन गर्ने व्यवस्था मिलाउने, जनचेतना तथा जनजागरणका कार्यक्रम सञ्चालन गर्ने, जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास तथा सुशासन सम्बन्धी तालिम सञ्चालन गर्ने,

सरोकारवालाहरूको सहयोगमा प्रदेशलाई चाहिने दक्ष जनशक्तिको माग प्रक्षेपण गर्ने, प्रदेशका मन्त्रालय र मातहतको निकायको काम कारवाहीको अनुगमन गर्ने साथै बिषयगत मन्त्रालय तथा मातहतका कार्यालयहरूको कार्यमा आवश्यक सहयोग एवं सहकार्य गर्ने, प्रदेश अन्तर्गतका जिल्ला तथा स्थानीय तहहरूमा रोजगारी सिर्जनाका सम्भावनाको खोजी र श्रम बजारको माग र आपूर्तिमा आउने परिवर्तनलाई सुक्ष्म रुपमा अध्ययन गर्ने जस्ता कार्यहरू कार्यान्वयन भएको देखिएन। आवधिक योजनामा उल्लेखित कार्यक्रमहरू साधनस्रोतको व्यवस्था मिलाई कार्यान्वयन गर्नुपर्दछ।

४. **निर्णय कार्यान्वयन -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्य जिम्मेवारी अन्तर्गत प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन गर्ने उल्लेख छ । २०७६ देखि २०७८ को अवधिमा ८५ बैठक सञ्चालन गरी विभिन्न ४४३ निर्णय गरेकोमा कार्यालयले मन्त्रिपरिषद्बाट भएका निर्णयहरू कार्यान्वयन सम्बन्धमा अनुगमन गरी प्रतिवेदन तयार गरेको छैन । अनुगमनको अभावमा निर्णय कार्यान्वयनको सम्बन्धमा जानकारी हुनसक्ने अवस्था छैन । मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयनको अनुगमनको व्यवस्था मिलाउनु पर्दछ ।

५. **बजेट बक्तव्यको कार्यान्वयन -** प्रदेश अर्थमन्त्रीले संसदमा प्रस्तुत २०७७/७८ को बजेट बक्तव्यमा उल्लेख भएका कार्यक्रमहरू मध्ये कार्यसम्पादन सम्झौता प्रकृयालाई विस्तार गर्दै मन्त्रालयका महाशाखा प्रमुख, निर्देशनालयका प्रमुख तथा कार्यालय एवम् योजना प्रमुखसँग सम्झौता गरी करारका शर्तहरूलाई कार्यसम्पादन मूल्यांकनको आधार बनाउने, प्रदेश र स्थानीय तहबाट निर्मित कानुनहरूमा एकरूपता, सामन्जस्यता र अन्तरसम्बन्ध कायम गर्न स्थानीय तहले तर्जुमा गर्ने कानुनहरूको संकलन, एकीकृत अभिलेखांकन र विश्लेषण गरी कानुन निर्माणमा एक रूपता र तहगत अन्तरसम्बन्ध कायम गर्ने, कानुनमा स्नातक गरेका विद्यार्थीहरूका लागि केही समय इन्टर्नको रूपमा स्थानीय तहहरूमा काम गर्ने प्रबन्ध मिलाउने, प्रदेशमा जनशक्ति व्यवस्थापनका लागि प्रदेश निजामती सेवा ऐन तर्जुमा गर्ने, नागरिकका गुनासा र उजूरीहरूको सम्बोधन गर्न जनतासँग प्रदेश सरकार सञ्चालन गर्ने, प्रदेश भित्रका सबै स्थानीय तहहरूले लाभ लिन सक्ने गरी सिर्जनशील साझेदारी कोष स्थापना र सञ्चालन गर्ने आदि कार्यहरू कार्यान्वयन भएको देखिएन । बजेट बक्तव्यमा उल्लेख गरेका कार्यहरू कार्यान्वयन हुनुपर्दछ ।

६. **दिगो विकास लक्ष्य -** दिगो विकासको नीति कार्यान्वयन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले निकायहरूबीच समन्वय लगायतका कार्य गर्न निर्देशक समिति गठन गर्नु पर्नेमा हालसम्म गठन गरेको छैन ।दिगो विकासका १७ लक्ष्य प्राप्तिका लागि मध्यमकालीन खर्च संरचना अनुसार २०७६।७७ देखि २०७८।७९ सम्मका लागि बजेट व्यवस्था तथा प्रक्षेपण गर्नु पर्ने उल्लेख भएकोमा २०७६।७७ का लागि रू.३६ अर्ब ४१ करोडको बजेट प्रक्षेपण गरेतापनी यो वर्ष बजेटनै व्यवस्था गरेको छैन। दिगो विकास लक्ष्यका सूचक मापन गर्न प्रादेशिक तथ्याङ्क प्रणाली स्थापना नभएकोले अनुगमन तथा मूल्याङ्कन समेत हुन सक्ने अवस्था देखिदैन । दिगो विकास लक्ष्य प्राप्तिका लागि आवश्यक संरचना तयार गरी विश्वसनीय तथ्याङ्कका आधारमा बजेट प्रक्षेपण एवं कार्यान्वयन गरी सोको उपलब्धि मूल्याङ्कन गर्नुपर्दछ ।

७. **आन्तरिक नियन्त्रण** – प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० मा प्रदेश तहका निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, दक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली एक वर्षभित्र तयार गरी लागु गर्ने लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने व्यवस्था छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ऐनको व्यवस्था अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन। जसबाट कार्यालयबाट गर्नुपर्ने काम प्रभावकारी ढङ्गबाट सम्पादन भएको छ भनि मूल्याङ्कन गर्न सक्ने आधार भएन । आन्तरिक नियन्त्रण प्रणाली लागु गर्नुपर्दछ।

८. **खरिद योजना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा सार्वजनिक निकायले वार्षिक दश लाख रुपैँयाँभन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नु पर्ने उल्लेख छ । यो वर्ष २ पूँजिगत शीर्षकबाट रू.१ करोड ३३ लाख ५० हजार मूल्यका सवारी साधन, मेशिनरी औजार, कम्प्युटर, सफ्टवेयर निर्माण, फर्निचर तथा फिक्चर्स मेसिनरी, निर्मित भवनका संरचनागत सुधार लगायतका सामान एवं सेवा खरिद गरेको छ । नियमावलीको व्यवस्था अनुसार खरिद योजना बनाएता पनि योजनामा लागत अनुमान एवं बोलपत्र स्वीकृत गर्ने अवधि र बोलपत्र विधीबाट खरिद गर्ने खुलाएको छैन। बोलपत्रको अलवा पटक पटक सोझै तथा दरभाउपत्रबाट समेत खरिद गरेको छ । नियमावलीको व्यवस्था अनुसार खरिद योजना निर्माण गरी खरिद गर्नुपर्दछ ।

९. **बेरुजु व्यवस्थापन प्रणाली -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले सूचना प्रविधि प्रणालीको निर्माण गर्दा मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यवस्था रहेको छ । कार्यालयले बेरूजु व्यवस्थापन प्रणालीमा रू.४ लाख ९२ हजार खर्च गरेको छ । सबै मन्त्रालय र कार्यालयको केन्द्रीयस्तरको बेरूजू अभिलेख राख्न तथा गरेको बेरूजु व्यवस्थापन प्रणाली लेखापरीक्षण अविधिसम्म पनि कार्यान्वयनमा छैन भने सूचना बिभागबाट सो सफ्टवेयर सञ्चालन गर्न अनुमति समेत लिएको देखिएन। महालेखापरीक्षकको कार्यालयले समेत लेखापरीक्षण व्यवस्थापन प्रणाली लागु गरेकोले बेरूजु व्यवस्थापन प्रणालीलाई कार्यान्वयनमा ल्याउनुपर्दछ ।

१०. **कार्यक्रम खर्च -** लुम्बिनी प्रदेशद्धारा जारी सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्यिता सम्बन्धी निर्देशिका, २०७५ (संशोधन २०७६ समेत) मा कार्यक्रममा सहभागीहरूलाई खाना/खाजा बापत प्रति सहभागी रु.७०० र स्टेशनरी बापत प्रति सहभगी रु.१०० का दरले खर्च गर्ने उल्लेख छ । कार्यालयले कर्मचारीहरूलाई सर्वजनिक खरिद, न्यायीक समितिका पदाधिकारीहरूलाई क्षमता अभिवृद्धि र कर्मचारीहरूलाई एल.एम.वी.आई.एस अभिमुखिकरण तालिम कार्यक्रम सञ्चालन गर्दा खाजा, खाना र स्टेशनरीमा स्वीकृत मापदण्ड भन्दा रू.७ लाख ६८ हजार बढी खर्च भएको देखियो । स्वीकृत मापदण्डको पालना गरी खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

११. **बैठक भत्ता-** लुम्बिनी प्रदेश सरकार द्वारा जारी सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को १(क) मा बैठक कार्यालय समय अघि, पछि बसेको हुनु पर्ने, स्पष्ट विषयवस्तु, कार्ययोजना विनाको बैठकमा भत्ता प्रदान नगर्ने, कार्य प्रकृति अनुसार मितव्ययी ढङ्गले न्यूनतम संख्यामा बैठक वसी कार्य सम्पन्न गर्नु पर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्ष मन्त्रिपरिषद्को बैठक बाहेक स्मारीका प्रकाशन, प्रदेश निजामती सेवा गठन, प्रदेश तथा स्थानीय

तह सहयोग कार्यक्रम, संगठन संरचना तयार गर्ने जस्ता कार्यक्रममा क्रमश: ११, ११ ,१५ र १० पटक प्रति बैठक ६ देखि ४९ जना सम्म कर्मचारी सहभागी गराई रू.१७ लाख ९७ हजार बैठक भत्तामा खर्च लेखेको छ । एउटै सामान्य विषयमा ठूलो संख्यामा उपस्थिति राखेर पटक पटक बैठक बसी खर्च लेख्ने कार्य नियन्त्रण गर्नुपर्दछ ।

१२. **संगठन र व्यवस्थापन -** प्रदेश अन्तर्गतका १७२ सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ४ हजार ४३६ दरबन्दी स्वीकृत गरी २ हजार ५८३ (५८.२३ प्रतिशत) पदपूर्ति भई १ हजार ८५३ पद रिक्त रहेको छ । रिक्त दरबन्दी मध्ये अधिकृत तह र सो भन्दा माथिको ४९६ पद, सहायकस्तरको ७०४ पद, श्रेणी विहीन ६५३ पद रिक्त रहेका छन् । रिक्त मध्ये अस्थायी, करार र ज्यादारीबाट ७९४ पदपूर्ति गरेको छ । स्वीकृत दरबन्दीको ४१.७७ प्रतिशत पद रिक्त रहेकोले प्रदेश कार्यालयहरूको सेवा प्रवाहमा असर पर्ने देखिएको छ । दरबन्दी अनुसार कर्मचारी व्यवस्थापन गरी करारमा कर्मचारी राख्ने कार्य नियन्त्रण गर्नुपर्दछ ।

१३. **वार्षिक विवरण तथा प्रतिवेदन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७३(३) मा जिम्मेवार व्यक्तिले आर्थिक वर्ष समाप्त भएको २१ दिन भित्र कार्यालयको वार्षिक वित्तीय विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा र नियम ७६(१) मा प्रत्येक कार्यालयले आर्थिक वर्ष भित्र भएको नगदी, जिन्सी तथा अन्य आयव्ययको आर्थिक करोवारको अनुसूची - ११ बमोजिमको प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । कार्यालयले उक्त प्रतिवेदनहरू तयार गरेको देखिएन । नियमावलीको व्यवस्था अनुसार प्रतिवेदन तयार गरी समयमै पठाउनुपर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

१४. **तलवी प्रतिवेदन -** निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले कमर्चारीहरूको तलवी प्रतिवेदन पारित नगरी रु.१ करोड ६३ लाख ९८ हजार तलब खर्च लेखेको छ । नियमानुसार तलवी प्रतिवेदन पारित गरेरमात्र तलव खर्च लेख्नु पर्दछ ।

१५. **विनियोजित बजेट खर्च नगरेको -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को प्रस्तावनामा संघ,प्रदेश र स्थानीय तहको आर्थिक कार्यविधि व्यवस्थित गर्न आवश्यक भएकोले यो ऐन बनेको उल्लेख भएको र उक्त ऐनको दफा ५२(२) का आफ्नो कार्यालयको लागि विनियोजित बजेट लक्ष्य अनुसार खर्च गर्न नसकेमा सो को जिम्मेवारी मन्त्रालयको हकमा सम्बन्धित मन्त्रालयको विभागीय मन्त्री र राज्यमन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख छ । मन्त्रालयले यस वर्ष एक बजेट उपशिर्षकमा रु.१६ करोड ९५ लाख ८० हजार बजेट व्यवस्था गरेकोमा रु.४६ लाख ४४ हजार मात्र खर्च गरी रु.१६ करोड ४९ लाख ३५ हजार खर्च गरेको देखिएन । बिनियोजित बजेट खर्च गरी लक्षित उद्देश्य पुरा गर्नुपर्दछ ।

१६. **ग्रामीण विकास तथा रोजगार -** आर्थिक तथा सामाजिक रूपमा विपन्न घरपरिवार वा व्यक्तिहरूको गुणस्तरीय शिक्षा, स्वास्थ्य, रोजगारी, स्वरोजगारी, प्रविधि हस्तान्तरण, सीप विकास, आय आर्जनका

अवसरहरू तथा सामाजिक संरक्षणका कार्यक्रम मार्फत जीवनस्तर सुधार गरी गरिवी निवारण गर्ने उद्देश्यले प्रदेश सरकार मन्त्रिपरिषदबाट २०७५/०५/३१ को निर्णयले शुरुवात भएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्थानीय तहबाट सञ्चालन गर्ने मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम सञ्चालनको लागि यस वर्ष रु.७२ करोड ४५ लाख संशोधित बजेट विनियोजन गरेकोमा रू.६१ करोड ७२ लाख ९२ हजार खर्च गरेको छ । उक्त खर्चको लेखापरीक्षणबाट देखिएका व्यहोरा यस प्रकार छन्:

१६.१. मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुँदा नं. १५ देखि १९ सम्म कार्यक्रम सिफारिस समितिले छनोट गरेका कार्यक्रमको विवरण प्रथम चौमासिक भित्र व्यवस्थापन समितिमा पठाउने, व्यवस्थापन समितिले जाँचबुझ गरी २१ दिन भित्र स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन तथा समन्वय इकाइमा पठाउनु पर्ने तथा एकपटक स्वीकृत भएको कार्यक्रम व्यवस्थापन समितिको स्वीकृती बेगर थपघट गर्न नपाइने व्यवस्था छ । यसैगरी आवश्यकता अनुसार रोजगार प्रवर्द्धन गर्ने, दीर्घकालीन प्रभाव पार्ने खालका कार्यक्रम छनोट गर्ने र कार्ययोजना बनाई लागु गराउने व्यवस्था छ । कार्यविधि अनुसार कार्यक्रम कार्यान्वयन कार्ययोजना तयार नगरेकोले तोकिएको समयमा तोकिएकै कार्यक्रम सञ्चालन भएको छ भन्न सक्ने आधार भएन ।

१६.२. आर्थिक वर्ष २०७५। ७६ मा ३५ स्थानीय तहबाट कार्यारम्भ भएकोमा यो वर्ष सम्म सबै १०९ स्थानीय तहमा कार्यक्रम कार्यान्वयनमा आएको छ । यो वर्ष १०९ स्थानीय तहबाट विभिन्न कार्यक्रम सञ्चालनमा रू.५९ करोड ८८ लाख ८४ हजार र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट ४० सहजकर्ताको पारिश्रमिक, अनुगमन, अभिमुखीकरण, अन्तरक्रियामा रू.१ करोड ८४ लाख ८ हजार समेत रू.६१ करोड ७२ लाख ९२ हजार (८५.२० प्रतिशत) खर्च गरेको छ । गाउँपालिकावाट कार्यक्रम अनुसारको खर्च विवरण माग नगरेकोले निर्धारित कार्यमै खर्च गरेको छ भन्न सक्ने आधार भएन ।

१६.३. मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम सञ्चालन कार्यविधि□२०७५ को बुँदा २१□२२ र २३ अनुसार सञ्चालित कार्यक्रमको अनुगमन गरी कार्यक्रम सिफारिस समितिले मासिक प्रतिवेदन व्यवस्थापन समितिमा, व्यवस्थापन समितिले समन्वय इकाईमा पठाउनु पर्ने र समन्वय इकाईले वार्षिक अनुगमन प्रतिवेदन तयार गर्ने व्यवस्था रहेकोमा समन्वय ईकाईले वार्षिक अनुगमन प्रतिवेदन तयार गरेको छैन । वार्षिक अनुगमन प्रतिवेदन तयार गरी भविष्यमा सञ्चालन गरिने काममा सुधार गर्नुपर्दछ।

१७. **प्रदेश सचिव सुविधा** - नेपाल सरकारको २०७६।४।१३ को मन्त्रीपरिषद्बाट प्रदेश सचिवमा सम्बन्धित सेवाको राजपत्रांकित प्रथम श्रेणीको सहसचिवलाई थप सुविधा उपलब्ध गराउने निर्णय भए अनुसार सो पदमा हाजिर रहदाँसम्म मासिक रु.२६ हजार ६१० को दरले ९ मन्त्रालय र १ आयोगका १५ सचिवलाई रु.३१ लाख ४५ हजार अत्तिरिक्त सुविधा भुक्तानी गरेको छ । कानुनमा व्यवस्था नगरी मन्त्रिपरिषद्को निर्णयको आधारमा सुविधा भुक्तानी गरेको नियमसम्मत देखिएन। कानुन निर्माण गरेर मात्र यस्तो सुविधा भुक्तानी गर्नुपर्दछ ।

१८. **वित्तीय जिम्मेवारी र जवाफदेहिता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४६ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा उल्लेख छ । उक्त जिम्मेवारी र जवाफदेहिता अनुसार गर्नुपर्ने कामको कार्यान्वयन अवस्था देखिने अभिलेख अद्यावधिक गरेको छैन। ऐनको व्यवस्था अनुसार बेरुजु फर्स्यौट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृतको र विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी मन्त्रालयमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतको हुने उल्लेख छ । कार्यालयले ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना भएको सुनिश्चितता गर्नुपर्दछ ।

प्रदेश प्रशिक्षण प्रतिष्ठान

प्रदेश र स्थानीय तहका निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र सरकारी निकायमा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्न प्रदेश प्रशिक्षण प्रतिष्ठान (गठन तथा कार्य सञ्चालन) आदेश, २०७७ जारी गरी प्रदेश प्रशिक्षण प्रतिष्ठानको २०७७।६।१३ मा स्थापना भएको छ ।

यो वर्ष प्रतिष्ठानको विनियोजन तर्फ रु.९ करोड ३७ लाख ६७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । उक्त रकम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा समावेश छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१९. **कर्मचारी दरवन्दी र पूर्ति -** प्रतिष्ठानको कार्यसम्पादन गर्न कार्यकारी निर्देशक प्रमुख रहने गरी १० जनाको दरवन्दी स्वीकृत भएकोमा स्थायी ३ जना र करारबाट ७ जना गरी १० पदपुर्ति छ । रिक्त दरवन्दी पूर्ति गरी सेवा प्रवाहलाई व्यवस्थित गर्नु पर्दछ ।

२०. **वार्षिक प्रगति-** प्रदेश प्रशिक्षण प्रतिष्ठान विनियमावली, २०७७ को विनियम ३३ मा प्रतिष्ठानले सम्पादन गरेको कामको वार्षिक प्रगति प्रतिवेदन तयार गरी मूख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ । प्रतिष्ठानले यो वर्ष सम्पादन गरेका कामको प्रगति विवरण तयार गरेको पाईएन । विनियमावलीको व्यवस्था अनुसार प्रगति विवरण तयार गरी पठाउने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

२१. **लागत अनुमान र ओभरहेड-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२(४) र अनुसूची १(क) बमोजिम सेवाको लागत अनुमान तयार गर्नुपर्दा प्रतिष्ठानबाट १२ स्थानीय तहको आवधिक योजना तयारी, २२ स्थानीय तहमा क्षमता विकास कार्यक्रम संचलान, १०७ स्थानीय तहमा कार्यशाला गोष्ठि र ५९ स्थानीय तहमा समावेशीकरण परीक्षण कार्यका लागी रु.४ करोड २५ लाख ३८ हजार लागत अनुमानको विभिन्न २७ परामर्शदाताबाट परामर्श सेवा लिई रु.४ करोड ९ लाख १९ हजार भुक्तानी गरेको छ ।स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार नगरेको साथै ओभरहेड भुक्तानी दिन नमिल्नेमा रु.१२ लाख ३१ हजार भुक्तानी भएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

२२. **कार्यक्षेत्र बाहिरको कार्य-** प्रदेश प्रशिक्षण प्रतिष्ठान (गठन तथा कार्य सञ्चालन आदेश), २०७७ को प्रस्तावना र कार्यकारी समितिका काम कर्तव्य र अधिकारमा प्रदेश र स्थानीय तहका निर्वाचित प्रतिनिधी र कर्मचारीको क्षमता विकास सम्बन्धी काम गर्ने उल्लेख भएकोमा आफ्नो क्षेत्राधिकार भित्र

नपर्ने १२ स्थानीय तहको आवधिक योजना तयार गरेको भनी रू.१ करोड ६९ लाख ६५ हजार भुक्तानी लिएको देखिन्छ । क्षेत्राधिकार भन्दा बाहिर गई काम गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

- **बेरुजु स्थिति -** यो वर्ष लेखापरीक्षणबाट रू.१२ लाख ३१ हजार बेरुजु देखिएकोमा फर्स्यौंट नगरेकोले बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-९** मा संलग्न छ ।

आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन, नियमन लगायत प्रदेशस्तरको आर्थिक श्रोतको वाँडफाँड, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारी एवं समन्वय र सहकार्य सम्बन्धी नीति, मापदण्ड बनाउने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय समेत १३ इकाइको विनियोजन रु.३८ करोड १९ लाख ८६ हजार, वित्तीय हस्तान्तरण रू.५ अर्व ३७ करोड २२ लाख ४९ हजार, राजस्व तर्फ रु.१० अर्ब १ करोड ५६ लाख २८ हजार, धरौटी तर्फ रु. ४७ लाख ३२ हजार र अन्य कारोबार तर्फ रु.१ करोड ६७ लाख ५३ हजार समेत रु. १५ अर्ब ७९ करोड १३ लाख ४८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **जिम्मेवारी कार्यान्वयन -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले तर्जुमा एवं कार्यान्वयन गर्नुपर्ने काममध्ये प्रदेशको आर्थिक अवस्थाको विश्लेषण, आर्थिक नीतिको तर्जुमा, लगानी प्रक्षेपण, आर्थिक स्थायित्व र मूल्यस्थिरता, सहवित्तीयकरण, प्रादेशिक वित्त सन्तुलन, संघको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी वाँकी रकमको लगत तथा असुलउपर गर्ने, राष्ट्रिय तथा अन्तरप्रदेश विकास आयोजनाको समन्वय, संघीय नीति अनुरुप सहवित्तीयकरण, प्रदेश आकस्मिक कोष स्थापना, प्रदेश विनियोजन, राजस्व, धरौटी, कार्यसञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण तयारी, राजस्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति तथ्याङ्क सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन नीति कानुन, मापदण्ड तर्जुमा लगायतको काम हुन बाँकी देखिन्छ । तोकिएको जिम्मेवारी पुरा गर्नुपर्दछ ।

२. **नीति तथा कार्यक्रम कार्यान्वयन -** यस वर्षको नीति तथा कार्यक्रममा उल्लेख भएका आयोजना बैंक सञ्चालन, सार्वजनिक खर्चमा मितव्ययिता अपनाई आयोजना छनोट र बजेट विनियोजनलाई यथार्थ परक बनाउने, अनुत्पादक खर्च कटौति गर्ने, आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न स्वदेशी श्रम, सीप र प्रविधिको अधिकतम् उपयोग गर्ने, सार्वजनिक वित्तीय उत्तरदायित्व सम्बन्धी कानुन निर्माण कार्यान्वयनमा ल्याउने, राजस्वको प्रभावकारी परिचालनका लागि राजस्वको दायरा बढाउने नीति अवलम्बन गर्ने, राजस्वको नयाँ क्षेत्र पहिचान वृद्धि गर्ने, दैनिक उपभोगका वस्तुहरूको उत्पादकहरूलाई प्रोत्साहन गर्ने, बेरोजगारी दर न्यून गर्ने र स्वरोजगारी वृद्धिका लागि सहयोग र सहकार्य गर्न योजनावद्ध रूपमा कार्यक्रमहरू सञ्चालन गर्ने लगायतका कार्यहरू हुन सकेका छैनन् । आवश्यक बजेटको व्यवस्थापन गरी घोषित नीति र कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

३. **आवधिक योजना कार्यान्वयन -** लुम्बिनी प्रदेश आवधिक योजना (२०७६/७७-२०८०/८१) ले निर्दिष्ट गरेका लक्ष्य तथा प्रगति मन्त्रालयगत रुपमा सम्बन्धित मन्त्रालयले र समग्र योजनाको सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयले वार्षिक रुपमा समीक्षा गरी कार्यान्वयन हुन नसकेका कारण सहित आगामी आर्थिक वर्षमा गर्नुपर्ने सुधारको लागि सुझाव दिनुपर्ने व्यवस्था छ ।

३.१. आवधिक योजना अनुसार २०७६/७७ र २०७७/७८ मा देहायको परिमाणात्मक लक्ष्य निर्धारण गरेको छ :

प्रमुख सूचक	आधार वर्ष २०७६/७७	आर्थिक वर्ष २०७७/७८
प्रादेशिक वार्षिक आर्थिक वृद्धिदर	१.८ %	३.९ %
गरिबीको रेखामुनि रहेको जनसंख्या	१८.७	१५.०२
कूल ग्रार्हस्थ उत्पादन (रु.अर्बमा)	४९.०१	५२.६३
आन्तरिक राजस्व वृद्धि (रु.अर्बमा)	१.१२	२.०४
पुँजीगत खर्च (रु.अर्बमा)	१४.७२	१८.५१
बनले ढाकेको क्षेत्रफल	४३%	४३%
खानेपानी सुविधा पुगेको घरपरिवार	२४६७८	६४०१६
सिंचाईयोग्य क्षेत्रमा सिंचाई सुविधा	८४० हेक्टर	२००० हेक्टर

३.२. प्रादेशिक क्षेत्रगत आर्थिक वृद्धिदरको लक्ष्य प्रतिशत निम्नानुसार रहेको छः-

क्षेत्र	२०७६/७७ को लक्ष्य	२०७७/७८ को लक्ष्य
कृषि	२.८ %	५.५%
उद्योग	४.७ %	५.८%
सेवा	१.९ %	२.२%
गैरकृषि	१.८ %	२.१%

मन्त्रालयले आवधिक योजना कार्यान्वयन अवस्थाको मूल्यांकन गरेको देखिएन । २०७६।७७ मा पुँजीगत खर्च रु.२० अर्व ९८ करोड ९४ लाख र २०७७/७८ मा पुँजीगत खर्च रु.२२ अर्ब २० करोड खर्च गर्ने लक्ष्य रहेकोमा क्रमश रु.१४ अर्व ७२ करोड १३ लाख (७०.१४ प्रतिशत) र रु.१८ अर्ब ५० करोड ५६ लाख (८३.३५ प्रतिशत) खर्च गरेकोले योजनाको लक्ष्य अनुसार प्रगति हुने अवस्था देखिदैन। योजनाले निर्दिष्ट गरेका लक्ष्य र प्रगतिको सम्बन्धमा मन्त्रालयले अनुगमन मूल्याङ्कन गरी समीक्षा गर्नुपर्दछ ।

४. **आय-व्यय** - प्रदेश लेखा नियन्त्रक कार्यालयले २०७८।९।१६ मा पेस गरेको आय-व्ययको विवरण अनुसार संघीय अनुदान रु.१७ अर्ब ३७ करोड ६५ लाख ६२ हजार, कर राजस्व रु.१० अर्ब ९१ करोड १ लाख १३ हजार, गैर कर राजस्व रु.१ अर्ब २० करोड ८२ लाख ५० हजार र गतको मौज्दात समेत अन्य आय रु.९ अर्ब ६६ करोड ३० लाख २८ हजार समेत रु.३९ अर्ब १५ करोड ७९ लाख ५३ हजार आम्दानी गरेकोमा रु.३२ अर्ब १० करोड ३० लाख ४२ हजार खर्च गरी रु.७ अर्ब ५ करोड ४९ लाख ११ हजार बाँकी रहेकोमा रु.२ अर्ब ३५ करोड ६ लाख ७५ हजार संघीय सञ्चित कोष फिर्ता गरी रु.४ अर्ब ७० करोड ४२ लाख ३६ हजार बचत रहेको छ।

५. **बजेट र खर्च** - लुम्बिनी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रीले प्रदेश सरकारको राजस्व र व्ययको अनुमान प्रत्येक वर्ष असार महिनाको १ गते भित्र प्रदेश सभामा पेस गर्नुपर्ने र सोसाथ राजस्व संकलन, अनुदान, सार्वजनिक ऋण र लगानी सम्बन्धित नीतिगत व्यवस्था सहितको बजेट अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयले पेस गरेको २०७७।७८ को

आय-व्ययको अनुमान अनुसार प्रदेश सरकारले यो वर्ष रु.३६ अर्ब ३५ करोड २५ लाखको बजेट स्वीकृत गरेकोमा आर्थिक मामिला तथा योजना मन्त्रालयले पटक पटक रकमान्तरबाट थप घट गरेको र संघीय सरकारबाट विगत वर्षका चालु आयोजना सञ्चालन गर्नका लागि थप बजेट प्राप्त भएको समेत प्रदेश लेखा नियन्त्रक कार्यालयले चालुतर्फ रु.१६ अर्ब ९४ करोड ५५ लाख र पूँजिगत तर्फ रु.२२ अर्ब २० करोड ८७ लाख समेत रु.३९ अर्ब १५ करोड ४२ लाख अन्तिम बजेट कायम गरेकोमा चालु तर्फ रु.१३ अर्ब ५९ करोड १८ लाख (८८.२१ प्रतिशत) र पूँजिगत तर्फ रु.१८ अर्ब ५० करोड ४२ लाख (८३.३१ प्रतिशत) समेत रु.३२ अर्ब १० करोड ३० लाख खर्च भई अन्तिम बजेटको तुलनामा ८१.९९ प्रतिशत खर्च गरेको छ।

६. **रकमान्तर** - लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ (१) मा कुनै एक बजेट उपशीर्षकमा रकम नपुग भएमा अर्को बजेट उपशीर्षकबाट रकमान्तर गर्न सक्ने अधिकार आर्थिक मामिला तथा योजना मन्त्रालयलाई छ । सो सम्बन्धमा निम्नानुसार देखिएको छः

६.१. अर्थ विविधमा चालु खर्च तर्फ रु.५४ करोड ६८ लाख र पुँजीगत खर्च तर्फ रु.४६ करोड ९६ लाख समेत रु.१ अर्ब १ करोड ६४ लाख अर्थात (कूल बजेटको २.५९ प्रतिशत) एकमुष्ट बजेट विनियोजन गरेकोमा आर्थिक मामिला तथा योजना मन्त्रालयले मागका आधारमा रकमान्तर गरी विभिन्न मन्त्रालयमा चालु खर्चतर्फ रु.३० करोड ९८ लाख खर्च गरेको छ । उक्त रकम कूल संशोधित बजेटको ०.७९ प्रतिशत हुन आउँदछ । मन्त्रालयहरूमा शुरु बजेट विनियोजन कम गरी पछि अर्थ विविधबाट निकासा एवं रकमान्तर गरी थप गर्ने परिपाटी बजेट सिद्धान्त विपरीत देखिन्छ।

६.२. विभिन्न मन्त्रालयबाट समयमै माग संकलन गरी रकमान्तर गर्नुपर्नेमा २०७८ असार महिनामा रु.२ अर्ब ५० करोड ४४ लाख रकमान्तर गरी विभिन्न ६ मन्त्रालय र २ निकायमा बजेट थप गरेको देखियो। असार महिनामा बजेट थप गर्दा बजेट कार्यान्वयन गर्न कठिन हुने, कामको गुणस्तरमा समेत प्रभाव पर्ने देखिन्छ । आर्थिक वर्षको अन्त्यमा रकमान्तर गरी खर्च गराउने परिपाटीमा नियन्त्रण हुनुपर्दछ ।

७. **बजेट र खर्चको तुलनात्मक स्थिति** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा प्रदेशबाट सञ्चालित योजनाको लक्ष्य, नीति र नीति आयोगको मार्गदर्शनलाई ध्यानमा राखी प्रदेश सरकारले गर्नुपर्ने काम र हासिल गर्नुपर्ने लक्ष्य एवं आर्थिक स्रोत समेतलाई मध्यनजर राखी बजेट बनाउनुपर्ने व्यवस्था छ। मन्त्रालयले तयार गरेको विगत तीन वर्षको बजेट, खर्च र बचतको अवस्था निम्नानुसार रहेको छः-

(रु.लाखमा)

आ.व.	अन्तिम बजेट	वास्तविक खर्च	प्रतिशत	बचत
२०७७।७८	३,९१,५४२	३,२१,०३०	८१.९९	७०,५१२
२०७६।७७	३,६४,१६८	२,५४,०७०	६९.७७	१,१०,०९८
२०७५।७६	२,८०,९००	१,७०,३४०	६०.६४	१,१०,५६०

उल्लिखित तालिकाको विश्लेषण गर्दा बास्तविक बजेटको तुलनामा न्यून खर्च भएको कारण प्रत्येक वर्ष बचत रहन गएको छ । खर्च गर्ने दक्षता बढाई बजेटलाई यथार्थपरक बनाउनु पर्दछ ।

८. **बजेट स्रोतको यर्थाथता -** लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १३ मा प्रदेश अर्थ मन्त्रीले असार महिनाको १ गते आय व्ययको अनुमान प्रदेश सभामा पेस गर्दा प्रदेश सरकारले गर्नुपर्ने काम र श्रोतलाई ध्यानमा राखी बजेट बनाउनुपर्ने व्यवस्था छ । प्रदेश सभामा पेस गरेको बजेटमा रु.३६ अर्ब ३५ करोड २५ लाख खर्च हुने अनुमान गरेकोमा राजस्वबाट रु.१४ अर्ब २६ करोड ३५ लाख र संघीय सरकारको अनुदान रु.१४ अर्ब १४ करोड ४० लाख र चालु आर्थिक वर्षको विनियोजनमा खर्च नभई बचतबाट रु.७ अर्ब ९४ करोड ५० लाख समेत रु.३६ अर्ब ३५ करोड २५ लाख खर्च हुनेगरी बजेट तयार गरेकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयले पेस गरेको विवरण अनुसार राजस्वबाट रु.१३ अर्ब ४० करोड ६ लाख संघीय सरकारको अनुदानबाट रु.१७ अर्ब ३७ करोड ६५ लाख र विनियोजनमा खर्च नभई बचत रु.४ अर्ब ७० करोड ४२ लाख समेत रु.३५ अर्ब ४८ करोड १३ लाख (अनुमानित बजेटको ९७.६० प्रतिशत) प्राप्त गरेको छ ।

९. **एकीकृत वित्तीय विवरण -** लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५ (२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेस गर्नुपर्ने व्यवस्था भएकोमा प्रदेश एकीकृत वित्तीय विवरण तयार गरेको छैन । ऐन बमोजिम एकीकृत वित्तीय विवरण तयार गर्नुपर्दछ ।

१०. **वार्षिक विवरण र प्रतिवेदन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७३(३) मा विनियोजन, राजस्व, धरौटी, पेस्की, सम्पत्ती र दायित्वको वार्षिक विवरण आर्थिक वर्ष समाप्त भएको २१ दिन भित्र प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई तालुक कार्यालयमा पठाउनु पर्ने र नियम ७६(१) मा प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आर्थिक कारोबार (नगदी, जिन्सी, आयव्यय) को अनुसूची - ११ बमोजिमको ढाँचामा आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको ४५ दिनभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । मन्त्रालयले प्रतिवेदन तयार गरेको देखिएन । जसबाट मन्त्रालयको आर्थिक कारोबारको स्थिति, फर्स्यौट गर्न बाँकी बेरुजु, जिन्सी एवं धरौटीको अवस्था यकिन गर्न सकिएन । तोकिए अनुसार वार्षिक प्रतिवेदन तयार गरी तोकिएको निकायमा पठाउनु पर्दछ ।

११. **बजेट तथा कार्यक्रमको मूल्याङ्कन -** लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा समग्र प्रदेशको बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्यांङ्कन गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले अर्धवार्षिक र वार्षिक रुपमा सो अवधि समाप्त भएको दुई महिनाभित्र प्रगति प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । यसरी सार्वजनिक गर्दा राजस्व, खर्च र नेपाल सरकारबाट प्राप्त अनुदान, वैदेशिक अनुदान एवं ऋणको अनुमान, प्राप्ति र परिचालन, प्रदेश सरकारका नीति तथा बजेटमा समावेश भएका कार्यक्रमको कार्यान्वयन अवस्था समेतको मूल्यांङ्कन गरी सार्वजनिक गर्नु पर्ने देखिन्छ । यो वर्ष अन्तिम बजेट रु.३९ अर्ब १५ करोड ४२ लाख बजेट विनियोजन भएकोमा रु.३२ अर्ब १० करोड ७८ लाख मात्र खर्च भएको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयले बजेट तथा कार्यक्रमको मूल्याङ्कन गरी वार्षिक प्रतिवेदन सार्वजनिकीकरण गरेको छैन । ऐनको व्यवस्था कार्यान्वयन गर्नु पर्दछ ।

१२. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद गर्न नहुने र खरिद नियमावली, २०६४ को नियम ८४ मा ५ लाखदेखि २० लाख रुपैयाँ सम्मको सामान सिलबन्दी दरभाउपत्र र सो भन्दा बढीको सामान बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले फर्निचर तथा मेशिनरी औजारमा रु.१ करोड ११ लाख ७९ हजारको पटकपटक सोझै खरिद गरी प्रतिस्पर्धा सिमित गरेको छ । प्रतिस्पर्धाको माध्यमबाट खरिद गरी सरकारी खर्चमा मितव्ययिता र पारदर्शिता कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१३. **सवारी साधन खरिद -** प्रदेश मन्त्रालय र मातहत निकायले यो वर्ष रु.२१ करोड ८६ लाख ५३ हजारको सवारी साधन खरिद गरेको छ । सवारी खरिदको मापदण्ड तयार गरी यस्तो खर्च व्यवस्थित गर्न मन्त्रालयले पहल गर्नुपर्दछ ।

१४. **दिगो विकास** - दिगो विकास लक्ष्यलाई कार्यान्वयन गर्न प्रदेश आवधिक योजनामा, मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने, वार्षिक कार्यक्रम र बजेट तर्जुमा गर्दा दिगो विकास लक्ष्य अनुसार तयार गर्ने र अनुगमन गर्दा सो अनुसार भए नभएको मूल्यांकन गर्ने, बजेट कार्यान्वयन गर्दा संघ, प्रदेश र स्थानीय तह र सरोकारवालासँग समेत समन्वय गर्ने, प्रदेश र स्थानीय तहहरूमा योजना छनोट एवं कार्यान्वयन गर्दा दिगो विकास लक्ष्यसँग आबद्ध हुने योजना छनोट गर्नुपर्ने व्यवस्था छ ।मध्यकालीन खर्च संरचना अनुसार दिगो विकासका १७ लक्ष्य प्राप्तिका लागि २०७६।७७ देखि २०७८।७९ सम्म बजेट व्यवस्था तथा प्रक्षेपण गर्नु पर्नेमा २०७६।७७ का लागि रू.३६ अर्ब ४१ करोड बजेट प्रक्षेपण गरेको भए पनि २०७७।७८ का लागि बजेट प्रक्षेपण गरेको देखिएन । दिगो विकास लक्ष्य प्राप्ति हुनेगरी योजना छनोट, बजेट व्यवस्था एवम् कार्यान्वयन र अनुगमन मूल्यांकन गर्न दिगो विकास मापनका सूचक विकास गरी कार्यक्रम अगाडि बढाउनुपर्दछ।

१५. **सेवा प्रवाह -** राज्यबाट जनताले प्राप्त गर्ने सेवा प्रवाह चुस्त र भरपर्दो बनाउन आर्थिक पक्षसँग सम्बन्धित मन्त्रालयले निभाउनुपर्ने भूमिकालाई सवल तथा अनुशासित बनाउन सेवा प्रवाह व्यवस्थित हुनुपर्दछ । आर्थिक कार्यविधि नियमावली नबनेको, विभिन्न कर तथा शुल्कको उपयोग सम्बन्धी नीति तथा कानुन तर्जुमा गर्न बाँकी रहेको तथा राजस्व चुहावट र नियन्त्रण सम्बन्धी कानुन तथा मापदण्ड तर्जुमा गर्न बाँकी देखिएको छ । संस्थागत, प्राविधिक र श्रोत परिचालनका क्षेत्रमा दक्षता वृद्धि गरी सेवा प्रवाहलाई प्रभावकारी तुल्याउनुपर्दछ ।

१६. **संघीय अनुदान खर्च -** बजेट वक्तव्यमा संघीय शसर्त, विशेष, समानिकरण र समपुरक अनुदान मार्फत रु.१४ अर्ब १४ करोड ४० लाख प्राप्त गर्ने अनुमान गरेकोमा सशर्त अनुदानमा बजेट थप भई रु.९ अर्ब ४ करोड ६२ लाख, समपुरक अनुदान रु.४८ करोड ३३ लाख, समानीकरण अनुदान रु.७ अर्ब ६३ करोड ७१ लाख र विशेष अनुदान रु.२१ करोड समेत रु.१७ अर्ब ३७ करोड ६६ लाख प्राप्त गरेकोमा क्रमशः सशर्तमा रु.७ अर्ब ३ करोड ८८ लाख, विशेष अनुदान रु.३ करोड ८ लाख, समानीकरण अनुदान रु.६ अर्ब ५७ करोड ६४ लाख र समपूरकमा ३१ करोड ९२ लाख समेत जम्मा रु.१३ अर्ब ९६ करोड ५२ लाख (८०.३६ प्रतिशत) खर्च गरेको छ । अनुदान रकम समेत खर्च हुन नसक्दा प्रदेश सरकारको कार्य लक्ष्य पुरा हुन सकेको देखिएन ।

१७. **वित्तीय हस्तान्तरण** - प्रदेश सरकार मार्फत २०७७।७८ मा १०९ स्थानीय तहलाई वित्तीय हस्तान्तरणमा एकमुष्ट बजेट रु.५ अर्ब ५३ करोड ६१ लाख विनियोजन गरेको मध्ये वित्तीय समानीकरण अनुदान रु.६० करोड, विशेष अनुदान रु.१ अर्ब ४ करोड ३५ लाख, सशर्त अनुदान रु.१ अर्ब ९८ करोड ७८ लाख र समपूरक अनुदान रु.१ अर्ब ७४ करोड ९ लाख समेत रु.५ अर्ब ३७ करोड २२ लाख (बजेटको ९७.०३ प्रतिशत) निकासा उपलव्ध गराएकोमा स्थानीय तहबाट खर्चको विवरण नलिएकोले वास्तविक खर्च र बाँकी रकम यकीन गर्न सकिएन । खर्च विवरण लिई सशर्तको अनुदानको बाँकी रकम फिर्ता गर्नुपर्दछ ।

१८. **राजस्वको प्रक्षेपण र प्राप्ति** - बाँडफाँटबाट प्राप्त हुने मूल्य अभिवृद्धि कर, अन्त शुल्क, वन आदिमा प्रदेश र स्थानीय तह दुवै सरकारको साझा अधिकार रहेको र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने व्यवस्था छ । प्रदेश सरकारले मूल्य अभिवृद्धि कर र अन्तःशुल्क रकमको १५ प्रतिशत रु.९ अर्ब ४६ करोड ७७ लाख तथा वन रोयल्टीबाट संकलन हुने रकमको २५ प्रतिशत रु.८ करोड समेत रु.९ अर्ब ५४ करोड ७७ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा क्रमश रु.८ अर्ब ३९ करोड ६२ लाख र रु.३ करोड ९ लाख गरी जम्मा रु.८ अर्ब ४२ करोड ७१ लाख (प्रक्षेपणको ८८.२६ प्रतिशत) संकलन भएको छ । बाँडफाँट हुने राजस्वलाई यथार्थपरक बनाउनुपर्दछ ।

१९. **सम्पत्तिको एकीकृत विवरण** - प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ । तर संघीय सरकार अन्तर्गत रहेका कृषि, वन, सिंचाई, सहकारी, भवन, खानेपानी, स्वास्थ्य लगायतका कार्यालयहरू प्रदेश सरकार अन्तर्गत रुपान्तरण तथा गाभिएको अवस्थामा ती कार्यालयले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गर्नुपर्नेमा गरेको छैन ।त्यसैगरी सरकारी बाँकी रकमको लगत तयार गरी असुल उपर गर्ने कार्य समेत भएको छैन । मातहत कार्यालयको सम्पत्ति तथा बाँकी रकमको लगत तयार गरी अद्यावधिक गर्नुपर्दछ ।

२०. **स्वीकृत दरबन्दी एवं पदपूर्ति** - लुम्बिनी प्रदेश, प्रदेश कार्य विभाजन नियमावली, २०७४ अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले यस मन्त्रालय र अन्तर्गत १३ कार्यालयको लागि विभिन्न पदको जम्मा ९४ दरबन्दी स्वीकृत गरेकोमा २०७७/७८ मा जम्मा ६४ दरबन्दी पदपूर्ति भइ ३० पद रिक्त रहेको देखियो । रिक्त दरबन्दी मध्ये अधिकृत तह र सो भन्दा माथिको १८ पद, खरिदार एवं नायव सुब्बा तहका अप्राविधिक ५, प्राविधिक पद ३ एवं सवारीचालक, कार्यालय सहयोगी र अन्य ४ पद रिक्त रहेका छन् । रिक्त पद मध्ये सवारी चालक, कार्यालय सहयोगी एवं अन्य समेत १८ पद करारमा राखि कार्य सञ्चालन गरेको देखियो । स्वीकृत दरबन्दी अनुसार पदपूर्ति नहुँदा मन्त्रालय र अन्तर्गतबाट दिने सेवा प्रवाहमा प्रभाव पर्न गएको देखिन्छ । स्वीकृत दरबन्दी अनुसार पदपूर्ति गर्नुपर्दछ ।

२१. **वित्तीय जिम्मेवारी र जवाफदेहिता** - लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४६ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसार बेरुजु फर्स्यौट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृतको, केन्द्रीय

आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गरे नगरेको जाँचबुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको र विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी मन्त्रालयमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतको हुने उल्लेख छ । ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना भएको सुनिश्चितता गर्नुपर्दछ।

प्रदेश लेखा नियन्त्रक कार्यालय

२२. **प्रदेश संचित कोष -** लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४ बमोजिम प्रदेश संचित कोषको लेखा अद्यावधिक रुपमा राख्ने तथा त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने कर्तव्य र उत्तरादायित्व प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयले स्वीकृत म.ले.प.फा.नं को ढाँचामा संचित कोषको वित्तीय विवरण तयार गरी २०७८ कार्तिक मसान्तभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा र महालेखा नियन्त्रक तथा महालेखापरीक्षकको कार्यालयमा पेस गर्नुपर्नेमा सोभन्दा ढिला गरी पेस गरेको छ । लुम्बिनी प्रदेशको संचित कोषको हिसाब विवरण निम्नानुसार रहेको छः-

(रु.हजारमा)

विवरण	यस आर्थिक वर्ष २०७७/७८	गत आर्थिक वर्ष २०७६/७७
प्राप्ति		
१. राजस्व तथा अनुदान	**३०७७७२११**	**२७२७२०७२**
क. राजस्व	**१२११८३६४**	**९७९९३०६**
अ. कर	१०९१०११४	८६०६३२६
आ अन्य राजस्व	७६०१७७	७२६०४४
इ प्राकृतिक श्रोत वापतको रोयल्टी	४४८०७३	४६६९३६
ख .वित्तीय हस्तान्तरण बाट प्राप्त रकम	**१७३७६५६२**	**१७०७८८७८**
अ. समानीकरण	७६३७१००	७५४०१००
आ. सशर्त	९०४६१६२	६९७७००
इ. समपुरक	२१००००	८२६५८१८
ई. बिशेष	४८३३००	५७५२६०
ग. बेरूजु तथा अन्य प्राप्ती (बेरूजु रकम तथा अन्य रकम असुली बापतको प्राप्ति)	१२८२२८५	३९३८८८
यस वर्षको खुद प्राप्ती	**३०७७७२११**	**२७२७२०७२**
भुक्तानी तर्फ		
२. चालु तथा पूँजीगत तर्फको भुक्तानी	**२६७३०७९३**	२११७४७५७
क. संचित कोष माथि व्ययभार हुने रकमबाट खर्च	**७५२७**	४६५२
अ. चालु खर्च	७५२७	४६५२
आ. पुंजीगत खर्च	०	०
ख. विनियोजन ऐनद्वारा भएको खर्च	**२६७२३२६६**	२११७०१०५
अ. चालु खर्च (अन्तर सरकारी वित्तीय हस्तान्तरण	८२१९०३७	६४४८७९२

बाहेक)		
आ. पुंजीगत खर्च	१८५०४२२९	**१४७२१३१३**
३. वित्तीय हस्तान्तरण (चालु)	**५३७२२४९**	४२३२३१६
४. अन्तर सरकारी कारोवार/अनुदान	**०**	०
५. अन्य कारोवारको समायोजन (बैंकबाट चेक भुक्तानी नभएको)	**०**	(१४७६)
यस वर्षको खुद भुक्तानी	**३२१०३०४२**	२५४०५५९७
६. संघीय सरकारलाई खर्च नभएको अनुदान फिर्ता गरेको	२३५०६७७	१०१०४०१
जम्मा भुक्तानी	**३४४५३७१९**	**२६४१५९९८**
यस अवधिको कोषमा भएको थप घट	**(३६७६५०८)**	८५६०७४
७. आर्थिक वर्षको सुरूवातको मौज्दात	**८३८०७४३**	**७५२४६६९**
८. आर्थिक वर्षको अन्तको मौज्दात	**४७०४२३६**	**८३८०७४३**

२३. **लेखाङ्कन तथा प्रतिवेदन -** कारोबारको लेखा र प्रतिवेदनको ढाँचा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा २०७६।२।१९ र नेपाल सार्वजनिक वित्तीय क्षेत्र प्रतिवेदन लेखामान (नेप्सास) को ढाँचा २०७५ मंसिरमा स्वीकृत भई सकेको छ । केन्द्रिय निकायहरूले स्वीकृत ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन । तोकिएको ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ।

२४. **नियमावली निर्माण -** आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न प्रदेश सरकारले, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ निर्माण गरेतापनि ऐनको प्रावधान कार्यान्वयन गर्न प्रदेश आर्थिक कार्यविधि नियमावली हालसम्म वनाएको छैन् । प्रदेश आर्थिक कार्यविधि नियमावली बनाई वित्तीय कारोवार सञ्चालनलाई व्यवस्थित गर्नुपर्दछ ।

२५. **बजेट विनियोजन र खर्च -** प्रदेश अर्थ मन्त्रीले बजेट वक्तव्य मार्फत लुम्बिनी प्रदेश सरकारको लागि रु.३६ अर्ब ३५ करोड २५ लाख शुरु बजेट विनियोजन गरेकोमा संघबाट बजेट थप भई अन्तिम बजेट रु.३९ अर्व १५ करोड ४१ लाख कायम गरी रू.३२ अर्व १० करोड ३० लाख (८१.९९ प्रतिशत) खर्च गरेको छ । पुँजिगत तर्फ अन्तिम बजेट रु.२२ अर्ब २० करोड ८६ लाख कायम भएकोमा रु.१८ अर्व ५० करोड ४२ लाख (८३.३१ प्रतिशत) खर्च गरेको छ ।

२६. **अनुदान, खर्च र बाँकी फिर्ता -** संचित कोषको प्रतिवेदन अनुसार संघीय सरकारबाट सशर्त, विशेष र समपूरक अनुदान रु.९ अर्ब ७३ करोड ९४ लाख निकासा प्राप्त भएकोमा रु.७ अर्ब ३८ करोड ८७ लाख खर्च भई बाँकी हुने रु.२ अर्ब ३५ करोड ७ लाख संघीय संचित कोषमा फिर्ता गरेको छ । शसर्त अनुदान समेत खर्च गर्न नसक्दा लक्ष्यित उद्देश्य पुरा हुन सक्ने देखिदैन ।

२७. **राजस्व प्रक्षेपण तथा असुली -** प्रदेश अर्थ मन्त्रीले २०७७ असार १ मा २०७७।०७८ को बजेट प्रस्तुत गर्दा कूल आन्तरिक श्रोतबाट रु.१४ अर्ब २६ करोड ३५ लाख राजस्व आर्जन हुने उल्लेख गरेको र सो मध्ये कर राजस्व रु.११ अर्ब ३४ करोड २ लाख र अन्य राजस्व रु.३ अर्ब २ करोड ३३ लाख हुने अनुमान गरेकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयको एकल कोष प्रणालीबाट रु.१३ अर्ब ४० करोड ६ लाख (९३.९५ प्रतिशत) विभिन्न राजस्व संकलन गरेको देखिन्छ ।

प्रदेशको कूल राजस्व आम्दानी रु.१३ अर्ब ४० करोड ६ लाख मध्ये प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय र मातहत समेत १२ इकाइ मार्फत रु.१० अर्ब ७३ करोड ३५ लाख

(७५.२५प्रतिशत) र बाँकी सबै मन्त्रालयको योगदान २४.७५ प्रतिशतमात्र रहेको छ । प्रदेश सरकारले राजस्वका नयाँ श्रोत पहिचान, पुरानोको उचित व्यवस्थापन र असुलीलाई व्यवस्थित गरी राजस्व असुलीमा वृद्धि गर्नुपर्दछ ।

२८. **श्रोतगत खर्चको अवस्था -** संचित कोषको विवरण अनुसार कुल खर्च रू.३२ अर्ब १० करोड ३० लाख मध्ये श्रोतगत विवरणमा प्रदेश सरकारको रु.१८ अर्ब १३ करोड ७९ लाख र संघीय सरकारको रु.१३ अर्ब ९६ करोड ५१ लाख रहेको छ । संघीय सरकार तर्फ समानीकरण अनुदान रु.६ अर्ब ५७ करोड ६४ लाख र सःशर्त, बिशेष र समपूरक अनुदानतर्फ रु.७ अर्व ३८ करोड ८८ लाख खर्च भएको छ । कूल खर्चमा प्रदेश सरकारको खर्च ५६.४९ प्रतिशत र संघीय सरकारको खर्च ४३.५१ प्रतिशत रहेको छ । संघीय सरकारबाट १७ अर्व ३७ करोड ६५ लाख निकाशा भएकोमा रु.१३ अर्ब ९६ करोड ५१ लाख (८०.३६ प्रतिशत) मात्र खर्च भएको छ ।

२९. **समपूरक अनुदान -** यो वर्ष संघीय समपूरक अनुदान रु.४८ करोड ३३ लाख प्राप्त भई रु.३१ करोड ९२ लाख खर्च भएको छ । उक्त रकम खर्च गर्दा प्रदेश सरकार र संघीय सरकारको लागत सहभागितामा योजना तथा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था रहेको छ । संघीय सरकारबाट प्राप्त रकममा प्रदेश सरकारको योगदान खुल्ने गरी खर्चको अद्यावधिक अभिलेख नराखेको कारण अनुपात यकिन गर्न सकिएन। संघ र प्रदेशको अनुपात मिल्ने गरी खर्च गर्ने र सोको अभिलेख अद्यावधिक गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

३०. **वित्तीय हस्तान्तरण -** प्रदेशले जारी गरेको बजेट वक्तव्यमा स्थानीय तह वित्त हस्तान्तरण शिर्षकमा रु.५ अर्ब १४ करोड १ लाख बजेट विनियोजन भएकोमा रकमान्तर थप घट गरी रु.५ अर्व ५३ करोड ६१ लाख अन्तिम बजेट कायम गरी रु.५ अर्व ३७ करोड २२ लाख निकासा गरेकोमा पुरै रकम खर्च देखाएको छ । अधिकांश स्थानीय तहले शसर्त अनुदान रकम खर्च गर्न नसकी बाँकी रहेको रकम केहीले सोही आर्थिक वर्ष भित्र, केहीले अर्को आर्थिक वर्षमा फिर्ता गर्ने गरेको र कतिपयले अन्तिम लेखापरीक्षणबाट औंल्याए पश्चात फिर्ता गर्ने गरेको छ । कार्यालयले वास्तविक खर्चको विवरण लिई खर्च कायम गर्नु पर्नेमा निकाशा रकम सवै खर्च देखाउने गरेबाट प्रस्तुत संचित कोषको विवरणले यथार्थ खर्चको अवस्था चित्रण गर्दैन । वास्तविक खर्च यकिन गरेर मात्र संचित कोषमा खर्च कायम गर्नु पर्दछ ।

३१. **धरौटी -** लुम्बिनी प्रदेश अन्तर्गत १७७ कार्यालयमा गतवर्षको धरौटी बाँकी जिम्मेवारी रु.१ अर्ब २७ करोड ८० लाख रहेकोमा यस वर्ष रु.८६ करोड ४१ लाख प्राप्त भई रु.२ अर्व १४ करोड २१ लाख जम्मा धरौटी आम्दानी भएकोमा सदरस्याहा र फिर्ता समेत रु.३१ करोड २५ लाख समायोजन गर्दा आर्थिक वर्षको अन्तमा रु.१ अर्व ८२ करोड ९६ लाख बाँकी देखिन्छ । गत वर्ष प्रदेश एकल कोष खाताले बाँकी मौज्दात रु.१ अर्व २७ करोड ८२ लाख देखाएकोमा यो वर्ष गतको जिम्मेवारी रु.१ अर्ब २७ करोड ८० लाख जिम्मेवारी सारी रु २ लाख घटी देखाएको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार २०७८ असार मसान्तमा रु.१ अर्व ८२ करोड ९६ लाख धरौटी बाँकी देखिँदा स्रेस्ता र कोष अनुसार रु.६८ हजार फरक देखिएको छ । फरक रकम हिसाव मिलान गरेतापनि घटी जिम्मेवारी मिलान नगरेकोले हिसाव मिलान गर्नुपर्दछ ।

३२. **विविध कोष -** लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २६ मा प्रदेश स्थित सरकारी कोषको एकीकृत वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयले पेस गरेको विविध तर्फको एकीकृत विवरण अनुसार १३० कार्यालयमा गतवर्षको मौज्दात रू. ४२ करोड ८८ लाख, यस वर्षको आम्दानी रु.९० करोड ७२ लाख समेत रु.१ अर्व ३३ करोड ६० लाख जम्मा आयमा रु.४५ करोड ३० लाख खर्च भई रु.८८ करोड ३० लाख मौज्दात रहेको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयको अनुसार रु.८८ करोड १६ लाख बाँकी देखिँदा फरक परेको रु.१४ लाख २०७८ श्रावण महिनामा दाखिला गरी हिसाव मिलान गरेको छ ।

३३. **आन्तरिक लेखापरीक्षण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२ मा प्रदेश सरकार अन्तर्गतका कार्यालय तथा निकायको प्रत्येक चौमासिक पछिको हिसाबको आन्तरिक लेखापरीक्षण गर्नुपर्ने र औंल्याइएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फर्स्यौंट तथा संपरीक्षण गराई वाकी व्यहोरा मात्र अन्तिम लेखापरीक्षक समक्ष प्रस्तुत गर्नुपर्ने व्यवस्था छ । कार्यालयले चौमासिक अवधिमा लेखापरीक्षण व्यवस्था अपनाएको देखिएन । प्रतिवेदनमा नियमित गर्नुपर्ने रु.१४ करोड ६६ लाख १६ हजार, असुलउपर गर्नुपर्ने रु.८९ लाख ९९ हजार र म्याद नाघेको पेस्की रु.२५ करोड ३७ लाख ९४ हजार गरी कुल रु.४० करोड ९४ लाख १० हजार वेरुजु कायम गरेकोमा बेरुजु फर्स्यौंटको अभिलेख राखेको पाइएन । ऐनको व्यवस्था कार्यान्वयनमा ल्याई बेरुजु फर्स्यौंट गर्ने गराउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

- **बेरुजु स्थिति -** यो वर्ष मन्त्रालयको लेखापरीक्षणबाट रू.१ करोड ११ लाख ८६ हजार बेरुजु देखिएकोमा फर्स्यौंट नगरेकोले बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा संलग्न छ ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा प्रदेशको शान्ति सुव्यवस्था सम्बन्धी नीति, कानुन मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्याङ्कन, कानुन न्याय तथा प्रदेश सभा मामिला सम्बन्धी कार्य, आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रर्वद्धन, स्थानीय प्रशासनको सञ्चालन व्यवस्थापन र समन्वय लगायतका कार्य जिम्मेवारी रहेका छन् ।

मन्त्रालयको विनियोजनतर्फ रु.३३ करोड १३ लाख ३७ हजार, राजस्वतर्फ रु.१३ लाख ७९ हजार, धरौटी तर्फ कार्यालयको रु.९४ लाख ४८ हजार र अन्य कारोबार विविधतर्फ रु.२० करोड ४९ लाख ४८ हजार समेत रु.५४ करोड ७१ लाख १२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । यसमा मन्त्रालयबाट संघ अन्तर्गतका २० निकायमा खर्च भएको रु.१६ करोड ६० लाख ७ हजार समेत विनियोजन खर्चमा समावेश छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयलाई तोकिएका जिम्मेवारी मध्ये प्रदेश सुरक्षा नीति निर्माण, प्रदेश प्रहरी ऐन निर्माण, प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, सामुदायिक प्रहरी गठन, अपराध तथा यातना पीडितको पुनस्थापना र क्षतिपूर्ति, निवारक नजरबन्द र स्थान हद सम्बन्धी कार्य, इन्टरनेट सेवा सञ्चालन र नियमन सम्वन्धि ऐन कानुन निर्माण, सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन कार्य गरेको छैन ।

यसैगरी जग्गा विवाद समाधान सम्बन्धी, सत्यनिरुपण, मेलमिलाप र बेपता पारिएका व्यक्तिको पहिचान सम्बन्धी, प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, नवीकरण र अनुगमन, साइवर सुरक्षा अनुगमन, केबुल वितरणको इजाजत, नवीकरण र नियमन, चलचित्र निर्माण, हल सञ्चालन तथा प्रदर्शन अनुमति र नियमन लगायतका कार्य शुरुवात भएको छैन । तोकिएको कार्य जिम्मेवारी पुरा गर्नुपर्दछ।

२. **बजेट बक्तव्यको कार्यान्वयन -** प्रदेश अर्थमन्त्रीले प्रदेश सभामा पेस गरेको २०७७।७८ को बजेट वक्तव्यमा समावेश भएका विपद् व्यवस्थापन, प्रदेश सुरक्षा नीति निर्माण, प्रदेश प्रहरी ऐन निर्माण, प्रदेश प्रहरी संगठन स्थापना र सञ्चालन,साईवर सुरक्षा एवं सुशासन सर्वेक्षण, विपद् पूर्व सूचना प्रणाली स्थापना, प्रतिकार्य तालिम केन्द्रको स्थापना, प्रदेश निजामती सेवा ऐन तर्जुमा, प्रदेश संचार परिषद ऐन निर्माण लगायत कार्यक्रमहरू कार्यान्वयन गरेको छैन। वार्षिक बजेटमा उल्लेख भएका विषयहरू कार्यान्वयन गर्नुपर्दछ ।

३. **बजेट खर्च स्थिति -** यो वर्ष मन्त्रालय र अन्तर्गतको लागि रु.७० करोड ८९ लाख ९९ हजार शुरु बजेट विनियोजन भएकोमा रकमान्तर थप/घट समेत रु.६९ करोड ३७ लाख ८५ हजार अन्तिम बजेट कायम गरेको छ । उक्त बजेटबाट रु.३३ करोड १३ लाख ३७ हजार खर्च गरी शुरु बजेटको ४६ प्रतिशत र अन्तिम बजेटको ४७.७५ प्रतिशत खर्च गरेको छ । खर्च गर्न नसक्ने गरी बजेट कायम गर्ने कार्य उपयुक्त देखिएन ।

४. **वार्षिक विवरण र प्रतिवेदन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७३(३) मा विनियोजन, राजस्व, धरौटी, पेस्की, सम्पत्ती र दायित्वको वार्षिक विवरण आर्थिक

वर्ष समाप्त भएको २१ दिन भित्र प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई तालुक कार्यालयमा पठाउनु पर्ने र नियम ७६(१) मा प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आर्थिक कारोबार (नगदी, जिन्सी, आयव्यय) को अनुसूची - ११ बमोजिमको ढाँचामा आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको ४५ दिनभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था गरेको छ । मन्त्रालयले प्रतिवेदन तयार गरेको देखिएन । तोकिए अनुसार वार्षिक प्रतिवेदन तयार गरी तोकिएको निकायमा पठाउनु पर्दछ ।

५. **आन्तरिक नियन्त्रण -** लुम्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० (१) मा प्रदेश तहका लेखा उत्तरदायी अधिकृतले आफू र आफ्नो मातहतका सबै सरकारी कार्यालयबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । ऐन नियमले तोकिएका कार्यहरू तोकिएको मापदण्ड अनुसार गुणस्तरीय रुपमा समयमै सम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

६. **कार्य सञ्चालनस्तरका कार्य -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा यस मन्त्रालयको प्रमुख जिम्मेवारी ऐन, कानुन एवं नीति तर्जुमा एवं कार्यान्वयन, मन्त्रालयहरू बीच समन्वय, केन्द्रीय लेखा तयार गर्ने, मातहत कार्यालयबाट संचालित कामको अनुगमन गर्ने लगायत जिम्मेवारी समावेश छ। मन्त्रालयले यो वर्ष ५० थान मोटरसाइकल वोलपत्र मार्फत रु.१ करोड १३ लाख ८९ हजारमा खरिद गरेको छ । खरिद भएको ५० मोटरसाइकल मध्ये शसस्त्र प्रहरी वल विन्ध्यावासिनीलाई १० प्रदेश प्रहरी कार्यालय दाङ्गलाई ३५ लुम्बिनी ट्राफिक प्रहरी कार्यालयलाई १ वटा हस्तान्तरण गरेको र वाँकी ४ वटा मन्त्रालय मै प्रयोग गरेको छ। प्रदेश बजेटबाट संघीय कार्यालयहरूको लागि सवारी साधन खरिद गर्न मिल्ने आधार देखिदैन ।

७. **सी.सी. क्यामेरा खरिद -** भि.एम.एस. प्रविधिमा आधारित मन्त्रालयमा सुरक्षा प्रणाली जडान कार्यको लागि मन्त्रालय र एक प्रा.लि. बीच कवोल अंक रु.१९ लाख ८५ हजारमा कार्य सम्पन्न गर्ने गरी २०७७।८।२९ मा सम्झौता भएको छ । खरिद सम्झौताको विशेष सर्तमा वारेण्टी पिरीयड २ वर्ष हुने उल्लेख भएकोमा खरिद सम्झौताको वुँदा नं. ३ मा वारेन्टी समय १ वर्ष उल्लेख गरी सम्झौता गरेको छ । सम्झौताको विशेष शर्त र खरिदको करारनामामा वारेन्टी समय फरक फरक उल्लेख भएकोले १५ क्यामेरा सहितको सि.सि. क्यामेरा को मर्मत सेवा अवधि सुनिश्चित हुन सकेन। १५ वटा क्यामेरा जडान भएकोमा मन्त्रालयमा जडित क्यामेरा मध्ये रु.५ लाख ३१ हजारका ए.एन्.पि.आ.र. १ थान, पि.टि.जेड क्यामरा २ थान र वुईलेट क्यामरा २ थान समेत ५ थान क्यामेरा ले काम गरेको देखिएन । उक्त क्यामेराहरू मर्मत अवधि भित्र फिर्ता गरी नयाँ जडान गराउनु पर्दछ।

८. **विद्युतीय संचार -** प्रदेशस्तरको कार्य जिम्मेवारीमा विद्युतीय संचार माध्यम (रेडियो, एफ.एम.तथा टेलिभिजन समेत) सम्बन्धी नीति, कानुन र मापदण्ड, तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति, इजाजत र नवीकरण गर्ने समेत रहेको छ । सो कार्य जिम्मेवारी पूरा गर्न मन्त्रालयले प्रदेश प्रसारण ऐन, २०७५ जारी गरेतापनि ऐनको व्यवस्था कार्यान्वयन गर्न नियमावली तयार गरेको देखिएन । नियमावलीको निर्माण गरी विद्युतीय संचार माध्यमको नियमन तथा अनुगमनको कार्य गर्नुपर्दछ ।

९. **यातायात व्यवस्थापन -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा प्रदेश भित्रको सडक सुरक्षाको जिम्मेवारी यस मन्त्रालयको रहेको देखिन्छ । प्रदेश भित्रको सडक सुरक्षा, यातायात क्षेत्रको सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण गर्न आन्तरिक मामिला तथा कानुन मन्त्रीको अध्यक्षतामा भौतिक पूर्वाधार विकास मन्त्री समेत रहेको समिति गठन भएतापनि यातायात क्षेत्रको सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण सम्बन्धी प्रदेश ऐन नियम तथा कार्यविधि तर्जुमा नभएकोले यातायात क्षेत्रको व्यवस्थापन तथा नियन्त्रण कार्य प्रभावकारी हुन सकेको छैन ।

१०. **ईन्टरनेट सेवाको अनुगमन -** प्रदेश सरकार कार्य विभाजन नियमावली, २०७४ मा मन्त्रालयको कार्य जिम्मेवारीमा प्रदेशस्तरका ईन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित संचार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन गर्ने उल्लेख छ । यस सम्बन्धी ऐन नियम तर्जुमा नभएकोले प्रदेशस्तरमा ईन्टरनेट तथा अनलाइन सेवाको अनुगमन हुन सकेको छैन । मन्त्रालयले कानुन निर्माण गरी अनुगमन गर्नुपर्दछ ।

११. **गैर सरकारी संस्था दर्ता -** मन्त्रालयको कार्य जिम्मेवारीमा प्रदेश भित्रका गैर सरकारी संघ संस्थाहरूको अभिलेख र समन्वय गर्ने रहेको छ । सो कार्य जिम्मेवारी पूरा गर्न मन्त्रालयले ऐन तथा नियमावली तर्जुमा गरेतापनि संघमा दर्ता भई सञ्चालन भएका गैरसरकारी संस्थाको अभिलेख प्रदेशमा प्राप्त हुन नसकेको भनि प्रदेशमा गैर सरकारी संघसंस्था दर्ता कार्य हुन सकेको छैन् । कार्य विभाजन नियमावलीले तोकेको जिम्मेवारी पूरा गर्नुपर्दछ ।

१२. **वित्तीय जिम्मेवारी र जवाफदेहिता -** लुम्बिनी प्रदेश ,प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४६ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा उल्लेख छ । मन्त्रालयले उक्त जिम्मेवारी र जवाफदेहिता पालना सम्बन्धी अभिलेख अद्यावधिक गरेको छैन । ऐनमा योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन निकाय प्रमुख, मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फर्स्यौट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृत, केन्द्रीय आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गरे नगरेको जाँचबुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृत र विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी कार्यालय प्रमुख र मन्त्रालयको हकमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख छ । ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गरी आर्थिक अनुशासन पालना गर्नु गराउनुपर्दछ ।

- **बेरुजु स्थिति -** यो वर्ष मन्त्रालयको लेखापरीक्षणबाट रू.१ करोड ४० लाख ३८ हजार बेरुजु देखिएकोमा फर्स्यौट नगरेकोले बाँकी रहेको छ । सो मध्ये रू.१० लाख ८ हजार पेस्की बेरूजु रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-९** मा संलग्न छ ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा उद्योग, वाणिज्य, आपूर्ति, वन तथा भू-संरक्षण, वातावरण, जलवायु परिवर्तन अनुकूलन एवं धार्मिक तथा साँस्कृतिक क्षेत्रमा नीति, कानुन एवं कार्यक्रमको तर्जुमा र कार्यान्वयनको अनुगमन गर्ने लगायतका कार्यहरू रहेका छन्।

यो वर्ष मन्त्रालय समेत ३५ इकाइको विनियोजनतर्फ रु.२ अर्ब ३८ करोड ३२ लाख ९४ हजार, राजस्व तर्फ रु.९ करोड ३० लाख १६ हजार धरौटी तर्फ रु.२९ करोड ६७ लाख ९ हजार र अन्य कारोबारतर्फ रु.२९ करोड ७७ लाख ४५ हजार समेत रु.३ अर्ब ७ करोड ७ लाख ६४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **जिम्मेवारी कार्यान्वयन -** कार्य विभाजन नियमावली, २०७४ ले मन्त्रालयले गर्नुपर्ने भनी तोकेका कार्य जिम्मेवारीहरू कार्यान्वयन गर्नु पर्दछ । मन्त्रालयले गुर्नपर्ने कार्यहरू मध्ये प्रदेशको वौद्धिक सम्पत्ति संरक्षण, सार्वजनिक सेवा अत्यावश्यक सेवा र वस्तु आपूर्ति, कम्पनी स्थापना, पर्यटन, जडिबुटी खेती प्रविधि प्रवर्द्धन विस्तार तथा बजारीकरण, प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीति र वन्यजन्तु र चराचुरुङ्गी सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा गरेको देखिएन । पर्यटक प्रहरीसम्बन्धी व्यवस्था, ट्राभल तथा ट्रेकिङ व्यवस्थापन सम्बन्धी कार्य, वन, वनस्पति र जैविक विविधता सम्बन्धी सङग्रहालय स्थापना, हात्तिसार तथा चिडियाखानाको व्यवस्थापन, वातावरण सम्बन्धी विषयमा प्राविधिक सूचना तथा सेवा प्रवाह, वातावरणीय सूचना प्रणालीको स्थापना, प्राकृतिक सम्पदाको संरक्षण र सम्बर्द्धन, वन क्षेत्रको पहिचान, खानी तथा खनिज पदार्थको उत्खनन जस्ता कार्य गरेको देखिएन । कार्य विभाजन नियमावली अनुसार गर्नु पर्ने कार्य जिम्मेवारी कार्यान्वयन गर्नुपर्दछ।

२. **नीति तथा कार्यक्रम कार्यान्वयन** - प्रदेश सरकारले प्रदेश सभामा पेस गरेको २०७७/७८ को नीति तथा कार्यक्रममा घोषणा भएका मध्ये ठूला औद्योगिक क्षेत्र तथा औद्योगिक कोरिडोर निर्माण, बजार नियमनसम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था, हिल स्टेशन निर्माण, खानी तथा खनिज पदार्थको अध्ययन, अनुसन्धान, उत्खनन् र उपयोगसम्बन्धी नीतिगत व्यवस्था गर्ने लगायतका कार्यक्रमहरू कार्यान्वयन भएको देखिएन। सरकारले घोषणा गरेको बार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

३. **बजेट वक्तव्यमा उल्लेखित कार्यक्रम -** बजेट वक्तव्यमा यस वर्ष सञ्चालन गर्ने उल्लेख भएका कार्यक्रममध्ये रासायनिक मल कारखाना स्थापना गर्न सम्भाव्यता अध्ययन गर्ने, खानी तथा खनिज अन्वेषण र उत्खनन कार्य गर्ने, उपभोक्ता मूल्यसूची मोबाइल एप तयार गर्ने, प्रादेशिक प्रज्ञा प्रतिष्ठान गठन र सन्चालन सम्बन्धि कानुन निर्माण गर्ने, प्रदेशस्तरीय बृहत साहित्य सम्मेलन गर्ने, प्रादेशिक संग्रहालय स्थापना गर्ने, फोहोरमैला प्रशोधनकेन्द्र स्थापना गर्ने, प्लाष्टिकबाट डिजेल उत्पादन गर्ने प्लाण्ट स्थापना गर्ने, वातावरण प्रदुषण मापन प्रयोगशाला स्थापना गर्ने आदि कार्यक्रमहरू कार्यन्वयन गरेको देखिएन । बजेट वक्तव्यमा उल्लेखित कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

४. **आवधिक योजना कार्यान्वयन -** प्रदेशको प्रथम आवधिक योजना (२०७६।७७-२०८०।८१) मा उल्लेखित कार्यक्रमहरू मध्ये २०७७।७८ सम्म सञ्चालन गर्ने भनि उल्लेख भएका काम मध्ये,

प्रादेशिक खनिज नीति र नियम तर्जुमा, दाङमा नयाँ औद्योगिक क्षेत्र स्थापना, खानी अन्वेषण र व्यवस्थानका लागि प्रशासनिक संरचना निर्माण, रत्नपत्थर अनुसन्धान र अन्वेषण भूगर्भ सम्बन्धी अध्यापन थालनी, भौगर्भिक वर्गैंचा निर्माण नभएको, वस्तुको आपूर्तिमा आउने व्यवधान न्यूनीकरण गर्न यथेष्ट मौज्दात सहितको भण्डारण व्यवस्था नगरेको, रोल्पा र रुकुम पूर्वका दुर्गम ठाउहरूमा अत्यावश्यक वस्तुहरूको डिपो राख्ने व्यवस्था, उपभोक्ता हकहीत संरक्षण गर्न आवश्यक नीति, ऐन तर्जुमा, बुद्धसँग सम्बन्धित पर्यटकीय क्षेत्रहरू जोडनेगरी पर्यटकीय बस सेवा सञ्चालन नभएको, सम्पदा संरक्षणका लागि आवश्यक कानूनी तथा संस्थागत संरचनाको व्यवस्था, भैरहवा—नेपालगंज र पोखरा नेपालगंज हवाई उडान सुरु, जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय र चिडियाखाना स्थापना नभएको, जडीबुटीको व्यावसायिक खेतीका लागि वनक्षेत्र लिजमा दिने जस्ता कार्यक्रमहरू कार्यान्वयन भएको छैन । आवधिक योजनामा उल्लेखित कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

५. **स्वीकृत दरबन्दी एवं पदपूर्ति -** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले यस मन्त्रालय र अन्तर्गत ३५ कार्यालयको लागि विभिन्न पदको जम्मा १ हजार ३०६ दरबन्दी स्वीकृत गरेकोमा २०७७/७८ मा जम्मा ९९३ दरबन्दी पदपूर्ति भइ ३१३ पद रिक्त रहेको देखियो । रिक्त दरबन्दी मध्ये अधिकृत तह र सो भन्दा माथिको २० पद, खरिदार एवं नायव सुब्बा तहका अप्राविधिक ३१, प्राविधिक पद २५ एवं सवारीचालक, कार्यालय सहयोगी र अन्य २३७ रहेका छन्। स्वीकृत दरबन्दी पूर्ति नहुँदा मन्त्रालय र मातहतबाट दिने सेवा प्रवाहमा असर पर्ने देखिन्छ।

६. **दीगो विकास लक्ष्य -** मन्त्रालयले दीगो विकासका लक्ष्यहरूको आधार रेखा सूचकांक तयार गरी परिमाणात्मक लक्ष्यहरू निर्धारण गरेको छैन । दीगो विकासका सूचक र लक्ष्यहरूलाई आन्तरिकीकरण र ती सूचकको आधारमा अनुगमन गरी निर्दिष्ट लक्ष्य पूरा गर्न मन्त्रालयले ध्यान दिनुपर्ने देखिन्छ ।

७. **एकीकृत वित्तीय विवरण** - लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५ (२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेस गर्नुपर्ने व्यवस्था भएकोमा प्रदेश एकीकृत वित्तीय विवरण तयार गरेको छैन । ऐन बमोजिम एकीकृत वित्तीय विवरण तयार गर्नुपर्दछ ।

८. **कार्य सञ्चालनस्तरका कार्य -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले निर्दिष्ट गरे अनुसार मन्त्रालयको प्रमुख जिम्मेवारी ऐन, कानुन एवं नीति, कार्यक्रम, बजेट तर्जुमा एवं कार्यान्वयन, समन्वय, केन्द्रीय लेखा अनुगमन गर्ने लगायत जिम्मेवारी उल्लेख भएको देखिन्छ ।नीति निर्माण एवं अनुगमनको जिम्मेवारी रहेको मन्त्रालयले मातहत निकायबाट सञ्चालन गर्नुपर्ने रु.३ करोड १४ लाख ९९ हजारका डिपिआर निर्माण, होमस्टे सञ्चालन अनुदान र वन उद्यम अनुदान जस्ता कार्यक्रम समेत आफैंले सञ्चालन गरेकोले कामको गुणस्तरमा समेत अनुगमन हुने अवस्था देखिएन । मातहत कार्यालयबाट गराउने कार्य मन्त्रालय आफैंले गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

९. **एकीकृत प्रगति विवरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमेजिमको

ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी सबै कार्यालयबाट प्राप्त विवरणको एकीकृत रुपमा केन्द्रीयस्तरको प्रगति विवरण तयार गरी त्यसको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले कार्यालयबाट प्रगति विवरण लिई केन्द्रीय प्रगति विवरण तयार नगरेको कारण मन्त्रालय र मातहतले सम्पादन गरेको कार्यक्रमको उपलब्धिको अवस्था मूल्यांङ्कन गर्नसक्ने स्थिति रहेन । लक्ष्य अनुसार कार्यक्रम सञ्चालन नभएकोमा कारण पहिचान गरी सुधारका लागि सुझाव दिनुपर्नेमा सो कार्यान्वयन गरेको देखिएन । नियमको व्यवस्था अनुसार एकीकृत प्रगति प्रतिवेदन तयार गरी मूल्यांकन गर्नुपर्दछ ।

१०. **वार्षिक विवरण र प्रतिवेदन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७३(३) मा विनियोजन, राजस्व, धरौटी, पेस्की, सम्पत्ती र दायित्वको वार्षिक विवरण आर्थिक वर्ष समाप्त भएको २१ दिनभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई तालुक कार्यालयमा पठाउनु पर्ने र नियम ७६(१) मा प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आर्थिक कारोबार (नगदी, जिन्सी, आयव्यय) को अनुसूची - ११ बमोजिमको ढाँचामा आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको ४५ दिनभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था गरेको छ । मन्त्रालयले प्रतिवेदन तयार गरेको देखिएन । तोकिए अनुसार वार्षिक प्रतिवेदन तयार गरी तोकिएको निकायमा पठाउनु पर्दछ ।

११. **आन्तरिक नियन्त्रण** - लुम्बिनी प्रदेश प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० अनुसार प्रदेश तहका सरकारी कार्यालयहरूबाट सम्पादन हुने कार्यहरू मितव्ययी, प्रभावकारी र कार्यदक्षता पुर्ण ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्य गर्न आ-आफ्नो कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले ऐनको व्यवस्था अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन। आन्तरिक नियन्त्रण प्रणाली तयार गरी मन्त्रालय र मातहतबाट हुने कार्य सञ्चालनलाई प्रभावकारी बनाउनु पर्दछ ।

१२. **डीपीआर खर्च** - बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यो वर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार तिनाउ, राप्ती, बबई नदी प्रणालीमा आधारित जलाधार ब्यवस्थापन, लुम्बिनी प्रदेशका महत्वपूर्ण जडिबुटी तथा गैर काष्ठ बन पैदावरहरूको आर्थिक विश्लेषण, लुम्बिनी प्रदेशमा जैविक विविधताको विद्यमान अवस्था र संरक्षणका प्रयासहरू सम्बन्धी विस्तृत अध्ययन, प्रदेशको वन क्षेत्रको फैलावट र खण्डीकरणको कारण मानव र बन्यजन्तुवीच हुने द्धन्द्ध र व्यवस्थापन सम्बन्धी अध्ययन, विगत तीन वर्षको वैज्ञानिक वन व्यवस्थापनको कार्यान्वयनको अवस्था अध्ययन, शालिग्राम अध्ययन र एकीकृत फोहोरपानीको प्रशोधन केन्द्र निर्माणसम्बन्धी सम्भाव्यता अध्ययन गर्ने कार्य विभिन्न परामर्शदाताबाट गराइ रु.१ करोड ३ लाख खर्च गरेको छ। परामर्शदाता मार्फत अध्ययन प्रतिवेदन तयार भएका सबै आयोजनाहरू कार्यान्वयनमा गएको देखिएन । अध्ययन गरिएका विषय कार्यान्वयन गर्नुपर्छ ।

१३. **होमस्टे सञ्चालन अनुदान** - पर्यटन पर्वद्धन कार्यक्रम अन्तर्गत यस वर्ष २४ होमस्टेलाई भौतिक संरचना निर्माण वापत रु.१ करोड ८० लाख ४० हजार खर्च गरेको छ । भौतिक संरचना निर्माण गर्न उपलब्ध गराएको अनुदानले लक्ष्य अनुरुप कार्य सम्पन्न भएको भएतापनि यसबाट सर्वसाधारणले के

कस्तो सहुलियतमा सेवा प्राप्त हुने हो मन्त्रालयले स्पष्ट नगरी अनुदान दिएकोले प्रतिफल यकिन हुनसक्ने अवस्था देखिदैन । निजी रुपमा सञ्चालन हुने र प्रतिफल उक्त संस्था वा व्यक्तिले पाउने यस्ता होमस्टेलाई दिएको अनुदानले पर्यटन प्रवर्धनमा सहयोग पुर्याउने उल्लेख गरेपनि त्यसको मापनको आधार स्पष्ट गरेको छैन । यस्तो नाफामूलक होमस्टेमा गरेको लगानीको उचित प्रतिफल प्राप्त हुनेमा आस्वस्त रहन सकिने अवस्था देखिएन ।

१४. **वन उद्यम अनुदान -** लुम्बिनी प्रदेश सरकार अनुदान व्यवस्थापन एकीकृत मार्गदर्शन, २०७६ को दफा १४(१) अनुसार अनुदान रकमबाट सञ्चालन हुने कार्यक्रमको अनुगमन गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले यो वर्ष समूहहरूलाई वन उद्यम अनुदान कार्यक्रमबाट रु.७७ लाख १८ हजार अनुदान उपलब्ध गराएकोमा भए गरेका कामको अनुगमन भएको छैन । उक्त अनुदान रकम सम्बन्धित क्षेत्रमा खर्च गरी लेखापरीक्षण गराएको प्रतिवेदन पेस गर्नुपर्दछ ।

१५. **ब्याज अनुदान -** औद्योगिक विकास तथा प्रर्वद्धन कार्यक्रम अन्तर्गत उद्योग पर्यटन तथा वातावरण मन्त्रालयको स्वीकृत कार्यक्रम अनुसार घरेलु तथा साना उद्योग विकास कोषको सञ्चालनको लागि विनियोजित रु.१० करोड मन्त्रालयले विविध कोष खातामा जम्मा गरेको छ ।उद्यम कोष सञ्चालन नियमावली, २०७७ बमोजिम बैंकबाट उद्योग स्थापना, सञ्चालन एवं क्षमता अभिवृध्दि गर्न उद्योगहरूले लिएको ऋणको व्याज रकममा अनुदान उपलब्ध गराउने गरी व्यवस्था भएको उक्त कोषबाट यस वर्ष रु.४ लाख २७ हजार ब्याज अनुदान खर्च गरेको छ । अनुदान दिनुपर्ने उद्योगहरूको अभिलेख तयार गरी वास्तविक उद्यमी व्यवसायीलाई ब्याज अनुदान उपलब्ध गराउने कार्य गर्नुपर्दछ ।

१६. **वित्तीय जिम्मेवारी र जवाफदेहिता -** लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४६ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने उल्लेख गरेको छ । सो अनुसार योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन निकाय प्रमुख, मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फर्स्यौट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृत, केन्द्रीय आर्थिक विवरण तयार गर्ने र मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गरे नगरेको जाँचबुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृत र विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेकोमा सो को जिम्मेवारी कार्यालय प्रमुख र मन्त्रालयको हकमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतको हुने उल्लेख छ । ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गरी आर्थिक अनुशासन कायम गर्नु गराउनुपर्दछ ।

डिभिजन वन कार्यालयहरू

१७. **वन मुद्दा र फर्स्यौट -** वन ऐन, २०७६ को दफा ६७(१) मा दुईलाख रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुबै सजाय हुने मुद्दा नेपाल सरकारको डिभिजन वन अधिकृतले विशेष अदालत ऐन,

२०५९ बमोजिम कारबाही र किनारा गर्ने व्यवस्था रहेको छ । सो सम्बन्धी व्यहोरा यस प्रकार छन्:-

१७.१. डिभिजन वन कार्यालय नवलपरासीमा हालसम्म ६ प्रकृतिका ६४ मुद्दाहरू फर्स्यौंट हुन बाँकी रहेकोमा कार्यालयबाट नै फर्स्यौंट हुने प्रकृतिका मुद्दा र कानुन बमोजिम मुद्दा दायर गरी किनारा लगाउनु पर्ने मुद्दाको संख्या छुट्याई फर्स्यौंट गर्नुपर्नेमा सो अनुसार नगरी ६४ वटा मुद्दाहरू फर्स्यौंट हुन बाँकी रहेको पाईयो ।

१७.२. डिभिजन वन कार्यालय कपिलवस्तुले हालसम्म वन पैदावार हानी नोक्सानी तथा ओसार पसार गरेका ११ मुद्धाको हकमा कानुन बमोजिम मुद्दा दायर गरी किनारा लगाउनु पर्नेमा हालसम्म फर्स्यौंट गरेको छैन ।

१७.३. डिभिजन वन कार्यालय बाँके, प्युठान र बर्दियामा २०७७।७८ मा ढुङ्गा गिट्टी, वन पैदावार चोरी निकासी, अतिक्रमण वन्यजन्तुको अवैध शिकार लगायतका फर्स्यौंट गर्न बाँकी १७४ मुद्धा रहेको देखिन्छ ।

कार्यालयले वन सम्बन्धी दर्ता भएका मुद्दाहरूको कानुन बमोजिम कारबाही गरी फर्स्यौंट गर्नुपर्दछ।

१८. **प्रसारण लाईनको वन व्यवस्थापन -** राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग सम्बन्धी कार्यविधि, २०७४ मा कुनै योजनाको लागि राष्ट्रिय वनक्षेत्रको प्रयोग गर्नुपर्ने भई स्वीकृतीको लागि लेखि आएमा मन्त्रालयले सम्बन्धित वन कार्यालयबाट योजनाको लागि प्रयोग गर्न दिनुपर्ने वनक्षेत्रको स्थलगत विवरण, क्षेत्रफल तथा हटाउनु पर्ने रुख विरुवाहरूको विवरण वन नियमावली, २०५१ को अनुसूची ७ बमोजिमको ढाँचामा प्राप्त गरी सोही बमोजिम स्वीकृती दिनुपर्ने उल्लेख छ । डिभिजन वन कार्यालय नवलपरासीले सर्दी बर्दघाट १३२ के.भी. प्रसारण लाईन आयोजना कार्यान्वयन गर्दा गर्नुपर्ने वन एवं जग्गा व्यवस्थापन सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :

१८.१. कार्यालयको सिफारिसमा प्रसारण लाईन आयोजनाको लागि ६.९७ हेक्टर वनक्षेत्रको जग्गा प्रयोग गर्न दिने र त्यहाँ रहेका १ हजार ७६९ रुखहरू हटाउने सम्बन्धमा मन्त्रालयबाट स्वीकृती लिई वन तथा भुसंरक्षण विभाग र आयोजना विच २०७६।९।६ गते सम्झौता भएको देखियो । सम्झौतामा आयोजनाको लागि विभिन्न प्रजातीका १ हजार ७६९ रुख (९४६६.४७ वर्गफिट काठ एवं दाउरा) वटा रुखहरू कटान गर्नुपर्ने उल्लेख गरेको छ ।उक्त प्रसारण २०७७।६।२९ गतेको डिभिजन वन कार्यालयलाई लेखेको कटान आदेशको पत्रमा १ हजार ७६९ रुखहरू परेको भनी लेखेकोमा पुनः २०७७।६।२७ को पत्रमा लगत लिँदा २ हजार २३२ रुखहरू आयोजनाको राइट अफ वे मा पर्न गएकोले सोही बमोजिम कटान आदेश मागी सुरु छपान मुल्याङ्कभन्दा ४६३ रुखहरू बढी काट्ने अनुमती माग गरेको देखियो ।

१८.२. कार्यालयले २०७५।१२।१० गतेको नापजाँच बाट रुखहरूको सङ्ख्या १७६९ रहेको छपान मूल्याङ्कन प्रतिवेदनमा उल्लेख गरेकोमा पूनः बर्दघाट सरावल सव-डिभिजन वन कार्यालयले सोही क्षेत्रमा नापजाँच गरी २०७७।६।२७ गते २ हजार २३२ रुख कटान गर्नुपर्ने प्रतिवेदन पेस गरेकोले छपान तथा कटान मूल्याङ्कन प्रतिवेदन विश्वसनीय भएको देखिएन ।

१८.३. कार्यालयले २०७७।७।२ को पत्रबाट वन तथा भू-संरक्षण विभागलाई प्रसारण लाईन आयोजनाको राईट अफ वे मा पहिले छपान गरेकोभन्दा ४६३ रुखहरू बढी हुन गएकोले आवश्यक निर्देशन माग गरेको सम्बन्धमा वन तथा भू-संरक्षण विभागले विभाग र आयोजनाबीच भएको सम्झौता बमोजिम १ हजार ७६९ रुखहरू मात्र कटान गर्ने अनुमती दिने २०७७।८।३० मा विभागस्तरीय निर्णय भएको जानकारी दिएकोमा थप रुखहरूको सम्बन्धमा कुनै निर्णय गरेको देखिएन । आयोजनाले उल्लेख गरेको थप ४६३ वटा रुख राइट अफ वे बाट नहटाई कसरी परियोजना सञ्चालन गरियो सो सम्बन्धमा विभाग एवं मन्त्रालयले यकिन गर्नुपर्दछ।

१८.४. **क्षतिपूर्ति तथा वृक्षारोपण -** वन ऐन, २०७६ को दफा ४२ मा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना सञ्चालनको लागि वनक्षेत्र उपलब्ध गराउँदा जति वनक्षेत्र प्रयोग गर्नुपर्ने हो कम्तीमा त्यति नै क्षेत्रमा रुख रोपी वन विकास गर्नुपर्ने र त्यस्तो रुख रोप्न जग्गा उपलब्ध नभएमा वन विकासको लागि आवश्यक पर्ने रकम आयोजनाले ऐनले तोकेको कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । वन कार्यालयले आयोजनाबाट २७.६४ हेक्टर क्षेत्रफलमा १ हजार ७६९ गोटा रुख कटानी गर्दा क्षतिपूर्ती स्वरुप १.२५ को दरले हुन आउने ४४ हजार २२५ बिरुवाहरू वृक्षारोपण तथा पाँच वर्षसम्म स्याहार सम्भार गर्नको लागि लागत अनुमान अनुसार रु.२ करोड ३१ लाख ८२ हजार राजस्व प्राप्त गरेको छ। उक्त रकमबाट सुनवल नगरपालिका वडा नं. ११ जर्गाहामा कोटहीमाई सामुदायिक वन उपभोक्ता समूह गठन गरी २९.८२ हेक्टर क्षेत्रफलमा तारजालीले घेराबार गरी ३८ हजार ९६० विरुवा वृक्षारोपण गरी आनुपातिक रुपमा रोप्नुपर्ने भन्दा ५ हजार २६५ घटी वृक्षारोपण गरेको देखियो । कार्यालयले आनुपातिक सङ्ख्यामा बृक्षारोपण गर्नुपर्दछ ।

१९. **वन अतिक्रमण -** वन ऐन, २०७६ को दफा ४९ (ग) बमोजिम वन क्षेत्रको जग्गा जोत्न, खन्न वा आवाद गर्न वा त्यस्तो जग्गामा घर, छाप्रो बनाउने कार्य गरेमा कारबाही हुने व्यवस्था छ। यसै गरी वन अतिक्रमण नियन्त्रण नीति, २०६८ मा तोकिएको कार्यविधि अपनाई कार्यालयले वनको अतिक्रमण हुन नदिने र अतिक्रमित भएको पाईए हटाउनु पर्ने उल्लेख छ । सो सम्बन्धमा देखिएका व्यहोरा यसप्रकार छन्:-

१९.१. डिभिजन वन कार्यालय, नवलपरासी बाट प्राप्त विवरण अनुसार जिल्ला भित्र कुल ६५७.७६ हेक्टर बन क्षेत्र अतिक्रमण गरेको उल्लेख छ । कार्यालयको प्रयासमा कति अतिक्रमित क्षेत्र हटाईयो विवरण पेस गरेको छैन । वन अतिक्रमण नियन्त्रण नीति २०६८, अनुसार जिल्ला बन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन कार्यदल गठन गरी वन व्यवस्थापन कार्ययोजना अनुसार अतिक्रमण हटाई बृक्षारोपण गर्नुपर्ने देखिन्छ ।

१९.२. डिभिजन वन कार्यालय, रुपन्देहीबाट प्राप्त विवरण अनुसार जिल्ला भित्रको कुल वन क्षेत्र २५ हजार १०५ वर्ग किलो मिटर रहेकोमा ८ हजार ३४६ हेक्टर बन क्षेत्र अतिक्रमण गरेको पाइयो। कार्यालयको प्रयासमा ३ हेक्टर अतिक्रमित क्षेत्र खाली गराएको विवरण पेस भएको छ । वन अतिक्रमण नियन्त्रण नीति २०६८, अनुसार जिल्ला बन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन कार्यदल गठन गरी वन व्यवस्थापन कार्ययोजना अनुसार अतिक्रमण हटाई बृक्षारोपण गर्न कार्यालयले पहल गर्नुपर्दछ ।

१९.३. डिभिजन वन कार्यालय बाँके, प्यूठान र बर्दिया जिल्लाका विभिन्न स्थानमा ९८६ हेक्टर क्षेत्रमा वन अतिक्रमणको समस्या भएको देखिन्छ ।यो वर्ष अतिक्रमण हटाएको देखिएन । वन क्षेत्रबाट अतिक्रमण हटाउन कार्यालयहरूले कार्ययोजना सहित थप प्रयास गर्नुपर्ने देखिन्छ।

२०. **काठ दाउराको मौज्दात -** डिभिजन वन कार्यालयहरूले विभिन्न प्रकारबाट प्राप्त काठ दाउराको समयमै उचित व्यवस्थापन गरी राजस्व आर्जन गर्नु पर्दछ । डिभिजन वन कार्यालयहरूबाट प्राप्त विवरण अनुसार काठ दाउरा मौज्दात रहेको देखियो । अतः उक्त काठ दाउराको उचित व्यवस्थापन हुनु पर्दछ । सो सम्बन्धी व्यहोरा यसप्रकार छन्:-

२०.१. डिभिजन वन कार्यालय नवलपरासीवाट प्राप्त विवरण अनुसार डिभिजन वन कार्यालय (सदुपयोग) र आपूर्ति समितितर्फ गत वर्षको मौज्दात र यस वर्षको उत्पादन समेत ४१ हजार ६९७.७४ क्यू.फिट काठ र १८८ चट्टा दाउरा आम्दानी भएकोमा यो वर्ष १८ हजार ९२५.१३ क्यु फिट काठ र ३३.७५ चट्टा दाउरा बिक्री तथा समुहलाई फिर्ता गरी २२ हजार ७७२.६१ क्यू.फिट काठ र १५४.२५ चट्टा दाउरा मौज्दात रहेको देखिन्छ ।

२०.२. डिभिजन वन कार्यालय रुपन्देहीले पेस गरेको विवरण अनुसार सदुपयोग र आपूर्ति समिति तर्फ गत वर्षको मौज्दात र यस वर्षको उत्पादन समेत ७५ हजार ६७ क्यू.फिट काठ र २१५ चट्टा दाउरा आम्दानी भएकोमा यो वर्ष ३८ हजार १९८ क्यु फिट काठ र १६० चट्टा दाउरा बिक्री तथा समुहलाई फिर्ता गरेको पाईयो । बिक्री र समुहलाई फिर्ता गरे पछि ३६ हजार ८६९ क्यू.फिट काठ र ५५ चट्टा दाउरा मौज्दात रहेको देखिन्छ ।

२०.३. डिभिजन वन कार्यालय बाँकेले उपलब्ध गराएको काठ दाउराको विवरण अनुसार आर्थिक वर्षको अन्तमा ५६ हजार १९१.१ क्यू.फिट काठ र १९७.७५ चट्टा दाउरा मौज्दात रहेको छ ।

समयमै काठ दाउरा व्यवस्थापन गर्न नसके गुणस्तरमा ह्रास हुन गई प्राप्त हुनसक्ने राजस्व न्युन हुनजाने हुँदा मौज्दात काठ दाउराको समयमा उचित व्यवस्थापन गर्नुपर्दछ ।

२१. **विरुवा उत्पादन र वितरण -** डिभिजन वन कार्यालयहरूले उत्पादन गरी बितरण गरेको विरुवा सदुपयोग हुने गरी वृक्षारोपण तथा हुर्काउने कार्य भएको हुनुपर्दछ । वन डिभिजन कार्यालय रुपन्देहीबाट उत्पादन भएका ३ लाख ४४ हजार ९८९ बिरुवामध्ये २ लाख २२ हजार ५९० बितरण भई १ लाख २२ हजार ३९९ बिरुवा मौज्दात रहेको छ । त्यसैगरी वन डिभिजन कार्यालय नवलपरासीबाट उत्पादन भएका ४ लाख ९० हजार विरुवामध्ये ३ लाख ८१० वितरण भई १ लाख ८९ हजार १९० विरुवा मौज्दात रहेको छ । उक्त बिरुवाहरू आगामी वर्ष प्रयोग गर्नका लागि नोक्सान नहुने गरी ग्रेडिङ गर्नुपर्ने देखिन्छ । कार्यालयबाट बितरण भएका बिरुवाहरूको अनुगमन गरी सो को प्रतिवेदन पेस गर्ने र प्रतिवेदनमा औंल्याएका सुझाबहरूको कार्यान्वयन गर्नुपर्दछ।

२२. **साझेदारी वन अनुदान -** साझेदारी वन व्यवस्थापन निर्देशिका, २०६८ को बुदाँ नं ६ र ७ मा आर्थिक श्रोत परिचालन खाता सञ्चालन, अनुगमन र प्रतिवेदन सम्बन्धी व्यवस्था रहेको छ । डिभिजन वन कार्यालय, रुपन्देहीले लुम्बिनी साझेदारी वन व्यवस्थापन समूह र देवदह साझेदारी वन व्यवस्थापन समूहलाई रु.२५ लाखको दरले दुई संस्थालाई रु.५० लाख अनुदान खर्च लेखेको छ । उक्त

अनुदानको अनुगमन तथा मूल्यांकन गरी प्रतिवेदन पेस गरेको छैन । अनुदान रकमको अनुदान प्रतिवेदन पेस हुनुपर्दछ ।

२३. **अनुगमन** - डिभिजन वन कार्यालय बर्दियाले वन उद्यम प्रर्बद्धन संरक्षण कार्यक्रमतर्फ यस वर्ष ४ संघ तथा संस्थालाई दुना टपरी बनाउने, उपकरण तथा मेशिनरी खरीद, पार्केटिङ्ग सामग्री उत्पादन कार्यका लागी रू.१८ लाख १० हजार अनुदान वितरण गरेकोमा सोही प्रयोजनको लागि खर्च भए नभएको सम्बन्धमा प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

२४. **खरिद कार्यमा न्यून प्रतिष्पर्धा** - सार्वजनिक खरिद ऐन, नियमको मुख्य उद्देश्य सार्वजनिक खरिदलाई प्रतिस्पर्धात्मक र मितव्ययी बनाउने तथा सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्ने रहेको छ। पर्यटन डिभिजन कार्यालय बाँकेले विभिन्न १६ निर्माण कार्यमा विद्युत्तिय माध्यमबाट बोलपत्र आव्हान नगरी भौतिक बोलपत्रको माध्यमबाट खरिद गरेको छ ।लागत अनुमान रु.४ करोड ६५ लाख ५४ हजार रहेका १६ निर्माण कार्यमा ४५ बोलपत्र दाता संलग्न भएकोमा रु.४ करोड ५९ लाख ४८ हजारको कबोल अंक स्वीकृत गरी ठेक्का सम्झौता भएको छ । खरिद कार्यमा लागत अनुमानको तुलनामा ०.२८ देखि ३.५ प्रतिशतमात्र घटीको ठेक्का स्वीकृत भएकोले विद्युतीय बोलपत्रको माध्यमबाट खरिद कार्य मितव्ययी एवं प्रतिस्पर्धी बनाउनुपर्दछ ।

- **बेरुजु स्थिति** - यो वर्ष मन्त्रालयको लेखापरीक्षणबाट रू.६ करोड २२ लाख ६४ हजार बेरुजु देखिएकोमा फर्स्यौंट नगरेकोले बाँकी रहेको छ। सो मध्ये रू.४७ लाख १८ हजार पेस्की बेरूजु रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-९** मा संलग्न छ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा लुम्बिनी प्रदेश भित्रको कृषि उत्पादन, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा कार्यान्वयन र नियमन गर्ने लगायतका कार्यहरू रहेका छन् ।

यो वर्ष मन्त्रालय समेत २९ कार्यालयको विनियोजन रु.२ अर्ब २२ करोड ७९ लाख ३३ हजार, राजस्व रु.३ करोड ८२ लाख ७० हजार, धरौटी रु.२ करोड ८ लाख ८० हजार र अन्य कारोबार रु.४५ करोड ३३ लाख १३ हजार समेत रु.२ अर्ब ७४ करोड ३ लाख ९६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालयबाट संघ अन्तर्गतका ४४ निकायमा निकासा दिएको रु.१ करोड ३१ लाख ७६ हजार विनियोजन खर्चमा समावेश छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **जिम्मेवारी कार्यान्वयन -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयको कार्यक्षेत्र अन्तर्गतका कृषि-उपज, पशुजन्य पदार्थ तथा बीउविजन सेवा र प्रविधिको गुणस्तर निर्धारण, प्रमाणिकरण, प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर निर्धारण, कृषि उपजको समर्थन मूल्य कार्यान्वयन, कृषिजन्य र पशुपन्छीजन्य औषधी, विषादी र सूक्ष्म पोषणतत्वयुक्त वस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन; भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू-उपयोग तथा चक्लावन्दी सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन, जग्गादर्ता, रजिष्ट्रेशन, जग्गाधनि प्रमाण पुर्जा, दाखिला खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, कित्ता नापी र भूमि लगत सम्बन्धी मापदण्ड तर्जुमा र कार्यान्वयन, सरकारी जग्गा भाडामा दिने सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, सुरक्षित वसोवास र जग्गा एकिकरण सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन लगायतका जिम्मेवारी कार्यान्वयन हुन बाँकी देखिन्छ । तोकिएको जिम्मेवारी पुरा गर्नुपर्दछ ।

२. **बजेट कार्यान्वयन -** मन्त्रालय र अन्तर्गतको लागि रु.४ अर्ब ७२ लाख शुरु बजेट विनियोजन भएकोमा रकमान्तर थप/घट गरी रु.३ अर्ब २४ करोड १ लाख कायम गरी शुरु विनियोजनभन्दा १९.१४ प्रतिशत घटी बजेट कायम गरेको छ । उक्त बजेटबाट जम्मा रू. २ अर्ब २२ करोड ७९ लाख खर्च गरी शुरु बजेटको ५५.५९ प्रतिशत र अन्तिम बजेटको ६८.७६ प्रतिशत खर्च गरेको छ। बजेट खर्च नहुने गरी विनियोजन गर्ने कार्य उपयुक्त देखिएन । पुजीगत बजेट रु.२२ करोड ५५ लाख विनियोजन गरेकोमा ५७.६४ प्रतिशतमात्र खर्च गरेको छ । बजेट तथा कार्यक्रमको समुचित परिचालन गर्न नसक्दा पुँजीगत खर्च न्यून रहेको देखिन्छ ।

३. **बार्षिक नीति तथा कार्यक्रम** - प्रदेश सरकारको २०७७।७८ को नीति तथा कार्यक्रममा उल्लेख भएका बिषय कार्यान्वयन गर्नुपर्दछ । कृषि एम्बुलेन्सको व्यवस्था, अन्तरप्रदेश कृषि व्यापार समझदारी, भूमि बैंकको स्थापना, प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम, १२ जिल्लामा श्रोत केन्द्र स्थापना, चक्लावन्दी सहितको नमुना कृषि फर्म स्थापना, पूर्णकालिन कृषकहरूको डिजिटल परिचयपत्र वितरण कार्यक्रम कार्यान्वयन भएको छैन । त्यस्तै उपमहानगरपालिका लक्षित आधुनिक वजार निर्माण, रुपन्देहीमा दुग्ध प्रशोधन प्लान्ट, बाँकेमा पशुपंछीको दाना उद्योग, र कपिलवस्तुमा उखु

जुस उद्योग स्थापना, न्यूनतम समर्थन मूल्य कार्यान्वयन, ६ स्थानमा कृषि यन्त्र आपूर्ति केन्द्र स्थापना, काठमाण्डौ र सुर्खेतमा कृषिजन्य वस्तु बिक्री गर्ने आउटलेट राख्ने कार्य, भूमिको वैज्ञानिक प्रविधिबाट लगत राख्ने कार्य, जग्गाको न्यूनतम मूल्याङ्कन निर्धारणका लागि डिजिटल प्रविधिको प्रयोग गर्ने लगायतका कार्यक्रमहरू कार्यान्वयन भएको पाइएन । नीति तथा कार्यक्रममा कार्यान्वयन गर्ने भनिएका बिषय कार्यान्वयन हुनुपर्दछ।

४. **एकीकृत वित्तीय विवरण** - लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५ (२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेस गर्नुपर्ने व्यवस्था भएकोमा ऐन बमोजिम प्रदेश एकीकृत वित्तीय विवरण तयार गरेको छैन । एकीकृत वित्तीय विवरण तयार गर्नुपर्दछ ।

५. **अवण्डा बजेट -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १६ (२) मा बजेट अबण्डा राखी पटक पटक खर्च गर्न नहुने उल्लेख छ । मन्त्रालयले आयोजनागत खर्च गर्ने स्पष्ट नगरी ७ कामको लागि रु ८ करोड ४० लाख एकमुष्ट विनियोजन गरेको छ । उक्त रकम २०७७ मंसिर देखि २०७८ वैशाखसम्म ६ पटक बाँडफाँट गरी कार्य गराएको छ । जुन कार्यक्रम बजेट सिद्धान्त विपरीत देखिन्छ । आर्थिक वर्षको शुरुमै योजनागत बजेट स्वीकृत गरी कार्यान्वयन गर्नुपर्दछ ।

६. **आन्तरिक नियन्त्रण -** लुम्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० (१) मा प्रदेश तहका लेखा उत्तरदायी अधिकृतले आफू र आफ्नो मातहतका सबै सरकारी कार्यालयबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्ने र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले सो अनुसार आन्तरिक मूल्याङ्कन प्रणाली तयार गरेको देखिएन । कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली मूल्यांङ्कन गर्दा जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयन नगरेको, वित्तीय सूचना प्रणालीको प्रयोग र त्यसको उपयोगको अवस्था कमजोर रहेको, विद्युतीय माध्यमबाट सेवा प्रवाहको अवस्था नरहेको, सेवाको गुणस्तर सुधारको लागि उपयुक्त उपायको अवलम्बन नगरेको स्थिति देखियो । ऐनले तोकिएका कार्यहरू तोकिएको मापदण्ड अनुसार गुणस्तरीय रुपमा समयमै सम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

७. **स्वीकृत दरबन्दी एवं पदपूर्ति -** लुम्बिनी प्रदेश, (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले यस मन्त्रालय र अन्तर्गत २९ कार्यालयको लागि विभिन्न पदको जम्मा ४९७ दरबन्दी स्वीकृत गरेकोमा २०७७/७८ मा जम्मा ३०२ दरबन्दी पदपूर्ति भई १९५ पद रिक्त रहेको देखियो । स्वीकृत दरबन्दी अनुसार पदपूर्ति नहुँदा मन्त्रालय र अन्तर्गतबाट दिने सेवा प्रवाहमा असर पर्न सक्ने देखिन्छ । स्वीकृत दरबन्दी अनुसार पदपूर्ति गरी सेवा प्रवाहलाई चुस्त बनाउनु पर्दछ ।

८. **वार्षिक विवरण र प्रतिवेदन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७३(३) मा विनियोजन, राजस्व, धरौटी, पेस्की, सम्पत्ति र दायित्वको वार्षिक विवरण आर्थिक वर्ष समाप्त भएको २१ दिन भित्र प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई तालुक कार्यालयमा पठाउनु पर्ने र नियम ७६(१) मा प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आर्थिक कारोबार (नगदी, जिन्सी, आयव्यय) को अनुसूची - ११ बमोजिमको ढाँचामा आर्थिक

कारोवारको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको ४५ दिनभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । मन्त्रालयले प्रतिवेदन तयार गरेको देखिएन । तोकिए अनुसार वार्षिक प्रतिवेदन तयार गरी तोकिएको निकायमा पठाउनु पर्दछ ।

९. **अनुदानको अनुगमन -** लुम्बिनी प्रदेश सरकार अनुदान व्यवस्थापन एकीकृत मार्गदशन, २०७६ को दफा १४(१) अनुसार अनुदान रकमबाट सञ्चालन हुने कार्यक्रम पारदर्शी र प्रभावकारी भए नभएको सम्बन्धमा मन्त्रालय वा निकायले द्वैमासिक रुपमा अनुगमन गर्नु पर्ने व्यवस्था छ । यो वर्ष मन्त्रालय तथा मातहत कार्यालयबाट विभिन्न व्यक्ति, कृषि फर्म, सहकारी संस्था, निजी संस्था लगायत २ हजार ९२३ लाई विभिन्न कार्यक्रम सञ्चालन गर्न रु १ अर्ब २१ करोड ४४ लाख २५ हजार अनुदान उपलब्ध गराएको छ । अनुदान उपलब्ध गराउनु पूर्व त्यसबाट प्राप्त हुने प्रतिफल सुनिश्चित गरेको छैन भने उपलव्ध गराएको अनुदान रकमबाट भए गरेको कामको अनुगमन भएको छैन । अनुदान मार्फत सरकारी रकम खर्च गर्ने उपलब्धी मापन नगर्ने र अनुदान व्यक्ति एवं निश्चित समूहलाई लाभ हुने गरी उपलव्ध गराउने परिपाटीले सरकारी अनुदान रकम तोकिए अनुसार खर्च गरी प्रतिफल प्राप्त हुनसक्ने देखिएन । मन्त्रालयले अनुदानको अनुगमन गरी प्रतिफल प्राप्त हुने अनुदान कार्यक्रम मात्र सञ्चालन गर्नुपर्दछ ।

१०. **सम्पत्तिको लेखाङ्कन तथा प्रतिवेदन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७८(६) मा मन्त्रालयले आफ्नो र मातहतको कार्यालयको सम्पत्ति तथा दायित्वको अभिलेख राखी वार्षिक विवरण असोज मसान्त भित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने र नियम ७८(७) मा उपनियम ६ वमोजिम प्राप्त विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले कार्तिक मसान्तभित्र प्रदेश सरकारको सम्पत्ति तथा दायित्वको एकीकृत विवरण तयार गरी महालेखा परीक्षकको कार्यालयमा पेस गर्नु पर्ने व्यवस्था छ । यस मन्त्रालयले सम्पत्ति तथा दायित्वको अभिलेख राखी बार्षिक विवरण तयार गरेको छैन् । नियमावलीको व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

११. **लक्ष्य प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा कार्यक्रम कार्यान्वयन गर्ने निकायले अनुसूची - २ को ढाँचामा त्रैमासिक प्रगति केन्द्रीय निकाय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेस गर्ने, सो अनुसार प्रगति प्राप्त भएपछि नियम २६ अनुसार केन्द्रीय निकायले एकीकृत प्रगति मूल्याङ्कन गरी प्रगति कम हुनुका कारण पहिचान गरी सुधारका लागी आवश्यक कदम चाल्नु पर्ने उल्लेख छ । मन्त्रालयले सो अनुसार आफू र मातहतको एकीकृत प्रगति वनाई मूल्याङ्कन गरेको देखिएन । नियमावलीको व्यवस्था अनुसार मन्त्रालयले एकीकृत प्रगति बनाई त्यस्को मूल्याङ्कन गर्नुपर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

१२. **कार्यसञ्चालन स्तरको कार्य** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले निर्दिष्ट गरे अनुसार मन्त्रालयको प्रमुख जिम्मेवारी ऐन, कानुन एवं नीति तर्जुमा एवं कार्यान्वयन, कार्यक्रम बजेट तर्जुमा एवं कार्यान्वयन, मन्त्रालयहरूबीच समन्वय, केन्द्रीय लेखा तयार गर्ने, प्रगति प्रतिवेदनको मूल्यांकन गर्ने, मातहत कार्यालयबाट संचालित कामको अनुगमन गर्ने, वित्तीय प्रतिवेदन जारी गर्ने लगायत जिम्मेवारी उल्लेख भएको देखिन्छ । मन्त्रालयबाट यो वर्ष सम्झौता अनुसार ११ शीतभण्डार निर्माणका लागि रु.८ करोड ५८ लाख ७३ हजार सहकारी विकास कोष र सुलभ कर्जा कोष सञ्चालन गर्न रु.३० करोड, सहकारीबाट नवीनतम् सोच विकास कार्यक्रम अन्तर्गत सहकारी पूर्वाधार सुधार गर्न रु.२ करोड ९९ लाख र सहकारी मार्फत युवा लक्षित कृषि व्यवसाय कार्यक्रम सञ्चालन गर्न रु.९० लाख आफैले खर्च गरी कार्यक्रम सञ्चालन गरेको छ । नीति निर्माण एवं अनुगमनको

जिम्मेवारी रहेको मन्त्रालयले मातहत निकायबाट सञ्चालन गराउनु पर्ने कार्यक्रम समेत आफैंले सञ्चालन गरेकोले उक्त कामको अनुगमन हुने अवस्था देखिएन । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ।

१३. **शीतभण्डार निर्माण** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने र नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यका लागि स्वीकृत नर्म्स र जिल्ला दररेटका आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। शीतभण्डार निर्माणको लागि मन्त्रालयले लागत अनुमान तयार नगरी सम्बन्धित कृषि सहकारी समूह, फर्मबाट प्राप्त डि.पि.आर. अनुसारको रकमलाई आधार मानी अनुदान रकम निर्धारण गरेको देखियो । डि.पि.आरमा उल्लेखित लागतको आधारमा कृषि सहकारी समूहलाई कुल लागतको ७५ प्रतिशत र निजी व्यवसायीक फर्मलाई ५० प्रतिशत अनुदान दिने गरी सम्झौता गरेको छ । २०७५।७६ मा सम्झौता भएको कृषि सहकारी समूह, निजी फर्मको लागतमा यस वर्ष पुनरावलोकन गरी सम्झौता गर्दा डि.पी.आर. भित्र वास्तविक लागत अनुमान तयार गरी सम्झौता गर्नुपर्नेमा डि.पि.आर. रकममा सम्झौता गरेकोले भुक्तानी अनुदान मितव्ययी छ भन्न सकिएन। उक्त १२ लाभग्राही समूह तथा फर्मलाई यस वर्ष रु.८ करोड ५८ लाख ७३ हजार समेत हालसम्म रु.११ करोड ५५ लाख ४८ हजार भुक्तानी भएको छ । सो सम्बन्धमा देखिएका व्यहोरा यस प्रकार छन्:

१३.१. सम्झौताको शर्त बमोजिम निर्माण एवं खरिद कार्य सार्वजनिक खरिद नियमावलीको प्रकृया अनुसार प्रतिष्पर्धाबाट निर्माण कार्य गर्नुपर्नेमा गराएको नदेखिँदा निर्माण कार्य मितव्ययी छ भन्न सक्ने आधार भएन ।

१३.२. शीतभण्डार निर्माण अनुदान कार्यविधि, २०७५ को दफा ११ (ग) अनुसार अनुदान प्राप्त गर्ने संस्थाको नाममा जग्गा भएको वा २० वर्षको जग्गाको भोगाधिकारको करारनामा पत्रको प्रतिलिपि पेस हुनु पर्नेमा सोको प्रमाण पेस गरेको देखिएन।व्यक्तिको नाममा भएको जग्गामा २० वर्षे भोगाधिकार हुने शर्तमा करोडौ रकम लगानी गर्ने र त्यसबाट लाभग्राहीले पाउने प्रतिफल सुनिश्चत देखिएन ।

१३.३. सम्झौताको शर्त अनुसार अनुदान पाउने सहकारी संस्थाहरूले समूह सदस्यहरूलाई सुलभ सेवा दिनुपर्ने व्यवस्था भएकोमा मन्त्रालयबाट शीत भण्डार संचालकबाट लाभग्राही समुदायलाई के कती दरमा कति अवधि सम्म भण्डारण गर्न पाउने हो सोको सम्झौता नहुदै अनुदान दिने गरेबाट निर्मित शीतभण्डारबाट लाभग्राही समुदाय लाभान्वित हुनसक्ने अवस्था देखिएन ।

१३.४. मन्त्रालय र कपिलवस्तुको एक कृषक समूहबीच रु.१ करोड ४६ लाख १४ हजारको लागतमा सम्झौता भई निर्माण भएको शीत भण्डार निरीक्षण गर्दा कुनै पनि कृषि उपज भण्डारण गरेको देखिएन। सो सम्बन्धमा कृषक समूहको सदस्यसँग छलफल गर्दा भण्डारण लागत उच्च भएको कारण कृषकले सामान भण्डारण नगरेको जानकारी दिएको छ । शीत भण्डार सञ्चालन सम्बन्धी पर्याप्त अध्ययन विश्लेषण नगरी अनुदान दिएकोले कृषकले उक्त शितभण्डारबाट सहुलियत सेवा प्राप्त गर्नसक्ने देखिएन।

१३.५. शीतभण्डार निर्माण अनुदान कार्यक्रमको लागि मेशिनरी सामग्री उपलब्ध गराउने सम्बन्धी त्रि-पक्षीय सम्झौतामा तेश्रो पक्षबाट मेशिनरी सामग्रीहरूको १ वर्ष सम्मको ग्यारेन्टी र ५ वर्ष सम्मको सर्भिस ग्यारेन्टी हुनु पर्ने व्यवस्था छ । मन्त्रालयबाट कपिलबस्तु, बर्दिया, रुपन्देही र अर्घाखाँचीका ४ कृषि सहकारी समूहलाई मेसिनरी खरिदका लागि रू.३ करोड ७४ लाख भुक्तानी गरेकोमा सम्झौता वमोजिम प्रत्याभुति पत्र पेस भएको छैन।

१४. **स्मार्ट कृषि गाउँ कार्यक्रम -** स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ अनुसार लुम्बिनी प्रदेश अन्तर्गत मौलिक पहिचान भएका कृषि वस्तु तथा सेवाको उत्पादन तथा प्रवर्द्धन आधुनिक र समयसापेक्ष तरीकाबाट गर्न प्रदेश सरकारले निजी, कृषक समूह तथा सहकारी, स्थानीय तह, शैक्षिक तथा अनुसन्धान संस्था लगायतको सहकार्यमा कार्यक्रम सञ्चालन गर्न प्रत्येक निर्वाचन क्षेत्रको कम्तिमा एक स्थानमा दिगो कार्यक्रम सञ्चालन गरी रोजगारी सृजना गर्दै कृषकको आयस्तर वृद्धिका साथै खाद्य सुरक्षामा सुधार गर्न स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ । यसैगरी २०७७।७८ को बजेट तथा कार्यक्रममा स्मार्ट कृषि गाउँ कार्यक्रमलाई सबै स्थानीय तहहरूमा विस्तार गरी अनुसन्धानात्मक अभ्यास, विज्ञ सेवा, विद्यार्थी परिचालन, क्षमता विकास लगायतका कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ । स्मार्ट कृषि गाउँ कार्यक्रमका लागि २०७५।७६ मा सम्झौता भएका ५२ कार्यक्रमको निरन्तरताको लागि रु.११ करोड ११ लाख, २०७६।७७ मा सम्झौता भएका २३ कार्यक्रमको निरन्तरताको लागि रु.८ करोड ९ लाख, र २०७७।७८ मा सम्झौता भएका ४१ कार्यक्रमको लागि रु.११ करोड ८७ लाख समेत यो वर्ष कुल रु.३१ करोड ८३ लाख खर्च भएको छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्न छन् :-

१४.१. स्मार्ट कृषि गाउँ छनौट मापदण्डमा मोटर बाटो, विद्युत, संचार, सिचाई स्वास्थ्य सुविधा भएको वा हुन सक्ने उक्त गाउँले कम्तिमा ५० घर परीवार समेट्नु पर्ने,पहाडको हकमा २५० रोपनि र तराईको हकमा ५० विघाहा जमिन कलस्टरमा भएको हुनुपर्ने र त्यस्तो गाउँ मध्ये बाट निर्वाचित प्रदेश सभा सदस्यको समन्वय र सिफारिसमा कार्यक्रमको लागि गाउँ छनोट हुने व्यवस्था छ ।पूर्वाधार एवं स्वास्थ्य सुविधा भएको वा हुन सक्ने मापदण्डले जुनसुकै गाउँ पनि छनोट पर्न सक्ने देखिदा कार्यक्रम कार्यान्वयनमा समस्या आउन सक्ने देखिन्छ ।

१४.२. आर्थिक वर्ष २०७५।७६ देखि २०७७।७८ सम्म कुल ११६ गाउँमा यस्तो कार्यक्रम कार्यान्वयन गर्ने भनेकोमा सम्झौता भएको ९ गाउँमा कार्यक्रम कार्यान्वयन भएको देखिएन । कार्यान्वयन हुन नसकेको सम्वन्धमा मन्त्रालय र मातहतबाट अध्ययन विश्लेषण नगरी बाँकी १०७ गाउँमा मात्र कार्यक्रम सञ्चालन भएको छ ।

१४.३. स्मार्ट कृषि गाउँमा सञ्चालन गरिने ५ कार्यक्रममा जलवायु स्मार्ट, सिंचाई स्मार्ट, पोषकत्व स्मार्ट, प्रविधि स्मार्ट र वजार स्मार्ट रहेका छन् । कार्यविधिको बुँदा १०(ग) मा कार्यक्रम व्यवस्थापन ईकाइले कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन गरी बुँदा १०(घ) अनुसार चौमासिक , अर्धवार्षिक तथा बार्षिक रुपमा समीक्षा गर्ने व्यवस्था छ । कार्यविधि अनुसार प्रगति र सिकाईको चौमासिक , अर्धवार्षिक तथा बार्षिक रुपमा समीक्षा गर्ने कार्य गरेको पाइएन ।

१४.४. कार्यक्रमको नतिजा मापनको लागि विभिन्न विषयमा सूचांक तयार गरी लक्ष्य प्रतिशत र संख्या कायम गरेको छ । लक्ष्य प्रतिशत कायम गर्दा वेश लाइन उल्लेख गरेको छैन। उपलव्धी मापनका आधारहरू आम्दानी, रोजगारी, उत्पादन र उत्पादकत्वलाई लिइएको छ। उक्त मापनको लागि वस्तुगत सूचांक नहुदा उपलव्धी मापन हुनसक्ने देखिएन । उपलव्धि सुनिश्चत हुने गरी वेश लाइन र मापन सूचक निर्धारण गर्ने र कार्यक्रमको अनुगमन गरी उपलब्धी मूल्याकंन हुनु पर्दछ ।

१५. **सहकारी बिकास कोष -** प्रदेश सहकारी ऐन, २०७६ को दफा ८९ अनुसार सहकारी मार्फत ऋण परिचालन गरि कृषि उत्पादन प्रशोधन भण्डारण बजारीकरण गर्दै रोजगारी प्रवर्द्धनका लागी गत वर्षको मौज्दात रु.१५ करोड र यस वर्ष विनियोजित रु.५ करोड समेत रु.२० करोड कोषमा जम्मा रहेको छ । सहकारी विकास कोष परिचालन कार्यविधी, २०७७ को बुँदा ३ अनुसार तोकिएका क्षेत्रहरूमा

प्रदेश सहकारी नियमावली, २०७७ को नियम ५५ बमोजिमको सीमा भित्र ऋण परिचालन गर्ने व्यवस्था भएकोमा यो वर्ष कोषबाट कुनै पनि ऋण प्रवाह नगरी पुरै रकम मौज्दात रहेको छ । ऐनको उद्देश्य अनुसार कोष परिचालन गरिनुपर्दछ ।

१६. **शुलभ कर्जा कोष-** शुलभ कर्जा सहजीकरण तथा ब्याजमा अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ अनुसार कृषि व्यवसाय गर्न चाहने कृषक उद्यमी, फर्म, कम्पनी, कृषक समूह तथा सहकारीलाई बैंक तथा वित्तीय संस्थाबाट लिएको न्यूनतम रु.१ लाखदेखि अधिकतम रु.१ करोडसम्मको कृषि ऋणको मासिक किस्ता तथा ब्याज रकम भुक्तान गरि तोकिएको कार्यालय मार्फत मन्त्रालयमा सिफारिस साथ पेस भएमा कृषक वा फर्मलाइ ब्याज वापतको रकममा न्यूनतम ५ देखि बढिमा १० प्रतिशत अनुदान रकम कार्य प्रगति र प्रभावकारिताको आधारमा बढिमा ५ वर्षसम्म उपलब्ध गराउने उद्देश्यले रु.२५ करोडको कोष स्थापना गरेको पाइयो । कृषि बिकास बैंक र मन्त्रालयबिच २०७६।११।१५ मा सम्झौता भए अनुसार कृषि कर्जा व्याज अनुदानको लागि मन्त्रालयले २०७७।८।१८ मा पेस्की स्वरुप रु.५ करोड कृषि विकास बैंकलाई उपलब्ध गराएकोमा यस वर्ष ब्याज अनुदान वितरण नभएको भनी २०७८।४।१ मा मन्त्रालयमा फिर्ता भएको छ । ऋण र दिनुपर्ने ब्याज यकिन नगरी मन्त्रालयबाट बैंकलाइ रकम दिनु नियमसम्मत देखिदैन । कार्यविधिको उद्देश्य अनुसार कोष परिचालन गर्नुपर्दछ ।

१७. **वस्तुगत र नगद सहयोग -** गरिबी न्यूनीकरणका लागि सीप विकास तालिम तथा वस्तुगत सहयोग कार्यक्रम सञ्चालन कार्यविधि ,२०७६ को दफा ८ मा कृषि तालिममा सहभागी भएका व्यक्तिहरूलाई सम्बन्धित विषयमा पेशा, व्यवसाय गर्न आवश्यक पर्ने मेशिनरी औजार , उत्पादन सामग्री तथा पोशाक खरिद गर्न नगद अनुदान वा वस्तुगत सहयोग उपलब्ध गराउन सकिने व्यवस्था छ । वस्तुगत सहयोग उपलब्ध गराउदा सहभागिले कुल लागतको कम्तिमा १० प्रतिशत खर्च रकम आफै भुक्तानी गर्नुपर्ने उल्लेख छ ।त्यस्तै नगद अनुदान वितरण गर्दा अनुदानग्राहीले पेस गरेको विल भरपाइको आधारमा कुल लागतको ९० प्रतिशतमा नवढ्ने गरि वढीमा रु.३० हजार सम्म उपलब्ध गराउने व्यवस्था रहेको छ । मन्त्रालयले कार्यविधिमा भएको व्यवस्था विपरित ७९ कृषकलाई रु.२३ लाख ७० हजार विल भरपाइ वेगर भूक्तानी दिएको छ जसबाट सो अनुदान कार्यविधिले तोकेको क्षेत्रमा खर्च भएको छ भन्न सकिएन ।

१८. **युवा लक्षित कृषि कार्यक्रम -** सहकारी मार्फत युवा उद्यमशिलता तथा महिला सहकारी मार्फत सञ्चालित व्यवसायमा सहयोग कार्यक्रम सञ्चालन कार्यविधि,२०७६ को व्यवस्था अनुसार महिला सहकारी मार्फत व्यवसायमा सहयोग एवं अन्य सहकारी मार्फत युवा लक्षित कृषि व्यवसायमा सहयोग गर्न रु १ करोड ३४ लाख ८४ हजार बजेट व्यवस्था भएकोमा रु.९६ लाख १९ हजार खर्च भएको छ । प्राप्त विवरण अनुसार २०७६।७७ मा छनोट भई २०७७/०७८ मा क्रमागत १२ महिला सहकारीको लागि रु.६८ लाख २ हजार र अन्य २३ सहकारीलाई रु.२२ लाख ३७ हजार गरी कुल रु.९० लाख ३९ हजार अनुदान दिएको पाइयो । अनुदान लगेका सहकारी संस्थाहरूले कार्य प्रगति तथा लेखापरीक्षण प्रतिवेदन पेस गरेको देखिएन साथै सोको अनुगमन गरी प्रतिवेदन पेस भएको छैन । कार्यविधि बमोजिम अनुदान रकम खर्चको अनुगमन हुनुपर्दछ ।

१९. **कृषिकर्मी रोजगारी -** कृषिकर्मी रोजगारी कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ अनुसार लुम्बिनी प्रदेश अन्तर्गतका १२ जिल्लामा रहेका व्यवसायिक कृषि फार्म, उद्यमी, कम्पनी, कृषक समूह वा सहकारी संस्थाहरू मार्फत स्थानीयस्तरमा रोजगारीका अवसरहरू सिर्जना गर्ने उद्देश्यले सम्बन्धित संस्थाबाट

न्यूनतम पारिश्रमिक प्राप्त गरेका कृषिकर्मी व्यक्तिलाई मन्त्रालयबाट प्रति कृषिकर्मीको लागि पारिश्रमिक वापत मासिक ४० प्रतिशत रु.५ हजार ३८० र सामाजिक सुरक्षा कोष वापत मासिक २० प्रतिशत रु.२ हजार ६९० को दरले ११ जिल्लामा १५७ रोजगारदाताका अन्तर्गतका कृषिकर्मीलाई पारिश्रमिक रु.५० लाख ५४ हजार र सामाजिक सुरक्षामा रु.४२ लाख ८ हजार गरी जम्मा रु.९२ लाख ६२ हजार सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र, भेटेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र र एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयहरू मार्फत भुक्तानी दिएको छ। कार्यविधिको बुँदा १४ मा कार्यक्रमको अनुगमन मन्त्रालय, निर्देशनालय र मातहतका कार्यालयबाट गर्नुपर्ने व्यवस्था रहेको छ। उक्त व्यवस्था अनुसार अनुगमन गरी प्रतिवेदन पेस गरेको छैन । मन्त्रालयबाट उक्त भुक्तानी दिएकोमा पारिश्रमिक प्राप्त गरेका कृषिकर्मि व्यक्तिलाई सम्बन्धित संस्थाले नियमित रुपमा रोजगारी प्रदान गरी उक्त रकम उपलब्ध गराए नगराएको यकिन गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

कृषि विकास निर्देशनालय

२०. **एग्रिनेट हाउस निर्माण -** प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ मा हल्टिकल्चर कार्यक्रम सञ्चालन सम्बन्धि व्यवस्था छ । प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यक्रम वा आधुनिक प्रबिधिको प्रयोग गरि उच्च मूल्य जाने तरकारी तथा पुष्प बालीहरूको उत्पादन र उत्पादकत्व, बेमौसमी उत्पादन प्रबर्द्धन र कृषि क्षेत्रमा युवा तथा शिक्षित वर्गलाई आकर्षित गरि पेशाको रुपमा बिकास गर्ने उद्देश्यले कृषि बिकास निर्देशनालय रुपन्देहीले बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत एग्रिनेट हाउस निर्माण कार्यक्रमहरू सञ्चालन गरेकोमा देवदह रुपन्देहीमा रु.२० लाख १३ हजार र सुनवल नवलपरासी पश्चिममा रु.२० लाख १३ हजार खर्च गरेकोमा थोपा सिंचाइ र प्लाष्टिक मल्च सहितको निर्माण गर्न जग्गा र संरचना समेतको क्षेत्रफल ३ हजार ९५६ बर्ग मिटर हुनुपर्ने तथा कार्यविधिमा उल्लेख भएको स्पेशिफिकेशन अनुसारको संरचना निर्माण गरेको हुनुपर्नेमा दुई संस्थाबाट निर्माण भएका संरचनाको क्षेत्रफल ३ हजार ८३६ वर्ग मिटर मात्र रहेको छ । कार्यविधिमा उल्लेख भएको क्षेत्रफलभन्दा घटी क्षेत्रफलमा कार्यक्रम सञ्चालन गरेकोले यस्तो अनुदान फिर्ता गराउनुपर्दछ।

२१. **प्रदेशको बिक्री आउटलेट स्थापना -** कृषि उपजको बजारीकरण तथा बजार प्रवर्द्धन कार्य सञ्चालन विधि, २०७७ को बुँदा ४(४) मा पसल कक्ष स्थापनाको संरचना निर्माण, कृषि उपजको ग्रेडिङ्ग मेसिन, प्याकेजिङ्ग मेशिन, लेवलिङ्ग मेशिन, विलिङ्ग मेशिन तथा ढुवानी साधन आदिका लागि काठमाडौ, पोखरा, सुर्खेतमा १/१ गरी ३ बिक्री आउटलेट स्थापना गर्नुपर्ने देखिन्छ । कार्यविधिमा अनुदानको सिमा प्रति आउटलेट कुल लागतको अधिकतम ५० प्रतिशत वा वढीमा रु.३० लाख सम्म अनुदान दिन सक्ने व्यवस्थाको लागि रू.९० लाख बजेट व्यवस्था भएकोमा कृषि निर्देशनालय रुपन्देहीले रु.२० लाख २० हजार खर्च गरेको सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छः

२१.१. मापदण्डमा गत आ.व. भित्र अनुदानग्राही प्रचलित कानुन वमोजिम दर्ता भएको हुनुपर्ने, व्यवसायीक रुपमा तरकारी खेती र उत्पादन र बिक्री वितरणमा संलग्न भएको हुनुपर्ने, मन्त्रालय लगायत मातहतका कार्यालयको सहयोगमा स्थापना भएका कम्तीमा एक उप महानगरपालिकाको आधुनिक कृषि बजार वा स्मार्ट कृषि गाउँ सँग खरिद बिक्री सम्झौता भएको, विगत २ आ.व. मा अन्य कुनै श्रोतबाट अनुदान नलिएको हुनुपर्ने व्यवस्था छ । उक्त व्यवस्थामा स्पष्ट नखुलाई कास्की पोखराको एक सहकारी संस्थासँग सम्झौता गरी रु २० लाख २० हजार भुक्तानी भएको छ ।

२१.२. खरिद सम्झौताको बुँदा नं. ११ मा दोश्रो पक्षले चौमासिक रुपमा खरिद र बिक्री तथा आम्दानी विवरण सहितको प्रगति प्रतिवेदन प्रथम पक्ष समक्ष पेस नगरेमा प्रचलित कानुन वमोजिम कारवाही हुने

व्यवस्था छ । दोश्रो पक्षले सम्झौता वमोजिम प्रगति विवरण पेस गरेको छैन। खरिद सम्झौताको बुदाँ नं. ९ मा दोश्रो पक्षले लुम्बिनी प्रदेशमा सञ्चालित कम्तीमा १ वटा स्मार्ट कृषि गाँउ र सहकारी पसल र कृषक समूहसंग अनिवार्य रुपमा खरिद बिक्री सम्झौता गरी खरिद बिक्री कार्य सञ्चालन गर्नु पर्ने व्यवस्था भएकोमा सो अनुसार गरेको देखिएन ।

२२. **बजारीकरणका लागी सहयोग कार्यक्रम -** कृषि उपजको बजारीकरण तथा बजार प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को बुँदा ४.२ मा बिक्री स्थल स्थापना, ढुवानी साधन बिक्री कक्षको भाडा, कक्ष मोडिफिकेसन लागत, ढक तराजु चिस्यानमा प्रयोग हुने उपकरण, डिजिटल कारोवारको लागि आवश्यक पर्ने उपकरण तथा अन्य उपकरण खरीद क्रियाकलापको लागि ५० कृषक समूह वा ५० कृषि सहकारीलाई ढुवानी साधनको प्रति अनुदानग्राही कुल लागतको अधिकतम् १२ प्रतिशत वा वढिमा रू.१२ लाख ५० हजारसम्म अनुदान दिन सक्ने व्यवस्था छ ।निर्देशनालयले ८ वटा ढुवानीका साधन खरिदका लागि रू.८१ लाख ७१ हजार अनुदान दिएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :

२२.१. अनुदान लिन प्रस्तावकले अनुसूची-१ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी तोकिएको निकायमा पेस गर्नुपर्ने र प्रस्तावमा पछिल्लो २ आर्थिक वर्षको कृषि उपजहरूको नाम, बिक्री परिमाण, रकम जस्ता विषयहरू उल्लेख गर्नुपर्ने व्यवस्था छ । कपिलवस्तु, दाङ्ग र नवलपरासीका ३ कृषक समूहलाई अनुसूची-१ अनुसारको विवरण पेस नभएकोमा समेत सम्झौता गरी रु.३७ लाख ५० हजार अनुदान भुक्तानी दिएको उपयुक्त देखिएन ।

२२.२. अनुदानग्राही गत आर्थिक वर्षमै दर्ता भएको हुनुपर्ने, व्यवसायिक तरकारी खेती उत्पादन र बिक्रीमा संलग्न भएको हुनुपर्ने, कार्यक्रम सञ्चालन हुने स्थान राजमार्गसँग जोडिएको हुनुपर्ने, विगत २ आ.व. र चालु आ.व. मा सोही प्रकृतिको कार्यको लागि अन्य निकायबाट अनुदान नलिएको हुनुपर्ने, बाटो पानी तथा विजुली तथा शौचालयको सुविधा भएको हुनुपर्ने व्यवस्था भएतापनि मन्त्रालय, निर्देशनालय, तथा मातहतका सरोकारवाला निकायहरूले अनुगमन नगरेकोले मापदण्ड अनुसार भए नभएको यकिन गर्न सकिएन ।

कृषि ज्ञान केन्द्रहरू

२३. **कृषि गाउँ कार्यक्रम** - भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले पारित गरेको स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ मा अनुदान रकम खर्च गर्ने भुक्तानी लिने प्रकृया र अनुगमनको जिम्मेवारी उल्लेख गरेको छ । कृषि ज्ञान केन्द्र, बाँकेले यस वर्ष स्मार्ट कृषिगाउँ कार्यक्रम सञ्चालन गर्न ५ समितिहरूलाई रु.१ करोड १६ लाख ७९ हजार अनुदान दिएको छ । कार्यविधि अनुसार कार्यालयबाट ४ वर्षसम्म सञ्चालन हुने कार्यक्रमको कार्ययोजना तयार गरी हरेक वर्ष सम्पादन गरिने कार्यको तालिका अनुसार सम्झौता गरी भुक्तानी दिनुपर्नेमा कार्यालयले सो नगरी स्मार्ट गाउँले पेस गरेको योजनालाई नै अनुदान उपलब्ध गराएको छ । वार्षिक सम्पादन गर्नुपर्ने कार्य तालिका नहुँदा अनुदानको उचित मूल्यांकन हुन सक्ने देखिंदैन । कार्यविधिको पालना हुनुपर्दछ ।

२४. **मकै ब्लक कार्यक्रम-** प्रधानमन्त्री कृषि आधुनिककरण परियोजना अन्तर्गत मकै ब्लक विकासका लागि राप्ती सोनारी ३ को एक सहकारी संस्था ३ सँग भवन गोदाम घर निर्माण, पावर टेलर खरिद वितरण, बोरिङ्ग जडान लगायतका कार्य २०७८।०२।३१ सम्ममा सम्पन्न गर्ने गरी कृषि ज्ञान केन्द्र बाँकेले कुल लागत रु.४८ लाख ७१ हजारको सम्झौता भएको छ । सम्झौता अनुसार कार्य सम्पन्न पश्चात

रु.२३ लाख ९९ हजार भुक्तानी गरी २० एच.पी. क्षमताका १० थान पावर टीलर खरिद भएकोमा उक्त पावर टीलरहरू सम्बन्धित लाभग्राहीलाई हस्तान्तरण गरेको प्रमाण पेस भएको छैन।

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

२५. **अनुगमन -** स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ अनुसार अनुदान उपलब्ध गराएको अनुदान रकमको सही उपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्नु पर्ने व्यवस्था छ । भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, बाँकेले ४ स्मार्ट गाँउलाई उपलब्ध गराएको रु.१ करोड ८४ लाख ६३ हजार अनुदानको अनुगमन गरेको छैन । सम्झौता अनुसार उपलब्धी हासिल भए नभएको सम्बन्धमा कार्यविधि अनुसार अनुगमन गर्नुपर्दछ ।

२६. **अनुदानको उपयोग मूल्यांकन -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को परीच्छेद ८ को दफा ४१ देखि ४६ सम्म जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने व्यवस्था उल्लेख छ ।यसै गरि ऐनको दफा ५६ मा यो ऐन वा यो ऐनको प्रावधान अनुसार बनेका नियम, कार्यविधि र मापदण्ड उल्लघन गरेमा दफा ४१ अनुसारको अधिकारीले सजाय समेत गर्न सक्ने उल्लेख छ । ऐन, नियम र कार्यविधिको परिधिभित्र शितभण्डार निर्माण□ स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन□ युवा लक्षित कृषि गाउँ सञ्चालन□ एग्रिनेट हाउस निर्माण□कृषि उपज ढुवानी□ मकै ब्लक सञ्चालन लगायतका कार्यक्रम सञ्चालन गर्न तोकिए अनुसार अनुदान उपलब्ध गराएकोमा कानुन एवं कार्यविधिमा उल्लेख भए अनुसार अनुदानग्राहीले उक्त अनुदानको प्रयोग प्रश्चात सेवाग्राहीलाई दिने सुविधाको ग्यारेण्टी नगरेको□कार्यप्रगति पेस नगरेको□सम्बन्धित एवं तालुक निकायवाट अनुगमन नभएको□ कृषक र ऋणी किसानको छनौटको आधार नखुलाएको□उपकरण वितरणको प्रमाण पेस नगरेको आदि कारणवाट अनुदान रकमको उचित उपयोग भएको छ भन्न सक्ने आधार नदेखिंदा जिम्मेवार व्यक्तिले अनुगमन गरी ऐनको दफा ५६ अनुसार गर्नु गराउनु पर्ने देखिन्छ ।

२७. **वित्तीय जिम्मेवारी र जवाफदेहिता -** लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४६ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा छ । मन्त्रालयले उक्त जिम्मेवारी र जवाफदेहिता पालना सम्बन्धी अभिलेख अद्यावधिक गरेको छैन । योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन निकाय प्रमुख, मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फर्स्यौट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृत, केन्द्रीय आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गरे नगरेको जाँचवुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृत र विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी कार्यालय प्रमुख र मन्त्रालयको हकमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख छ । ऐनको व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

- **बेरुजु स्थिति -** यो वर्ष मन्त्रालयको लेखापरीक्षणबाट रू.१ करोड ४ लाख ८१ हजार बेरुजु देखिएकोमा फर्स्यौट नगरेकोले बाँकी रहेको छ। सो मध्ये रु.७५ हजार पेस्की बेरूजु रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-९** मा सम्लग्न छ ।

भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा, प्रदेश स्तरको सडक, उर्जा, विद्युत, सिंचाई, खानेपानी तथा शहरी विकास, जल उत्पन्न प्रकोप व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान, नीति, कानुन, मापदण्ड, गुरुयोजना, योजना, कार्यान्वयन, सञ्चालन, समन्वय र नियमन गर्ने लगायतका कार्य रहेका छन्। प्रदेश सरकारको २०७८।१।६ को निर्णयले मन्त्रालय विभाजन गरी यस मन्त्रालयवाट शहरी तथा ग्रामिण विकास मन्त्रालय अलग कायम गरी सञ्चालन भएको छ ।

यो वर्ष मन्त्रालय र मातहत समेत ५० ईकाइको विनियोजन रु.१६ अर्ब ४४ करोड ५५ लाख ६९ हजार, राजस्व रु.३ अर्ब ३ करोड ९१ लाख ६४ हजार, धरौटी रु.१ अर्ब ६८ करोड २५ लाख १७ हजार र अन्य कारोबार रु.२१ लाख ४९ हजार समेत रु.२१ अर्ब १६ करोड ९३ लाख ९९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

यसैगरी वक्यौता तर्फ एक कार्यालयको विनियोजन रू.१० करोड २० लाख ४० हजार, राजस्व रू.२ लाख ३१ हजार र धरौटी रू.१ करोड ६३ लाख ५५ हजार समेत रू.११ करोड ८६ लाख ८६ हजार को लेखापरीक्षण सम्पन्न गरीएको छ । सो कारोबारको लेखारीक्षणबाट देखिएका व्यहोराहरू निम्नानुसार छन्

१. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयलाई तोकिएका कार्यमध्ये राष्ट्रिय जलश्रोत नीति, गुण नियन्त्रण प्रयोगशाला व्यवस्थापन, प्रदेश सिंचाईलाई व्यवस्थित गर्ने ऐन, सडक सवारी यातायात तथा परिवहन ऐन, प्रदेश विद्युत ऐन, सडक नियमावली, कन्टेन्जेन्सि रकम खर्च गर्ने सम्बन्धी कार्यविधि, जलउत्पन्न प्रकोप व्यवस्थापन कार्यविधि, रज्जुमार्ग, जलमार्ग लगायत बैकल्पिक यातायात प्रवर्द्धन नीति प्रदेश सडक मापदण्ड नीति तर्जुमा गर्ने लगायतका कार्य हुन बाँकी देखिन्छ । तोकिएको जिम्मेवारी पुरा गर्नुपर्दछ ।

२. **आवधिक योजना -** प्रदेशको प्रथम आवधिक योजनामा उल्लेख गरेका कार्यहरू कार्यान्वयन गर्नु पर्दछ। प्रदेशको योजनामा उल्लेखित मन्त्रालयसँग सम्बन्धित काम मध्ये जलाशययुक्त आयोजना, ताल तथा पोखरी संरक्षण, बृहत दाङ उपत्यका जलस्रोत आयोजना, प्रादेशिक विद्युत विकास, जलविद्युत प्रवर्द्धक प्रोत्साहन अनुदान, सौर्य ऊर्जा, शहरी विकास मापदण्ड तथा निर्देशिका, प्रसारण लाइन, जग्गा एकीकरण, आधुनिक बसपार्क, बहुउद्देश्यीय भवन निर्माण लगायतका कार्यक्रम कार्यान्वयन गरेको छैन। प्राथमिकता निर्धारण गरी योजनामा उल्लेखित कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

३. **नीति तथा कार्यक्रम -** प्रदेश सभाको बैठकमा पेस गरेको प्रदेशको नीति तथा कार्यक्रममा उल्लेख भएका व्यहोरा कार्यान्वयन गर्नु पर्दछ। मन्त्रालयले प्रदेश पूर्वाधार विकास गुरुयोजना तयार गरी प्रदेश गौरवका आयोजनाहरू पहिचान गर्ने, प्रदेश यातायात परिवहन नियमावली लगायतका कानुन निर्माण गर्ने, प्रदेश सडकहरूमा भौगोलिक सूचना प्रणालीमा प्रविष्टि गरी यात्रालाई अनुमानयोग्य बनाउने, भाडा असुलीलाइ कार्ड सिष्टममा लैजाने, सुविधा सम्पन्न निर्माण सामग्री प्रयोगशाला स्थापना गर्ने, भूमिगत जलको पुनर्भरण गर्न जलाशययुक्त आयोजनाको पूर्व सम्भाव्यताको अध्ययन गर्ने, नवलपरासीको बर्दघाट, दाङको लमही र बाँकेको कोहलपुरमा विद्युतिय सवारी चार्जिङ्ग तथा फ्यूलिङ स्टेशन निर्माण र सञ्चालन गर्ने, प्रदेशका प्रमुख नगर जोड्ने रुटहरूमा सार्वजनिक निजी साझेदारी ढाँचामा विद्युतिय वस

सेवा सञ्चालन गर्ने लगायतका नीति तथा ऐन तर्जुमा गरेको छैन। नीति तथा कार्यक्रममा उल्लेखित कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

४. **बजेट कार्यान्वयन -** प्रदेश सरकारको बजेट बक्तव्यमा उल्लेख भएका कार्यक्रमहरू मध्ये प्रदेशभित्रका ११ जिल्लाका ३० स्थानीय तहलाई नजिकको राजमार्ग र सहायक राजमार्गमा आवद्ध गर्ने, कृषि सडक विकास कार्यक्रम लागू गर्ने, कार्यसम्पादन करार तथा प्रोत्साहन कोषको स्थापना तथा सञ्चालन गर्ने, प्रदेश सडकहरूमा भौगोलिक सुचना प्रणालीमा प्रविष्टि गरी यात्रालाइ अनुमानयोग्य बनाउने, भाडा असुलीलाइ कार्ड सिष्टममा लैजाने, कपिलवस्तुको शिवपुरमा सुविधा सम्पन्न निर्माण सामग्री प्रयोगशाला स्थापना गर्ने लगायतका कार्यक्रम कार्यान्वयन भएका छैनन् । बजेट बक्तव्यमा समावेश भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ ।

५. **आन्तरिक नियन्त्रण** - लुम्बिनी प्रदेश, आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० (१) मा प्रदेश तहका लेखा उत्तरदायी अधिकृतले आफू र आफ्नो मातहतका सबै सरकारी कार्यालयबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले ऐनको व्यवस्था अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन। आन्तरिक मूल्याङ्कन प्रणाली मूल्यांङ्कन गर्दा मन्त्रालयको आन्तरिक नियन्त्रण प्रणाली पर्याप्त नरहेको, जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयन नगरेको, वित्तीय सूचना प्रणालीको प्रयोग र त्यसको उपयोगको अवस्था कमजोर रहेको, विद्युतीय माध्यमबाट सेवा प्रवाहको अवस्था नरहेको, सेवाको गुणस्तर सुधारको लागि उपयुक्त उपायको अवलम्बन नगरेको स्थिति देखियो । ऐन नियमले तोकिएका कार्यहरू तोकिएको मापदण्ड अनुसार गुणस्तरीय रुपमा समयमै सम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

६. **एकीकृत जिन्सी विवरण** - लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९(३) बमोजिम मन्त्रालयले मातहतका कार्यालयहरूमा रहेको घर जग्गा, सवारी साधन लगायतको जिन्सी मालसामानहरूको लगत र आफ्नो कार्यालय समेतको जिन्सी प्रतिवेदन एकीकृत रुपमा तयार गरी भाद्र मसान्त भित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। मन्त्रालयले मातहतका कार्यालयहरूको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेखहरूको अद्यावधिक विवरण तयार गरेको छैन। ऐनको व्यवस्था अनुरुप जिन्सी लगत अद्यावधिक गरिनु पर्दछ ।

७. **तलबी प्रतिवेदन** - लुम्बिनी प्रदेश सार्वजनिक खर्चको मापदण्ड,कार्यविधि र मितव्यिता सम्बन्धी निर्देशिका, २०७५ को परिच्छेद-४ बुदा नं. १७ (ख) बमोजिम सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई खर्च लेख्न नपाइने उल्लेख छ। मन्त्रालयले २०७७।७८ मा कर्मचारीहरूको तलबी प्रतिवेदन पारित नगरी रु १ करोड ७६ लाख ७८ हजार खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ।

८. **आयोजनाको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ र अनुगमन

प्रतिवेदनमा दिएको सल्लाह, सुझावको कार्यन्वयनको अवस्थाको वारेमा कार्यालयले अभिलेख राखु पर्दछ। मन्त्रालयले यस आर्थिक वर्षमा अनुगमन तथा मुल्याङ्कनमा रु.१० लाख ६ हजार खर्च गरेको देखिन्छ । मन्त्रालयले अनुगमनका क्रममा दिईएका सल्लाह, सुझावहरूको अभिलेख राखेको देखिएन।

९. **पुँजीगतबाट चालु प्रकृतिको खर्च** - मन्त्रालयले विनियोजन गरेको पुँजीगत बजेटबाट पुँजीगत प्रकृतिका काममा खर्च गर्नुपर्दछ। मन्त्रालयको पुँजिगत खर्चबाट प्रदेशका १०९ पालिकामा पि वास (खानेपानी□सरसफाई तथा स्वच्छता) कार्यक्रममा संलग्न वास संयोजकहरूको ज्याला, सञ्चार तथा यातायात बापत रु.२१ लाख ४९ हजार विभिन्न सडक पुलहरूको लागि विज्ञको पारिश्रमिक बापत रु.४ लाख ९७ हजार र प्रदेश खानेपानी सरसफाइ तथा स्वच्छता योजना पि वास निर्माणको लागि विज्ञ पारिश्रमिक रु.७ लाख ४१ हजार समेत रु.३३ लाख ८७ हजार तलब खर्च लेखेको छ। प्रदेश बजेटबाट स्थानीय तहको पि वास कार्यक्रमका संयोजकको पारिश्रमिक भुक्तानी दिएको मनासिव देखिएन । यस प्रकारको कार्यमा नियन्त्रण हुनुपर्दछ।

१०. **एकीकृत प्रगति विवरण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार मन्त्रालयले मातहत कार्यालयबाट बार्षिक प्रगतिको विवरण लिई सबै कार्यालयबाट प्राप्त विवरणको एकीकृत रुपमा केन्द्रीयस्तरको प्रगति विवरण तयार गरी त्यसको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले कार्यालयबाट कार्यक्रमगत प्रगति विवरण लिई केन्द्रीय प्रगति विवरण तयार नगरेको कारण मन्त्रालय र मातहतले सम्पादन गरेको कार्यक्रमको उपलब्धिको अवस्था मूल्यांङ्कन गर्नसक्ने स्थिति रहेन। मन्त्रालयले खर्च आधारमा वित्तीय प्रगति उल्लेख गर्ने गरेको छ। नियमको व्यवस्था अनुसार एकीकृत प्रगति प्रतिवेदन तयार गरी मूल्यांकन गर्नुपर्दछ ।

११. **बजेट खर्च र रकमान्तर** - लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ (१) मा कुनै एक बजेट उपशिर्षकमा रकम नपुग भएमा अर्को बजेट उपशिर्षकबाट आर्थिक मामिला तथा योजना मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था छ । मन्त्रालय र अन्तर्गतको लागि यस वर्ष रु.१५ अर्ब २ करोड २४ लाख शुरु विनियोजन भएकोमा रकमान्तरवाट थप गरी रु.१८ अर्ब ६४ करोड ३७ लाख कायम गरेकोमा रु.१६ अर्ब ४५ करोड ७० लाख खर्च गरी अन्तिम बजेटको ८८.२७ प्रतिशत खर्च गरेको छ । रकमान्तर गर्दा आषाढ महिनामा मात्र अर्थ मन्त्रालयबाट रु.१ अर्व ३३ करोड ३९ लाख रकमान्तर थप गरी खर्च गरेको छ। आषाढ महिनामा रकमान्तर गरी खर्च गर्दा कामको गुणस्तरमा प्रभाव पर्न सक्ने, अनुगमन गर्न कठिन हुने र लगानी अनुसार प्रतिफल सुनिश्चित नहुने हुँदा आषाढमा रकमान्तर गर्ने प्रणालीमा नियन्त्रण हुनुपर्दछ ।

१२. **अवण्डा बजेट** - लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १६ (२) मा बजेटमा व्यवस्था भएको रकम अवण्डा राखी पटक पटक गरी खर्च गर्न नहुने व्यवस्था छ । मन्त्रालयले आयोजनागत खर्च गर्ने स्पष्ट नगरी सडक तर्फ रु.१३ करोड ५८ लाख ८९ हजार, भवन तर्फ रु.१ करोड र सिंचाई तथा उर्जा तर्फ रु.१५ करोड ८० लाख समेत रु.३० करोड ३८ लाख ८९ हजार एकमुष्ट विनियोजन गरी पछि मन्त्रिस्तरीय निर्णयबाट पटक पटक बाँडफाँट गरी खर्च गरेको छ। यस्तो कार्यक्रम बजेट सिद्धान्त विपरित देखिन्छ। आर्थिक वर्षको शुरुमै योजनागत बजेट बाँडफाँट गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

१३. **एकीकृत वित्तीय विवरण -** लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५ (२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेस गर्नुपर्ने र पेस गर्न नसिकने मनासिव कारण देखाई म्याद थपको लागि अनुरोध गरेमा उपदफा ४ र ६ बमोजिम म्याद थप हुनसक्ने व्यवस्था छ । त्यति गर्दा पनि वित्तीय विवरण पेस नगरेमा विभागीय कारवाही समेत हुनसक्ने व्यवस्था छ । मन्त्रालयले २०७९ जेठमा एकीकृत आर्थिक विवरण तयार गरेपनि मातहत कार्यालयको कार्यालयगत विनियोजन बजेट, निकासा र खर्च, राजस्व, धरौटी र अन्य खर्चको विवरण देखिने गरी आर्थिक विवरण तयार गरेको छैन । कार्यालयगत बजेट निकासा र खर्च देखिने गरी एकीकृत आर्थिक विवरण तयार गरिनु पर्दछ।

१४. **बजेट निस्कृय** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ (१) मा आफ्नो कार्यालयको बजेट लक्ष्य अनुसार खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था छ । त्यस्तै लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यमकालिन खर्च संरचना तयार गरी सोही अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले संघीय सःशर्त अनुदानबाट पूर्वाधार निर्माण गर्न प्राप्त रु.२ अर्ब २ करोड ६८ लाख कार्यक्रम सञ्चालन नगरी बजेट निस्कृय राखेको छ भने सडक, सिचाई र उर्जा तर्फका ६४ योजनामा विनियोजन भएको रु.३३ करोड ५८ लाख बजेट कार्यान्वयन गरेको छैन। बजेट विनियोजन गरी कार्यान्वयन नगर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

१५. **स्वीकृत दरबन्दी एवं पदपूर्ति** - लुम्बिनी प्रदेश, प्रदेश कार्य विभाजन नियमावली, २०७४ अनुसार मूख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले यस मन्त्रालय र अन्तर्गत ३१ कार्यालयको लागि स्थायी ४४२ र अस्थायी ३७ सहित जम्मा ४७९ दरबन्दी स्वीकृत गरेकोमा २०७७/७८ मा जम्मा ३४७ दरबन्दी पदपूर्ति भई १३२ पद रिक्त रहेको देखियो । रिक्त दरबन्दी मध्ये अधिकृत तह र सो भन्दा माथिको ४८ पद, खरिदार एवं नायव सुब्बा तहका अप्राविधिक १६, प्राविधिक पद ५९ एवं सवारीचालक, कार्यालय सहयोगी र अन्य ९ पद रिक्त रहेका छन् । स्वीकृत दरबन्दी अनुसार पदपूर्ति गरी सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ ।

१६. **वार्षिक विवरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७३(३) मा विनियोजन, राजस्व, धरौटी, पेस्की, सम्पत्ती र दायित्वको वार्षिक विवरण आर्थिक वर्ष समाप्त भएको २१ दिन भित्र प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई तालुक कार्यालयमा पठाउनु पर्ने र नियम ७६(१) मा प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आर्थिक कारोबार (नगदी, जिन्सी, आयव्यय) को अनुसूची-११ बमोजिमको ढाँचामा आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको ४५ दिनभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था गरेको छ । मन्त्रालयले प्रतिवेदन तयार गरेको देखिएन । तोकिए अनुसार वार्षिक प्रतिवेदन तयार गरी तोकिएको निकायमा पठाउनु पर्दछ ।

१७. **योजना तर्जुमा -** प्रदेश योजना तर्जुमा दिग्दर्शन, २०७५ मा बजेट तथा स्रोत समितिले तयार गरेको बजेट सीमा भित्र मन्त्रालय र मातहतका कार्यालयहरूले योजना तथा कार्यक्रम प्रस्ताव गर्नुपर्ने, प्रस्तावित योजनाहरू आयोजना बैंङ्कमा समावेश भएको हुनुपर्ने व्यवस्था छ । त्यसैगरी लुम्बिनी प्रदेश

आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यकालिन खर्च संरचना तयार गर्दा प्रस्तावित योजनाको लागत सञ्चालनमा लाग्ने अनुमानित समय, सोबाट प्राप्त हुन सक्ने प्रतिफल समेत विचार गरी योजना छनोट गर्नुपर्ने व्यवस्था छ। यसवर्ष विनियोजन भएका सडक योजनाहरूको विश्लेषण गर्दा रु.५ लाख सम्मका ४७, रु.५ देखि १० लाखसम्मका १२७, रु.१० देखि २० लाखसम्मका ११२ र रु.२० देखि ५० लाखसम्मका ३६६ समेत ६५२ वटा योजनाहरूको लागि रु.१ अर्व ५९ करोड १४ लाख, खानेपानी तथा भवन निर्माणतर्फ रु.५० लाखसम्मका १ हजार ३५९ योजनाको लागि रु.१ अर्व ८४ करोड ५१ लाख र सिंचाईतर्फ रु.५ लाख भन्दामुनिका ५४, रु.५ देखि १० लाखसम्मका ३०, रु.१० देखि ३० लाखसम्मका २९५ र रु.३० देखि ५० लाख सम्मका १०८ समेत ४८७ वटा योजना कार्यान्वयन भएका छन् । दिगो विकासमा टेवा पुग्ने योजनाहरू छनौट गरी कार्यान्वयन गर्नुपर्दछ ।

१८. **निर्णय अभिलेख -** मन्त्रालयले कार्यसम्पादनको सिलसिलामा सिर्जना भएका, भविष्यमा प्रयोगमा ल्याउन सकिने तथा प्रमाणका रुपमा रहने, तथ्य वा सूचनाहरू अद्यावधिक अभिलेख राख्नु पर्दछ । मन्त्रालयले मातहत कार्यालय तथा निकायबाट म्याद थप तथा भेरिएसनको लागत अनुरोधभै आएका विषय तथा मन्त्रालयसँग सरोकार राख्ने विषयमा गरेको निर्णय सम्बन्धमा अद्यावधिक अभिलेख राखेको छैन। अभिलेख व्यवस्थापनमा सुधार गरिनु पर्दछ।

१९. **निर्माण स्थल -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माणस्थल व्यवस्था नभई निर्माणस्थलबाट हटाउनुपर्ने रुख विरुवा संरचना हटाउने सुनिश्चित नभई तथा प्रचलित कानुन बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको स्वीकृत नगराइ बोलपत्र आव्हान गर्न नहुने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ र दफा ६(४) बमोजिम आयोजना छनोट र रकम विनियोजन गर्नुपर्दछ। यस वर्ष छनोट भएका कार्यक्रम मध्ये डि.पि.आर नगरी, आयोजनास्थल पहिचान नभई, अन्य निकायबाट सञ्चालन हुने योजनामा विनियोजन भई तथा गत विगतमा सम्पन्न भएका योजनाहरूमा समेत रकम विनियोजन गरेको कारण यस मन्त्रालय अन्तर्गत पर्ने १२४ योजनामा विनियोजन भएको रु.१२ करोड ९६ लाख ९५ हजारका योजना कार्यान्वयन भएको छैन। आयोजना स्थल सुनिश्चित गरेर मात्र बजेट विनियोजन गरिनुपर्दछ । यससम्बन्धी व्यहोरा यस प्रकार छन्:

१९.१. सडक पूर्वाधार कार्यालय अर्घाखाँचीले निर्माण स्थलको छनौट, रुख कटान□मुआब्जा विवाद समाधान एवं वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत वेगर वागी खोला सोते पुल २०७९।३।३० सम्म निर्माण गर्ने गरी २०७७।१२।२० मा रु.२ करोड १४ लाख ४५ हजारमा सम्झौता गरेकोमा हालसम्म समस्या समाधान नभएको भनी पुल निर्माण कार्य सुरु गरेको छैन ।

१९.२. शहरी विकास तथा भवन डिभिजन कार्यालय दाङले घोराही १३ मा शवदाह स्थल तथा क्रियापुत्री भवन निर्माणको लागि एक निर्माण व्यवसायीले कवोल गरेको रु.५५ लाख ७३ हजारमा २०७७।३।१५ भित्र सम्पन्न गर्नेगरी २०७६ वैशाख ७ मा सम्झौता भई निर्माण व्यवसायीलाई रु.१० लाख पेस्की दिएकोमा निर्माणस्थलमा विवाद भई काम रोकिएको छ। मिति २०७८।७।३० सम्म अवधि रहेको रु.१२ लाख ५२ हजारको कार्यसम्पादन जमानतको म्याद समाप्त भए पनि कार्य सम्पादन जमानत तथा ठेक्काको म्याद थप भएको छैन ।

१९.३. शहरी विकास तथा भवन कार्यालय रुपन्देहीले तिलोत्तमा रिङ्गरोड स्तरोन्नती कार्यको लागि एक निर्माण व्यवसायीसँग रु.१ करोड ७३ लाख ८३ हजारमा २०७७।२।३२ सम्म कार्य सम्पन्न गर्ने गरी २०७६।१०।२६ मा सम्झौता भएकोमा रु.१ करोड ६१ लाख ७ हजार भुक्तानी दिएको छ । सम्झौता गर्दा लम्वाई ३ हजार ७०० मीटर र चौडाई ५ मीटर सडक स्तरोन्नति गर्ने गरी सम्झौता भएको छ । अन्तिम विल भुक्तानी कामको नापी परीक्षण गर्दा गणेशनगर (लागत अनुमानभित्रको काम) मा ०+८७५ देखि २+७२२ चेनेज सम्म १ हजार ८४७ मी. र दिङ्गनगर (लागत अनुमान भन्दा वाहिरको नयाँ काम) मा ०+००० देखि २+७४६ चेनेज सम्म २ हजार ७४७ मीटर गरी कुल ४ हजार ५९४ मीटर र चौडाइ ३.५ मीटर देखि १०.७ मीटर सम्म काम गराई भुक्तानी भएको छ। फरक चेनेजमा काम गराउदा कामको परीमाणमा पर्न गएको असर मूल्यांकन गरेको छैन । शुरु सम्झौता अनुसारको स्थानमा सडक दायाँ वायाँको क्षेत्र स्पष्ट नहुदाँ फरक चेनेजमा काम गराएको कार्यालयको भनाई छ । सडकको दायाँ वायाँको क्षेत्र स्पष्ट नगरी वोलपत्र गर्ने कार्य नियमावलीको व्यवस्था विपरित देखिन्छ ।

२०. **वित्तीय जिम्मेवारी र जवाफदेहिता -** लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४६ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा उल्लेख छ । सो अनुसार योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन निकाय प्रमुख, मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फर्स्यौट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृत, केन्द्रीय आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गरे नगरेको जाँचवुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृत र विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी कार्यालय प्रमुख र मन्त्रालयको हकमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख छ । ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गर्नु गराउनुपर्दछ ।

२१. **कन्टिन्जेन्सी खर्च -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (१) अनुसार कार्यालयले निर्माण कार्यको लागत अनुमान तयार गर्दा ४ प्रतिशत कन्टिन्जेन्सी खर्च समावेश गरी खर्च गर्न सक्ने व्यवस्था छ । मन्त्रालय अन्तर्गत सडक पूर्वाधार विकास कार्यालय, खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरू, शहरी विकास तथा भवन निर्माण र जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयहरू समेत ३१ कार्यालयले रु.१८ करोड १४ लाख कन्टिन्जेन्सी खर्च गरेका छन्। जुन कुल पूँजीगत खर्च रु.१५ अर्व ५१ करोड ५४ लाखको १.१६ प्रतिशत हुन आउँछ। कन्टिन्जेन्सी खर्च सम्बन्धमा देखिएका व्यहोराहरू निम्न अनुसार छन् :

२१.१. कार्यालयहरूले कन्टिन्जेन्सी खर्चको अभिलेख आयोजनागत रूपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयहरूले आयोजनागत रुपमा नराखी कार्यालयगत रुपमा कन्टिन्जेन्सी खर्चको अभिलेख राख्ने गरेबाट कुन आयोजनामा कति कन्टिन्जेन्सी खर्च भयो यकिन गर्न सकिएन भने आयोजनाको कन्टेन्जेन्सि खर्च सोही आयोजनाको नापी किताबमा समेत उल्लेख गर्नुपर्नेमा नगरेबाट कुल आयोजनाको खर्च यकिन गर्न सकिएन।

२१.२. कार्यालयले कन्टिन्जेन्सी रकम खर्च गर्दा कार्यविधि बनाइ गर्नुपर्नेमा सो बेगर खर्च गर्ने गरेको र खर्च गर्दा नियमित बजेटमा रकम व्यवस्था गरिएका खर्च शीर्षकहरू कार्यालय सामान, मर्मत, भ्रमण खर्च,

इन्धन जस्ता कार्यमा समेत कन्टिन्जेन्सीबाट खर्च गर्ने गरेको छ। जसबाट कन्टिन्जेन्सी खर्चमा पर्याप्त नियन्त्रण भएको छ भन्न सकिएन। कन्टिन्जेन्सी खर्च गर्दा कार्यविधि बनाई खर्च गर्नु पर्दछ ।

२१.३. निजामती सेवा ऐन, २०४९ को दफा ३६(७.ग) मा निजामती कर्मचारीले गर्नुपर्ने कामका लागि कुनै पनि व्यक्तिलाई करारमा नियुक्ति गर्न नहुने उल्लेख छ । भौतिक पूर्वाधार विकास मन्त्रालयको २०७७।४।१५ को मन्त्रीस्तरको निर्णयअनुसार सडक पूर्वाधार विकास कार्यालयहरूबाट संचालित हुने सडक पुल निर्माण कार्यमा प्राविधिक सहयोग प्रदान गरिरहेका ईन्जिनियरहरूलाई स्थानीय सडक पुल सुपरीवेक्षकको रुपमा कामकाज लगाउन सकिने निर्णय गरी सडक पूर्वाधार विकास कार्यालय रोल्पाले यस वर्ष ६ ईन्जिनियर र सब ईन्जिनियर करारमा सुपरिबेक्षण गर्न नियुक्ति गरी कन्टिन्जेन्सीबाट रु.२४ लाख ४६ हजार, अर्घाखाँचीले दुई इन्जिनियरको रु.१३ लाख ५६ हजार, वाँके र रुपन्देहीले ६ इन्जिनियर र ६ ओभरसियरको रु.६९ लाख ८ हजार समेत रु १ करोड ७ लाख १० हजार खर्च लेखेको छ । सुपरिवेक्षण गर्ने कार्य कार्यालयको कर्मचारीवाट गराउन नसकिने पुष्टयाई वेगर करारमा कर्मचारी राख्ने कार्य उपयुक्त देखिएन ।

२२. **गुणस्तर परीक्षण तथा नियन्त्रण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ को उपनियम १ को खण्ड (ङ) अनुसार ठेक्का सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण तथा परीक्षण हुनुपर्ने व्यवस्था छ । भौतिक पूर्वाधार विकास मन्त्रालय र अन्तर्गत रहेका सडक पूर्वाधार विकास, जलश्रोत तथा सिंचाइ, खानेपानी तथा सरसफाई र भवन तथा शहरी विकाससँग सम्बन्धित कार्यालयहरूले यस वर्ष निर्माण कार्यमा रु.१५ अर्ब ५१ करोड ५३ लाख खर्च गरेका छन् । आफ्नै प्रयोगशाला वा अन्य कार्यालयहरूको प्रयोगशालाबाट स्पेशिफिकेसन अनुसारको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गर्नु पर्नेमा पूर्वाधार विकास कार्यालयहरूले केही मात्रामा आफ्नै प्रयोगशालाबाट गुणस्तर परीक्षण गरेको पाइए पनि अन्य कार्यालयहरूको प्रयोगशाला नरहेको र गुणस्तर परीक्षण पनि नगराएको स्थिति छ । प्रदेश स्तरमा गुणस्तर परीक्षणको आधार निर्धारण गरेको छैन । परीक्षण गरिएकोमा पनि सिलबन्दी नगरेका खुल्ला नमुनाबाटै परीक्षण गराउने गरेको देखिदा गुणस्तर प्रति विश्वस्त हुन सक्ने आधार देखिएन। यस सम्बन्धी केही व्यहोरा यस प्रकार छन्;

२२.१. पूर्वाधार विकास कार्यालय कपिलवस्तुले वेलवास -बेथरी सडक बाटो पिच समेत एम २०/२० प्रिकास्ट र १२ एम एम मोटो क्युव (कर्वेचर) राखे कार्य ३ प्याकेज बनाई विभिन्न ३ निर्माण व्यवसायीसँग सम्झौता गरेकोमा एक निर्माण व्यवसायीले कर्वेचर निर्माणको कार्य नगरेको, २ निर्माण व्यवसायीले काम गर्दा एउटै फर्मबाट क्यूव (कर्वेचर) खरीद गरी प्रयोग गरेकोमा पुलचोक क्याम्पसको २०७७।१०।११ को गुणस्तर परीक्षणबाट ब्रेकिङ स्ट्रेन्थ २० भन्दा बढी हुनुपर्नेमा कम भएको देखिदा एक व्यवसायीको रु २५ करोड ५७ लाख ९ हजारको भुक्तानीमा कर्वेचर वापतको रु.१ करोड ९ लाख असुल गरेको छ । उक्त रकमबाट उक्त कर्वेचर फेर्ने वा हटाउने काम गरेको छैन । अर्को एक निर्माण व्यवसायीको रु.२१ करोड ६ लाख ९७ हजारको भुक्तानीमा कर्वेचरको रु.८१ लाख ७ हजार भुक्तानी भएकोमा गुणस्तर परीक्षण गरेको छैन । एउटै फर्मबाट बनाएका कर्वेचर एउटामा गुणस्तरयुक्त नदेखिएको भनी रकम असुल गरेकोले अर्कोमा पनि सोही गुणस्तरको रहेको हुँदा उक्त रकम असुल गरी उक्त स्थानमा गुणस्तरयुक्त कर्वेचर राखि काम

गराउन पर्दछ । गुणस्तरहीन सामान प्रयोग गरेकोमा निर्माण व्यवसायीलाई र गुणस्तर परीक्षण विनै भुक्तानी भएकोमा प्राविधिकलाई समेत जिम्मेवार बनाउनु पर्दछ।

२२.२. खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय रुपन्देहीले रु.७ करोड २० लाख ६६ हजार सम्झौता रकमको स्मार्ट रिफ्रेश सेन्टर निर्माण, भवन निर्माण, ओभरहेड टैंकी निर्माण कार्य गर्दा गुणस्तर परीक्षणका लागि सम्झौतामा उल्लेख गरेतापनि निर्माण व्यवसायीले सम्झौता अनुसार डण्डी, सिमेन्ट, गिट्टी, वालुवा, ढुङ्गा, क्रंक्रिट क्यूव, जि.आई.तार, पाइप फिटिङ्गस आदिको गुणस्तर परीक्षण गराएको छैन्।

२२.३. राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२ मा खानेपानीको गुणस्तर मापदण्ड तोकिएको छ । खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयले रुपन्देहीले खानेपानी डिप बोरीङ् निर्माण कार्यको सम्झौता गर्दा बि.ओ.क्यु. मा पानीको गुणस्तर परीक्षणको आइटम राखि सम्झौता गरेको छ। यस कार्यालयले यो वर्ष गरेका बिभिन्न ८ योजनाको गुणस्तर परीक्षण प्रतिवेदन माग गर्दा प्राप्त हुन आएन। गुणस्तर परीक्षण नभएबाट तोकिएको मापदण्ड अनुसार पानीको गुणस्तर भए वा नभएको यकिन हुन सकेन । सम्झौता अनुसार सरकारी एवम् विश्वसनिय ल्यावहरूबाट निर्माण सामग्री,निर्माण कार्य र खानेपानीको गुणस्तर परिक्षण गराउने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

२३. **पूर्वनिर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा निर्माण व्यवसायिको ढिलाइको कारणबाट खरिद सम्झौता वमोजिम तोकिएको अवधिमा कार्य सम्पन्न हुन नसकेमा सार्वजनिक निकायलाई पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ। सम्झौता अवधि समाप्त भएको तथा म्याद थप नभएको अवस्थामा भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतका सात कार्यालयले रु.१ करोड ६७ लाख पूर्व निर्धारित क्षतिपूर्ति रकम असुल नगरी भुक्तानी दिएकोले उक्त रकम असुल गर्नुपर्ने देखिन्छ। यसरी भुक्तानी भएका प्रमुख व्यहोराहरू यस प्रकार छन्:

२३.१. सडक डिभिजन कार्यालय रुपन्देहीले ४ निर्माण कार्यको निर्माण व्यवसायीबाट सम्झौता अनुसार असुल गर्नु पर्ने पूर्व निर्धारीत क्षतिपुर्ति रु.५ लाख ४७ हजार असुल नगरी भुक्तानी दिएको छ।

२३.२. सडक पूर्वाधार विकास कार्यालय रोल्पाले त्रिवेणी गाउँपालिका पहुँच मार्ग प्रिमिक्स कार्यका लागि एक निर्माण व्यवसायीसँग रु.२ करोड ४२ लाख ७२ हजारमा म्याद थप समेत २०७७ मंसीर मसान्तसम्म निर्माण कार्य सम्पन्न गर्ने गरी २०७६।९।३ मा सम्झौता भएकोमा रु ९७ लाख ३ हजार भुक्तानी दिएको छ । २०७७ मंसिर मसान्तमा म्याद समाप्त भएकोमा तत्पश्चात म्याद थप भएको छैन् भने निर्माण व्यवसायीले काम समेत गरेको छैन् । दोस्रो रनिङ्ग विलको भुक्तानी गर्दा १० प्रतिशतले हुने रु.२४ लाख २७ हजार असुल गर्नुपर्नेमा कार्यालयले २ दिनको रु.२४ हजार मात्र असुल गरेकोले बाँकी रु.२४ लाख ३ हजार असुल गरी सम्झौता बमोजिम कार्य सम्पन्न गराउनु पर्दछ ।

२३.३. जलस्रोत तथा सिचांई विकास डिभिजन कार्यालय रुपन्देहीले कवोल अंक रु.५ करोड ७३ लाख ३१ हजार रहेको झिम्झिमे सिंचाई योजना, ईटिया कुलो सिंचाई योजना र बगाहा बाँध सिंचाई योजना समेत ३ निर्माण कार्यको म्याद २०७४ मा समाप्त भएकोमा म्याद थप समेत नभएको र हालसम्म कार्य सम्पन्न समेत नगरेकोले सम्झौता अनुसार १० प्रतिशतले हुने रकम रु.५७ लाख ३३ हजार

पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरी सम्झौता बमोजिम बाँकी काम निर्माण व्यवसायीबाट सम्पन्न गराउनु पर्दछ ।

२३.४. खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय रुपन्देहीले रु.६ करोड १० लाख ३६ हजारका ९ ठेक्काको म्याद प्रथम पटक २०७७।१२।२५ सम्म थप गरेकोमा निर्माण कार्य नगरेको र तत्पश्चात निर्माण व्यवसायीले म्याद थपको लागि निवेदन दिएको प्रमाण पेस भएन । निर्माण व्यवसायीले आंशिक कार्य गरी म्याद थप पछी कार्य नगरेको र दोश्रो पटक म्याद थप समेत नभएकोले नियमानुसार १० प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति रु.६१ लाख ३ हजार असुल गरी सम्झौता बमोजिमको बाँकी काम सम्पन्न गराउनु पर्दछ ।

२३.५. खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय बाँकेले सम्झौतामा तोकेको म्याद र थप अवधिमा समेत कार्य सम्पन्न गर्न नसक्ने ३ निर्माण ब्यवसायीबाट रु.८ लाख २३ हजार पुर्वनिर्धारीत क्षतिपुर्ति असुल गर्नुपर्नेमा गरेको देखिएन। सम्झौता अनुसार पुर्वनिर्धारित क्षतिपुर्ति रकम असुल गर्नु पर्दछ ।

२४. **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) अनुसार ५ लाख देखी रु.२० लाख सम्मको निर्माण एवं खरिद कार्य सिलवन्दी दरभाउपत्रको माध्यमबाट र नियम ३१ अनुसार रु.२० लाख भन्दा बढीको कार्य बोलपत्रको माध्यमबाट र नियम ७२ अनुसार रु.२० लाख सम्मको परामर्श सेवा ३ देखि ६ आशयपत्रदाता संग प्रस्ताव माग गरी र रु.२० लाख भन्दा बढी नियम ७१ अनुसार प्रतिस्पर्धा गराई गराउनु पर्ने व्यवस्था छ । यो वर्ष १० कार्यालयले प्रतिस्पर्धाबाट गराउनुपर्ने रु.६ करोड ५८ लाखको काम सोझै गराएको नियमित देखिएन । साथै खरिद गरेको स्थिति यस प्रकार छ;

२४.१. शहरी विकास तथा भवन कार्यालय बाँकेले विभिन्न कार्यालयहरूको मर्मत सम्भारको काम सोझै टुक्रा टुक्रा गराई रु.१ करोड ६२ लाख खर्च लेखेको छ ।

२४.२. सडक पूर्वाधार विकास कार्यालय बाँके र बर्दियाले टुक्रा टुक्रा पारी प्रतिष्पर्धा वेगर सोझै निर्माण कार्य गराई रु ६५ लाख ४३ हजार भुक्तानी दिएको छ ।

२४.३. जलश्रोत तथा सिचाई विकास डिभिजन कार्यालय प्यूठान ,बाँके र बर्दियाले परामर्शदाताबाट परामर्श सेवाको खरिद गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु.५२ लाख २६ हजार खर्च लेखेका छन्।

२४.४. खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय रुपन्देहीबाट प्राप्त विवरणमा ११ परामर्शदाताबाट परामर्श सेवाको खरिद गर्दा प्याकेज बनाई प्रतिस्पर्धाबाट खरिद गर्न सकिनेमा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु.१ करोड ४७ लाख ७३ हजार खर्च लेखेको छ।

२४.५. खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, प्यूठानले परामर्शदाताबाट परामर्श सेवाको खरिद गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु.१ करोड १ लाख खर्च लेखेको छ । बोलपत्रको माध्यमबाट प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्दछ ।

कार्यालयले आन्तरिक जनशक्तिबाट नै परामर्श सम्बन्धी कार्य सम्पादन गर्ने वा वोलपत्रको माध्यमबाट प्रतिष्पर्धात्मक तवरले परामर्श सेवा खरिद गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

२५. **मूल्य समायोजन बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ मा मूल्य समायोजन सम्बन्धी व्यवस्था रहेको छ । सडक विभाग मातहत योजना तथा कार्यालयहरूले बिभागले निर्णय गरी लागू गरेका व्यवस्थाहरू पालना गर्नुपर्दछ । सडक विभागले २०७०।४।२ मा तत्कालै देखि कार्यान्वयनमा ल्याउने गरी गरेको परिपत्रमा मूल्य समायोजन सम्बन्धी विशेष शर्त तयार गर्दा दातृनिकायको लगानी रहेको आयोजनाहरूको लागि समेत रनिङ्ग बिलबाट मोबिलाईजेशन पेस्की बापतको रकम घटाई कायम हुने विल रकममा मात्र मूल्य समायोजन बापतको रकम भुक्तानी दिन सकिने व्यवस्था राख्नुपर्ने गरी निर्देशन गरेको देखिन्छ । यस सम्बन्धमा देखिएका थप व्यहोराहरू निम्नानुसार छन्:

२५.१. सडक पूर्वाधार विकास कार्यालय, कपिलवस्तुले दुई निर्माण व्यवसायीलाई पेस्की रकम रु.४ करोड ३५ लाखमा मूल्य समायोजन भुक्तानी गरी रु.५९ लाख ७४ हजार र पूर्वाधार कार्यालय रुपन्देहीले रु.३३ लाख ८७ हजार भुक्तानी गर्दा रु.१ लाख ५६ हजार समेत रु.६१ लाख ३० हजार थप व्ययभार पारेको छ ।

२५.२. सिँचाइ डिभिजन कार्यालय, बर्दियाले कोथर्निया लगनीय सिँचाई योजनाका निर्माण व्यवसायीलाई मोबिलाईजेशन पेस्की नघटाई मूल्य समायोजन भुक्तानी दिदा रु.९ लाख ५५ हजार थप व्ययभार पारेको छ ।

२५.३. खरिद सम्झौताको विशेष अवस्थाको शर्त नं ५३.१ मा मूल्य समायोजनको विषय लागु नहुने उल्लेख भएकोमा खानेपानी डिभिजन कार्यालय, रुपन्देहीले दानपुर खानेपानी आयोजना, झिमझिमे फुलबारी खानेपानी आयोजना, पडसरी -२ खानेपानी आयोजना, सैनामैना -१ खानेपानी आयोजना समेत ४ मा ४५० घन मीटर. ओभरहेड टैंक निर्माण गर्दा निर्माण व्यवसायीलाई मूल्य समायोजन वापत रु १७ लाख २६ हजार भुक्तानी दिएकोले उक्त रकम असुल हुनुपर्दछ ।

२५.४. सिंचाई डिभिजन कार्यालय रुपन्देहीले छत्तीसमौजा सिंचाई योजना मुख्य नहर र छत्तीसमौजा सिंचाई योजना सहायक नहर तथा अन्य संरचना कार्यका २ ठेक्कामा निर्माण सामग्रीको लागि प्रयोग भएको अन्तिम सूचांक २०१९।२० जुन जुलाईको १०२.५ को प्रयोग गर्नुपर्नेमा १०३.४ को प्रयोग गरी रु.२ लाख ७५ हजार वढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।

२६. **चौमासिक तथा असार महिनाको खर्च -** लुम्बिनी प्रदेश आर्थिक कार्याविधि ऐन, २०७४ को दफा १८ मा चौमासिक वाडफाँड अनुसार खर्च गर्नुपर्ने र सो अनुसार खर्च नहुने देखिएमा दोस्रो चौमासिकको अन्तमा बजेट समर्पण गराउन पर्ने व्यवस्था छ । त्यसैगरी आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा चौमासिक रुपमा कार्यक्रम सञ्चालन गरी प्रगति प्रतिवेदन तयार गर्नुपर्ने र कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम अनुसार चौमासिकमा तोकिए अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत सडक पूर्वाधार,सिंचाई,खानेपानी र शहरी विकास कार्यालय समेत १९ कार्यालयबाट यो वर्ष रु.९ अर्ब ४२ करोड ७५ लाख ९७ हजार खर्च गरेकोमा प्रथम चौमासिकमा रु.८२ करोड १२ लाख ३८ हजार (८.७२ प्रतिशत), दोस्रो चौमासिकमा रु.२ अर्ब ३२ करोड ४८ हजार ४८ लाख ७७ हजार (२४.६६ प्रतिशत) र तेस्रो चौमासिकमा रु.६ अर्ब २८ करोड १४ लाख ८२ हजार (६६.६२

प्रतिशत) खर्च गरेको देखियो। कुल खर्च मध्ये असारमा मात्र रु.४ अर्ब ६७ करोड ३६ लाख ३० हजार (४९.५७ प्रतिशत) खर्च गरेको छ । आर्थिक वर्षको अन्तमा अधिक खर्च गर्दा कामको गुणस्तरमा समेत प्रभाव पर्ने देखिन्छ । निर्माण कार्यलाई व्यवस्थित, गुणस्तरीय र मितव्ययी बनाउन निर्धारीत अवधिमा तोकिएको काम सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

सडक पूर्वाधार विकास कार्यालयहरू

२७. **लागत अनुमान स्वीकृति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४ बमोजिम एक करोड देखि पाँच करोड रूपैंयासम्मको निर्माण कार्यको लागत अनुमान रा.प. द्वित्तीय श्रेणी र पाँच करोड देखि १० करोड रूपैंयासम्मको लागत अनुमान राजपत्राङ्कित प्रथम श्रेणीको कार्यालय प्रमुखबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ। सडक पूर्वाधार विकास कार्यालय, दाङले १ करोड रूपैंया माथिका तीन योजनाको लागत अनुमान रु.६ करोड ४५ लाख राजपत्राङ्कित तृतीय श्रेणीको कार्यालय प्रमुखबाट र पाँच करोड माथीका दुइ योजना रु.१८ करोड ५८ लाखको लागत अनुमान रा.प.द्वितीय श्रेणीबाट स्वीकृत गरेको नियमीत देखिएन । सीमाभित्र रही लागत अनुमान स्वीकृत गर्नुपर्दछ।

२८. **निस्कृय बजेट -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ (१) मा आफ्नो कार्यालयको बजेट लक्ष्य अनुसार खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था छ । त्यस्तै लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यमकालिन खर्च संरचना तयार गरी सोही अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ । सडक पूर्वाधार विकास कार्यालय दाङले निर्माण कार्य गर्न प्राप्त रु.७ करोड ८३ लाख ९१ हजार कार्यक्रम सञ्चालन नगरी बजेट निस्कृय राखेको छ। बजेट विनियोजन गरी आयोजना कार्यान्वयन नगर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

२९. **म्याद थप -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६(२) मा कावु बाहिरको परिस्थितिमा नियमावलीको नियम १२० बमोजिमको काम समयमै सम्पन्न गर्न भरमग्दुर प्रयास गरेको थियो वा थिएन, कार्यालयले उपलव्ध गराउनु पर्ने कुरा उपलव्ध गराएको थियो वा थिएन, काबु बाहिरको परिस्थितिको कारणबाट काममा ढिलाई भएको हो वा होइन भन्ने विषयमा विश्लेषण गर्नुपर्ने व्यवस्था छ। सडक पूर्वाधार विकास कार्यालय, दाङले यस वर्ष १२० ठेक्का सञ्चालन गरेकोमा ३१ ठेक्काको म्याद थप सचिवस्तरीय निर्णयबाट भएको छ। म्याद थप भएका ठेक्काहरू ३ महिनादेखि १२ महिना अर्थात् शतप्रतिशत अवधिसम्म थप गरेको देखिन्छ। म्याद थप गर्दा ऐनको दफामा उल्लेख गरेका व्यहोरा स्पष्ट खुलाउने गरेको छैन। जसबाट म्याद थपको आधार उचित थियो थिएन मूल्यांकन गर्न सकिएन । म्याद थप भएका कतिपय ठेक्काहरू उक्त म्याद समाप्त हुँदा समेत अधुरो रहेका छन्। खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार निर्माण कार्य सम्पन्न गराउनुपर्दछ ।

३०. **नन्फाइलर -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ ।सडक पूर्वाधार विकास कार्यालय दाङले बिभिन्न ९ फर्मलाई मूल्य अभिबृद्धि कर रु.१९ लाख ९७ हजार समेत रु.१ करोड ७३ लाख ५६ हजार भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरू कर विवरण नबुझाई नन्फाईलर रहेको

देखिदा भुक्तानी दिएको मूल्य अभिवृद्धि कर रु.१९ लाख ९७ हजार कर समायोजनको प्रमाण पेस गर्नुपर्दछ ।

३१. **विस्तृत परियोजना प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा विस्तृत परियोजना प्रतिवेदन सम्बन्धी व्यवस्था छ । सडक पूर्वाधार विकास कार्यालयले रोल्पा जिल्लाको वागदुला-बहाने-सौलिवाङ्ग सडक (अधेरी खोला- वहाने खण्ड) को चेनेज ०+००० देखि ३+३८८ सम्मको सडक निर्माण कार्यका लागि परामर्शदाताले पेस गरेको विस्तृत परियोजना प्रतिवेदनमा योजनाको लागत अनुमान रु.२२ करोड ६५ लाख ३८ हजार तयार गरेको छ । कार्यालयबाट सडक विभागको स्वीकृत नर्म्स तथा स्पेशिफिकेशन र चालु आ.व. को जिल्ला दररेट अनुसार परिक्षण गर्दा रु.९ करोड ८७ लाख ३८ हजार लाग्ने देखिएको छ । मन्त्रालयबाट तयार गरिएको उक्त योजनाको विस्तृत लागत अनुमान अस्वभाविक देखिएकोले परामर्श सेवा खर्च लेख्रे उद्देश्यले मात्र डि. पि. आर. तयार गरेको होइन भन्न सकिएन । यसरी परामर्श सेवाको लागत अनुमान तयार गर्ने पदाधिकारीलाई सचेत एवं जिम्मेवार बनाउनुपर्दछ ।

३२. **थप व्ययभार -** वागदुला-बहाने-सौलिवाङ्ग सडक (अधेरी खोला- वहाने खण्ड) को चेनेज ०+००० देखि ३+३८८ सम्मको कालोपत्रे निर्माण कार्यका लागि एक निर्माण व्यवसायीसँग रु.५ करोड १२ लाख ४७ हजारमा २०७९।५।३० सम्म सम्पन्न गर्ने गरी २०७८।३।१६ मा सम्झौता भएको छ। उक्त स्थानमा २०७६।७७ मा सव वेशको कार्य सम्पन्न भएकोमा २०७७।७८ मा पुनः सोही ठाउँमा सव वेश देखि सडक पीच सम्मको कार्य गर्न ठेक्का लागेकोमा सव वेसका लागि कवोल अंक रु.४२ लाख ६८ हजार लाग्ने उल्लेख गरेको छ । आ.व. २०७६।७७ मा सव वेश आइटममा रु.२६ लाख १५ हजार भुक्तानी भएकोमा अन्तिम ठेक्कामा सोही काममा पुनः रु.४२ लाख ६८ हजार राखी सम्झौता गरेको कारण रु.२६ लाख १५ हजार थप व्ययभार परेकोले उक्त रकम असुल हुनुपर्दछ ।

३३. **डि पि आर प्रतिवेदनको विश्वसनीयता -** सार्वजनिक खरिद ऐन, २०६३ दफा तथा सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम निर्माण कार्यको लागत अनुमान तयार गर्दा काम गराउने क्षेत्र र स्थान समेत वार्षिक कार्यक्रम निश्चित गरी सो स्थानमा गरिने कामको विवरण तयार गरी लागत अनुमान स्वीकृत गराई खरिद कार्य गरिने व्यवस्था छ । सडक पूर्वाधार विकास कार्यालय कपिलवस्तुले चाकर चौरा-पिपरा-गौरा-सिसहनियाकोट सडकको सुरू इष्टिमेट अनुसार १२ किलो मिटर सडक निर्माणको लागि रु.३१ करोड १९ लाख ९६ हजार लागत अनुमान तयार गरेको छ । उक्त सडक निर्माणको लागि २०७४।३।१९ मा एक निर्माण कम्पनीसँग रु.२४ करोड १३ लाख ९३ हजारमा २०७६।१२।१८ मा सम्पन्न गर्ने गरी सम्झौता भएको छ । कालोपत्रे गराउँदै जादा सडकको कुल लम्बाई १०.१ किलो मिटर मात्र फेला परेको कारण १७.६४९ प्रतिशत घटी हुने गरी सचिवस्तरबाट भेरिएसन स्वीकृत गराई अन्तिम भुक्तानी दिएको पाइयो । सडकको विस्तृत आयोजना प्रतिवेदनमा उल्लेख भएको लम्वाई भन्दा कम काम गर्नुपर्ने लम्बाइ रहेको हुँदा स्थलगत अध्ययन प्रतिवेदन यथार्थपरक देखिएन ।

शहरी विकास तथा भवन डिभिजन कार्यालयहरू

३४. **भवन संहिताको कार्यान्वयन -** भूकम्पपछि परिवर्तित अवस्थामा नयाँ बन्ने भवन तथा अन्य पूर्वाधारलाई भूकम्प प्रतिरोधी बनाउन आचारसंहिता लागू हुने नगरपालिका तथा गाउँपालिकामा नयाँ घर बनाउँदा अनिवार्य रूपमा नक्सा पास गर्नुपर्ने, घरको उचाई र तला अनुसार माटो परीक्षण गर्नुपर्ने निजी, सरकारी तथा अर्धसरकारी सबै घर निर्माणका लागि निश्चित मापदण्ड तोकिएको छ । निजी घर बनाउँदा सडकबाट डेढमिटर पर निर्माण गर्नुपर्ने, पर्खाल अधिकतम चार फिट अग्लोसम्म बनाउन सक्ने र चार फिटभन्दा माथि बढीमा ३ फिटसम्म जाली राख्न सक्ने व्यवस्था छ । निर्माण गरिने पर्खाल सडकछेउमा भए कम्तीमा डेढ मिटर सेट ब्याक छाड्नुपर्ने र अनिवार्य नक्सापास गरेको हुनुपर्ने विषय भवन संहिता, २०७७ मा उल्लेख छ । शहरी विकास तथा भवन डिभिजन कार्यालय दाङले भवन संहिता पूर्ण रुपमा कार्यान्वयन गरेको छैन । भवन संहिताको पालना गर्नुपर्दछ ।

३५. **लागत अनुमान स्वीकृती एवं दोहोरोपना** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४ मा लागत अनुमान स्वीकृत गराउनु पर्ने व्यवस्था छ । शहरी विकास तथा भवन डिभिजन कार्यालय दाङले तुलसीपुरमा शवदाह गृह निर्माण कार्यको लागि रु.१ करोड ८१ लाख २४ हजारको लागत अनुमान तयार गरेकोमा स्वीकृत गरेको छैन ।बोलपत्र मार्फत उक्त शवदाह निर्माण २०७७।११।१८ भित्र सम्पन्न गर्न एक विल्डर्ससँग रु.६७ लाख ४२ हजारमा सम्झौता भएकोमा सम्झौता अनुसार कार्य नगरी २०७८।५।१८ सम्म म्याद थपको निवेदन दिएकोमा निवेदन पेस गरेको १४१ दिन पश्चात स्वीकृत गरेको छ ।

निर्माण व्यवसायीले २०७७।७८ मा रु.५८ लाख २८ हजारको कार्य गरी उक्त काम अधुरै राखेकोमा पुनः सोही निर्माण व्यवसायीसँग रु.२८ लाख १५ हजारमा २०७८।७।१५ भित्र सम्पन्न गर्ने गरी अर्को सम्झौता गरेको छ । पहिलो ठेक्कामा रहेको सिभिल, शौचालय, विजुली लगायतको कार्य सम्पन्न नगरेको अवस्थामा सोही प्रकृतिको काम कम्पाउण्ड वाल, शौचालय, नदी नियन्त्रण, विद्युत लगायतको कार्य दोस्रो ठेक्कामा रहेकोले काम दोहोरिन सक्ने देखिनुका साथै पहिलो निर्माण सम्पन्न नगर्ने व्यवसायीसँग पुनः सम्झौता गरी कार्य गराएको उचित देखिदैन।

३६. **सम्झौता कार्यान्वयन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सम्झौता कार्यान्वयन सम्बन्धी कार्य योजना र कार्यतालिका तयार गर्नुपर्ने र सुपरीवेक्षण गर्ने सार्वजनिक निकायले सम्झौताका शर्त अनुसार खरिद कार्यान्वयन भए नभएको सुपरीवेक्षण गर्नुपर्ने व्यवस्था छ। शहरी विकास तथा भवन डिभिजन कार्यालय, दाङले पहिरो पिडित सुनछहारी गाउँपालिकामा सामुदायिक भवन निर्माण कार्यको लागि रु.१ करोड ६५ लाख ५२ हजारमा २०७८।१।१४ मा सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७७।३।१५ मा सम्झौता गरेकोमा व्यवसायीले पेस गरेको कार्यतालिका अनुसार २०७८ भित्र सम्पन्न गर्ने रहेको र २०७६।७७ मा रु.२९ लाख पेस्की लगेकोमा कुनै काम गरेको देखिएन । सम्झौता अनुसार काम नगर्ने निर्माण व्यवसायीलाई खरिद सम्झौता अनुसार काम गराउने अन्यथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ अनुसार पेस्की र जमानत जफत गरी कालो सुचिमा राख्न आवश्यक कारवाही गर्नुपर्ने देखिन्छ ।

३७. **कार्यक्रम संशोधन एवं बजेट सुनिश्चितता** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ बमोजिम सार्वजनिक निकायले दश करोड भन्दा रूपैया बढी रकमको खरिद गर्दा खरिद गुरुयोजना र दश लाख रूपैयाँ भन्दा बढीको काम गर्नुपर्दा बार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ मा आवश्यक अवस्था परेमा कार्यक्रम संशोधन गर्न सकिने व्यवस्था छ। शहरी विकास तथा भवन डिभिजन

कार्यालय दाङले रु.४ करोड ७ लाख ४६ हजार लागत अनुमान रहेको प्रादेशिक आयुर्वेद अस्पताल फार्मेशी भवन निर्माण कार्य २०७८।११।३० भित्र सम्पन्न गर्न एक निर्माण व्यवसायीसंग रु.३ करोड ८ लाख ८ हजारमा सम्झौता भएको छ। सुरुमा आयुर्वेद स्वास्थ्य केन्द्र भवन निर्माणको प्रस्ताव भए पनि आयुर्वेद स्वास्थ्य केन्द्र भवन भएको भनी कार्यक्रम संशोधन गरी उक्त फार्मेसी भवनको रुपमा कार्यक्रम संशोधन र बहुबर्षिय गुरुयोजना बनाई बजेट सुनिश्चितता गरी दिन सामाजिक विकास मन्त्रालयलाई २०७६।१०।९ मा पत्राचार गरे पनि कार्यक्रम संशोधन र गुरुयोजना स्वीकृत गरेको पाईएन । गुरुयोजना एवं कार्यक्रम संशोधन स्वीकृति र बजेट सुनिश्चितता वेगर ठेक्का व्यवस्थापन गरी सम्झौता कार्यान्वयन नभएकोमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

३८. **जनता आवास कार्यक्रम -** नेपाल सरकारको स्वीकृत कार्यक्रम र जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ को अधिनमा रहि दलित, विपन्न, मुसलमान, लोपोन्मुख र अति सीमान्तकृत जाति तथा समुदायका विपन्न वर्गलाई भवन निर्माण गरी उपलव्ध गराउन शहरी विकास तथा भवन डिभिजन कार्यालय, बाँकेले यस वर्ष रु.१३ करोड ४७ लाख ६९ हजार निकासा खर्च गरेको छ । कार्यक्रम कार्यान्वयन गर्न यो वर्ष छनौट भएका २०७ परिवार मध्ये १० परिवार छनोटमा विवाद भएकोले १९७ परिवारको लागि मात्र आवास निर्माणका लागि अनुदान रकम उपलव्ध गराएको र १६ परिवारको कार्य सम्पन्न हुन बाँकी रहेको छ ।कार्यविधिले निर्धारण गरे बमोजिम लक्षित वर्ग पहिचान छनौट एवं लाभग्राहिले अनुदान रकमको उपयोग गरे नगरेको सम्बन्धमा कार्यालयले प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरू

३९. **पाइप खरिद मौज्दात -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ बमोजिम खरिद गर्नु अघि सार्वजनिक निकायले आवश्यकता पहिचान गरी विवरण तयार गर्नुपर्दछ । यसैगरी नेपाल सरकार (सचिवस्तर) को २०६२।११।८ को निर्णयमा पाइप तथा फिटिङ्स खरिद गर्दा गत विगतको मौज्दातको विश्लेषण गरी अत्यावश्यक भएमा मात्र खरिद गर्नुपर्ने उल्लेख छ । भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतका ५ खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयले रु.५५ करोड २ लाखका पाइप तथा फिटिङ्स मौज्दात रहने गरी खरिद गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा यस प्रकार छन्;

३९.१. खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय रुपन्देहीबाट प्राप्त विवरण अनुसार गत विगतमा खरिद रू.८ करोड ६ लाख ५० हजारको पाइप तथा फिटिङ्गस मौज्दात रहेकै अवस्थामा यो वर्ष रू.३३ करोड १४ लाख ४४ हजारको पाइप तथा फिटिङ्स खरिद गरेकोमा रू. ३५ करोड ४५ लाख ८६ हजार पाइप तथा फिटिङ्गसमा खर्च गरी आर्थिक वर्षको अन्त्यमा रू.५ करोड ७५ लाख ८ हजारको मौज्दात बाँकी रहेको छ । पुरानो मौज्दातलाई ख्याल गरी उपयोग हुने सुनिश्चित भएपछि मात्र थप खरिद गर्नु पर्दछ।

३९.२. खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय बाँके र प्यूठानले विगतमा पाइप र फिटिङ्स खरिद गरी रू.१९ करोड २८ लाख ५४ हजारको मौज्दात रहेकै अवस्थामा यस वर्ष रू.२९ करोड ८५ लाख ८९ हजारको पाइप तथा फिटिङ्स खरिद गरेका छन् । यसवर्ष पाइप र फिटिङ्स मध्ये रू.२१ करोड २४ लाख १७ हजारको सामाग्री खर्च गरी २०७७।७८ को अन्त्यमा रू. २७ करोड ९० लाख २६ हजार मुल्यका ५ लाख १९ हजार ४८६ मिटर पाईप तथा फिटिङ्स मौज्दात रहेको

छ । संचालित खानेपानी आयोजनाहरूका लागि पुरानो मौज्दातलाई ख्याल गरी उपयोग हुने सुनिश्चित भएपछि मात्र पाइप तथा फिटिङ्स खरिद गर्नुपर्दछ ।

३९.३. खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय दाङ अन्तर्गत संचालित योजनाहरूको लागि गत वर्षको मौज्दात समेत रु.१८ करोड २२ लाख २८ हजारको ७ लाख १२ हजार ३६६ मिटर पाइप आम्दानी भएकोमा रु.१४ करोड ८७ लाख १५ हजार बराबरका ४ लाख ८१ हजार ४२७ मिटर पाइप र ३ करोड ४७ लाख १२ हजार मूल्यका फिटिङ्स सामग्रीहरू जिन्सी शाखाबाट खर्च गरेको देखियो। रु.३ करोड ३५ लाख १३ हजारका २ लाख ३ हजार ९३९ मीटर पाइप र रु.४९ लाख ५७ हजार मूल्य बराबरको फिटिङस् मौज्दातमा रहेको छ। मौज्दात सामग्रीको स्थिति यकिन गरेर मात्र खरिद गर्नुपर्दछ ।

४०. **विनियोजन भन्दा बढी खर्च -** लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १६(२) बमोजिम बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ। खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, बाँकेले योजनामा विनियोजन भएको बजेटबाट कार्यक्रम संशोधन बेगर विभिन्न ३४ योजनामा रु.६ करोड २९ लाख ४५ हजार बढी खर्च लेखेको देखिन्छ। कार्यक्रम बजेटको क्षेत्र बाहिर गई खर्च गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

४१. **पाइप घटी जडान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ उपनियम १ को खण्ड (ख) बमोजिम नापजाँच पश्चात नापी कितावमा भएको वास्तविक कार्यसम्पादन परिमाणका आधारमा मात्र खर्च तथा भुक्तानी लेख्न मिल्ने व्यवस्था रहेको छ । खानेपानी डिभिजन बाँके र प्यूठानले विभिन्न खानेपानी आयोजनाका लागी जिन्सी खातामा खर्च लेखेका पाइपको परिमाण भन्दा नापी किताबमा रु.३ करोड ४ लाख ७४ हजार मूल्यका १ लाख ७४ हजार ४८ मीटर पाईप घटी जडान भएको छ ।डिभिजनले उक्त पाइप आयोजनामा रहेको जनाएको छ ।पाइप जडान सहित कार्यसम्पन्न पेस नभए उक्त रकम असुल गर्नुपर्दछ ।

जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालय

४२. **योजना हस्तान्तरण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) अनुसार उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न पश्चात सार्वजनिक निकायले मर्मत सम्भार र रेखदेख समेतको जिम्मेवारी तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नु पर्नेमा डिभिजन कार्यालय बर्दियाले यस वर्ष सम्पन्न रु.२ करोड ७६ लाख १३ हजारका ७ आयोजना, डिभिजन कार्यालय, अर्घाखाँचीले रु.५ करोड ६६ लाख २९ हजारमा सम्पन्न गरेका ४ आयोजना हस्तान्तरण गरेको छैन। योजनाहरू सम्पन्न पश्चात हस्तान्तरण गर्नुपर्दछ ।

४३. **अधुरा निर्माण -** कार्यालयले निर्माण सन्चालन गरेका भूमिगत जलश्रोत सम्बन्धी कार्यहरूबाट कृषकहरूलाई सिचाई सुविधा पुगेको हुनुपर्दछ ।भूमिगत जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय दाङको अधुरा कार्यहरूको अभिलेख अनुसार गत विगतमा निर्माण भएका तर सम्पन्न हुन नसकेका विभिन्न १२ योजनामा रु.१ करोड ६३ लाख २१ हजार र रकम नखुलेको १ समेत १३ वटा आयोजनाहरू उपयोग हुन सक्ने अवस्थामा रहेको देखिएन । कार्यालयले कार्यान्वयन गरेका योजनाहरू अधुरा रहनुमा विद्युतीकरण तथा पम्पहाउस निर्माणका लागी बजेट विनियोजन नभएकोले

सन्चालन तथा प्रयोग हुन नसकेको जानकारी गराएको छ । आवश्यक बजेट व्यवस्था गरि अधुरा योजनाहरू यथाशिघ्र सम्पन्न गरी उपयोगमा ल्याउनु पर्दछ ।

प्रदेश ऊर्जा कार्यालय

४४. **पोलको उपयोग -** खरिद गरेका निर्माण सामाग्रीहरू सम्बन्धित कार्य वा स्थानमा जडान भएको हुनुपर्दछ । गुल्मी, अर्घाखाँची र पाल्पा जिल्लाका ग्रामीण क्षेत्रमा विद्युतीकरण गर्न रु.७ करोड २५ लाख ७३ हजारमा खरिद गरेको ४ हजार ९२० वटा स्टील ट्यूवलर पोलहरू वितरण गरेकोमा सम्बन्धित कार्यमा जडान भएको नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिएन ।

४५. **कार्यालय स्थापना र खारेजी -** मन्त्रालयले थप कार्यालयहरूको स्थापना गर्दा कार्यालयको प्रकृति तथा कार्यक्षेत्र समेतको आधारमा दिगो एवं स्थायीत्व हुने गरि स्थापना गर्नुपर्दछ । भौतिक तथा पूर्वाधार मन्त्रालयले २०७७।६।२९ मा दाङमा स्थापना गरेको प्रदेश उर्जा कार्यालय एक वर्ष पनि पुरा नभइ २०७८ असारमा खारेज गरेको छ ।स्थापना पश्चात कार्यालयले गुल्मी, अर्घाखाँची र पाल्पा जिल्लाका ग्रामीण क्षेत्रमा विद्युतीकरण गर्न रु.७ करोड २५ लाख ७३ हजारमा खरिद गरेको ४ हजार ९२० वटा स्टील ट्यूवलर पोलहरू खरिद गरी वितरण तथा कपिलवस्तु क्याम्पस र रोल्पामा रु.१० लाख ९३ हजारको शौर्य उर्जा जडान र ब्याकअप आपूर्ति तथा जडान र सञ्चालन खर्च रु.४० लाख ३३ हजार समेत रु.७ करोड ७६ लाख ९९ हजार खर्च पश्चात खारेज भएको छ । आवश्यकनै नपरेको कार्यालय स्थापना गरी थप व्ययभार पारेको देखिएकोले सम्बन्धित मन्त्रालयलाई जिम्मेवार वनाईनु पर्दछ ।

- **बेरुजु स्थिति -** यो वर्ष मन्त्रालयको लेखापरीक्षणबाट रू.३६ करोड ४७ लाख ३४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.७ लाख ३३ हजार फर्स्यौट गरेकोले रू.३६ करोड ४० लाख १ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा संलग्न छ ।

ग्रामीण तथा शहरी विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेश स्तरका सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा र शहरी विकास योजना तर्जुमा, शहरी पूर्वाधार निर्माण, आवास तथा भवन सम्बन्धी योजना कार्यान्वयन, भवन निर्माण प्रविधिको प्रवर्द्धन, प्रदेशस्तरमा राष्ट्रिय भवन संहिताको कार्यान्वयन, प्रदेश राजधानी र प्रादेशिक शहरको विकास, सुरक्षित वसोवास र जग्गा एकीकरण सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन लगायतका कार्य गर्न मिति २०७८।१।६ मा भौतिक पूर्वाधार विकास मन्त्रालयबाट अलग भई यस मन्त्रालयको स्थापना गरिएको छ।

यो वर्ष मन्त्रालयको विनियोजन रु.१ करोड १४ लाख ५२ हजार, राजस्व रु.४ हजार समेत रु.१ करोड १४ लाख ५६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। सो कारोबारको लेखारीक्षणबाट देखिएका व्यहोराहरू निम्नानुसार छन् ।

१. **नीति तर्जुमा एवं कार्यान्वयन -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार यस मन्त्रालयको कार्यक्षेत्र अन्तर्गतका सुरक्षित बसोवास र जग्गा एकीकरण सम्बन्धी नीति, बस्ती स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति र प्रदेशस्तरको खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी प्रादेशिक, खानेपानी तथा सरसफाई सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति तर्जुमा लगायतका कार्य हुन बाँकी देखिन्छ । तोकिएको जिम्मेवारी पुरा गर्नुपर्दछ ।

२. **आन्तरिक नियन्त्रण -** लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० (१) मा प्रदेश तहका लेखा उत्तरदायी अधिकृतले आफू र आफ्नो मातहतका सबै सरकारी कार्यालयबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली लागु गरेको छैन। ऐन नियमले तोकिएका कार्यहरू तोकिएको मापदण्ड अनुसार गुणस्तरीय रुपमा समयमै सम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

३. **स्वीकृत दरबन्दी एवंम पदपूर्ति -** लुम्बिनी प्रदेश, प्रदेश (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मूख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले यस मन्त्रालय र अन्तर्गत १८ कार्यालयको लागि विभिन्न पदको जम्मा २७१ दरबन्दी स्वीकृत गरेकोमा २०७७/७८ मा जम्मा १५१ दरबन्दी पदपूर्ति भइ १२० पद रिक्त रहेको छ। स्वीकृत दरबन्दी अनुसार पदपूर्ति गरी सेवा प्रवाहलाई चुस्त बनाउनु पर्दछ।

४. **वार्षिक कारोबार एवं प्रतिवेदन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७६(१) मा प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आर्थिक कारोबार (नगदी, जिन्सी, आयव्यय) को अनुसूची - ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको २१ दिनभित्र तालुक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने र नियम १२२(घ) बमोजिम वार्षिक कार्यसम्पादन प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३

महिनाभित्र मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । मन्त्रालयले प्रतिवेदन तयार गरेको देखिएन । मन्त्रालयले आर्थिक कारोबार, फछ्यौट गर्न बाँकी बेरुजु, जिन्सी एवं धरौटीको अवस्था देखिने गरी वार्षिक प्रतिवेदन तयार गरी तोकिएको निकायमा पठाउनु पर्दछ ।

५. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद कार्य प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा खरिद गर्न नमिल्ने साथै नियम ८४ मा रु.५ लाख देखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रद्धारा खरिद गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले मेशिनरी औजारमा रु.९ लाख ६७ हजार र फर्निचर फिक्चरमा रु.१२ लाख ३९ हजार समेत रु.२२ लाख ६ हजारको सामान सोझै खरिद गरेको छ। दरभाउपत्र वा बोलपत्रको माध्यमबाट प्रतिस्पर्धात्मक रुपमा खरिद गर्नुपर्दछ ।

६. **मन्त्रालय सञ्चालन** - प्रदेश सभा सचिवालयको २०७७।६।२० को सूचना र नेपालको संविधानको धारा २८८(२) बमोजिम लुम्बिनी प्रदेशको राजधानी दाङ जिल्लाको राप्ती उपत्यका (देउखुरी) मा रहने निर्णय भएको छ। प्राप्त विवरण अनुसार २०७७।७८ मा डेक्सटप, कम्प्यूटर, प्रिन्टर, अफिस टेवल, कुर्सी, लगायत १७ प्रकारका रु.१४ लाख १२ हजारका जिन्सी सामान खरिद गरी दाङमा कार्यालय स्थापना गरेतापनी हालसम्म उक्त स्थानमा मन्त्रालय सञ्चालन भएको छैन।

- **बेरुजु स्थिति -** मन्त्रालयको लेखापरीक्षणबाट फर्स्यौट गर्नुपर्ने लगती बेरुजु देखिएको छैन ।

शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा प्रदेशस्तरको विश्वविद्यालय तथा उच्चशिक्षा, स्वास्थ्य, मानव संसाधन, सामाजिक सुरक्षा, महिला र युवासम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन मार्फत शैक्षिक परामर्श, मानव संसाधनको आवश्यकता प्रक्षेपण, औषधि निगरानी तथा औषधिको उचित प्रयोग, खोप र परिवार नियोजन, सरुवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम लगायतका कार्यहरू रहेका छन। प्रदेश सरकारको मिति २०७८।१।६ को निर्णयले उक्त मन्त्रालय विभाजन गरी शिक्षा विज्ञान युवा तथा खेलकुद र स्वास्थ्य जनसंख्या तथा परिवार कल्याण मन्त्रालय कायम गरेकोमा साविक सामाजिक विकास मन्त्रालयको काम सहित शिक्षा विज्ञान युवा तथा खेलकुद मन्त्रालय सञ्चालन भएको छ।

यो वर्ष मन्त्रालय र अन्तर्गतका ३५ निकायहरूको विनियोजन रू.४ अर्ब ४३ करोड ५९ लाख ८८ हजार, राजस्व रू.१९ करोड ९१ लाख २ हजार, धरौटी रू.१२ करोड ३२ लाख ५५ हजार र अन्य कारोवार रू.३३ करोड १ लाख ८९ हजार तथा अन्य संस्था समिति १५ को रू.५ अर्ब २९ करोड २९ लाख ७८ हजार समेत रू.१० अर्ब ३८ करोड १५ लाख १२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। मन्त्रालयबाट संघ अन्तर्गतको १ निकायमा निकासा दिएको रु.६५ करोड ८१ लाख विनियोजन खर्चमा समावेश छ । सो कारोबारको लेखारीक्षणबाट देखिएका उल्लेख्य व्यहोराहरू निम्नानुसार छन्:

१. **बजेट खर्च र रकमान्तर** - लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ दफा १७ बमोजिम प्रदेश विनियोजन ऐनमा तोकिएबमोजिम रकमान्तर गर्न सकिने व्यवस्था छ । यो वर्ष मन्त्रालय र अन्तर्गतका कार्यालयका लागी रु.५ अर्व ६० करोड ५७ लाख शुरु बजेट बिनियोजन भएकोमा रकमान्तर पश्चात रू.६ अर्व २३ करोड ८३ लाख कायम गरी शुरु विनियोजनको तुलानामा ११.२८ प्रतिशत बजेट रकमान्तरबाट थप गरेकोमा रू.४ अर्व ४४ करोड ९५ लाख (७१.३३ प्रतिशत) मात्र खर्च गरेको छ ।रकमान्तरबाट बजेट थप गरेता पनि शुरु विनियोजन भन्दा कम खर्च गरेको देखिदा रकमान्तर बाट बजेट थप गर्नुको औचित्य देखिएन ।

२. **नीति तथा कार्यक्रम कार्यान्वयन** - प्रदेश सरकारको आर्थिक वर्ष २०७७।७८ को नीति तथा कार्यक्रममा उल्लेख भएको व्यहोरा कार्यान्वयन गर्नुपर्दछ ।मन्त्रालयले सह लगानीमा ५ हजार ७०७ विद्यालयमा परिचारिका व्यवस्थापन गर्ने उल्लेख गरेकोमा ३६ मा मात्र कार्यान्वयन भएको, १२ नमुना विद्यालय थप गर्ने नीति अन्तर्गत भौतिक निर्माण भई रहेता पनि नमुना विद्यालयको शैक्षिक गुणस्तर सुधार, शैक्षिक ल्याव स्थापना लगायतका पूर्वाधार थपको कार्यक्रम कार्यान्वयन नभएको, मुस्लिम विद्यार्थी अध्ययन गर्ने ६ मदरसामा छात्रावास निर्माण गर्ने नीति रहेकोमा ३ मा मात्र निर्माण भएको, विज्ञान प्रविधि प्रतिष्ठान गठन गर्ने कार्य नभएको, लिपि विकास तथा सोध कार्य गरी भाषाको विकास र प्रवद्धन गर्ने नीति कार्यान्वयन भएको देखिएन । वार्षिक नीति तथा कार्यक्रममा उल्लेख गरेका प्रतिवद्धता प्राथमिकताका आधारमा कार्यान्वयन गर्नुपर्दछ ।

३. **कानुन निर्माण** - नेपालको संविधानको अनुसूचीमा उल्लेख भएका सामाजिक विकास मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित खोप ऐन, सुर्तिजन्य पदार्थ नियन्त्रण नियमन ऐन, सुरक्षित मातृत्व तथा प्रजनन्

स्वास्थ्य ऐन, स्वास्थ्य सेवा ऐन, स्वास्थ्य बीमा ऐन, जन स्वास्थ्य सेवा नियमन ऐन, जेष्ठ नागरिक सम्बन्धी ऐन, मानव बेचविखन तथा ओसार प्रसार नियन्त्रण ऐन, घरेलु हिंसा नियन्त्रण सम्बन्धी ऐन, सामाजिक सुरक्षा ऐन, रोजगारीको हक सम्बन्धी ऐन, अपङ्गता भएका ब्यक्ती सम्बन्धी ऐन, युवा परीषद् ऐन, सामाजिक भेदभाव निवारण ऐन, श्रम रोजगार ऐन, प्रदेश विश्व विद्यालय ऐन, बिज्ञान प्रविधि सम्बन्धी ऐन तर्जुमा गरेको छैन ।कानुनहरू तर्जुमा गरी मन्त्रालयले आफ्नो कार्यक्षेत्र अनुसारका जिम्मेवारीहरू पुरा गर्नुपर्दछ ।

४. **कार्य जिम्मेवारी** - लुम्बिनी प्रदेश सरकार कार्य विभाजन नियमावली, २०७४ अनुसार सामाजिक विकास मन्त्रालयबाट सम्पादन गर्नुपर्ने उल्लेख भएका प्रदेशस्तरको विश्वविद्यालय स्थापना, उच्च शिक्षा सम्बन्धी मापदण्ड तयारी, प्रदेश पुस्तकालय सम्बन्धी मापदण्ड तयारी , प्रदेश भित्रका पुस्तकालय संग्राहालय, अभिलेखालय, सम्बन्धी प्रदेश नीति तर्जुमा, मानव संशाधन प्रदेश नीति रणनीति तर्जुमा, स्वास्थ्य सेवाको गुणस्तर निर्धारण मापदण्ड तयारी, औषधिजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको उत्पादन तथा सञ्चय सम्वन्धि प्रादेशिक नीति मापदण्ड तर्जुमा, स्वास्थ्य बीमा, सूर्ति, मदिरा र लागूपदार्थजन्य बस्तुको नियमन सम्बन्धी कानुन तर्जुमा, प्रदेशस्तरको खानेपानी सरसफाई तथा स्वच्छता गुणस्तर मापदण्ड र नियमन प्रणाली , समाजकल्याण तथा संघ संस्था दर्ता नविकरण नियमन सम्बन्धी कार्य, प्रादेशिक युवा नीति तर्जुमा, प्रादेशिक ट्रेड युनियन सम्बन्धी नीति मापदण्ड तर्जुमा, कार्यस्थल सुरक्षा तथा औद्यगीक श्रम सम्बन्धी मापदण्ड र नियमन जस्ता कार्य भएको पाईएन । आवस्यक नीति, कानुन, मापदण्ड तर्जुमा गरी कार्य जिम्मेवारीहरू प्राथमिकताको आधारमा पुरा हुनुपर्दछ।

५. **आवधिक योजना कार्यान्वयन** - लुम्बिनी प्रदेश आवधिक योजना (२०७६।७७- २०८०।८१) ले मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित प्रादेशिक विश्वविद्यालय सहित प्राविधिक उच्च शिक्षामा सहज पहुँच, प्रदेशका सबै नागरिकको स्वास्थ्य सेवामा सहज पहुँच, प्रदेश भित्र सबै किसिमका विशेषज्ञ सेवा सहितको गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध हुने लगायतका लक्ष्य लिएकोमा अनिवार्य आधारभूत शिक्षा सवलीकरण कार्यक्रम, विद्यालय सुशासन कार्यक्रम, न्युन आय भएका परिवारका वालवालिकाहरूको लागि पोषण सुधार कार्यक्रम, प्रदेशस्तरीय खेलकुद प्रतियोगिता सञ्चालन भाषा सम्बन्धि कार्यक्रम सञ्चालन भएको पाईएन । यसैगरी प्रादेशिक विश्वविद्यालयको स्थापना नभएको, अपाङ्गता पुनस्थापना केन्द्र , महिला पुनस्थापना केन्द्र,कार्यस्थलमा शिशु स्याहार केन्द्र स्थापना र सञ्चालन भएको छैन । आवधिक योजनाले मन्त्रालयको कार्यसँग सम्बधित क्षेत्रमा लिएका परिमाणात्क लक्ष्यको प्रगति अवस्था निम्न अनुसार रहेको छः-

विवरण	ईकाई	२०७७।७८ को लक्ष्य	प्रगति
जेष्ठ नागरिक सेवा केन्द्र स्थापना	वटा	३२	१२
नमुना वाल विकास केन्द्र स्थापना	संख्या	५४	३६
नमुना विद्यालयहरू	संख्या	५ वर्षमा १०९	२४
डि पीटी एचआईवि सुई लिएका शिशु	प्रतिशत	९५	९०
उद्यमि महिला विकास	संख्या	२००	०
कक्षा ११□ १२ मा विज्ञान पढाई हुने विद्यालय	संख्या	४५	३५
स्वास्थ्य शिविरबाट लाभान्वित हुने	संख्या	३००००	अभिलेख नराखेको

कुष्ठरोग प्रकोप संक्रमित दर प्रति हजार	संख्या	१.५	२.५
प्रदेश स्तरिय खेलकुल प्रतियोगता	संख्या	२	०
भाषा कक्षा सञ्चालन	संख्या	२५	०

सामाजिक विकास क्षेत्रसँग सम्बन्धित आवधिक योजनाले लिएका परिमाणात्मक लक्ष्य अनुसार प्रगति भएको देखिएन । मन्त्रालयले लक्ष्य हाँसिल गर्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

६. **बजेट खर्च नगरेको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५२(२) मा आफ्नो कार्यालयको लागि विनियोजित बजेट लक्ष्य अनुसार खर्च गर्न नसकेमा सो को जिम्मेवारी मन्त्रालयको हकमा सम्बन्धित मन्त्रालयको विभागीय मन्त्री र राज्य मन्त्री र लेखा उत्तरदायि अधिकृतले लिनुपर्ने उल्लेख छ । मन्त्रालयले यस वर्ष ५ बजेट उप शिर्षक खर्च गर्ने गरी रु.१७ करोड ८० लाख बजेट व्यवस्था गरेकोमा कुनै पनि रकम खर्च नगरी फ्रिज गरेको छ भने संघीय सशर्त अनुदान शीर्षकबाट चनौटा सरुवा रोग पूर्वाधार निर्माण तथा पृथ्वीचन्द्र अस्पतालका लागि सामग्री खरिद वापत विनियोजन भएको रु.८ करोड ४० लाख रकमको कार्यक्रम सञ्चालन नगरी बजेट निस्कृय राखेको देखियो । यसैगरी खर्च गरेका विभिन्न ६ बजेट शीर्षकका ४१ क्रियाकलापहरूमा रू.३ करोड २४ लाख खर्च नहुँदा प्रगति न्यून भएको छ । लक्ष्य अनुरुप विनियोजित बजेट खर्च गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । बजेट बिनियोजनबाट लक्षित उद्धेश्य पूरा नभएको अवस्था देखियो। बजेट खर्च नभएकोमा ऐनको व्यवस्था अनुसार सम्बन्धित पदाधिकारीहरूलाई जिम्मेवार समेत बनाउनु पर्ने देखिन्छ ।

७. **अवण्डा बजेट -** लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १६ (२) मा बजेटमा व्यवस्था भएको रकम कार्यक्रम अनुसार बाँडफाँट गरी पठाउनु पर्ने व्यवस्था छ । मन्त्रालयले कार्यक्रम स्पष्ट नगरी रु.१ करोड अबण्डा राखेको छ । उक्त रकम विभिन्न मितिमा मन्त्रीस्तरीय निर्णयबाट २० कार्यालयका लागि रु.५७ लाख २ हजार बाँडफाँट गरी कार्य गराएको छ । बजेट अबण्डा राखी पछि बाँडफाँट गरी खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

८. **आन्तरिक नियन्त्रण -** म्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० (१) मा प्रदेश तहका लेखा उत्तरदायी अधिकृतले आफू र आफ्नो मातहतका सबै सरकारी कार्यालयबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले ऐनको व्यवस्था अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । मन्त्रालयको आन्तरिक मूल्याङ्कन प्रणाली मूल्यांङ्कन गर्दा कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली पर्याप्त नरहेको, जिन्सी निरिक्षण प्रतिवेदन कार्यान्वयन नगरेको, वित्तीय सूचना प्रणालीको प्रयोग र त्यसको उपयोगको अवस्था कमजोर रहेको, विद्युतिय माध्यमबाट सेवा प्रवाहको अवस्था नरहेको, सेवाको गुणस्तर सुधारको लागि उपयुक्त उपायको अवलम्बन नगरेको स्थिति देखियो । ऐनको व्यवस्था अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी तोकिएका कार्यहरू कार्यान्वयन गर्नुपर्दछ ।

९. **वार्षिक विवरण र प्रतिवेदन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७३(३) मा विनियोजन, राजस्व, धरौटी, पेस्की, सम्पत्ती र दायित्वको वार्षिक विवरण आर्थिक

वर्ष समाप्त भएको २१ दिन भित्र प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई तालुक कार्यालयमा पठाउनु पर्ने, नियम ७६(१) मा प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आर्थिक कारोबार (नगदी, जिन्सी, आयव्यय) को अनुसूची-११ बमोजिमको ढाँचामा आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको ४५ दिनभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था गरेको छ । मन्त्रालयले प्रतिवेदन तयार गरेको देखिएन । जसबाट मन्त्रालयको आर्थिक कारोबारको स्थिति, फस्यौंट गर्न बाँकी बेरुजु, जिन्सी एवं धरौटीको अवस्था यकिन गर्न सकिएन । मन्त्रालयले तोकिए अनुसार वार्षिक प्रतिवेदन तयार गरी तोकिएको निकायमा पठाउनु पर्दछ ।

१०. **एकीकृत वित्तीय विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५ (२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेस गर्नुपर्ने व्यवस्था भएकोमा प्रदेश एकीकृत वित्तीय विवरण तयार गरेको छैन । ऐन बमोजिम एकीकृत वित्तीय विवरण तयार गर्नुपर्दछ ।

११. **वित्तीय जिम्मेवारी र जवाफदेहिता -** लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४६ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा उल्लेख छ । सो अनुसार योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन निकाय प्रमुख, मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फस्यौंट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृत, केन्द्रीय आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गरे नगरेको जाँचबुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृत र विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी कार्यालय प्रमुख र मन्त्रालयको हकमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख छ । ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गर्नु गराउनुपर्दछ ।

प्रदेश कोभिड कोष तर्फ

१२. **कोभिड कोष -** कोभिड-१९ रोकथाम तथा नियन्त्रणको खर्च र आम्दानी व्यवस्थापनको लागि सामाजिक विकास मन्त्रालयमा प्रकोप व्यवस्थापन कोषको स्थापना गरी २०७८ असार मसान्तसम्म गत वर्षको बचत मौज्दात रू.१२ करोड ५९ लाख ४५ हजार, संघ सरकारबाट प्राप्त रु.२० करोड, प्रदेश सरकार बाट रु.१० करोड तथा अन्य संघ संस्था व्यक्तिबाट रु.१५ लाख १७ हजार समेत ४२ करोड ७४ लाख ६२ हजार आम्दानी भई ४ कोरोना विशेष अस्पताललाई रु.१० करोड ५७ लाख ७८ हजार, ११ अस्पताललाई सञ्चालन खर्च वापत रु.५ करोड ९ लाख, प्रदेश जनस्वास्थ्य प्रयोगशालालाई रु.२५ लाख, १२ जिल्लाका जनस्वास्थ कार्यालयलाई जन स्वास्थ्य अभियान बापत रु.६० लाख, ६ स्थानीय तहलाई शवबाहन खरिदका लागि रु.९० लाख, मृतक राहत तथा आईसोलेशन निर्माणका लागि १२ जिल्ला प्रशासन कार्यालयलाई रु.४ करोड ४२ लाख, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई रु.७५ लाख समेत रु.२२ करोड ५८ लाख ७८ हजार निकासा गरी रु.२० करोड १५ लाख ८५ हजार मौज्दात रहेको छ ।

१३. **लेखापरीक्षण** - प्रदेश स्तरीय कोरोना कोषबाट ११ जिल्ला प्रशासन कार्यालय मार्फत ४२० जना मृतकहरूलाई राहतका लागी रु.४ करोड २० लाख र रुकुम पूर्व, बाँके र अर्घाखाँची जिल्ला प्रशासन कार्यालयहरूलाई आईसोलेशन सेन्टर निर्माणका लागि रु.२२ लाख, नेपाल संस्कृत विश्वविद्यालय, दाङ्ग एच डि यू स्थापनाका लागि रु.५० लाख, मध्यपश्चिम पूतना हेडक्वाटर रु.५ लाख, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई रु.७५ लाखसमेत रु.५ करोड ७२ लाख निकासा दिएको रकमको उद्देश्य बमोजिम उपयोगको अनुगमन गरी सुनिश्चित गर्नुपर्दछ ।

१४. **कोभिड खर्चको स्थिति** - यस वर्ष लुम्बिनी प्रदेशमा कोरोना रोकथाम एवं नियन्त्रण गर्न विभिन्न अस्पतालहरूबाट भएको खर्चको लेखापरीक्षण गर्दा निम्न १० अस्पतालबाट भएको आम्दानी खर्चको स्थिति यस प्रकार छन्:

(रु. हजारमा)

मा अस्पतालको नाम	कुल आम्दानी	खर्च					जम्मा खर्च	बाँकी
		आईसोलेसन निर्माण खर्च	औषधि खरिद खर्च	मेसिनरी इक्युपमेन्ट खरिद	जोखिम भत्ता खर्च	राहत वितरण समेत अन्य खर्च		
लुम्बिनी प्रादेशिक अस्पताल बुटवल	७१४१५	२०३१९	४१००	०	४५१३९	०	६९५५९	१८५६
भीम अस्पताल रुपन्देही	३६०७२	०	०	०	६४१०	२९६६२	३६०७२	०
राप्ती प्रादेशिक अस्पताल दाङ	१३२०४६	०	१६०१	५४४२०	१९४३१	५०८८७	१२६३३९	५७०७
बर्दिया अस्पताल, बर्दिया	१४५३	०	१४५३	०	०	०	१४५३	०
प्यूठान अस्पताल, प्यूठान	१०००	०	१०००	०	०	०	१०००	०
रोल्पा अस्पताल,रोल्पा	२७४३	०	०	९८४	०	१७४३	२७२७	१६
पाल्पा अस्पताल,पाल्पा	६७७६९	०	२९९९१	३५९८१	२	०	६५९७२	१७९७
रामपुर अस्पताल रामपुर,पाल्पा	८१००	०	०	०	०	७४००	७४००	७००
कपिलवस्तु अस्पताल,कपिलवस्तु	७४६८३	०	०	०	१४९९६	४८६२०	६३६१६	११०६७
पृथ्वीचन्द्र अस्पताल,नवलपरासी	१५००	०	०	०	०	१४७७	१४७७	२३
जम्मा	**३९६७८१**	**२०३१९**	**३८१४५**	**९१३८५**	**८५९७८**	**१३९७८९**	**३७५६१५**	**२११६६**

कोरोना रोकथाम नियन्त्रणको लागि १० अस्पतालले रु.३९ करोड ६७ लाख ८१ हजार आम्दानी गरेकोमा आईसोलेसन निर्माणमा रु.२ करोड ३ लाख १९ हजार, औषधि खरिदमा रु.३ करोड ८१ लाख ४५ हजार, मेसिनरी इक्युपमेन्ट खरिदमा रु.९ करोड १३ लाख ८५ हजार, जोखिम भत्ता वितरणमा रु.८ करोड ५९ लाख ७८ हजार, राहत वितरण अन्य खर्चमा रु.१३ करोड ९७ लाख ८९ हजार गरी कुल रु.३७ करोड ५६ लाख १६ हजार खर्च गरी रु.२ करोड ११ लाख ६५ हजार मौज्दात रहेको छ ।

१५. **पूर्वतयारी र जोखिम आकलन** - महामारी रोकथाम र नियन्त्रणको लागि महामारी शुरु हुनु पूर्व नै जोखिम आकलन र पूर्वतयारी गर्नुपर्ने हुन्छ । कोभिड-१९ को संक्रमणको जोखिम आकलन गरी पूर्वतयारी एवं महामारी रोकथाम, नियन्त्रण र व्यवस्थापन सम्बन्धमा मुख्यमन्त्रीको संयोजकत्वमा उच्चस्तरीय निर्देशक समिति,सामाजिक विकास मन्त्रीको नेतृत्वमा कोष संचालक समिति र स्वास्थ्य निर्देशनालयका निर्देशकको नेतृत्वमा प्राविधिक समिति गठन भएका छन् । आर्थिक वर्ष २०७७।७८ सम्म प्रदेशले जोखिम आंकलन तथा न्यूनीकरण कार्य योजना तयार गरेको छैन । प्रदेश स्तरीय कोरोना संकट व्यवस्थापन केन्द्रको निर्णय अनुसार कपिलवस्तुमा १ हजार जना क्षमताको होल्डिङ्ग

सेन्टर तयारी गरी कोरोना नियन्त्रण र पुर्व तयारीको कार्य गरेको छ । तर संक्रमण फैलिनु अघि शय्या विस्तार, जनशक्ति थप, भेन्टिलेटर र अक्सिजन व्यवस्थापन गर्ने जस्ता कार्य गरेको पाईएन ।

१६. **कोरोना संकट व्यवस्थापन केन्द्र** - लुम्बिनी प्रदेश कोरोना संकट व्यवस्थापन केन्द्रको बैठक २०७७।७८ मा ३ पटक बसि कोरोना जोखिम आंकलन र नियन्त्रणका लागि विभिन्न ३९ निर्णय गरेको छ । आईसोलेशन तयारीका लागी तराई र पहाडका जिल्लामा २०० बेडका आईसोलेशन केन्द्र निर्माण गर्ने, राप्ति विज्ञान प्रतिष्ठानलाई कोरोना नियन्त्रणका लागी प्रयोग गर्ने,कोरोनामा खटिएका जनशक्तिलाई थप ३ महिना अवधि थप गर्ने, बुटवल धागो कारखाना कोभिड बिशेष अस्पताल र बेलझुण्डि आयुर्वेद केन्द्र अस्पतालमा हाइ डिपेन्डेन्सी युनिट सेवा विस्तार गर्ने , सबै जिल्ला अस्पातालमा ५ बेड एच डि यु सेवा सञ्चालन मा ल्याउने जस्ता निर्णय गरेकोमा निर्णय कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन भएको छैन । निर्णय कार्यान्वयनका लागी अनुगमन र समन्वय गर्नुपर्दछ ।

१७. **पूर्वाधारको पर्याप्तता** - लुम्बिनी प्रदेशमा कोरोना परीक्षणका लागी ७ सरकारी, ५ निजी ल्याब रहेका छन् । २०७८।२।२० सम्मको अभिलेख अनुसार पि सि आर ३ लाख २७ हजार र एन्टिजेन्ट परीक्षण ३३ हजार समेत ३ लाख ६१ हजार जना परीक्षण भई ८८ हजार संक्रमित भएको अवस्था छ ।२०७८।३।३० सम्म १ लाख १ हजार संक्रमित तथा २ हजार को मृत्यु भएको विवरण प्राप्त भएको देखिन्छ । लुम्बिनी प्रदेश अन्तर्गत ४ डेडिकेटेड अस्पताल मार्फत कोरोना नियन्त्रण र उपचार भई रहेको छ । हालसम्म एच. डि. यु. बेड ६२४, भेन्टिलेटर ६१ र २४० बेड आई. सि. यू. कोरोना उपचारका लागि उपलब्ध रहेका छन् । प्रदेशको जनसंख्या ५१ लाख ६५ हजार रहेकोमा कोरोना उपचार र नियन्त्रणका लागी तयार भएका पूर्वाधार व्यवस्थित गर्नुपर्दछ ।

१८. **खोप प्राप्ति र वितरण** - लुम्बिनी प्रदेश अन्तर्गत खोप पाउन योग्य १२ वर्ष माथिका जनसंख्या ३९ लाख ६८ हजार रहेकोमा प्रदेशमा १३ लाख ४२ हजार डोज कोभिशिल्ड, ३३ लाख ३६ हजार डोज भेरोसिल्ड,१३ लाख ५६ हजार डोज एस्ट्राजनिका, ५ लाख ८८ हजार डोज जोन्सन, ११ हजार डोज फाईजर र ११ लाख ६२ हजार डोज मोर्डना समेत ७७ लाख ९६ हजार डोज प्राप्त भएको विवरण प्रदेश स्वास्थ्य निर्देशनालयको २०७८।१।२५ को विवरण बाट देखिन्छ । उक्त खोप मध्ये ३७ लाख ७९ हजार जनाले एक मात्रा ३४ लाख ६० हजार जनाले पूर्ण मात्रा तथा ८ लाख १ हजार जनाले थप मात्रा खोप लगाई २ लाख ९३ हजार डोज खोप स्टकमा रहेका छन् । स्वास्थ्य निर्देशनालयको विवरण अनुसार थप मात्रा खोप सहित ३० लाख ६६ हजार डोज खोप आवश्यकता पर्ने देखिन्छ । अत खोपको व्यवस्था गरी सबै नागरीकलाई खोप लगाउने व्यवस्था गर्नु पर्दछ ।

१९. **प्रदेश सचिवको सुविधा** - मन्त्रालयले नेपाल सरकारको २०७६।४।१३ को मन्त्रिपरिषद्बाट प्रदेश सचिवमा सम्बन्धित सेवाको राजपत्रांकित प्रथम श्रेणीको सहसचिवलाई खटाई सो पदमा हाजिर रहदाँसम्म थप सुविधा उपलब्ध गराउने निर्णयको आधारमा प्रदेशमा खटिने सचिवलाई मासिक रु.२६ हजार ६१० को दरले २ सचिवलाई रु ३ लाख ४३ हजार ४९५ अत्तिरिक्त सुविधा भुक्तानी गरेको छ । कानुनमा व्यवस्था नगरी मन्त्रीपरिषद्को निर्णयको आधारमा मात्र हालसम्म उक्त सुविधा भुक्तानी गरेको नियमसम्मत नदेखिएकोले कानुनमा व्यवस्था गरेर मात्र सुविधा भुक्तानी गर्नुपर्दछ ।

प्रदेश स्वास्थ्य निर्देशनालय

२०. **स्वास्थ्य संस्था निर्माण** - प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरूको पूर्वाधार निर्माण सहयोग कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा ५.२ मा जिल्लागत छनोट मापदण्डको आधारमा कुनै पनि स्थानीय तहमा १ भन्दा बढी नपर्ने गरी तथा प्रत्येक जिल्लामा कम्तीमा एउटा पूर्वाधार पर्ने गरी प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाईहरूको छनोट गर्नुपर्ने व्यवस्था छ । निर्देशिका विपरीत यस निर्देशनालयबाट चन्द्रकोट गाउँपालिका, गुल्मी र पाणिनी गाउँपालिका, अर्घाखाँचीलाई निर्देशिका विपरीत दुई स्वास्थ्य केन्द्र निर्माणको लागि रु.३४ लाख ४१ हजार भुक्तानी भएको नियम सम्मत भएन । निर्देशिकाको पालना हुनुपर्दछ ।

२१. **औषधि खरिद** - माग र आवश्यकताका आधारमा मात्र औषधि खरिद गर्नुपर्दछ । निर्देशनालयबाट औषधि खरिद वापत एक आपूर्तिकर्तालाई रु.९ लाख ९७ हजार भुक्तानी भएको छ । यस कार्यक्रम अन्तर्गत खरिद भएका औषधि पारासिटामोल ३ हजार थान, मेट्रानिडाजोल १ हजार थान, मेट्रानिडाजोल २०० वोतल, एजिथ्रोमाइसिन १ हजार थान, सेफोडोक्सिम २ हजार ३०० थान, गामा वेञ्जेन हेक्साक्लोराइड ६०० थान खरिद भएको १५ महिना वितिसक्दा पनि हालसम्म निर्देशनालयको भण्डारमा मौज्दात रहेको देखियो । औषधिको म्याद सकिन लागेको अवस्थामा उपयोग नभई भण्डारमा मौज्दात राख्ने कार्य उचित भएन ।

प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र

२२. **लागत अनुमान -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने, नियमावली, २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्ने आधार उल्लेख छ ।पि.पि.ई. फुल सेट ६ हजार वटा खरिद (कोभिडको लागि) को लागत अनुमान रु.१ करोड ६४ लाख ४१ हजार तयार गरेकोमा कवोल अंक रु.५३ लाख ८३ हजार देखिएको छ । जुन लागत अनुमान भन्दा ६७.२५ प्रतिशत कम देखिन्छ ।यसवाट खरिद भएको पि.पि.ई. को गुणस्तरमासमेत विश्वास गर्न सक्ने आधार भएन । यथार्थ लागत अनुमान नभएको कारण खरिद कार्य गुणस्तरीय छ भन्न सकिएन ।नियमावलीको प्रक्रिया नपुर्याई लागत अनुमान तयार गर्ने पदाधिकारीलाई सचेत गराउनुपर्दछ ।

२३. **सामान दाखिला** - कोभिडका लागि आइ.सी.यू इक्यूपमेन्ट खरिद गर्न कार्यालय र एक आपूर्तिकर्ता वीच रु.२ करोड ५० लाख ६४ हजारमा २०७७।१२।०६ मा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा २०७७।१२।२८ सम्म म्याद थप भई सामान आपुर्ति गरेको छ । उक्त सामान चेकजाँच गरी कार्यालयमा आम्दानी जनाएर पठाउनु पर्नेमा विभिन्न अस्पतालमा आइ.सी.यू इक्यूपमेन्ट जडान गरी भुक्तानी भएको छ । खरिद सामाग्री जिन्सी आम्दानी नगरी सोझै सम्बन्धित अस्पतालमा जडान गर्ने कार्य उपर्युक्त देखिएन । कार्यालयबाट खरिद भएका सामान जिन्सी दाखिला गरी हस्तान्तरण गर्नुपर्दछ ।

लुम्बिनी प्रादेशिक अस्पताल

२४. **भेरिएशन आदेश** - सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४(३) को प्रतिवन्धात्मक वाक्यंशमा लागत अनुमान स्वीकृत गर्ने अधिकारी भन्दा तल्लो तहको अधिकारीले भेरिएशन आदेश जारी गर्न हुदैन भन्ने व्यवस्था छ । अस्पतालको डाइगोनोष्टिक भवन निर्माणको शुरु सम्झौता रकम रु.१७ करोड ८७ लाख ८७ हजार भएकोमा रु.९९ लाख ६९ हजार (४.४३ प्रतिशत) भेरिएशन पछि सम्झौता रकम रु १८ करोड ७६ लाख ९ हजार कायम गरेको छ । लागत अनुमान विभागीय मन्त्रीबाट २०७४।९।२४ मा स्वीकृत गरी ३ तला भवन निर्माण गर्ने सम्झौता भएकोमा १ तला (फ्रेम स्ट्रक्चर) थप गर्ने भनि रु.९९ लाख ६९ हजार (४.५३ प्रतिशत) को आदेश कार्यालय प्रमुखबाट स्वीकृत भएको नियम सम्मत भएन ।

२५. **जिन्सी सम्पत्ति** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अधाबधिक गर्नु गराउनुपर्ने व्यवस्था छ । जिन्सी सम्पत्ति व्यवस्थापन सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :

२५.१. प्रदेश स्वास्थ्य निर्देशनालय,वुटवल बाट हस्तान्तरण भई आएको एचपिएलसी न्यूवर्न स्क्रीनिङ मेशीन वीथ अनलाईन रु.७६ लाख ६१ हजारको मेशिन जडान नगरी राखेको देखियो । खरिद सम्झौता अनुसार मेशिन सञ्चालनको लागि आपूर्तिकर्ताले तालिम नदिएको र सञ्चालन पूर्व नै मेशिन बिग्रिएर उपयोग विहिन भएको पाइयो । बजेट खर्च गर्ने उद्देश्यले सामान खरिद गर्ने र हस्तान्तरण गर्ने कार्यमा नियन्त्रण गर्नुपर्ने देखिनुका साथै गुणस्तरहीन सामान आपूर्ति भएकोमा आपूर्तिकर्ता एवं खरिदकर्तालाई जिम्मेवार बनाउनुपर्दछ।

२५.२. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ बमोजिम खरिद कार्य अघि आवस्यकता पहिचान गरी आवस्यक विवरण तयार गरी ऐन नियमावलीको प्रवधान अनुरुप खरिद कार्य गर्नुपर्दछ । नमुना छनोटको आधारमा लेखापरीक्षण गर्दा अस्पतालबाट २०७७।७८ मा विभिन्न मितिमा खरिद भएको क्लीन्डामाईसीन ६०० एमजी ईन्जेक्सन १५ हजार ४०१ वटा खरिद गरी रु.४८ लाख ८९ हजार भुक्तानी भएकोमा आर्थिक वर्षको अन्त्यसम्ममा रु.३१ लाख ७० हजार वरावरको १० हजार २३२ वटा खर्च भई रु.१७ लाख १८ हजारको ५ हजार १६९ वटा मौज्दात रहेको छ । पुरानो मौज्दातलाई ख्याल गरी उपयोग हुने सुनिश्चित भएपछि मात्र खरिद गर्नुपर्नेमा मौज्दात रहने गरी खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

२५.३. जेनेरेटर मेशिन (होलोमियअम लेजर जेनेरेटर वीथ मर्सीलेटर) आपूर्ति गरी जडान गर्नको लागि एक प्रा. लि. सँग रु.१ करोड ४६ लाख ९० हजारमा २०७७।१०।२४ सम्म आपूर्ति गर्नेगरी २०७७।७।२५ मा सम्झौता भएकोमा जेनेटर प्राप्त भएको भनि २०७७।१०।२९ मा भुक्तानी भएको छ । स्थलगत निरीक्षण गर्दा उक्त सामान विग्रिएकोले मर्मतको लागि आपूर्तिकर्ताले लगेको भनी कार्यालयमा देखिएन । खरिद गर्ने बित्तिकै मर्मत गर्नुपर्ने सामान आपूर्ति गर्ने गराउनेलाई समेत जिम्मेवार बनाई सामानको वारेन्टी अनुसार प्रतिस्थापन हुनुपर्दछ ।

कोभिड १९ तर्फ

२६. अक्सिजन प्लान्ट आपूर्ति एवं जडान कार्यको लागि एक प्रा. लि. सँग रु १ करोड ५५ लाख ९४ हजारमा २०७८।३।२५ मा कार्य सम्पन्न गर्ने गरी २०७८।०१।२३ मा सम्झौता भएकोमा २०७७।७८ भित्र सामान आपूर्ति गरेको छैन । समयमा प्लान्ट आपूर्ति गरी अक्सिजन आपूर्ति व्यवस्थापन गर्नु पर्दछ ।

२७. **दरबन्दीभन्दा बढीलाई भुक्तानी -** स्वास्थ्य मन्त्रालयको २०७७/०५/२२ मा कोरोना विशेष अस्पतालको लागि दरबन्दी स्वीकृत गरी मातहत कार्यालय र अस्पतालहरूलाई पठाएको छ । जसअनुसार यस अस्पतालको लागि १०० जनाको दरबन्दी स्वीकृत भएको देखिन्छ । कार्यालयले २०७७ श्रावण देखि असारसम्म १८४ जना कर्मचारीहरू करारमा राखी रु.२ करोड ४ लाख ४७ हजार खर्च लेखेको छ । स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी राखी खर्च लेख्ने कार्य अनियमित देखिन्छ।

२८. **कोभिड आइ.सि.यु. तथा एच.डि.यु. निर्माण तथा सञ्चालन** - शहरी बिकास तथा भवन निर्माण विभाग संघीय आयोजना कार्यान्वयन इकाई कार्यालय भैरहवाबाट अस्पताल परिसरभित्र निर्माण गरिरहेको नर्सिङ्ग निवासको भवनमा यस वर्ष कोभिड एच.डि.यु. तथा आइ.सि.यु. सञ्चालन गर्ने भनि भवन निर्माण सम्पन्न नहुँदै अस्पतालले उक्त भवनमा फिनिसिङ्ग तथा रंगरोगनको काम गर्न सिलबन्दिको माध्यमबाट ५ प्याकेजमा निर्माण व्यवसायीबाट काम गराई रु ५७ लाख २ हजार खर्च भएको पाइयो ।

कोभिड व्यवस्थापनको लागि धागो कारखाना रामनगर बुटवलमा जनक शिक्षा सामाग्री कम्पनीले गोदामको रुपमा प्रयोग गरेको ठूलो भवनमा एच.डि.यु. तथा आइ.सि.यु. सञ्चालन गर्न सिलबन्दि दरभाउपत्रको माध्यमबाट छनोट भएका निर्माण व्यवसायीहरूसँग सम्झौता भए पश्चात सो भवन धागो कारखानाले प्रयोग गर्न नदिएको कारण अस्पताल परिसरभित्र निर्माण गरिरहेको नर्सिङ्ग निवासको भवनमा काम गराएको अस्पतालले जानकारी दिएको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई खरिद सम्झौता गर्नु हुदैन भन्ने व्यवस्था रहेकोमा पुन: लागत अनुमान तयार नगरी एक स्थानमा काम गर्ने गरी गरेको सम्झौताबाट अर्को स्थानमा काम गराएकोले खरिद कार्य मितव्ययी एवम नियमित देखिएन । निर्माणस्थल यकिन गरेर मात्र काम गराउनुपर्दछ ।

२९. **राशन खर्च -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८८ अनुसार राशन व्यवस्था गर्नुपर्ने तथा सार्वजनिक निकायले उक्त नियममा व्यवस्था भए बमोजिमको प्रमुख जिल्ला अधिकारी अध्यक्ष रहेको समितिबाट स्वीकृत दररेटमा लागत अनुमान तयार गरी खरिद गर्नुपर्ने व्यवस्था छ। अस्पताल र राशन आपूर्तिकर्तासँग भएको सम्झौताको वुदाँ नं १ मा अर्को व्यवस्था नभए सम्म कबोल गरिएको दररेटमा नै आपूर्ति गर्नुपर्ने व्यवस्था रहेको छ । अस्पतालले सम्झौतामा उल्लेख भएको दरभन्दा वढीमा सोही आपूर्तकसँग कोभिड विशेष अस्पतालका लागि रासन खरिद गरेको छ। सम्झौताको वुदा नं. २ मा सम्झौता अवधि भरि थपघट भएको परिमाण दोस्रो पक्षले पहिलो पक्षलाइ स्वीकृत दररेटमा सप्लाई गर्नुपर्ने व्यवस्था छ ।अस्पतालले कोभिड विषेश अस्पतालका विरामीका लागि कोभिड विशेष भनी सम्झौता भन्दा बढि दरमा चामलमा रु.१२, दालमा रु ३०, आलुमा रु.३५, तरकारीमा रु.३०,

मसलामा रु.१५०, र नुनमा रु.३ प्रति के. जी. का दरले वढी दर कायम गरी राशन खरिद गरेकोले अस्पताललाई बढी व्ययभार परेको देखिन्छ । अस्पतालले सम्झौतामा उल्लेख भएको दररेटमा राशन खरिद गर्नुपर्दछ।

३०. **फार्मेसी सञ्चालन -** अस्पताल फार्मेशीको गत वर्षको मौज्दात रु.४ लाख ५१ हजार र यस वर्षको आम्दानी रु.९ करोड ४६ लाख ४३ हजार मध्ये रु.९ करोड १७ लाख २३ हजार खर्च भई रु.३३ लाख ७१ हजार बाँकी रहेको छ । फार्मेशी सञ्चालन सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

३०.१. अस्पताल फार्मेशी सेवा निर्देशिका, २०७२ को वुँदा नं. १५.७ र १६.२ अनुसार क्रमश औषधि बिक्रीबाट भएको कूल आम्दानीको १० प्रतिशत रकम र खुद मुनाफाको ९० प्रतिशत रकम अस्पतालको मुल खातामा राख्नुपर्ने व्यवस्था छ । यस वर्ष अस्पतालको फार्मेसीबाट कुल आम्दानी रु.८ करोड ८६ लाख २० हजार भएकोमा १० प्रतिशतले हुने रु.८८ लाख ६२ हजार र फार्मेसीले औषधि बिक्रीबाट रु.३३ लाख ७२ हजार खुद नाफा आर्जन गरेकोमा ९० प्रतिशतले हुने रकम रु.३० लाख ३५ हजार समेत रु.१ करोड १८ लाख ९७ हजार अस्पतालको मुल खातामा दाखिला गरेको देखिएन । निर्देशिकामा भएको व्यवस्था बमोजिम दाखिला गर्नुपर्दछ ।

३०.२. अस्पताल फार्मेशीले आर्थिक वर्षको अन्त्यमा फार्मेसीसँग रहेको औषधी मौज्दातको विवरण तथा जिन्सी निरीक्षणको प्रमाणित प्रतिवेदन नगरेकोले आर्थिक वर्षको अन्त्यमा फार्मेसीमा बाँकी औषधिहरू सम्बन्धमा यकिन हुन सकेन। अस्पतालले मौज्दातको विवरण तथा जिन्सी निरीक्षणको प्रमाणित प्रतिवेदन तयार गर्नुपर्दछ।

३१. **शीर्षक फरक पारी खर्च -** एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ (दोस्रो परिमार्जन) अनुसार कार्यालयले सम्बन्धित शीर्षकमा मात्र खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले छात्रवृत्ती करारमा कार्यरत डाक्टर तथा अन्य कर्मचारीहरूको पारिश्रमिक रु.६८ लाख १७ हजार करार सेवा शुल्क शीर्षकबाट गर्नुपर्नेमा तलब खर्च शीर्षकबाट खर्च गरेको नियमित देखिएन ।

३२. **बढी भुक्तानी** - कार्यालयले भुक्तानी दिँदा सम्झौता, बिल र टेण्डर दरभन्दा बढी नहुने गरी भुक्तानी दिनुपर्दछ । अस्पताल विकास समितितर्फ ११ फर्मलाई औषधि, सर्जिकल सामाग्री, रिएजेन्ट, उपकरण, अक्सिजन र अन्य कार्यालय सामाग्री खरिद सम्झौतामा भन्दा बढी दरमा भुक्तानी दिएकोले रु.६ लाख ९५ हजार असुल हुनुपर्दछ ।

३३. **पारिश्रमिक कर -** आर्थिक ऐन, २०७६ को अनुसूची १ को दफा १ को क (१) अनुसार कुनै आय वर्षमा प्राकृतिक व्यक्तिको करयोग्य आयमा यस अनुसूचीको उपदफा ४ को अधिनमा रही पारिश्रमिक कर निर्धारण गर्नुपर्ने व्यवस्था छ । अस्पतालमा कार्यरत १०९ कर्मचारीको कर उल्लेखित व्यवस्था अनुसार कट्टी गर्नुपर्नेमा नगरेकोले घटी कर कट्टी गरेको रु.९ लाख २३ हजार सम्बन्धितबाट असुल हुनुपर्दछ ।

३४. **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने

व्यवस्था रहेको छ । कम्पाउण्ड वाल निर्माणको लागि एक निर्माण व्यवसायीलाई दोस्रो रनिङ्ग विलबाट रु.३८ लाख ४३ हजारको मुल्यांकन भएकोमा पेस्की फर्स्यौंट रु.१० लाख कट्टी गरेर भुक्तानी दिनु पर्नेमा सो नगरी भुक्तानी भएको छ । वढी भुक्तानी मध्ये रु.४ लाख दाखिला भएकोले नपुग रकम रु.६ लाख सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्दछ ।

३५. **अटोक्लेभ मेशिन -** अस्पतालले एक थान अटोक्लेभ मेशिन २०७८।३।८ मा खरिद एवं जडान गरेको भनी रु.३१ लाख ५० हजार भुक्तानी भएको छ । उक्त मेशिन जडान भएको स्थानबाट अन्यत्र स्थानान्तरण गरी सञ्चालन गर्नुपर्ने भनि लेखापरीक्षण अवधि मिति २०७९।१।२० गतेसम्म सञ्चालनमा आएको छैन । खरिद गरेको १० महिनासम्म मेशिन प्रयोग बिहिन अवस्थामा राख्ने कार्य उचित भएन ।

रासी प्रादेशिक अस्पताल

३६. **सेवा प्रवाह -** संकास्पद तथा प्रभावित व्यक्तिहरूको कोरोनासंग सम्बन्धित सवै प्रकारको परीक्षण सम्बन्धित अस्पतालवाटै हुनुपर्दछ । कोरोनाबाट प्रभावित संकास्पद व्यक्तिको उपचार गर्न पिसिआर टेष्ट र आरडिटि परीक्षण गराउनु पर्दछ । अस्पतालबाट पिसिआर टेष्ट गर्ने नगरेको तथा ३ हजार ३५ जनाको आरडिटि टेष्ट मात्र गराएको देखिन्छ । अस्पतालले पिसिआर टेष्ट गर्ने मेशिन नभएकोले पर्याप्त परीक्षण हुन नसकेको जनाएको छ । महामारीको अवस्थामा पनि पिसिआर परिक्षण मेशिन उपलब्ध नगराईनु मनासिव देखिदैन । ७० वेड क्षमता रहेको अस्पताल आईसोलेसनमा दैनिक रुपमा ७० जना वसेको र १ हजार ७० कोरोनाबाट प्रभावित व्यक्तिहरूको उपचार गरेको छ । अस्पतालमा १ हजार ४८ जना कोरोनाको जटिल विरामी भर्ना भएकोमा ९६ जना विरामीको मृत्यु भएको र ९५२ जना निको भएको देखिन्छ । मेशिनको व्यवस्थापन गरी सेवा प्रवाह बढाउनु पर्ने देखिन्छ ।

३७. **कार्य योजना** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने लगायत कार्यक्रम सहितको कार्ययोजना तयार गरी लागू गर्नु पर्ने व्यवस्था छ । अस्पतालले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन। ऐन तथा नियमावलीको पालना गर्नुपर्दछ ।

३८. **रेम्डेसिभिर खरिद -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ ३ अनुसार विशेष परिस्थितिमा खरिद गर्ने व्यवस्था छ । अस्पताल फार्मेसीले कोरोना महामारी नियन्त्रणका लागी विभिन्न ३ आपुर्तकबाट ४५४ डोज रेम्डेसिभिर रु.२० लाख ५१ हजारमा सोझै खरिद गरेको मध्ये ६४ डोज भायल रु.२ लाख ८८ हजार खर्च नभई बाँकी नै रहेको देखियो । उक्त औषधिको मान्य अवधि मार्च २०२३ अर्थात एक वर्ष मात्र रहेकोले प्रयोग नहुँदै म्याद समाप्त भई फार्मेसीलाई

नोक्सानी हुने जोखिम रहेको छ । विशेष परिस्थितीको प्रकृया पुर्याई खरिद गरी औषधिहरू उपभोगमा ल्याउनु पर्दछ ।

३९. **कर्मचारी सुविधा** - अस्पताल विकास समितिले मातहतका कर्मचारीलाई दिने थप सेवा सुविधाको निर्णय गर्दा विकास समितिको आयको आधारमा दिर्घकालिन रुपमा व्ययभार नवढ्ने गरि खर्च मापदण्ड स्वीकृत गरेर मात्र थप सुविधा दिनु पर्दछ। अस्पताल विकास समितिले पटके निर्णयका आधारमा अस्पतालका कर्मचारी तथा सुरक्षाकर्मीहरूलाई खाजा वापत रु.३ लाख ९८ हजार, भिडियो एक्सरे गरेको ८ हजार ६१० केशको रु.१२ लाख ९२ हजार, तलव स्केलको ५० प्रतिशतले मेडिकल सुपरिटेन्डेण्ट भत्ता रु.५ लाख ६९ हजार, १३ जनालाई आवास भत्ता रु.२ लाख ९३ हजार, स्थायी कर्मचारीलाई १० प्रतिशत र अस्थायी ज्यालादारीलाई ५ प्रतिशत थप भत्ता रु.११ लाख ६२ हजार, अर्थोसर्जरी वापत ८० र २० प्रतिशतले रु.१३ लाख २१ हजार र अन्यमा रु.११ लाख ९१ समेत रु ५६ लाख ५७ हजार खर्च लेखेको छ । पटके निर्णयको निर्णय अनुसार खर्च लेखेको उचित देखिएन ।

४०. **लेखापरीक्षण** - अस्पताल फार्मेशी सेवा निर्देशिका २०७२ को बुदा न १६(३) अनुसार आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र आन्तरिक लेखापरीक्षण गराई सक्नु पर्नेमा अस्पताल फार्मेसीको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको देखिएन । यस सम्बन्धमा गत विगतवर्षसमेत औंल्याइएकोमा त्यसतर्फ कुनै सुधार भएको देखिएन । अतः अस्पताल फार्मेसी तर्फको आर्थिक कारोबारकोसमेत प्रचलित व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षण गराउनु पर्दछ ।

४१. **आन्तरिक नियन्त्रण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० (१) मा प्रदेश तहका लेखा उत्तरदायी अधिकृतले आफू र आफ्नो मातहतका सबै सरकारी कार्यालयबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सो अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । ऐनले तोकिएका कार्यहरू मापदण्ड अनुसार गुणस्तरीय रुपमा समयमै सम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

भीम अस्पताल

४२. **छुट सोधभर्ना** - कोरोना भाइरसको सङ्क्रमणको उपचार वापत अस्पताललाई अनुदान उपलब्ध गराउने सम्बन्धी आदेश २०७७ को दफा ७ मा अनुदान प्राप्त गर्ने सूचीकृत अस्पतालले आवश्यक विलभर्पाई संलग्न गरी सोधभर्नाका लागि सामाजिक विकास मन्त्रालयले तोकेको निकायमा पेस गर्नु पर्ने व्यवस्था छ ।यसै गरी स्वास्थ्य बीमा ऐन,२०७४ को दफा ११ मा बीमा बोर्डले सेवा प्रदायकबाट प्रदान भएको सेवा वापतको रकम तोकिए बमोजिम स्वास्थ्य बीमा नियमावली, २०७५ नियम २१(३) बमोजिम कार्य सम्पन्न गरेको १५ दिन भित्र बैङ्किङ् प्रणाली मार्फत सेवा प्रदायकलाई भुक्तानी हुने व्यवस्था छ । अस्पताललले उपलब्ध गराएको सफ्टवेयर विवरण अनुसार फार्मेसीतर्फ २०७७/७८ मा रु.४० लाख ५६ हजार मूल्यको औषधी खरिद भएकोमा स्वास्थ्य बीमा छुट, कोरोना

खर्च छुट सहित अन्य छुट घटाउँदा खुद जम्मा बिक्री रु.२२ लाख ११ हजारले ऋणात्मक रहेको देखिन्छ । कार्यालयले औषधि बिक्रीमा बीमा तथा कोरोना बिरामीहरूको निशुल्क औषधी वापत छूट दिएको रकम रु.३१ लाख १८ हजार सम्बन्धित स्वास्थ्य बीमा वोर्ड तथा तालुक मन्त्रालयसँग सोधभर्ना लिई अस्पतालको मुल संचितकोषमा आम्दानी जनाउनुपर्दछ ।

४३. **कोभिड अस्पताल -** नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबाट १५ दिनभित्र कोभिड जोखिम व्यवस्थापनको लागि अस्पतालहरूको स्तरोन्नति गर्ने निर्णयानुसार सामाजिक विकास मन्त्रालयको आदेशमा २५ शय्याको एच. डि. यु. स्थापना गर्न अस्पतालले बोलपत्रको माध्यमबाट एक आपूर्तिकर्ता सँग ३० दिनभित्र ईक्युपमेन्ट आपुर्ति गर्ने गरि रु.२ करोड ९६ लाख ६२ हजारमा २०७७।१०।८ मा सम्झौता गरी सामान खरिद गरेकोमा देखिएका व्यहोराहरू निम्नानुसार छन्-

४३.१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम सम्झौतामा तोकिएको समयमा सामान आपूर्ति नगरेको अवस्थामा सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरि प्रति दिन ०.०५ प्रतिशतको दरले पूर्व निर्धारित क्षतिपूर्ति लगाउनुपर्ने व्यवस्था छ । एच डि यु स्थापना गर्नका लागि आइ सि यु बेड,मोनिटर समेत १२ प्रकारका सामानहरू २०७७।११।८ भित्र आपुर्ति गर्नु पर्नेमा २०७८।१।१३ मा आपूर्ति भएको पाइयो । सम्झौतामा तोकिएको समयभन्दा ५२ दिन ढिलो गरि आपूर्ति गरेकोले सम्झौता रकम रु.२ करोड ९६ लाख ६२ हजारको ०.०५ प्रतिशतले प्रतिदिन रु.१४ हजार ८३१ दरले ५२ दिनको रु ७ लाख ७१ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल हुनुपर्दछ ।

४३.२. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ मा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धि व्यवस्था छ । सो नियमको उपनियम ३ मा सार्वजनिक निकायले रु.१० लाख भन्दा बढी रकमको विशेष अवस्थामा खरिद गर्दा सो खरिद भएको बिबरणको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने र सो को जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई पठाउनुपर्ने व्यवस्था छ । अस्पतालबाट एच डि यु खरिद गर्दा नियममा व्यवस्था भए अनुसार खरिदको बिबरण सार्वजनिक गरेको तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई जानकारी पठाएको छैन । नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

अन्य अस्पतालहरू

४४. **प्रोभिजनल समको भुक्तानी -** निर्माण कार्यको ठेक्का सम्झौतामा प्रोभिजनल सम रकम भुक्तानी गर्दा निर्माण व्यवसायीले यथार्थ खर्चको विल विजक पेस गर्नुपर्दछ । जिल्ला अस्पताल, गुल्मीले निर्माण सम्झौता अनुसार फुट रेष्ट बेसिन लगायतको खर्च रु.२ लाख, विद्युतीकरणको खर्च रु.३ लाख र ईन्जिनियरको निर्देशन अनुसार गरेको अन्य खर्च रु.७० हजारसमेत रु.५ लाख ७० हजार भुक्तानी गरेकोमा विल विजक पेस गरेको छैन । सम्झौता अनुसार विल विजक पेस हुनुपर्दछ ।

४५. **रिएजेन्ट तथा केमिकल्स -** प्रयोगशालामा उपयोग हुने रिएजेन्ट तथा केमिकल्स लगायतका सामग्रीको खेर जाने दर तोकी उपलब्धिको नर्म्स समेत स्वीकृत हुनुपर्दछ । प्यूठान अस्पताल, प्यूठानले यस वर्ष सोझै खरिद विधिबाट रु.१२ लाख ९२ हजार तथा टेन्डर मार्फत् रु.२४ लाख ८३ हजार गरी

जम्मा रु.३७ लाख ७६ हजारको रिएजेन्ट र केमिकल्स समेत सामग्री खरिद गरेकोमा वायोकेमेष्ट्री, वायोलोजी र ल्यावको कारण ३० प्रतिशत सम्म खेर जाने दर रहेको उल्लेख गरेको छ । प्रयोगशाला सामग्री खेर जाने आधार र प्रतिशत यकिन नगरेकोले खरिद सामाग्रीको उच्चतम उपयोग भएको छ भन्न सक्ने आधार भएन ।

४६. **सोधभर्ना हुन बाँकी -** कोरोना भाइरसको सङ्क्रमणको उपचार वापत अस्पताललाई अनुदान उपलब्ध गराउने सम्बन्धी आदेश, २०७७ को दफा ७ मा अनुदान प्राप्त गर्ने सूचीकृत अस्पतालले आवश्यक विलभर्पाई संलग्न गरी सोधभर्नाका लागि तोकिएको ढाँचामा काठमाडौ उपत्यकाको हकमा विभागमा र प्रदेशको हकमा सम्बन्धित प्रदेशको सामाजिक विकास मन्त्रालयले तोकेको निकायमा पेस गर्नु पर्ने व्यवस्था छ । कपिलवस्तु अस्पतालले सामान्य केश २२२ जनाको रु.३ हजार ५०० को दरले, मध्यम केश ९९५ जनाको रु.७ हजारको दरले र जटिल केश ३५२ जनाको १५ हजारको रू.१ करोड ३० लाख ५२ हजार सोधभर्ना हुने गरी उपचार खर्च गरेको छ । उक्त रकम मध्ये रु.६६ लाख ७२ हजार मात्र सोधभर्ना भएकोले वाँकी रु.६३ लाख ५० हजार सोधभर्ना हुनुपर्दछ।

४७. **प्रयोगविहीन उपकरण** - स्वास्थ्य सेवा प्रवाहका लागि खरिद भएका मेसिन उपकरणहरू चालु हालतमा राखी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । प्यूठान अस्पतालमा रहेको १ थान अटोक्लेभ, १ थान ईन्सिनेटर, १ थान डायलायसिस मेशिन, ३ थान सेमी अटो वायोकेमेष्ट्रि एनालईजर, १ थान ४०० एम ए एक्सरे मेसिन तथा २ एम्वुलेन्स लगायतका उपकरण तथा मेसिनरीहरू चालु हालतमा रहेको देखिएन । प्युठान अस्पतालले रु.१ करोड १२ लाख ८७ हजार मुल्यको अक्सिजन भर्न प्रयोग गरिने अक्सिजन प्लान्ट खरिद गरेकोमा उक्त प्लान्ट सञ्चालन नगरी अस्पतालको हाताभित्र प्रयोगविहीन अवस्थामा राखेको पाईयो। । स्वास्थ्य सेवामा प्रयोग हुने मेशिन उपकरण प्रयोग नहुदा सेवा प्रवाहमा प्रभाव पर्ने देखिदा उपयोगमा ल्याउनु पर्दछ ।

सामाजिक विकास डिभिजन कार्यालय

४८. **कार्यसम्पन्न प्रतिवेदन** - नमुना विद्यालय विकास एवं सञ्चालन निर्देशिका, २०७४ (पहिलो संशोधन, २०७५ समेत) बुदा नं. ४४(ग) अनुसार विद्यालयको शैक्षिक तथा भौत्तिक विकासका लागि लागत अनुमान सहितको गुरुयोजना तर्जुमा गरी सोही आधारमा नमुना विद्यालयको रुपमा विकास गरिने उल्लेख छ । सामाजिक विकास डिभिजन कार्यालय, बाँके र दाँङ्गले ५ विद्यालयसँग विद्यालय पूर्वाधार निर्माणका लागि रु.२ करोड ३४ लाख ५७ हजारको सम्झौता गरी भुक्तानी दिएको छ । तर कार्यालयले विद्यालयसँग ३ वर्षे गुरु योजनाका आधारमा सम्झौता गर्नुपर्नेमा चालु आर्थिक वर्षको बजेटका आधारमा सम्झौता गरी अनुदान निकासा दिएकोमा पूर्वाधार निर्माणको कार्यसम्पन्न प्रतिवेदन पेस गरेको छैन।

४९. **छात्रवृत्ति कार्यक्रम -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने, खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । सामाजिक विकास डिभिजन कार्यालय, बाँकेले उच्च शिक्षा विपन्न लक्षित छात्रवृत्ति कार्यक्रम अन्तर्गत विभिन्न ११ क्याम्पसलाई रू.५ लाख २० हजार तथा १० क्याम्पसलाई अपाङ्ग छात्रवृत्ति वापत रु.१ लाख ७३ हजार समेत रु.६ लाख ९३ हजार रकम

प्रदान गर्दा विद्यार्थीहरूलाई रकम बुझाएको भरपाई पेस नगरेकोले विद्यार्थीले छात्रवृत्ति पाएको सुनिश्चित गर्ने आधार भएन ।

- **बेरुजु स्थिति** - यो वर्ष मन्त्रालय र मातहतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहाय अनुसार छः
  - यो वर्ष मन्त्रालय र मातहतका ३४ निकायको लेखापरीक्षणबाट रू.६ करोड १२ लाख ६० हजार बेरुजु देखिएकोमा फर्स्यौंट नगरेकोले बाँकी रहेको छ । सो मध्ये रू.१ करोड २१ लाख ८२ हजार पेस्की बेरुजु रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-९** मा संलग्न छ ।
  - अन्य संस्था र समितितर्फ १५ मध्ये ८ निकायमा रू.१० करोड ७१ लाख ८२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.३ लाख १६ हजार फर्स्यौंट भएकोले रू.१० करोड ६८ लाख ६६ हजार फर्स्यौंट गर्न बाँकी रहेको छ । सो मध्ये रू.१९ लाख ५ हजार पेश्की बेरुजु रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-१०** मा संलग्न छ ।

स्वास्थ्य जनसंख्या तथा परिवार कल्याण मन्त्रालय

लुम्बिनी प्रदेश सरकार (कार्यबिभाजन) नियमावली, २०७४ बमोजिम साविकको सामाजिक विकास मन्त्रालयको कार्यक्षेत्र अन्तर्गतको स्वास्थ्य सम्बन्धी बिषय हेर्न छुट्टै मन्त्रालयको रुपमा २०७८।१।६ मा स्वास्थ्य, जनसङ्ख्या तथा परिवार कल्याण मन्त्रालय स्थापना भएको देखिन्छ।

यो वर्ष मन्त्रालयको विनियोजन रु.१ करोड ३५ लाख ४८ हजार, राजस्व रु.४ हजार समेत रु.१ करोड ३५ लाख ५२ हजारको लेखापरीक्षण सम्पन्न गरिएकोछ। सो कारोबारको लेखारीक्षणबाट देखिएका व्यहोराहरू निम्नानुसार छन् :

१. **एकीकृत प्रगति विवरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ अनुसार मन्त्रालयले मातहत कार्यालयबाट बार्षिक प्रगतिको विवरण लिई नियम ३६ अनुसार सबै कार्यालयबाट प्राप्त विवरणको एकीकृत रुपमा केन्द्रीयस्तरको प्रगति विवरण तयार गरी त्यसको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले कार्यालयबाट प्रगति विवरण लिई केन्द्रीय प्रगति विवरण तयार गरेको देखिएन । नियमको व्यवस्था अनुसार एकीकृत प्रगति प्रतिवेदन तयार गरी मूल्यांकन गर्नुपर्दछ ।

२. **आन्तरिक नियन्त्रण -** लुम्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० (१) मा प्रदेश तहका लेखा उत्तरदायी अधिकृतले आफू र आफ्नो मातहतका सबै सरकारी कार्यालयबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले ऐनको व्यवस्था अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । मन्त्रालयको आन्तरिक मूल्यांङ्कन प्रणाली मूल्यांङ्कन गर्दा कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली पर्याप्त नरहेको, जिन्सी निरिक्षण प्रतिवेदन कार्यान्वयन नगरेको, वित्तीय सूचना प्रणालीको प्रयोग र त्यसको उपयोगको अवस्था कमजोर रहेको, विद्युतिय माध्यमबाट सेवा प्रवाहको अवस्था नरहेको, सेवाको गुणस्तर सुधारको लागि उपयुक्त उपायको अवलम्बन नगरेको स्थिति देखियो । ऐनको व्यवस्था अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी तोकिएका कार्यहरू कार्यान्वयन गर्नुपर्दछ ।

३. **वार्षिक विवरण र प्रतिवेदन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७३(३) मा विनियोजन, राजस्व, धरौटी, पेस्की, सम्पत्ति र दायित्वको वार्षिक विवरण आर्थिक वर्ष समाप्त भएको २१ दिन भित्र प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई तालुक कार्यालयमा पठाउनु पर्ने, नियम ७६(१० मा प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आर्थिक कारोबार (नगदी, जिन्सी, आयव्यय) को अनुसूची-११ बमोजिमको ढाँचामा आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको ४५ दिनभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था गरेको छ । मन्त्रालयले प्रतिवेदन तयार गरेको देखिएन । जसबाट मन्त्रालयको आर्थिक कारोबारको स्थिति, फस्यौंट गर्न बाँकी बेरुजु, जिन्सी एवं धरौटीको अवस्था

यकिन गर्न सकिएन । मन्त्रालयले तोकिए अनुसार वार्षिक प्रतिवेदन तयार गरी तोकिएको निकायमा पठाउनु पर्दछ ।

४. **दरबन्दी र पदपूर्ति -** प्रदेशहरू २०७४ मा स्थापना भएपछि प्रदेश लोकसेवा आयोगको स्थापना, आयोगको लागि चाहिने कानुन निर्माण, प्रदेश निजामती सेवा ऐन तथा नियमावली निर्माण र पाठ्यक्रम तर्जुमा गरी प्रदेश दरबन्दीका रिक्त पदहरू पदपूर्ति हुनुपर्नेमा यस मन्त्रालय र मन्त्रालय अन्तर्गतका ४३ निकायमा कुल दरबन्दी १ हजार ४७३ रहेकोमा ६०० पदपूर्ति भई ८७३ पद रिक्त रहेको छ। रिक्त दरबन्दी पदपूर्ती गराई सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

५. **वित्तीय जिम्मेवारी र जवाफदेहिता -** लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४६ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा उल्लेख छ । सो अनुसार योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन निकाय प्रमुख, मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फर्स्यौंट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृत, केन्द्रीय आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गरे नगरेको जाँचबुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृत र विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी कार्यालय प्रमुख र मन्त्रालयको हकमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख छ । ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गर्नु गराउनुपर्दछ ।

- **बेरुजु स्थिति -** यो वर्ष मन्त्रालयको लेखापरीक्षणबाट रू.७ लाख २९ हजार बेरुजु देखिएकोमा फर्स्यौंट नगरेकोले बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-९** मा संलग्न छ ।

प्रदेश लोक सेवा आयोग

प्रदेश सेवालाई पारदर्शी तथा परिणाममुखी बनाउन र सुशासन कायम गर्ने, प्रदेश तथा स्थानीय तहबाट माग भएका, योग्य कर्मचारीको छनोट गर्ने, प्रदेश सरकार र स्थानीयतहलाई आवश्यक परामर्श दिने, सरकारी सेवालाई सवल बनाउन अध्ययन अनुसन्धान गर्ने, योग्यता प्रणालीलाई सुदृढ गर्ने उद्देश्यले २०७६ ।०४।२८ गते प्रदेश लोक सेवा आयोगको स्थापना भएको हो ।

यो वर्ष आयोगको विनियोजनतर्फ रु.१ करोड ९५ लाख ८६ हजार, राजस्व आम्दानी रु.१ करोड २२ लाख ७० हजार र धरौटी रु.१ लाख ५ हजार समेत जम्मा रु.३ करोड १९ लाख ६१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **दरबन्दी र पदपूर्ती -** प्रदेश निजामती सेवाको उम्मेद्वार छनोट तथा पाठ्यक्रम तर्जुमा गरी प्रदेश दरबन्दीका रिक्त पदहरू पदपूर्ती गर्ने कार्यका लागी आयोगमा ३० दरबन्दी स्वीकृत भएकोमा १९ पदपूर्ती भई ११ पद रिक्त रहेको छ । रिक्त दरबन्दी पदपूर्ति गराई प्रदेश निजामती सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

२. **पाठ्यक्रम तयारी** - लुम्बिनी प्रदेश लोकसेवा ऐन, २०७६ को दफा १२ मा पाठ्यक्रम निर्माण सम्बन्धि व्यवस्था छ । आयोगले हालसम्म प्राविधिकतर्फ विभिन्न पदको लागि अधिकृत स्तरको १४ र सहायक स्तरको २७ गरी ४१ पाठ्यक्रम र अप्राविधिक तर्फ विभिन्न पदको अधिकृत स्तरको १ र सहायक स्तरका २ समेत ३ गरी कुल जम्मा ४४ पदको पाठ्यक्रम निर्माण गरेको छ । प्रदेश निजामती सेवा ऐन तथा नियमावली निर्माण गरी तोकिएको सबै पदको पाठ्यक्रम तयार गर्नुपर्दछ ।

३. **आयोगको परामर्श** - प्रदेश लोकसेवा आयोग ऐन २०७६ को दफा ७(३) बमोजिम प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा र स्थानीय सरकारी सेवा तथा स्थानीय तहको संगठित संस्थाको सेवाको पदका कर्मचारीको सेवा, शर्त सम्बन्धी कानुनको बिषयमा र त्यस्तो सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने साथै सोही ऐनको दफा ४२(१) मा सो बमोजिम परामर्श नलिई कारवाही भए गरेको त्यस्तो काम कारवाही बदर गर्न सक्ने व्यवस्था भएकोमा प्रदेशका ५ जिल्लाका १४ स्थानीय तहले सो सम्बन्धी कानुन निर्माण गर्दा आयोगको परामर्श नलिई कर्मचारीको समायोजन मिलान, तहवृद्धि, स्तर बृद्धि तथा ग्रेड थप सम्बन्धी कार्य गरेकोले उक्त काम कारवाही २०७८।११।५ को निर्णयले बदर र अमान्य ठहर गरेकोले उक्त निर्णय कार्यान्वयन हुनुपर्दछ ।

४. **तलबी प्रतिवेदन -** लुम्बिनी प्रदेशको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को दफा १७ मा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गराई तलबभत्ता खर्च लेख्नु पर्नेमा तलबी प्रतिवेदन पारित नगराई रु.५१ लाख ६ हजार तलब तथा ग्रेड खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित गरेर मात्र तलबभत्ता खर्च लेख्नु पर्दछ ।

५. **वार्षिक कारोवार एवं कार्यसम्पादन प्रतिवेदन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७६(१) मा प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आर्थिक

कारोबार (नगदी, जिन्सी, आय-व्यय) को अनुसूची-११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको २१ दिनभित्र तालुक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने र नियम ९१ बमोजिम वार्षिक कार्यसम्पादन प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र तालुक मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । आयोगले उक्त प्रतिवेदन तयार गरी पठाएको देखिएन । नियमावलीको व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

- **बेरुजु स्थिति -** यो वर्ष आयोगको लेखापरीक्षणबाट रु.१ लाख ७९ हजार बेरुजु देखिएकोमा फर्स्यौंट नगरेकोले बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा संलग्न छ ।

मुख्य न्यायधिवक्ताको कार्यालय

प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटील संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारकोतर्फबाट अदालतमा उपस्थित भइ वहस पैरवी गर्ने, गराउने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.८६ लाख ९९ हजार, राजस्व रु.२५ हजार समेत रु.८७ लाख २४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो सम्बन्धमा देखिएका व्यहोरा यसप्रकार छन्:

१. **मुद्दाको प्रतिरक्षा -** मुख्य न्यायधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ स्वीकृत भई लागु भएको छ । कार्यालयले वहस पैरबी गर्ने गरी दर्ता भएका ७९ मुद्दा मध्ये १७ मुद्दा फस्यौंट भई ६२ फस्यौंट हुन बाँकी रहेका छन् । बाँकी मुद्दा मध्ये सर्वोच्च अदालतमा ४०, उच्च अदालत तुलसीपुरमा ४, उच्च अदालत तुलसीपुर बुटवल इजलासमा ११, उच्च अदालत तुलसीपुर नेपालगञ्ज इजलासमा ६, प्रशासकीय अदालतमा १ मुद्दा बाँकी रहेका छन्।

२. **आन्तरिक नियन्त्रण -** लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० (१) मा प्रदेश तहका लेखा उत्तरदायी अधिकृतले आफू र आफ्नो मातहतका सबै सरकारी कार्यालयबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सो अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । ऐनले तोकिएका कार्यहरू तोकिएको मापदण्ड अनुसार गुणस्तरीय रुपमा समयमै सम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

- **बेरुजु स्थिति -** कार्यालयको लेखापरीक्षणबाट यो वर्ष लगति बेरुजु देखिएको छैन ।

प्रदेश योजना आयोग

प्रदेश सरकारको विकास नीति, योजना तथा कार्यक्रम तर्जुमा कार्यलाई लक्ष्य उन्मुख, सूचकमा आधारित र प्राथमिकताको क्षेत्र केन्द्रीत वनाउन सहयोग र सल्लाह दिने उद्देश्यले प्रदेश योजना आयोग गठन भएको हो ।

यो वर्ष विनियोजन रु.१ करोड ७० लाख १९ हजार, राजस्व रु.५५ हजार र अन्य करोवार रु.४ लाख ३६ हजार समेत रु.१ करोड ७५ लाख १० हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **दीगो विकास लक्ष्य** - आयोगले दीगो विकासका लक्ष्यहरूको आधार सूचकांक तयार गरी परिमाणात्मक लक्ष्यहरू निर्धारण गर्नु पर्नेमा गरेको छैन । दीगो विकासका सूचक र लक्ष्यहरूलाई आन्तरिकीकरण गरी मध्यकालीन सूचकहरू निर्धारण गर्ने र ती सूचकको आधारमा अनुगमन गरी योजना कार्यान्वयनको अवस्था मूल्यांकन गर्नुपर्दछ ।

२. **आवधिक योजनाको समीक्षा** - प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना २०७६/७७ देखि कार्यान्वयनमा आएको छ । उक्त योजनाको प्रभावकारी कार्यान्वयनको लागि प्रत्येक वर्षको लागि तोकिएका लक्ष्य पुरा गर्नुपर्दछ । आयोगले विगत २ वर्षमा गर्ने भनि तोकिएका सूचक अनुसार प्रगति भए नभएको समीक्षा गरेको छैन । प्रत्येक वर्षको लागि तोकिएका सूचकहरू बमोजिम नतिजा हासिल गर्न नसकेमा योजनाले परिकल्पना गरेका सोच, लक्ष्य र उद्देश्यहरू पुरा हुनसक्ने देखिदैन । कार्ययोजना बमोजिम तोकिएका कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ ।

३. **दरबन्दी र पदपूर्ति** - आयोगको स्वीकृत कर्मचारी दरबन्दी ९ मध्ये ७ पदपूर्ति भई एक प्रशासकीय प्रमुख सहित २ पद रिक्त रहेको देखिन्छ । जनशक्तिको अभावमा आयोगको कार्य सम्पादनमा असर पर्ने देखिएकोले रिक्त दरबन्दी पूर्ति गर्नुपर्दछ ।

४. **तलवी प्रतिवेदन** - निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा तलवी प्रतिवेदन पारित नगरी रु.१८ लाख ४७ हजार तलब खर्च लेखेको पाईयो । नियमानुसार तलवी प्रतिवेदन पारित गरेर मात्र खर्च लेख्नु पर्दछ।

५. **वार्षिक खरिद योजना** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ (१) मा सार्वजनिक निकायले वार्षिक दश लाख रुपैयाँ भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा वार्षिक खरिदयोजना तयार गर्नुपर्ने उल्लेख छ । पूँजिगत शीर्षकमा शुरू बजेट रू. १० लाख र थप बजेट रू. ८३ लाख विनियोजन भई रु.७१ लाख ७१ हजार खर्च गरेकोमा खरिद योजना तयार गरेको देखिएन । नियमले उल्लेख गरे वमोजिम खरिद योजना तयार गरी खर्च गर्नुपर्दछ ।

६. **सम्झौता कार्यान्वयन** - नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठानसँग इलेक्ट्रिक स्कुटर कम्पनी स्थापनाबारे अध्ययन, अवधारणा तथा मोडालिटी तयार गर्न २०७७।१२।२५ मा सम्झौता भए अनुसार कार्य सम्पन्न गरी रु.१५ लाख भुक्तानी भएको छ । सम्झौता बमोजिम रु.२ लाख ९५ हजारको एक थान स्कूटर आयोगलाई बुझाउने उल्लेख भएकोमा हालसम्म बुझाएको छैन ।

- **बेरुजु स्थिति** - यो वर्ष आयोगको लेखापरीक्षणबाट रू.२ लाख ९५ हजार बेरुजु देखिएकोमा फर्स्यौट नगरेकोले बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची -९** मा छ ।

प्रदेश पूर्वाधार विकास प्राधिकरण

प्रदेशको पूर्वाधार विकासका योजनाको तर्जुमा र कार्यान्वयन गरी छिटो, छरितो र प्रभावकारी रुपमा योजना सम्पन्न गर्न र सार्वजनिक, नीजि साझेदारी र वैदेशिक लगानीलाई पूर्वाधार विकासमा परिचालन गरी आधुनिक प्रविधिजन्य एवं उच्च प्रतिफलयुक्त आयोजनाहरूको निर्माण र सञ्चालन मार्फत रोजगारी र आय आर्जनका अवसरको सिर्जना गरी प्रदेश र जनताको समृद्धि अभिवृद्धि गर्ने उद्देश्यले पूर्वाधार विकास प्राधिकरण ऐन, २०७७ अनुसार प्राधिकरणको स्थापना भएको हो ।

यो वर्ष प्रतिष्ठानको विनियोजन तर्फ रु.५ करोड २७ लाख २४ हजार, राजस्व रु.३० हजार र धरौटी रु.१५ लाख ६० हजार समेत रु.५ करोड ४३ लाख १४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। प्राधिकरणको लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरू निम्नानुसार छन्:-

१. **गुरुयोजना तर्जुमा र स्वीकृति -** पूर्वाधार विकास प्राधिकरण ऐन, २०७७ को दफा ६(१) अनुसार प्रदेशको पूर्वाधार विकासको लागि औद्योगिक, व्यापारिक, पर्यटकीय, सांस्कृतिक एवं आर्थिक विकास केन्द्रको रुपमा विकास गर्ने, पूर्वाधारसम्बन्धी आयोजनाको विकास विस्तार र निर्माण गर्ने, स्थानीय तहको समन्वयमा भू-उपयोग योजना तयार गर्ने, सार्वजनिक सेवा सुविधा सरल र सर्वसुलभ रुपमा उपलब्ध गराउने उद्देश्य पूरा गर्न प्राधिकरणले पूर्वाधार विकास योजना तर्जुमा गरी प्रदेश सरकारबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । प्राधिकरणले पूर्वाधार विकास सम्बन्धी गुरु योजना तयार गरेको देखिएन। ऐनको व्यवस्था अनुसार गुरु योजना तयार गरिनुपर्दछ ।

२. **प्राधिकरणको कोष -** पूर्वाधार विकास प्राधिकरण ऐन, २०७७ को दफा २२(१) अनुसार प्राधिकरणको छुट्टै कोष हुने र उक्त कोषमा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त हुने रकम, कुनै स्वदेशी वा विदेशी व्यक्ति वा संस्थाबाट प्राप्त दान एवं चन्दा स्वरुप प्राप्त हुने रकम वा प्राधिकरणले आर्जन र प्राप्त गर्ने अन्य रकमसमेत रहने व्यवस्था छ । प्राधिकरणले यो वर्ष प्रदेश सरकारबाट निकासा भएको रु.५ करोड २७ लाख २४ हजार खर्च गरेको छ । ऐन अनुसार प्राधिकरणले छुट्टै कोष स्थापना एवं सञ्चालन गरेको छैन ।

३. **आन्तरिक नियन्त्रण -** लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३०(१) अनुसार प्राधिकरणले आफू र मातहतका सबै सरकारी कार्यालयबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने र त्यसको लागि कार्यालयले आन्तरिक नियन्त्रण समिति गठन गर्नुपर्ने व्यवस्था छ ।प्राधिकरणले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । समिति गठन गरी ऐनमा तोकिएका कार्यहरू सम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

४. **अधुरो भवन -** प्राधिकरणले प्रदेश सभा भवन निर्माण गर्न एक जे भी को कबोल अङ्क रु.५ करोड २१ लाख ९४ हजारको ठेक्का स्वीकृत गरी २०७८ भाद्र मसान्त सम्ममा सम्पन्न गर्ने गरी २०७८।१।२४ मा ठेक्का सम्झौता गरेकोमा यो वर्ष प्रथम चालु बिलबाट रु.४७ लाख ४९ हजार

भुक्तानी गरेको छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयनको कार्ययोजना र कार्यतालिका पेस गर्नुपर्ने तथा नियम १२० बमोजिम निर्माण व्यवसायीको काबू बाहिरको परिस्थितिबाट तोकिएको अवधिभित्र निर्माण कार्य पुरा गर्न नसकिने भएमा अवधि थप गर्न सक्ने व्यवस्था छ । निर्माण व्यवसायीले निर्माण कार्यको कार्यतालिका तथा कार्य योजना पेस गरेको देखिएन । साथै तोकिएको अवधिमा कार्य सम्पन्न नभएकोले २०७८।१०।२४ सम्म म्याद थप गरेको छ । थप भएको अवधिमा समेत कार्य सम्पन्न नभएकोले कार्यतालिका पेस गर्न लगाई निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

५. **बजेट समर्पण** - लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १८ अनुसार दोश्रो चौमासिक अवधिसम्म खर्च नभएको रकम समर्पण गराउन सक्ने र आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २१ मा बजेट खर्च हुन नसकेको रकम चैत्र १५ सम्ममा समर्पण गर्नुपर्ने र त्यसरी समर्पण नगरेमा अर्थ मन्त्रालयले बजेट रोक्का राखि समर्पण गराउन लगाउने व्यवस्था छ । प्राधिकरणले रु.२ करोड २३ लाख १४ हजार खर्च नगरेकोमा बजेट समर्पण गराएको देखिएन। ऐनको व्यवस्था अनुसार स्वीकृत बजेट खर्च गर्नु गराउनुपर्दछ ।

- **बेरुजु स्थिति** - यो वर्ष प्राधिकरणको लेखापरीक्षणबाट रू.१ लाख ४२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि फर्स्यौट नभएकोले बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा छ ।

सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान

सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा विकास भएका नविनतम प्रविधिलाइ प्रदेशको हित अनुकुल प्रयोग गरी प्रदेशलाइ सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा सवल र सक्षम बनाउने, प्रविधि सञ्चालनको लागि आवश्यक जनशक्तिको विकास गर्ने, सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा रोजगारी सिर्जना गरी ज्ञानमा आधारित समाज निर्माण गर्ने तथा प्रदेशको सूचना तथा सञ्चार प्रविधीको विकास तथा विस्तार गर्ने उद्देश्यले २०७६ मा प्रतिष्ठानको स्थापना भएको देखिन्छ।

यो वर्ष प्रतिष्ठानको विनियोजन रु.३ करोड ७७ लाख ५५ हजार, राजस्व रु.११ हजार र धरौटी रु.१ लाख ६९ हजार समेत रु.३ करोड ७९ लाख ३५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । प्रतिष्ठानको लेखापरीक्षणवाट देखिएका प्रमुख व्यहोराहरू निम्नानुसार छन्:

१. **गुरु योजना** - लुम्बिनी प्रदेश सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठानको स्थापना तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ को दफा ६(१) मा मूख्यमन्त्रीको अध्यक्षतामा सर्वोच्च निकायको रुपमा परिषद् गठन हुने, दफा ७ मा परिषद्को काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था भए अनुसार सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरु योजना तर्जुमा गर्नुपर्ने उल्लेख छ ।प्रतिष्ठानले सूचना तथा सञ्चार सम्बन्धी गुरुयोजना तयार देखिएन। ऐनको व्यवस्था कार्यान्वयन गरिनुपर्दछ।

२. **पदाधिकारी पारिश्रमिक** - सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठानको स्थापना तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ को दफा १५(१) मा भएको व्यवस्था बमोजिम कार्यकारी निर्देशकको पारिश्रमिक सेवा सुविधा प्रदेश सरकारले तोके बमोजिम हुने व्यवस्था छ । प्रदेश सरकारले ऐन, कानुन बनाई सेवा सुविधा तोक्नुपर्नेमा मन्त्रिपरिषदको निर्णयबाट कार्यकारी निर्देशकको सेवा, सुविधा तोकी सोही आधारमा यो वर्ष रु ९ लाख ८२ हजार खर्च लेखेको देखिन्छ । कार्यकारी निर्देशकको सेवा, सुविधा सम्बन्धी कानुन निर्माण गरी सुविधा सुनिश्चित गर्नुपर्दछ ।

३. **टुक्रा खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद कार्य प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा खरिद गर्न नमिल्ने साथै नियम ८४ मा रु.५ लाख देखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रद्धारा खरिद गर्नुपर्ने व्यवस्था छ। प्रतिष्ठानले मुख्यमन्त्री कार्यालयमा भिडियो कन्फ्रेन्सको लागि आवश्यक सामान टुक्रा टुक्रा खरिद गरी रु.१९ लाख ७१ हजार खर्च लेखेको नियमित देखिएन।

४. **खरिद प्रतिस्पर्धा** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक खरिदलाई खुला, प्रतिस्पर्धी र विश्वसनिय बनाउनुपर्ने, खरिद नियमावली २०६४ को नियम ७२ मा रु.२० लाखसम्मको परामर्श सेवा खरिद गर्दा सम्भव भए सम्म ६ र कम्तिमा ३ परामर्शदातासँग प्राविधिक र आर्थिक प्रस्ताव माग गर्नुपर्ने व्यवस्था छ। प्रतिष्ठानले बिभिन्न परामर्श सेवा मार्फत सफ्टवेयर निर्माण गरेकोमा वोलपत्रबाट एक र अन्य आठ परामर्श सेवा खरिद गर्दा तीन परामर्शदाताबाट आर्थिक र प्राविधिक प्रस्ताव पेस गर्न लगाइ खरिद गरेको छ। लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स वेगर नै गरेको छ । पेस गरेको लागत अनुमानमा सिभिल ईन्जिनियर तथा लेखा अधिकृत आवश्यक नपर्नेमा मुख्य जनशक्तिको रुपमा राखेको छ। ३ देखि ६ परामर्शदाता कम्पनीको प्रस्ताव लिई कार्य गराउनुपर्ने व्यवस्था

भएकोमा कुल ९ परामर्श सेवा खरिदको लागि ३ परामर्शदातासंग मात्र प्रस्ताव माग गरेको छ। लागत अनुमान र कवोल अंकको तुलना गर्दा ०.१४ प्रतिशत देखि १.१४ प्रतिशत सम्म घटीमा कवोल गरेको प्रस्ताव स्वीकृत गरी रु.१ करोड ७८ लाख ५६ हजार भुक्तानी गरेको छ। प्रत्येक परामर्श कार्यमा ३ मात्र प्रस्ताव पेस भएको र लागत अनुमानकै हाराहारीमा कबोल अंक पेस भएको अवस्थामा प्रस्ताव स्वीकृत भएको देखिदा परामर्श सेवा खरिद कार्य मितव्ययी देखिदैन यसरी खरिद गरेका सफ्टवेयर मध्ये रु.१ करोड ३९ लाख १८ हजारका ६ सफ्टवेयरहरू प्रयोगमा ल्याएको देखिएन। बिभिन्न मन्त्रालयको काम कारवाहीलाई सरल र सहज बनाउन निर्माण भएका सफ्टवेयर प्रयोगमा नल्याउदै परामर्शदाताको मर्मत सुधार गर्नुपर्ने अवधि समाप्त भएको छ। परामर्शदाताकै खर्चमा उक्त सफ्टवेयर प्रयोगमा ल्याउनुपर्दछ।

५. **आन्तरिक नियन्त्रण** - लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३०(१) मा प्रदेश तहका लेखा उत्तरदायी अधिकृतले आफू र मातहतका सबै सरकारी कार्यालयबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने र त्यसको लागि कार्यालयले आन्तरिक नियन्त्रण समिति गठन गर्नुपर्ने व्यवस्था छ ।प्रतिष्ठानको आन्तरिक नियन्त्रण प्रणाली मूल्यांङ्कन गर्दा प्रतिष्ठानले सो अनुसार नियन्त्रण प्रणाली तयार गरेको देखिएन। समिति गठन गरी ऐनमा तोकिएका कार्यहरू सम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

६. **आचारसंहिता निर्माण** - सुचना तथा सञ्चार प्रविधी प्रतिष्ठान ऐन, २०७६ को दफा २१ बमोजिम प्रतिष्ठानले पदाधिकारी र कर्मचारीहरूको काम कारबाहीका सम्बन्धमा आवश्यक आचारसंहिता तयार गरी लागु गर्ने उल्लेख छ। कार्यालयको काम कारबाहीलाई व्यवस्थित गर्न प्रतिष्ठानले आचारसंहिता तयार गरेको छैन। सेवा प्रवाहलाई चुस्त, छिटो र छरितो बनाउन आचारसंहिता तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

- **बेरुजु स्थिति** - यो वर्ष प्रतिष्ठानको लेखापरीक्षणबाट रु.८५ लाख ५७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि फर्स्यौंट हुन नसकी बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसुची-९** मा छ।

परिच्छेद - ४

प्रतिवेदन कार्यान्वयन स्थिति

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५ बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भइ प्रारम्भिक प्रतिवेदनमा औल्याइएका बेरुजुका सम्बन्धमा सो बेरुजुको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिए बमोजिम फर्स्यौंट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्ने व्यवस्था छ । यस सम्बन्धी व्यहोरा निम्न छन्:

१. **प्रतिवेदन कार्यान्वयन -** लेखापरीक्षण ऐन, २०७५ को दफा १९ (५) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष पेस गरेको प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभा समक्ष पेस गर्ने व्यवस्था छ । महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७५, २०७६ र २०७७ मिति २०७७।६।८ मा प्रदेश सभामा पेस भएको र वार्षिक प्रतिवेदन, २०७८ प्रदेश सभामा हालसम्म पेस नभएको जानकारी प्राप्त भएको छ । वार्षिक प्रतिवेदन उपर समयमै छलफल गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

२. **बेरुजु फर्स्यौंट -** यो वर्ष प्रदेश सरकारी कार्यालयतर्फ १७३ निकायको विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबारको लेखापरीक्षण सम्पन्न गरी १४३ निकायको रु.५३ करोड ६० लाख २५ हजार बेरुजु सहितको लेखापरीक्षण सम्पन्न गरी प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएकोमा ३ निकायबाट प्रमाण तथा प्रतिक्रिया पेस भई सैद्धान्तिक दफा ७ र लगती दफा ३ बाट रु.७ लाख ३३ हजार फर्स्यौंट भई रु.५३ करोड ५२ लाख ९२ हजार बाँकी रहेको छ । समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षण भएका १५ मध्ये ८ निकायको रु.१० करोड ७१ लाख ८२ हजारमा १ निकायको प्रतिक्रियाबाट रु.३ लाख १६ हजार फर्स्यौंट गरेकोले रु.१० करोड ६८ लाख ६६ हजार बेरुजु बाँकी रहेको छ । कानुन बमोजिम बेरुजु असुल फर्स्यौंट गर्नुपर्दछ ।

गत वर्ष प्रदेश सरकारी निकायतर्फको रु.१ अर्ब १४ करोड ९४ लाख ९ हजार बेरुजु फर्स्यौंट गर्न बाँकी रहेकोमा सम्परीक्षणबाट रु.२३ करोड ३१ लाख फर्स्यौंट गरेकोले रु.९१ करोड ६३ लाख ९ हजार र समिति तथा अन्य संस्थातर्फ रु.१७ करोड १७ लाख ४७ हजार बेरुजु फर्स्यौंट गर्न बाँकी रहेकोमा सम्परीक्षणबाट रु.२ करोड ३४ लाख ७४ हजार फर्स्यौंट भई रु.१४ करोड ८२ लाख ७३ हजार बेरुजु बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-९, १० र ११** मा संलग्न छ ।

३. **बेरुजु न्यूनीकरण -** प्रदेश सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट औंल्याइएको त्रुटीलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनु पर्दछ । प्रदेश कार्यालयहरूमा आन्तरिक नियन्त्रण प्रणाली स्थापना नभएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आर्थिक कार्यविधि नियमावली तर्जुमा नगरेको, सार्वजनिक खरिद ऐन नियम नबनाएको, कानुनको पालनामा कमजोरी रहेको, अनुगमन तथा मूल्याङ्कन कमजोर देखिएको हुँदा यसमा सुधार गर्नुपर्दछ । त्यसैगरी प्रचलित कानुनहरूको प्रभावकारी पालना, मापदण्ड, निर्देशिका र कार्यविधिहरूको पालना, गुणस्तरीय खरिद तथा निर्माण, नियमित रूपमा बेरुजु फर्स्यौंट गर्ने कार्यहरूले पनि बेरुजु न्यून गराउन मद्दत गर्दछ ।

परिच्छेद - ५

सुधारका क्षेत्रहरू

नेपालको संविधानमा उपलब्ध स्रोत साधनको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुने उल्लेख छ । उक्त उद्देश्य पुरा गर्न राज्यले आवश्यक नीति तथा कानुन तर्जुमा, संगठनात्मक संरचना, पूर्वाधार विकास, आर्थिक क्रियाकलापहरू सञ्चालन, स्रोत साधनको व्यवस्थापन तथा परिचालन गरी प्राप्त प्रतिफलको न्यायोचित वितरण गर्ने लगायतका कार्य गर्नुपर्दछ । उक्त क्रियाकलापहरू सञ्चालनमा सार्वजनिक जवाफदेहिता, वित्तीय पारदर्शिता र आर्थिक अनुशासनको पालना तथा स्रोत र साधनको उचित परिचालनबाट विकास निर्माण तथा सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही, मितव्ययी, प्रभावकारी बनाउन सकिने कुरामा विश्वास गर्न सकिन्छ । प्रदेश सरकार गठन भएको छोटो अवधिमा स्रोत साधन प्राप्ती, उपयोग तथा परिचालन र सोबाट प्राप्त हुने प्रतिफलमा सकारात्मक संकेत देखिएको छ । यस्ता सकारात्मक पक्षहरूलाई निरन्तरता दिँदै आर्थिक अनुशासन र वित्तीय सुशासन कायम गर्न विद्यमान आर्थिक कार्यप्रणालीमा सुधारको आवश्यकता देखिएको छ । ती सुधारका पक्षहरूलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

• नीति तथा कानुनी व्यवस्था

१. **नीति कार्यान्वयन -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले मन्त्रालयहरूलाई कार्य जिम्मेवारी तोकेको छ । उक्त कार्य जिम्मेवारी पुरा गर्न प्रदेश सरकारले घोषणा गरेका वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेखित नीतिगत व्यहोराहरू प्राथमिकता निर्धारण गरी कार्यान्वयन गर्नुपर्दछ । प्रदेश सरकार (कार्य विभाजन) नियमावली बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सरकारको समग्र आर्थिक सूचक तयार गर्ने, आर्थिक वृद्धि र स्थायित्व कायम गर्ने, उत्पादन र उत्पादकत्व वृद्धि गर्ने लगायतका नीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने देखिएको छ । त्यस्तै, कृषि, वन, पर्यटन, उद्योग लगायतको विषयमा क्षेत्रगत नीति तर्जुमा गरी कार्यान्वयनका माध्यमबाट प्रदेश तथा राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

२. **कानुन निर्माण -** संविधानको धारा ५७ मा प्रदेशको अधिकार अनुसूची-६ मा उल्लिखित विषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग संविधान र प्रदेश कानुनबमोजिम हुने व्यवस्था छ । यो वर्षसम्म लुम्बिनी प्रदेशमा कानुन निर्माण गर्न ७६ विधेयक प्रदेश सभामा पेस भएको मध्ये ६७ कानुन निर्माण भई लागु भएका र बाँकी ९ मध्ये ४ विचाराधिन रहेको, ५ विधेयक संशोधन सहित पेस गर्न सम्बन्धित मन्त्रालयमा फिर्ता पठाएको देखिन्छ । सेवा प्रवाहलाई प्रभावकारी बनाउन तथा कार्यसञ्चालन प्रक्रियामा पारदर्शिता, जवाफदेहिता तथा विधिसम्मत कार्यको सुनिश्चितताका लागि आवश्यक कानुन निर्माण गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

३. **कानुनको पालना -** विद्यमान सार्वजनिक खरिद ऐन, नियम, प्रदेश आर्थिक कार्यविधि ऐन, नियम र अन्य प्रचलित कानुनहरूको पालना गरी आर्थिक अनुशासन कायम गर्दै आर्थिक अनियमितता घटाउन

सम्बन्धित निकायहरूले ध्यान दिनुपर्दछ । कार्यसम्पादनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिका, मार्गदर्शन तर्जुमा गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

४. **सेवा र सुविधा -** प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक सुविधासम्बन्धी ऐन अनुसार तोकिएका सेवा सुविधाभन्दा बढी नहुने गरी सुविधा भुक्तानी गर्नुपर्नेमा चाडपर्व खर्च, प्रदेश सचिव थप सुविधा, यातायात खर्च सुविधा, सल्लाहकार लगायतका सुविधा ऐन अनुसार तोकिएभन्दा बढी खर्च गर्ने प्रवृत्तिमा सुधार गरी मापदण्ड बमोजिम सेवा सुविधा उपलब्ध गराउने व्यवस्था अवलम्वन गर्नुपर्दछ।

- **संगठन तथा जनशक्ति व्यवस्थापन**

५. **दरबन्दी र पदपूर्ति -** प्रदेशस्तरको कार्य सम्पादनमा प्रभावकारिता ल्याउन सबै सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण गरी कार्यालय र कर्मचारी दरबन्दी यकिन गर्ने र दरबन्दी अनुसार पदपूर्ति गरी विकास निर्माण, सेवा प्रवाहका गतिविधिलाई प्रभावकारी बनाउनुपर्दछ ।

६. **सेवा प्रवाह -** सार्वजनिक स्रोत र साधनको अधिकतम उपयोग गरी सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक सञ्चालन गर्न चक्रीय समय प्रणाली, टोकन प्रणाली, एकद्वार सेवा प्रणाली र हेल्पडेस्क प्रणाली कार्यान्वयनमा ल्याउन सेवा प्रवाह मापदण्ड निर्धारण गर्ने, अनुगमन संयन्त्र बनाउने र गुनासो व्यवस्थापन एवं सार्वजनिक सुनुवाई गर्ने व्यवस्था मिलाउनुपर्दछ । सेवा प्रवाहमा संलग्न हुने पदाधिकारी एवं जनशक्ति सेवाग्राहीप्रति सोझै उत्तरदायी र जवाफदेही हुनुपर्ने प्रणाली तयार गरी लागु गर्नुपर्दछ । सेवाग्राहीको समय र लागत घटाउन विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

- **आयोजना तथा कार्यक्रम व्यवस्थापन**

७. **आयोजना बैङ्क -** पूर्वाधार विकासका क्षेत्रहरू जस्तै सडक, सिँचाई, खानेपानी, पर्यटन, कृषि, उद्योग, वन आदिको दीर्घकालिन विकासको प्रारुप तयार गरी क्षेत्रगत आयोजना, त्यसबाट प्राप्त हुने प्रतिफल, लाभान्वित हुने वर्ग र प्राथमिकिकरण सहित आयोजना बैङ्क तयार गर्नुपर्ने देखिएको छ ।

८. **आयोजना छनौट एवं कार्यान्वयन -** आयोजना बैंकबाट प्रदेश गौरवका आयोजना लगायत प्राथमिकता प्राप्त आयोजनाको छनौट एवं कार्यान्वयन गर्ने, निश्चित मापदण्ड निर्धारण गरी संघ र स्थानीय तहसँग दोहोरो नपर्ने गरी आयोजना कार्यान्वयन गर्ने र आयोजनाको अनुगमन र मूल्याङ्कन गरी कार्यान्वयनमा ढिलाई हुनुको कारण पहिचान गरी समयमै आयोजना सम्पन्न गराउन ध्यान दिनुपर्दछ ।

९. **दिगो विकास लक्ष्य -** दिगो विकास लक्ष्यको राष्ट्रिय सूचक अनुसार शिक्षा, स्वास्थ्य, खानेपानी, पर्यटन, भौतिक पूर्वाधार, सिँचाई, आवास लगायतका क्षेत्रमा योजना तर्जुमा तथा बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गर्ने र अपेक्षित उद्देश्य/लक्ष्य प्राप्त गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

१०. **अध्ययन प्रतिवेदन** – प्रदेश सरकारले परामर्शदाता मार्फत तयार गरेको विस्तृत आयोजना प्रतिवेदन अभिलेख राखि कार्यान्वयनमा ल्याउनुपर्दछ । संघबाट अध्ययन गरी तयार भएका प्रतिवेदनहरु प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गरी दोहोरो अध्यान नहुने व्यवस्था मिलाउनुपर्दछ ।

- **बजेट व्यवस्थापन**

११. **बजेट तर्जुमा -** बजेट तर्जुमा गर्दा क्षेत्रगत प्राथमिकता, स्रोत साधनको उपलब्धता, पूर्वाधार विकासको अवस्था, राजस्व संकलन गर्न सक्ने क्षमता, सरोकारवालाको सहभागिता लगायत पक्षमा ध्यान दिई बजेट निर्माण गर्नुपर्ने देखिन्छ । बजेट तर्जुमा गर्दा क्षेत्रगत प्राथमिकता, मध्यमकालिन खर्च संरचना, बहुवर्षिय चक्रिय बजेट लगायतका अवधारणा अनुसार कार्यान्वयन योग्य बजेट तर्जुमा गर्नुपर्दछ।

१२. **बजेट विनियोजन -** प्राथमिकतामा रहेका योजना एवं कार्यक्रममा बजेट विनियोजन गर्ने, बजेट अबण्डा राखी पछि रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्ने, विस्तृत परियोजना प्रतिवेदन तयार भएका योजनामा मात्र विनियोजन गर्ने, बजेट विनियोजन, खर्च र उपलब्धिलाई कार्य सम्पादन मूल्याङ्कनसँग आवद्ध गर्ने, दीगो विकास हुने आयोजनामा मात्र बजेट विनियोजन गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

१३. **विनियोजन दक्षता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम प्रदेश मन्त्रालयले बजेट प्रस्ताव गर्दा खर्च हुने स्पष्ट आधारसहित पेस गर्ने र सो अनुसार खर्च गर्नुपर्ने उल्लेख छ । यो वर्ष प्रदेश सरकारले संशोधित बजेट रु.३९ अर्ब १५ करोड ४२ लाख कायम गरेकोमा रु.३२ अर्ब १० करोड ३० लाख खर्च गरी कुल विनियोजनको ८१.९९ प्रतिशत मात्र खर्च गरेको देखिन्छ । कार्यान्वयन योग्य कार्यक्रम र आधार बेगर बजेट अनुमान गरेको र बजेट अनुसार खर्च गर्न नसकेकोले मन्त्रालयको विनियोजन दक्षता कमजोर रहेको देखियो । कार्यक्रम बजेट खर्च गरी विनियोजन दक्षता वृद्धि गर्नुपर्दछ ।

१४. **परामर्श खर्च -** परामर्शदाता खर्चमा अत्यधिक वृद्धि हुँदै गएको देखिएको छ । परामर्श खर्चमा न्यूनीकरण गर्न सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन लगायतका कार्य आन्तरिक जनशक्तिबाट गराउन पहल गर्ने, बाह्य जनशक्तिबाट गराउनु पर्ने अवस्थामा प्रतिस्पर्धात्मक तरिकाले खरिद गर्ने, संभाव्यता अध्ययन भएका योजना मात्र वार्षिक कार्यक्रममा समावेश गर्ने लगायतका कार्य गरी परामर्श खर्चलाई मितव्ययी र प्रभावकारी बनाउनुपर्दछ ।

१५. **अनुदानको उपयोग -** अनुदान कार्यक्रमहरूलाई व्यवस्थित रूपमा कार्यान्वयन गर्न आवश्यक पर्ने निर्देशिका र कार्यविधि, ऐन तथा नियमावलीको आधारमा तर्जुमा गर्ने, दोहोरो अनुदान नियन्त्रण गर्ने, अनुदानमा समान पहुँचको सुनिश्चतता गर्ने, लाभग्राहीको लागत सहभागिता नहुने कार्यमा अनुदान दिने परिपाटी अन्त्य गर्नुपर्ने, व्यक्तिगत लाभ हुने किसिमको अनुदान दिने परिपाटीमा नियन्त्रण गर्नुपर्ने र अनुदानको तालुक निकायबाट अनुगमन, मूल्याङ्कन गर्ने व्यवस्था मिलाउनुपर्दछ । साथै अनुदान रकमको उपयोगबाट रोजगारी सिर्जना, आय आर्जनमा वृद्धि, उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि, प्रविधि हस्तान्तरण तथा उपयोग, सर्वसाधारणको पहुँच वा सुविधा सम्बन्धमा मूल्याङ्कन गरी अनुदान उपयोगको सुनिश्चितता गरिनुपर्दछ ।

१६. **चालु खर्चमा नियन्त्रण -** प्रदेश सरकारको चालु खर्च बढ्दै गएको तथा पुँजीगत खर्च अपेक्षित रुपमा बढ्न नसकेको अवस्था छ । समग्र आर्थिक अवस्थामा सुधार गरी पूर्वाधार विकास, प्रतिफलयुक्त क्षेत्रमा लगानीका माध्यमबाट पुँजीगत खर्च बढाउनुपर्ने अवस्था देखिएको छ भने चुस्त र छरितो संगठन, अनावश्यक र फजुल खर्चमा नियन्त्रण, आदिका माध्यमबाट चालु खर्च घटाउनुपर्ने देखिन्छ।

१७. **आन्तरिक नियन्त्रण -** प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गर्ने कार्य मितव्ययी, दक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुनबमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्दछ । आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गर्दा आन्तरिक नियन्त्रणको आवश्यकता, नियन्त्रण वातावरण, नियन्त्रण क्रियाकलाप, समन्वय एवं सञ्चार र अनुगमन जस्ता पक्षहरूमा ध्यान दिनुपर्दछ । आन्तरिक नियन्त्रण प्रणाली निकायको कार्यसँग प्रत्यक्ष सम्बन्धित रही जोखिम न्यूनिकरण गर्ने विषयसँग सम्बन्धित हुनुपर्दछ ।

- **खरिद व्यवस्थापन**

१८. **नर्म्स तथा निर्माण स्थल -** निर्माण कार्य एवं परामर्श सेवाको लागत अनुमान तयार गर्न प्रयोग हुने नर्म्सलाई प्रविधिमा भएको परिवर्तन अनुसार अद्यावधिक एवं स्वीकृत गरी खरिद पूर्व गरिसक्नुपर्ने जग्गा प्राप्ति, वातावरणीय अध्ययन, अन्तरनिकाय समन्वय र स्वीकृत लगायतका कार्यहरू सम्पन्न भएपछि मात्र खरिद कार्य गर्नुपर्दछ।

१९. **सम्झौता कार्यान्वयन -** सम्झौता अनुसारको काम समयमै सम्पन्न गर्न कार्यतालिका बनाई कार्यान्वयन गर्ने, सार्वजनिक खरिद कानुनको पालना गर्ने, खरिद कार्यमा संलग्न पदाधिकारीले जिम्मेवारी र जवाफदेहिता पालना गर्नुपर्ने, खरिद कार्यको अनुगमनलाई प्रभावकारी बनाउने लगायतका कार्य गरी खरिद कार्यलाई व्यवस्थित गर्नुपर्दछ ।

२०. **प्रतिस्पर्धा -** सार्वजनिक खरिदमा प्रतिस्पर्धा सीमित हुने गरी कामलाई टुक्रा टुक्रा गर्ने र प्याकेजिङ्ग गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्ने देखिनुका साथै खरिदलाई प्रतिस्पर्धायुक्त बनाउन विद्युतीय बोलपत्र सूचना प्रणालीलाई अनिवार्य गर्ने र खरिद प्रक्रियालाई पारदर्शी, खुला, उद्देश्यमूलक र मितव्ययी बनाउन खरिद योजना बनाई प्रतिस्पर्धात्मक रूपमा खरिद कार्य गर्नुपर्दछ ।

२१. **निर्माण कार्य सम्पन्न -** निर्माण कार्य समयमा नहुँदा सेवाग्राही सेवाबाट बञ्चित हुने भएकोले समयमा कार्यसम्पन्न गर्न, सहज वातावरण मिलाउने, सुपरीवेक्षण र अनुगमनलाई प्रभावकारी बनाउने, कार्यान्वयन चरणमा देखा परेका समस्या समयमै समाधान गरी कार्यसम्पन्न गराउने र समयमा कार्यसम्पन्न नगरेमा क्षतिपूर्ति लिने सम्बन्धी व्यवस्थाको कडाइका साथ कार्यान्वयन गर्नुपर्दछ ।

